३२२

# भक्तपुर मासिक

Bhaktapur Monthly
जेठ २०८०
ISSN 2705-4454




## भक्तपुर नगरपालिकामा
## जनप्रतिनिधिहरूको एक वर्ष

- सङ्घीयताको मर्म र भावनाअनुसार भक्तपुर नगरपालिका निरन्तर जनताको सेवामा समर्पित
- एक यात्रीको आँखामा भक्तपुर
- एक्ला सुवालका ७६ सवाल
- तालदंफोको महत्व
- स्वाङजाङको भारत यात्रा (२)
- प्राचीन चित्रको नवीन वृत्तान्त
- विद्युतीय पुस्तकालय : परिचय तथा महत्व
- DEVELOPMENT, THE BHAKTPUR WAY!
- भक्तपुर नगरपालिका गतिविधि

# भक्तपुर नपामा जनप्रतिनिधिहरूको एक वर्ष




भक्तपुर नगरपालिकामा जनप्रतिनिधि बहाल भएको एक वर्ष पुगेको अवसरमा आयोजित कार्यक्रममा मञ्चासीन प्रमुख अतिथि नेमकिपा अध्यक्ष नारायणमान बिजुक्छेंलगायत अतिथिगण (माथि) र कार्यक्रममा सहभागीहरू (जेठ ६ गते)



# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np
email : info@bhaktapurmun.gov.np
Bhaktapur Municipality

भक्तपुर BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

jÌ{$)★cÆ &★g};=!$#★lj-;=@)*)h]7★A.D.2023

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३


email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी
सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार
डेस्कटप : धनलक्ष्मी त्यात
आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :
भक्तपुर अफसेट प्रिन्टर्स
ब्यासी, भक्तपुर
☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)


चाइना डेलीबाट

'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

## 'नराम्रो पुस्तकको पठन विष समान छ ।' – टाल्स्टाय

### यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | नक्कली भुटानी शरणार्थी प्रकरण देशद्रोही कदम | – | ३ |
| २) | सङ्घीयताको मर्म र भावनाअनुसार भक्तपुर नगरपालिका निरन्तर जनताको सेवामा समर्पित | सुनिल प्रजापति | ५ |
| ३) | एक यात्रीको आँखामा भक्तपुर | सुरेन्द्रराज गोसाई | ११ |
| ४) | जनज्योति पुस्तकालयमा ई–लाइब्रेरी शुभारम्भ | – | १३ |
| ५) | विद्युतीय पुस्तकालय : परिचय तथा महत्त्व | भूपाल मूल | १४ |
| ६) | राज्य सञ्चालकहरू राम्रो र व्यवस्थित भए देश अगाडि बढ्न समय लाग्दैन | सुनिल प्रजापति | १६ |
| ७) | 'उपत्यकाको फोहोर व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय तहको समन्वयात्मक भूमिका हुनुपर्छ' | सुनिल प्रजापति | १७ |
| ८) | एक्ला सुवालका ७६ सवाल | घनश्याम खड्का | १९ |
| ९) | 'नेपालीलाई भुटानी शरणार्थी बनाएर अमेरिका लाने ठगहरू को को हुन् ?' | प्रेम सुवाल | २१ |
| १०) | संसद्मा सांसद सुवालको प्रश्न प्रम दाहालको उत्तर | – | २२ |
| ११) | गणतन्त्र : जनअपेक्षा र यथार्थ | विवेक | २३ |
| १२) | तालदंफोको महत्त्व | ओम धौभडेल | २५ |
| १३) | स्वाङजाङको भारत यात्रा (२) | चङ चेङ्ग | २८ |
| १४) | स्थानीय तहमा कर्मचारी व्यवस्थापन | समिर | ३८ |
| १५) | स्थलरूप मापन तथा नदी खोला प्रवाहित बेँसी उपत्यकाका संरचनागत अवधारणा | विष्णुभक्त राजचल | ४१ |
| १६) | समालोचनाया सिद्धान्त (१५) | प्रो.माणिकलाल श्रेष्ठ | ४६ |
| १७) | प्राचीन चित्रको नवीन वृत्तान्त | गौतमवज्र वज्राचार्य | ४८ |
| १८) | नेपालमा शक संवत् र फुटुङ अभिलेख | – | ५६ |
| १९) | भक्तपुर नपा र अनुगमन | श्यमकृष्ण खत्री | ५८ |
| २०) | वाकुपति नारायणस्थानमा वागीश्वरी स्कुल | ज्ञानसागर प्रजापति | ६० |
| २१) | भक्तपुर नगरको शैक्षिक अवस्था एक जानकारी | कृष्णप्रसाद कर्माचार्य | ६३ |
| २२) | DEVELOPMENT, THE BHAKTPUR WAY! | UPENDRA LAMICHHANE | 66 |
| २३) | भक्तपुर नपाको कार्यपालिका बैठक निर्णय | – | ७२ |
| २४) | भक्तपुर नगरपालिका गतिविधि | – | ७७ |
| | क) शैक्षिक गतिविधि | – | ९३ |
| | ख) स्वास्थ्य सेवा | – | ९९ |
| | ग) अनुभवको आदान–प्रदान | – | १०७ |
| | घ) संक्षेपमा | – | ११० |
| २५) | विविध समाचार | – | १११ |
| २६) | प्रहरी–अदालत 'तेरो कि मेरो' ? (सम्पादकको पृष्ठ) | – | १२४ |

**साथमा** :

प्रेरणीय–३७/जीवन–आचरण–५७/बसिबियाँलो–५९/वैधानिक कानुन(२)–७०/हाम्रो स्वास्थ्य –१२०/ ख्वप अस्पतालको प्रगति –१२२/ पर्यटक तथ्याङ्क –१२३/ रङ्गीन पृष्ठ–क–घ ।

### भक्तपुर नगरपालिकामा जनप्रतिनिधिहरूको एक वर्ष

# नक्कली भुटानी शरणार्थी प्रकरण देशद्रोही कदम




२०७९ सालको स्थानीय तहको निर्वाचनपश्चात भक्तपुर नगरपालिकामा जनप्रतिनिधि बहाल भएको एक वर्ष पुगेको अवसरमा भक्तपुर नगरपालिकाले जेठ ६ गते एक कार्यक्रम आयोजना गऱ्यो ।

कार्यक्रमको उद्घाटन गर्नुहुँदै नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छें** (रोहित)ले देश र जनताको इमानदारीपूर्वक सेवा गर्नु नै राजनीतिको मुख्य उद्देश्य भएको बताउनुहुँदै भक्तपुर नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरू आफ्ना नागरिकहरूको हितमा चौबीसै घण्टा एम्बुलेन्स र दमकलजस्तै खट्नुपर्ने धारणा राख्नुभयो ।

नगरपालिकाका कर्मचारीहरूले आफ्ना सेवाग्राहीप्रति गरिने भाषा र व्यवहारमा सुधार गर्नुपर्नेतर्फ इङ्गित गर्नुहुँदै अध्यक्ष बिजुक्छेँले कार्यालय समयमा व्यक्तिगत कामलाई प्राथमिकता दिन नहुने र कर्मचारीलाई कर्तव्य पालनामा कडाइ गर्नुपर्ने विचार राख्नुभयो ।

कर्मचारीहरूले १० देखि ५ बजेसम्म काम गर्ने भावना त्यागी कार्यालयको आवश्यकताअनुसार काम गर्ने



भावनाबाट प्रेरित हुनुपर्नेमा जोड दिनुहुँदै आफू कर्मचारीको रूपमा नभई जनताको सेवकको रूपमा काम गर्न मार्गनिर्देश गर्नुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनज्योति पुस्तकालयको स्तरोन्नति सँगै नगरपालिकाले नगरका वडा वडाहरूमा रहेका पुस्तकालयहरूको पनि सुधारमा आवश्यक पहल गर्नुपर्ने बताउनुहुँदै उहाँले भक्तपुर विशिष्ट पाहुनाहरूले अवलोकन गर्ने राजधानी सहर भएको हुँदा यो सहरलाई सधैँ सफा र सुग्घर राख्नुपर्ने सुझाव दिनुभयो ।

नक्कली भुटानी शरणार्थी प्रकरणमा राजनीतिक दलका उच्च पदस्थ व्यक्तिहरूको संलग्नता हुनु देशकै लागि दुर्भाग्यको विषय भएको बताउनुहुँदै उहाँले यो देशद्रोही कदम हो र यस प्रकरणका दोषीलाई कडाभन्दा कडा कारबाही गरी जनतामाझ उदाङ्ग्याउनु जरुरी रहेको बताउनुभयो ।

राजनीतिक कार्यकर्ताहरूले कसैको दबाब र प्रभावमा काम गर्दा देश नै दुर्घटनाग्रस्त हुने उदाहरण दिनुहुँदै अध्यक्ष बिजुक्छेँले विदेश शक्तिसामु झुक्ने शासकहरूको प्रवृत्तिले गर्दा नेपाल साम्राज्यवादीहरूको जालोमा फस्दै गइरहेको स्पष्ट पार्नुभयो । विदेशका नेपाली नागरिकलाई मताधिकार प्रयोग गर्न दिने व्यवस्था देशको हितविपरीत रहेको सोही अवसरमा उहाँले बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नपाको वार्षिक गतिविधिको प्रतिवेदन प्रस्तुत गर्नुहुँदै विभिन्न चुनौतीहरूबीच निर्वाचनमा जनतासमक्ष घोषणापत्रमार्फत गरेका प्रतिबद्धता पूरा गर्न भक्तपुर नपा कटिबद्ध भई लागिरहेको बताउनुभयो ।

उहाँले नेपालमा सङ्घीयता कार्यान्वयनपछि संविधान र कानुनले दिएको अधिकार प्रयोग गरी आवश्यकताअनुसार ऐन, नियम, विनियम र कार्यविधि बनाई व्यापक जनताको हितमा काम गर्दै आएको बताउनुभयो ।

भक्तपुरका जनताले गरेका मिहिनेत, परिश्रम र योगदानलाई जिल्ला जिल्लाका जनताले सूक्ष्म ढंगले हेरिरहेको बताउनुहुँदै उहाँले नगरपालिकाले सङ्घीयताको मर्म र भावनाअनुसार निरन्तर जनताको सेवामा समर्पित हुँदै समाजवादउन्मुख काम गर्दै आएको बताउनुभयो ।

कार्यक्रमका विशिष्ट अतिथि बागमती प्रदेशसभा सदस्य **सुरेन्द्रराज गोसाईं**ले भक्तपुरका जनताको एकता, सहयोगी भावना र पुनःजागरण नै यहाँको विशेषताको रूपमा अगाडि बढिरहेको बताउनुभयो ।




भक्तपुर मौलिकता जोगाउन सफल संसारकै एक आकर्षक सहरको रूपमा अगाडि बढिरहेको बताउनुहुँदै उहाँले यहाँको शैक्षिक अभियान पनि विशिष्ट रहेको चर्चा गर्नुभयो।

दृश्य प्रदूषणबाट मुक्त हुन सके भक्तपुर अझ सुन्दर र आकर्षक बन्ने बताउनुहुँदै उहाँले भक्तपुरले समाजवादी व्यवस्थाअनुरूप काम गरी व्यापक जनताको हितमा काम गरेको बताउनुभयो।

भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नपाले समाजवादउन्मुख गतिविधिलाई जोड दिँदै भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र बनाउने उद्देश्यअनुसार शिक्षा, स्वास्थ्य, पर्यटन,सम्पदा संरक्षण, सरसफाइलगायतका क्षेत्रलाई प्राथमिकता दिएर काम अगाडि बढाइरहेको बताउनुभयो। उहाँले नगरवासी जनताको साथ र सहयोगकै कारण भक्तपुरले आजको उपलब्धी हासिल गरेको बताउनुहुँदै २१ औँ शताब्दीको विकसित र सुसंस्कृत समाज प्रतिस्थापन गर्न निरन्तर क्रियाशील रहेको बताउनुभयो।

भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी **खगेन्द्रप्रसाद रिजाल**ले दोस्रो कार्यकालको पहिलो वर्ष सफलतापूर्वक सम्पन्न गरेकोमा बधाई दिनुहुँदै बाँकी कार्यकाल अझै उदाहरणीय रहने विश्वास व्यक्त गर्नुभयो।

स्थानीय सरकार जनताको नजिकको सरकार रहेको बताउनुहुँदै उहाँले उपलब्ध स्रोतसाधनको अधिकत्तम उपयोग गरी जनताको हितमा अझ सशक्त ढंगले काम गर्न नपा अग्रसर हुनुपर्ने बताउनुभयो।

कानुन अध्ययन समाज, नेपालका अध्यक्ष **रामप्रसाद प्रजापति**ले भक्तपुर नपा स्थानीय सरकारको नमुना स्थानीय तहको रूपमा रहेको चर्चा गनुहुँदै भक्तपुरको आजको विकासमा नेमकिपाको अतुलनीय योगदान स्मरणयोग्य रहेको उल्लेख गर्नुभयो।

नक्कली भुटानी शरणार्थी प्रकरणमा पूर्वगृहमन्त्रीलगायतको संलग्नता रहनु आफैमा पुँजीवादी व्यवस्थाको विकृत रूप हो, उहाँले भन्नुभयो। ख्वप विश्वविद्यालयको कानुन यथाशक्य पारित हुनुपर्नेमा उहाँले जोड दिनुभयो।

कानुन विषय आफैमा महत्त्वपूर्ण विषय भएको बताउनुहुँदै उहाँले भक्तपुर नपाबाट सञ्चालित ख्वप कलेज अफ लमा २७ ओटा जिल्लाका ६० जना विद्यार्थी कानुन विषय अध्ययनरत रहनु गौरवको विषय भएको बताउनुभयो।

ख्वप ईन्जिनीयरिङ कलेजका प्राचार्य **सुजन माक**ले कलेज स्थापनादेखि हालसम्ममा भक्तपुर नपाका १,८५५ जना विद्यार्थीले विविध विषयमा ईन्जिनीयरिङ अध्ययन गर्ने अवसरमा प्राप्त गरेको बताउनुभयो।

भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र बनाउने उद्देश्यले स्थापित ख्वप ईन्जिनीयरिङ कलेजमा ७७ जिल्लाका विद्यार्थीहरू अध्ययनरत रहेको बताउनुहुँदै उहाँले ख्वप ईन्जिनीयरिङ कलेज नेपालकै उत्कृष्ट कलेजको रूपमा अगाडि बढिरहेको अवगत गराउनुभयो।

ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर **मजेशप्रताप मल्ल**ले विगत ९ महिनामा ख्वप अस्पतालले १ लाख ७९ हजार बिरामीहरूलाई स्वास्थ्य सेवा प्रदान गरेको तथ्याङ्क प्रस्तुत गर्नुहुँदै अस्पतालले प्रसूति सेवाको पनि विस्तार गरिसकेको अवगत गराउनुभयो।

जनस्वास्थ्य सेवा केन्द्र हुँदै हाल १०० शय्याको ख्वप अस्पताल सञ्चालन आफैमा भक्तपुर नपाको ठूलो उपलब्धी भएको बताउनुहुँदै उहाँले ख्वप अस्पतालले दैनिक ७५० जना बिरामीहरूलाई सुलभ रूपमा स्वास्थ्य सेवा प्रदान गर्दै आइरहेको बताउनुभयो।

उक्त कार्यक्रममा भक्तपुर नपाका निमित्त प्रमुख प्रशासकीय अधिकृत **रामगोविन्द श्रेष्ठ**ले धन्यवादज्ञापन गर्नुभएको थियो भने भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले पनि बोल्नुभएको थियो।

**भक्तपुर नपामा जनप्रतिनिधिहरूको एक वर्ष**

# सङ्घीयताको मर्म र भावनाअनुसार भक्तपुर नगरपालिका निरन्तर जनताको सेवामा समर्पित

– सुनिल प्रजापति
प्रमुख, भक्तपुर नगरपालिका



सङ्घीयताको कार्यान्वयनपछि भएको स्थानीय तहको दोस्रो निर्वाचनबाट हामी निर्वाचित भएको आज एक वर्ष पूरा भयो । हामीले २०७९ साल जेठ ६ गते आजकै दिन सपथ ग्रहण गरेका थियौँ । निर्वाचन घोषणापत्रमार्फत जनतालाई दिएका वचनहरू एक एक गरी पूरा गर्न हामी कटिबद्ध भएर लाग्दैछौँ । हामीलाई यो ठाउँमा पुऱ्याएर जनताको सेवा गर्ने अवसर दिनुहुने तमाम भक्तपुरवासी दाजुभाइ तथा दिदीबहिनीहरूप्रति हार्दिक आभार एवं धन्यवाद ज्ञापन गर्दछौँ र हाम्रा कमी–कमजोरीहरूलाई औँल्याएर रचनात्मक आलोचना गरी सहयोग गर्नुभएका मित्रहरूलाई धन्यवाद ज्ञापन गर्दछौँ । भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र बनाउने, पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्ने र सांस्कृतिक नगर बनाउने उद्देश्यले हाम्रा अग्रजहरूले सुरु गर्नुभएको पाइलालाई हामी निरन्तर अगाडि बढाउँदैछौँ । नेपालमा सङ्घीयता कार्यान्वयनपछि संविधान र कानुनले दिएको अधिकार प्रयोग गरी आवश्यकताअनुसार ऐन, नियम, विनियम र कार्यविधि बनाई जनताको हितमा काम गर्दैछौँ ।

जनताको घरदैलो सरकारको रूपमा परिचित स्थानीय तहबाट हुनसक्ने अधिकत्तम सेवाहरू उपलब्ध गराउँदै आएका छौँ । शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, सरसफाइ, खानेपानीलगायत जनताका आधारभूत आवश्यकतालाई प्राथमिकता दिएर काम गर्दैछौँ ।

सङ्घीयता कार्यान्वयनको सिलसिलामा सङ्घ र प्रदेश तहबाट हुने गरेको स्वायत्ततामाथिको हस्तक्षेपको निरन्तर आलोचनात्मक दृष्टिकोण राख्दै स्वायत्तता र आत्मनिर्भरतालाई जोड दिँदैछौँ ।

नेपाल सरकार अर्थ मन्त्रालयले हालै पत्र पठाई चालु आ.व. को अन्तिम चौमासिकमा स्थानीय तहको लागि पठाइने पुँजीगत खर्चमा विनियोजित बजेटको ५० प्रतिशत मात्रै पठाउन सकिने जानकारी गरायो । अब देशभर स्थानीय तहबाट सञ्चालित सयौँ चालू योजनाहरू बन्द हुने र नयाँ योजनाहरू सुरु हुने छैनन् । आन्तरिक आय कमजोर भएका स्थानीय तहबाट सञ्चालित योजनाहरू अलपत्र हुने प्रायः निश्चित छ ।

जनताको आवश्यकता स्थानीय तहलाई थाहा हुने हुँदा सङ्घ र प्रदेशले पठाउने बजेटमा सशर्त बजेट कम गर्दै समानीकरण शीर्षकमा बजेट बढाउँदै लानुपर्ने हो, तर त्यसको ठीक उल्टो सशर्त बजेट बढाएर स्थानीय तहलाई सङ्घ र प्रदेशको नियन्त्रणमा राख्ने कोसिस हुँदैछ । सङ्घीयताको मर्म र भावनाअनुसार भक्तपुर नगरपालिका निरन्तर जनताको सेवामा समर्पित हुँदै समाजवादउन्मुख काम गर्दै अगाडि बढ्दैछ ।

स्थानीय तहको कर्मचारीको लागि सङ्घ र प्रदेशको मुख ताक्नुपर्ने संवैधानिक र कानुनी व्यवस्था नै स्थानीय तहको विकासको बाधक हो । आवश्यकताअनुसार करारमा कर्मचारीहरू भर्ना, स्थायी वा बढुवा गर्ने अधिकारविनाको स्थानीय तहलाई सरकार भन्नुको कुनै अर्थ छैन । प्रदेश कर्मचारी कानूनमा भएको स्थानीय तहका कर्मचारीहरू २–२ वर्षमा सरुवाको प्रावधानले थप अन्योल सृजना गऱ्यो । प्रदेश सरकारको निर्देशनअनुसार सरुवा हुने कर्मचारीको उपदान वा निवृत्तिभरणको व्यवस्था कसले गर्ने भन्ने ऐनमा स्पष्ट व्यवस्था छैन ।

विभिन्न चुनौतीहरूबीच निर्वाचनमा जनतासमक्ष घोषणापत्रमार्फत गरेका प्रतिबद्धता र आ.व. २०७९।८० को नीति तथा कार्यक्रमको आधारमा हामीले काम गर्दैछौँ । हाम्रा काम खुल्ला पुस्तकसरह छ । समय–समयमा विभिन्न गतिविधिमार्फत भक्तपुर नपाले गरेका कामहरू जनताबीच राख्दै आएका छौँ ।

भक्तपुर नगरपालिकाले गरेका कामहरू अध्ययन गर्न देशका विभिन्न स्थानीय तहका प्रमुख, उपप्रमुखलगायतका जनप्रतिनिधिहरू भक्तपुर भ्रमणमा आउने गर्नुभएको छ । यहाँका जनताले गरेका मिहिनेत, परिश्रम र योगदानलाई जिल्ला जिल्लाका जनताले सूक्ष्म ढङ्गले हेरिरहेका छन् ।

## आयतर्फ

आ.व. २०७९।८० मा आन्तरिकतर्फ ४६ करोड ८१ लाख र बाह्य स्रोततर्फ रु. १ अर्ब ६४ करोड ७७ लाख २६ हजार र बाँकी मौज्दात रु. ६ करोड ८४ लाख १६ हजार गरी कुल रु. २ अर्ब १८ करोड ४२ लाख ४२ हजार स्रोत अनुमान गरिएकोमा २०८० वैशाख मसान्तसम्म आन्तरिकतर्फ रु. ३४ करोड २९ लाख ३५ हजार, जुन अनुमानितको ७३.२६ प्रतिशत प्राप्त भएको छ भने बाह्यस्रोत तर्फ रु. ८७ करोड १४ लाख प्राप्त भई अनुमानितको ५२.८८ प्रतिशत आम्दानी भइसकेको छ। यसरी आन्तरिक र वाह्य गरी कुल रु. २ अर्ब १८ करोड ४२ लाख ४२ हजार अनुमान गरिएकोमा २०८० वैशाख मसान्तसम्म कुल रु. १ अर्ब २१ करोड ४३ लाख ४५ हजार प्राप्त भई अनुमानितको ५७.४ प्रतिशत आम्दानी भइसकेको छ।

## व्ययतर्फ

२०८० वैशाख मसान्तसम्म चालुतर्फ रु. ६१ करोड ४४ लाख ५७ हजार खर्च भई विनियोजित रकमको ४३.०१ प्रतिशत र पुँजीगततर्फ रु. १९ करोड १० लाख ४४ हजार खर्च भई विनियोजित रकमको २७.२९ प्रतिशत खर्च भएको छ। वित्तीय व्यवस्थातर्फ रु. १ करोड खर्च गरी विनियोजितको १७.८५ प्रतिशत गरी कुल रु. ८१ करोड ५५ लाख खर्च भएको छ। जुन विनियोजित रकमको ३७.३३ प्रतिशत हुन आउँछ।

## कर असुली

चालु आ.व. २०७९।०८० को १० महिनामा कुल आन्तरिक आय (२०७९ श्रावण १ देखि २०८० वैशाख मसान्तसम्ममा) रु. ३४ करोड २९ लाख सङ्कलन भयो। यो चालू आ.व.को लक्ष्यको ७३ प्रतिशत हो। आ.व. २०७८।०७९ को सोही अवधिमा रु. १५ करोड ७५ लाख मात्र सङ्कलन भएको थियो। गत वर्षको सोही अवधिमा कुल आन्तरिक आयमा रु. १८ करोड ५४ लाखले वृद्धि भएको छ। यो गत वर्षको तुलनामा ११८ प्रतिशतले वृद्धि हो। कोरोना महामारीपछि क्रमशः पर्यटक आगमनमा वृद्धि हुँदै छ। पर्यटक शुल्कमा यो अवधिमा रु. १२ करोड ६२ लाखले वृद्धि भयो भने अन्य आन्तरिक श्रोतमा समेत रु. ५ करोड ९२ लाखले वृद्धि भएको छ।

बागमती प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान अन्तर्गत जम्मा २ करोड ६४ लाख रुपैयाँ प्राप्त भयो। त्यस्तै बाह्य श्रोतअन्तर्गत राजश्व बाँडफाँड (मालपोत) रु. १ करोड ९९ लाख, राजश्व बाँडफाँड (सङ्घ) ४ करोड ३९ लाख, सवारी कर (प्रदेश) रु. २ करोड १ लाख गरी जम्मा नेपाल सरकारबाट रु. ७ करोड अनुदान प्राप्त भयो। राजश्व सङ्कलनलाई प्रविधि मैत्री बनाउने क्रममा यस वर्षदेखि ई–सेवा प्रा.लि, नेपाल क्लियरिङ्ग हाउस र खल्ती एप गरी ३ ओटा कम्पनी छनोट गरी अनलाइन राजश्व सङ्कलनको व्यवस्था मिलाएका छौँ।

## पर्यटन

पर्यटन भक्तपुर नगरपालिकाको आन्तरिक आयको प्रमुख श्रोत हो। चालु आ.व.मा पर्यटनबाट रु. १७ करोड आम्दानी हुने अनुमान गरिएकोमा वैशाख महिनासम्म रु. १५ करोड ८६ लाख आम्दानी भइसकेको छ। जुन अनुमानित आयको ९३.३४ प्रतिशत हो। चालु आ.व.को सोही अवधिमा गैरसार्कतर्फ ८३,५८१ र सार्क र चिनियाँतर्फ ७३,३३० गरी जम्मा १,५६,९११ जना पर्यटकले भक्तपुरको अवलोकन भ्रमण गरिसकेका छन्। गत आ.व.को श्रावणदेखि वैशाखसम्म १० महिनामा गैरसार्कतर्फ १७,५५१ जना र सार्क र चिनियाँतर्फ १८,५२४ जना गरी जम्मा ३६,०७५ जना पर्यटकले मात्र भक्तपुर अवलोकन भ्रमण गरेका थिए। गत वर्षको तुलनामा यो वर्ष १,२०,८३६ जना (३३४.९६ प्रतिशत) वृद्धि भएको छ। यो वर्ष विदेशी मुद्राको विनिमय दरमा आएको परिवर्तनलाई सम्बोधन गर्न गैरसार्क पर्यटकहरूसँग सङ्कलन गर्दै आएको प्रवेश शुल्क १५ डलरमा समायोजन गरी २०७९ पौष १७ गतेदेखि प्रति गैरसार्क पर्यटक रु. १८००।– प्रवेश शुल्क कायम गर्‍यौँ। पर्यटन प्रवर्द्धनको लागि 'योमारी प्रदर्शनी', 'घरेलु उत्पादन मेला–२०७९', सांस्कृतिक प्रतियोगिताहरूलगायतका गतिविधिहरू पनि यस अवधिमा सम्पन्न भए।

## शिक्षा

वि.सं. २०५६ सालमा ख्वप उच्च मा.वि स्थापना गरी शिक्षा क्षेत्रमा पाइला चालेको भक्तपुर नगरपालिका अहिले ख्वप कलेज अफ लसम्म आइपुग्दा उच्च शिक्षा प्रदान गर्ने ८ ओटा शैक्षिक संस्थाहरू सञ्चालन गर्न सफल भएको छ। नगरपालिकाबाट सञ्चालित ती कलेजहरूमा हाल ७३ जिल्लाका ७ हजारभन्दा बढी विद्यार्थीहरूले कम शुल्कमा गुणस्तरीय शिक्षा प्राप्त गर्दै छन्। हाम्रा कलेजहरूमा अध्ययनरत गरिब तथा जेहेनदार विद्यार्थीहरूका लागि वार्षिक ४ करोड रुपैयाँभन्दा बढी छात्रवृत्तिको व्यवस्था छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ कार्यान्वयनपछि सबै विद्यालयहरूको जिम्मेवारी नगरपालिकामा आयो। नगरभित्र सामुदायिक र संस्थागत गरी ९२ ओटा

विद्यालयहरू सञ्चालनमा छन् । नगरपालिकाले शैक्षिक गुणस्तरमा प्रतिस्पर्धाको नीति अवलम्बन गर्दै कक्षा ५, ८ र १० मा नगरस्तरीय परीक्षा सञ्चालन गरेको छ । सामुदायिक विद्यालयका शिक्षकहरूलाई आवश्यक तालिम, विद्यालयहरूको आवश्यकताको आधारमा भौतिक सुधारका लागि आर्थिक सहयोग उपलब्ध गराउँदै आएको छ । ख्वप कलेजमा अध्ययनरत राजनीतिशास्त्र विषयका ३६ जना र संस्कृति विषयका ८ जना गरी ४४ जना र विभिन्न कलेजहरूमा भूगोल, इतिहास, राजनीतिशास्त्र, संस्कृति र नेपालभाषा पढ्ने विद्यार्थीहरूले नगरपालिकाको छात्रवृत्तिमा स्नातक, स्नातकोत्तर र विद्यावारिधि गर्दैछन् । शहीदका सन्तानहरूलाई छात्रवृत्ति दिने नीतिअनुसार शहीद महेश श्रेष्ठकी पुत्री रश्मी श्रेष्ठलाई उच्च शिक्षामा छात्रवृत्ति प्रदान गरिरहेको छ । नेपाली इतिहासमा १ र संस्कृति विषयमा १ गरी २ जनाले विद्यावारिधि, इतिहास, संस्कृति र पुरातत्त्व विषयमा १ र राजनीतिशास्त्रमा १ गरी २ जनाले एम.फिल तथा नेपालभाषामा २ र संस्कृति विषयमा १ गरी ३ जना नगरपालिकाको छात्रवृत्तिमा स्नातकोत्तर तहमा अध्ययनरत छन् । साथै गत वर्षहरूमा स्वीकृत ३१४ जना र चालु आर्थिक वर्षमा १५७ जना गरी ४७१ जनालाई शैक्षिक ऋण स्वीकृत गरी रु. ५ लाखका दरले ऋण प्रदान गरी अध्ययनको अवसर प्रदान गर्‍यौं ।

यससँगै नगरभित्रका विद्यालयहरूमा अध्ययनरत आमा बुबा नभएका ५३ जना विद्यार्थीहरूलाई शैक्षिक सामग्री वितरण गरेका छौं ।

## स्वास्थ्य

भक्तपुर नगरपालिकाले जनताको स्वास्थ्यलाई प्राथमिकतामा राख्दै गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्दैछ । नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताल, श्वास प्रश्वास पुनःस्थापना केन्द्र, जनस्वास्थ्य सेवा केन्द्र, शहरी स्वास्थ्य केन्द्र र आधारभूत स्वास्थ्य उपचार केन्द्रहरूबाट बिरामीहरूलाई स्वास्थ्य सेवा प्रदान गर्दै आएका छौं । मिति २०७९ पुस २ गते ख्वप अस्पतालको नयाँ भवन उद्घाटन गरी सो भवनबाट स्त्री रोग, बाल रोग, छाला, नाक–कान–घाँटी, दन्त, आँखा, हाडजोर्नी, छाती, मुटु, नशा, प्रसूति, मानसिक रोगलगायत विभिन्न रोगहरूको विशेषज्ञ सेवा उपलब्ध गराउँदै आएका छौं । मिति २०७९ माघ ७ गतेदेखि मेजर अपरेशन र २०८० वैशाख १७ गतेबाट प्रसूति सेवा सुरु भएको छ । वडा वडामा सञ्चालन भइरहेको घरदैलो नर्सिङ्ग सेवालाई अझ प्रभावकारी बनाउन सम्बन्धित वडामा नियमित आधारभूत स्वास्थ्य सेवा उपलब्ध हुने गरी वडा नर्सहरूलाई परिचालन गर्दैछौं । वडा नर्सहरूमार्फत नगरभित्रका विद्यालयहरूमा स्वास्थ्य उपचार सम्बन्धी कक्षाहरू सञ्चालन भइरहेका छन् ।

मिति २०७९।२।२३ गते बागमती प्रदेश सरकार स्वास्थ्य निर्देशनालयबाट १०० शय्याको अस्पताल सञ्चालन अनुमति प्राप्त गरी ख्वप अस्पताल सञ्चालनमा ल्याएकोमा हाल २१ जना विशेषज्ञ चिकित्सक, २० जना मेडिकल अफिसर, ४७ जना स्टाफ नर्सलगायत १७३ जना स्वास्थ्यकर्मी तथा कर्मचारीहरू कार्यरत छन् । कुनै पनि सार्वजनिक बिदा र शनिबारसमेत गरी वर्षको ३६५ दिन दैनिक ११ घण्टा ओपिडी सेवा ख्वप अस्पतालको विशेषता हो ।

ख्वप अस्पतालको अक्सिजन प्लान्टबाट नगरवासीहरूलाई निःशुल्क अक्सिजन उपलब्ध गराउँदै आएकोमा यो वर्षदेखि विभिन्न रोगको उपचार र अपरेशनको लागि नगरवासीहरूलाई आवश्यक रगत निःशुल्क प्रदान गर्दैछौं । चालू आ.व.को १० महिनामा ९ हजार ८ सय ५५ ओटा सिलिन्डर अक्सिजन वितरण गर्‍यौं । हालसम्म ३९८ जना नगरवासीले निःशुल्क रगत प्राप्त गर्नुभयो भने सोको लागि भक्तपुर नगरपालिकाले ६,३६,६००।– रकम भुक्तानी गर्‍यो । त्यस्तै कडा रोग लागेका २१९ जनालाई प्रतिव्यक्ति रु. १५,०००।– का दरले ३२,८५,०००।– उपलब्ध गरायो ।

चालू वर्षको १० महिनाको अवधिमा १ लाख ७९ हजार १५० जना बिरामीले ख्वप अस्पतालबाट सेवा प्राप्त गरिसकेको छ । नगरपालिकाको व्यवस्थापनमा सञ्चालित ख्वप तिलगंगा आँखा अस्पतालले चालू आ.व.को १० महिनामा २२,३०९ जना आँखाका बिरामीहरूको उपचार गरेको छ भने सोही अवधिमा ६०७ ओटा आँखाको अपरेसन भइसकेको छ । सो अवधिमा नगर आयुर्वेदिक स्वास्थ्य उपचार केन्द्रबाट २ हजार १ सय ८२ जनाले स्वास्थ्य उपचार सेवा प्राप्त गरे । सबै वडाहरूमा नगरवासी महिलाहरूको पाठेघर तथा स्तन परीक्षण गरी क्यान्सर रोगविरुद्ध जनचेतना शिविर सञ्चालन भएका थिए ।

## विकास निर्माण

सम्पदा संरक्षणतर्फ यो कार्यकालको पहिलो वर्षभित्र ५ ओटा मन्दिर, ५ ओटा पाटी, २ ओटा द्यःछेँ, १ ओटा पोखरी र अन्य २ ओटा गरी जम्मा १५ ओटा सम्पदाहरू पुनःनिर्माण र जीर्णोद्धार सम्पन्न भए । त्यस्तै २२ ओटा सम्पदाहरूको जीर्णोद्धार र पुनःनिर्माण कार्य चालू अवस्थामा छन् । यसको लागि चालू आ.व.को १० महिनाभित्र रु. ७ करोड ४० लाख ७३ हजार खर्च भएको छ । तीमध्ये नित्यनाथ मन्दिर, भगवान द्यः मन्दिर, भोलाछेँ पोखरी,

दुबेंकेगु फल्चा, वन्ती पाटी, गुहेश्वरी पाटी, देगमना पाटी, भाज्यापोखरीको जलेश्वर मन्दिर, बेताल द्यःछँ, वाकुपति चाँगुनारायण मन्दिर आदि निर्माण सम्पन्न भएका मुख्य मुख्य सम्पदाहरू हुन् । जनप्रतिनिधि वहाल भएको १ वर्षभित्रमा ठाउँ ठाउँमा सडक ग्राभेल, कालेपत्रे र ढुङ्गा छपाइका कामहरू सम्पन्न भए । २३६० मि. खानेपानी पाइप बिछ्याउने, १ ओटा कभर्ड हल, १ ओटा बाल उद्यान, १ ओटा फोहोर मैला प्रशोधन केन्द्रको पूर्वाधार निर्माण कार्यहरू पनि सम्पन्न भएको छ । निर्माण सम्पन्न र चालु विकास निर्माणका आयोजनाहरू समेतको गरी चालु आ.व.को १० महिनामा १९ करोड १० लाख खर्च भयो ।

## कला संस्कृति संरक्षण

'पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति' नारालाई सार्थक बनाउँदै भक्तपुर नगरपालिकाले यहाँका ऐतिहासिक, पुरातात्त्विक र सांस्कृतिक मूर्त र अमूर्त सम्पदाहरू संरक्षण गर्दै आएको छ । नगरमा रहेका मठ–मन्दिर, पाटीपौवा, वहावही, सत्तल पाटी, द्यःछँ, ढुङ्गेधारा, पोखरी, देवालय, शिवालयलगायतका मूर्त सम्पदाहरूका साथसाथै नाचगान, बाजागाजा, दाफाभजनलगायत विभिन्न अमूर्त सम्पदाहरूको पनि संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्नेमा हाम्रो ध्यान केन्द्रित छ । त्यस्तै नगरको ऐतिहासिक स्वरूपलाई कायम राख्न परम्परागत शैलीमा नगरपालिकाको निजी आवासीय भवन निर्माण मापदण्ड पालना गरी निर्माण गर्ने निजी घरधनीहरूलाई अनुदान प्रदान गर्दै प्रोत्साहित पनि गर्दैछौँ । सांस्कृतिक अमूर्त सम्पदा संरक्षणार्थ २०७९ चैत्र १७ गते प्रगतिशील भजन प्रतियोगिता सञ्चालन गरी सहभागी सम्पूर्ण भजन टोलीहरूलाई वाद्यवादन सामग्री र बिजेता भजन टोलीलाई नगद पुरस्कार वितरण गरी प्रोत्साहित गरियो । यो वर्ष पनि गाईजात्रा महोत्सवको अवसरमा प्रदर्शन गरिएका विभिन्न सांस्कृतिक विधाहरूको मूल्याङ्कन गरी पुरस्कृत गरियो ।

## सरसफाइ

सरसफाइ नगरपालिकाको अर्को महत्त्वपूर्ण कार्य हो । नगरलाई निरन्तर सफा राख्न १४० जना जनशक्ति परिचालन गरी फोहोर कुहिने र नकुहिने छुट्याएर सङ्कलन गर्दैछौँ । भक्तपुरमा दैनिक ३० टन फोहोर उत्पादन हुने गरेको रेकर्ड छ । कुहिने फोहोरबाट सी.एन.बी.एम. प्रविधिबाट कम्पोष्ट मल उत्पादन गरी सहुलियत दरमा कृषकहरूलाई वितरण गर्दै आएको र नकुहिने फोहोर, पुन:प्रयोग गर्न मिल्ने प्लाष्टिक, धातुलगायत विभिन्न सामग्री छुट्याई बाँकी भएका फोहोरलाई सुरक्षित तवरले अन्तिम विसर्जन गर्दै आएका छौँ । फोहोरमैला व्यवस्थापनको लागि यस आ.व.मा अनुमानित वार्षिक १४ करोड विनियोजितमध्ये १० महिनामा ९ करोडभन्दा बढी खर्च भइसकेको छ । नगरको दीर्घकालीन रूपमा सफाइ कार्य हाम्रो लागि चुनौती बन्दैछ ।

## खानेपानी

भक्तपुर नगरभित्र खानेपानीको श्रोत धेरै कम छ । नगरकोट र बोडेबाट मात्र खानेपानी वितरण हुँदै आएकोमा २०७९ जेठ १२ गतेबाट मेलम्चीको पानी भक्तपुर नगरक्षेत्रमा वितरण सुरु भयो । भक्तपुर नगरको तल्लो भाग (कोने) को भ.न.पा. वडा नं. १, २, ३, ४, र ५ मा मेलम्चीको खानेपानी वितरण भइरहेको छ । नगरको बाँकी क्षेत्रमा पनि मेलम्चीको पानी पुऱ्याउने प्रयास जारी छ । हाल बाराही स्थानदेखि सूर्यमढीसम्म खानेपानी पाइप बिछ्याउने कार्य भइरहेको छ । खानेपानी समस्याबारे आएका जन गुनासो र आलोचनाप्रति हामी अत्यन्त संवेदनशील छौँ र समाधानको लागि हाम्रो क्षमताले भ्याएसम्म गम्भीरतापूर्वक लाग्दै पनि छौँ । भनपा ९ स्थित तुमचो दुगुरे आवास योजनामा डिप बोरिङ्गको पानी वितरण आरम्भ भयो । खानेपानी धारा जडानको लागि २३२ जनाले दर्खास्त पेश गरेकोमा २०८ घरमा धारा जडान भयो । भनपा वडा नं. १ सल्लाघारीमा डिप बोरिङ्गको पानीलाई भण्डार गरी वितरण गर्न पानी ट्यांकी निर्माणको काम चालू छ । खानेपानी समस्या समाधानको लागि वैकल्पिक श्रोतको खोजीसँगै नगरका विभिन्न क्षेत्रमा डिप बोरिङ्ग गरी पानी वितरण भइरहेको छ ।

## खेलकुद

भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य र सामाजिक विकाससँगै खेलकुदलाई पनि विशेष महत्त्व दिँदै खेलकुद विकाससम्बधी गतिविधिहरू सञ्चालन गर्दै आएको छ । फुटबल, भलिबल, बक्सिङ्ग, कराँते र टेबुलटेनिसको नियमित प्रशिक्षणलाई निरन्तरता दिँदै पूर्णकालीन खेलकुद प्रशिक्षकको व्यवस्था गरी नगरक्षेत्रका विद्यालयहरूमा नियमित खेलकुद प्रशिक्षण दिँदैछौँ । मिति २०७९ असार १५ देखि १७ गतेसम्म भक्तपुर नगरस्तरीय राष्ट्रपति कप खेलकुद प्रतियोगिता र मिति २०७९ कार्तिक १ देखि ६ गतेसम्म भक्तपुर नगरपालिकाका विद्यालयका खेलकुद शिक्षकहरूलाई खेलसम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम सम्पन्न गरियो । २०७९ पौष ५ देखि ९ गतेसम्म भक्तपुर नगरपालिकाभित्रका ८० ओटा सामुदायिक तथा संस्थागत विद्यालयहरूको सहभागितामा नगरव्यापी

विद्यालयस्तरीय खेलकुद प्रतियोगिता सम्पन्न गरियो। उक्त प्रतियोगितामा १४ ओटा खेलकुद विधामा २,६९८ खेलाडीहरूको सहभागिता थियो। निर्वाचन घोषणापत्रअनुसार प्रत्येक वर्ष सञ्चालन गरिने अन्तरनगर खेलकुद प्रतियोगिता अन्तर्गत यो वर्ष अन्तरनगर खो खो प्रतियोगिता मिति २०७९ फागुन ५ देखि ९ गतेसम्म सफलतापूर्वक सम्पन्न गरियो।

## सहकारी

सहकारीमा बचतकर्ताहरूको रकम लिएर सञ्चालकहरू भाग्ने क्रम जारी छ। भनपाभित्र सञ्चालित १५६ ओटा सहकारीहरूको नियमित अनुगमन गरी व्यवस्थित गर्ने प्रयास गर्दैछौँ। समय समयमा सञ्चालकहरू, कर्मचारीहरूको बैठक तथा आवश्यक तालिमहरू दिँदैछौँ। केही सहकारीमा आएको समस्यालाई ध्यानमा राखी अन्य सहकारी सञ्चालक तथा बचतकर्ताहरूलाई सचेत गराउँदै अनियमित गरी भाग्ने सहकारी सञ्चालकहरूको नाउँमा रहेका घर जग्गा रोक्का गरी जनताको रकम सुरक्षित गर्ने प्रयासमा छौँ।



सहकारीमा जम्मा भएको रकम उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्दै सामुदायिक विकास कोषमा जम्मा भएको रकम जनताको सेवामा खर्च गर्न भनपा र सहकारीकर्मीबीच समन्वयमा काम गर्दैछौँ।

## कृषि

भक्तपुर कृषकहरूको बाहुल्यता भएको नगर भए पनि शहरीकरण र काठमाडौँ उपत्यका केन्द्रित बस्ती विस्तारको कारण खेतीयोग्य जमिन घट्दै छ। अतः खाद्यान्न, तरकारीलगायत कृषि आवश्यकता पूरा गर्न भक्तपुर नगरपालिकाले आधुनिक कृषि प्रणाली सम्बन्धी कृषि प्राविधिक तालिम सञ्चालन गऱ्यो। सहुलियत दरमा धानको बीउ, निःशुल्क गहुँको बीउ, कृषि चुन, सहुलियत दरमा कम्पोष्ट मल वितरण गरी कृषकहरूलाई कृषि पेशामा उत्साहित गर्दै आएका छौँ। यस अवधिमा सामुदायिक कुकुर नियन्त्रण र व्यवस्थापनको लागि ९६२ ओटा कुकुरलाई रेविज खोप व्यवस्था र २३६ कुकुरको बन्ध्याकरण गरियो।

## आवास योजना

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित देको मिवा इतापाके जग्गा एकीकरण आयोजना अन्तिम चरणमा छ। देको मिवा इतापाके क्षेत्रको सम्पूर्ण जग्गाहरूको नापीनक्सा स्वीकृत भई साविक १५ क, ख, ग, ङ, च र ज, १० (क) र ५ (क) को स्थायी पूर्जा वितरण भइरहेको छ। हालसम्म सो क्षेत्रको जम्मा ३३ प्रतिशत पूर्जा वितरण भइसकेको छ। बाँकी क्षेत्रहरूको पनि जग्गा सिमाङ्कन गरी पूर्जा वितरण भइरहेको छ। साथै पूर्वाधार निर्माणको काम चालु छ।

## बजार अनुगमन

उपभोक्ता हक अधिकारलाई सुनिश्चितता प्रदान गर्न नगरवासीहरूको स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्ने सबै किसिमका खाद्य र उपभोग्य सामग्रीहरूको बिक्री वितरणलाई नियमन गर्न समय समयमा भक्तपुर नगरपालिकाले अनुगमन गर्दैछ। जात्रा, पर्वलाई मध्यनजर गरी पसलहरूको अनुगमनसँगै जनस्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने औषधी पसलहरू, मासु पसल, मिठाइ पसललगायतका विभिन्न व्यापार व्यवसायको नियमित रूपमा अनुगमन भइरहेको छ। अनुगमनको क्रममा भेटिएका, म्याद नाघेका र सडे गलेका वस्तुहरू नष्ट गर्ने र मापदण्ड पूरा नगरी व्यवसाय सञ्चालन गरेको व्यवसायीलाई कारबाही गरी रु. १,९७,३००।– जरिवाना स्वरूप असुल गरेका छौँ। त्यस्तै नगरपालिका क्षेत्रभित्र सञ्चालित विकास निर्माणका कार्य, सम्पदा संरक्षण कार्यको पनि नियमित अनुगमन भइरहेको छ।

## नक्सापास

आर्थिक वर्ष ०७९।८० को १० महिनामा कुल २५५ ओटा नक्सा दर्ता भएकोमा सो अवधिमा ३६३ ओटा नक्सापास भयो। ती मध्ये १९१ जनाले निर्माण सम्पन्न प्रमाणपत्रसमेत प्राप्त गरिसकेका छन्।

## मुद्दा फछ्र्यौट

आर्थिक वर्ष ०७९।८० को १० महिनामा अनियमित निर्माणलगायतका विषयमा ३ सय ४८ ओटा मुद्दा फछ्र्यौट भयो। सो अवधिमा नगरपालिकामा कुल १ सय ९९ ओटा मुद्दा दर्ता भएको थियो।

## सीपमूलक तालिम

युवा, महिला र बेरोजगारलाई लक्षित गरी भक्तपुर नगरपालिकाबाट विभिन्न तालिमहरू सञ्चालन गर्दै आएकोमा हाल आधारभूत र उन्नत सिलाइ, बुटिक, पाक शिक्षा, हेयर कटिङलगायत तालिम सञ्चालनमा छन् भने जापानी भाषा, चिनियाँ भाषा, डकर्मी, सिकर्मीलगायतको तालिमका लागि आवश्यक तयारी भइरहेको छ। युवाहरूलाई स्वरोजगार बनाउन नगरपालिकाले रु. ५ लाखसम्म युवा उद्यमशीलता ऋणको व्यवस्था गरेको छ।

## खोला सुधार

भक्तपुर नगरको उत्तर र दक्षिणमा बग्ने क्रमशः कासाङ र हनुमन्ते खोला प्रदूषित भइरहेकोबारे हामी चिन्तित छौँ। खोलामा मिसिएको ढल व्यवस्थित गर्न पीआइडीमार्फत ब्रम्हायणीदेखि सल्लाघारीसम्म पाइप बिछ्याउने कार्य सम्पन्न भयो भने हनुमानघाट र सल्लाघारीस्थित उपचार पोखरी पुनःप्रयोगमा ल्याउन आवश्यक निर्माण कार्य जारी छ। त्यस्तै हनुमन्ते खोलाको दुवैतिर ढुङ्गे पर्खाल निर्माण गर्दै हनुमन्ते करिडोरको कार्य अघि बढेको छ।

## सञ्चारमाध्यम

भक्तपुर नगरपालिकाले आर्थिक अनुशासन र पारदर्शितालाई प्राथमिकतामा राख्दै सुशासन कायम गर्ने प्रयास गर्दै आएको छ। सो क्रममा भक्तपुर नगरपालिकाले सुरुदेखि नै आफ्नो मुखपत्र प्रकाशन गरी नगरपालिकाको सम्पूर्ण गतिविधि र निर्णयहरू सार्वजनिक गर्दै आएको हो। भक्तपुर नगरपालिकाले नियमित मासिक 'भक्तपुर', पाक्षिक 'ख्वप पौ', भक्तपुर खबर डट कम (अनलाइन) पत्रिका, फेसबुक पेज, वेव साइटमार्फत नगरपालिकाको सम्पूर्ण गतिविधि सार्वजनिक गर्दै आएको छ। यो वर्ष नगरपालिकाले ख्वप टेलिभिजन प्रशारण तयारीको क्रममा छ। यसै वर्ष 'वाकुपति चाँगुनारायण तामाको छानामा सुनको जलप–२०८०' पुस्तक प्रकाशन गरियो।

## पुस्तकालय

नगरवासीहरूको सांस्कृतिक स्तर उकास्न र पठन संस्कृतिको विकासको लागि नगरपालिकाद्वारा सञ्चालित जनज्योति पुस्तकालयको स्तरोन्नति गर्दैछौँ। जनज्योति पुस्तकालयमा आजैबाट ई–लाइब्रेरी सञ्चालन शुभारम्भ भयो। जनज्योति पुस्तकालयमा १ हजार ४ सय ७० जना सदस्य रहेकोमा यो वर्ष १० हजार ८ सय ४६ जना पुस्तकालयको पुस्तक प्रयोगकर्ता र पाठक रहेको जानकारी पुस्तकालयले जनाएको छ। उक्त पुस्तकालयमा १० ओटा इन्टरनेटसहितको कम्प्युटरको व्यवस्था छ।

## विविध

एक वर्षको अवधिमा देशका ३१ ओटा स्थानीय तहका प्रमुख, उपप्रमुख, जनप्रतिनिधिहरूले भक्तपुर भ्रमण गर्नुभयो। सो अवसरमा उहाँहरूसँग नगरपालिकामा भेटघाट गरी अनुभव आदान प्रदानको अवसर मिल्यो भने हामीले उपत्यका बाहिर जिल्ला भ्रमणको सिलसिलामा १५ ओटा स्थानीय तहका जनप्रतिनिधिसित भेटघाट तथा अनुभव आदानप्रदान गर्‍यौँ। यसरी एक वर्षको समयमा स्थानीय तहका ४६ ओटा पालिकाका प्रमुख, उप प्रमुखहरूसित प्रत्यक्ष भेटघाट भयो। विभिन्न पालिकाका जन प्रतिनिधिहरूसँगको अनुभवहरूबाट हामीलाई अझ बढी जनताको सेवा गर्ने उत्प्रेरणा मिलेको छ।

एक वर्षको अवधिमा चीन, बंगलादेश, नर्वे, लक्जम्वर्ग, पाकिस्तान, दक्षिण एसियाली संसदीय टोली, जर्मन, क्युवालगायत ८ ओटा मित्र देशका उच्च स्तरीय प्रतिनिधिहरूले भक्तपुरको भ्रमण गर्नुभयो।

नगरपालिकामा कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि नगरपालिकाकै आयोजनामा विभिन्न तालिमहरू सम्पन्न भयो। त्यस्तै मन्त्रालय र अन्य सरोकारवालाहरूबाट भएका क्षमता अभिवृद्धिका तालिमहरूमा पनि यस नगरपालिकाका कर्मचारीहरू सहभागी भएका थिए। अन्त्यमा, भक्तपुर नगरपालिकाले जनताको निम्ति गर्नुपर्ने थुप्रै कार्यहरू बाँकी छन्। जनताको राय, सल्लाह र सुझावअनुसार विगतका दिनहरूझैँ निरन्तर जनताको सेवामा समर्पित भएर लाग्ने प्रतिबद्धता व्यक्त गर्छौं। आगामी आ.व.२०८०।८१ को बजेट अधिवेशन आउँदै छ। त्यसको लागि पनि नगरपालिकाले गर्नुपर्ने महत्त्वपूर्ण कार्यहरूको लागि समयमै आवश्यक सुझाव प्रस्तुत गर्न तमाम नगरवासी दाजुभाइ तथा दिदीबहिनीहरूमा अनुरोध गर्दछौँ। हामी तपाइँहरूको सेवाको लागि सँधै तत्पर छौँ। धन्यवाद !

(**भक्तपुर नगरपालिकामा जनप्रतिनिधिहरूको एक वर्ष** पुगेको अवसरमा २०८० जेठ ६ गते शनिबार आयोजित कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिद्वारा व्यक्त वार्षिक गतिविधिसहितको प्रतिवेदनको पूर्ण पाठ)

# एक यात्रीको आँखामा भक्तपुर

– सुरेन्द्रराज गोसाई
प्रदेशसभा सदस्य, बागमती प्रदेश



भारतीय भिक्षु डा. धर्मरक्षितले आजभन्दा ७५ वर्ष अगाडि काठमाडौँ उपत्यका र नेपालका अन्य सहरबजार भ्रमण गर्ने क्रममा भक्तपुर पनि पुगे। भारतमा बौद्ध जागरणका एक अग्रणी मानिने त्रिपिटकाचार्य भिक्षु डा. धर्मरक्षित बौद्ध दर्शन, पुरातत्त्व, संस्कृति, इतिहासका एक जानकार कहलिन्छन्। उनले आफ्नो यात्रा वर्णन 'त्यस समयको नेपाल' मा भक्तपुरबारे यसरी लेखे – 'यो नगर पनि कान्तिपुर र पाटनजस्तै सुन्दर छ। तर, यहाँ ठूला दोकान छैनन्। यहाँ पनि बिजुलीको प्रबन्ध भने छ। यहाँ पनि यत्रतत्र फोहोर र शौच भरिएको छ। यहाँ त हरेक गल्लीमा सुँगुर डुलिरहेका हुन्छन्।'

यो आजभन्दा सात–आठ दशक अगाडिको शब्दचित्र भयो। आज यी शब्द सुन्दापनि असजिलो महसुस हुन्छ। कानलाई नै अपत्यारिलो लाग्छ ! भर्खरका किशोर–किशोरीका निम्ति त यो एकादेशको कथा लाग्ने निश्चित छ। यद्यपि, यो कुनै लोककथाको कुनै काल्पनिक बस्तीको चित्रण नभई यथार्थ हो। त्यो त विगत भयो। जो जतिसुकै बलशाली भएपनि न उसले विगत बदल्न सक्छ न त किन्ननै ! बदल्न मिल्ने र आफ्नो हातमा हुने भनेको वर्तमान हो र भविष्य हो।

आजको समयमा कुनै विदेशी पाहुना या यात्रीले भक्तपुर भ्रमण गरे र नियात्रा पुस्तक प्रकाशित गरे भने कसरी लेख्ला ? त्यो कोणबाट एकचोटि सोचौँ ! सम्भवतः त्यस पुस्तकमा यसरी उल्लेख गरिनेछ :

भक्तपुर सहरमा एकप्रकारको पुनर्जागरण चल्दै छ। विश्व मानव समाजको सम्पत्ति ऐतिहासिक धरोहरहरू जनता स्वयम् मिलेर पुनःनिर्माण गर्दैछन्। यहाँ श्रमदान तथा जनसहयोगको लहरनै चल्दैछ। सांस्कृतिक सम्पदाको संरक्षणमा सर्वसाधारणबीच अभूतपूर्व चेत फैलिँदैछ। त्यस कार्यमा राजनीतिक नेतृत्व पङ्क्ति, इतिहासविद्, संस्कृतिविद्, जनप्रतिनिधि, समाजसेवी तथा सर्वसाधारण जनताको एक मनको एकता पाइन्छ। नेपालकै अन्य सहरमा मात्र होइन यस खालको निःस्वार्थभाव, मनको स्वच्छता, एकमनको एकता र कर्ममा एकता विश्वमै दूर्लभ हुँदै गइरहेको परिप्रेक्ष्यमा यो सहर अपवाद बन्दैछ। यसलाई जनस्तरबाट चलाइएको सांस्कृतिक आन्दोलन भन्न सकिन्छ। अन्यत्र सांस्कृतिक विद्रोहको नारा घन्किरहँदा यहाँ सांस्कृतिक अभियान तथा आन्दोलन चल्दैछ। यसकै निम्ति पनि भक्तपुरको भ्रमण अनिवार्य छ भन्नु अतियुक्ति नहोला ! यो जागरण अभियान चलिरहँदानै कसैले भक्तपुरको भ्रमण गरे उसले संसारको सुन्दरत्तम वस्तुको दर्शन पाएझैँ हुनेछ। कम्युनिस्टहरू ध्वंशमा लाग्छन् भनेर हिजो जसरी फतुर लगाइन्थ्यो या बद्नाम गर्ने चेष्टा गरिन्थ्यो, त्यो सोह्रै आना झूट रहेछ भन्ने जीवन्त प्रमाण यहाँ भटिनेछ। राजनीतिक सङ्गठन र कार्यकर्ता कसरी जनतासँग एकाकार भएर काम गर्छन् भनेर बुझ्न यो सहरको भ्रमण अनिवार्य छ। पुरानो युगबाट नयाँ युगको सेवा कसरी सम्भव छ, व्यवहारिक उदाहरण यहाँ प्रस्तुत छ।

सन् २०१५ को ठूलो भूकम्पको भग्न अवस्थाबाट यो सहर छोटो समयमा नै माथि उठ्यो। फल्चाहरू, स–सानादेखि ठूला देवल, मठ–मन्दिर, चैत्यहरू पूर्ववत् रूपमा फर्किसकेका छन्। सम्पदा क्षेत्र र मठमन्दिर वरपर तथा माथिमाथि राखिएका साइनबोर्ड, कुरुप खालका छाना, अनियमित खालका वस्तु हटाइएको खण्डमा सुनमा सुगन्ध हुने थियो ! दृश्य प्रदूषणबाट मुक्त हुनसकेको दिन यो सहर बेजोड बन्ने छ। हरेक दशकजसो आउने साना–ठूला भूकम्प, झाडावान्ता, हैजा, कोभिडजस्ता प्राकृतिक विपत्ति र राजनीतिक दमनसँग जुध्दै यो सहर आजको स्थितिसम्म आइपुगेको यथार्थले संवेदनशील मनहरूलाई छुनु स्वाभाविक हो।

गल्ली–गल्लीका बाटाहरूमा समेत ढुङ्गा बिछ्याएर चिटिक्क पारिएका छन्। बाटो मर्मत–सम्भार कार्यले निरन्तरता पाउँदै छ। बाटोमा छोडिएका कुखुरा, कुखुराका चल्ला, हाँस नगरवासी स्वयम्ले नै नियन्त्रण गरे या त्यो खालको चेतना विकासमा अगुवाइ भए सौन्दर्य जताततै अनुभव गर्न मिल्ने थियो। साँघुरा गल्लीमा ठूलो आवाजसहित कुदाइने दुई पाङ्ग्रे सवारी साधन, आवास क्षेत्रमा १२–१६ चक्के ट्रक, टिपरको आतङ्क रोक्न सके सुरक्षाको प्रत्याभूति हुने थियो। दत्तात्रय चोकमा कुटनीतिक नियोगका गाडीहरूको ताँती देख्दा धनाढ्य या शक्तिशालीको बलमिच्चाई या दादागिरीसामु कोही चूँ बोल्दैनन् कि भनी सोच्न बाध्य भएँ।

नगरवासीका घरहरूसमेत् प्राचीन शैलीमा निर्माण हुँदैछन् । मल्लकालीन वास्तुकलाले यतिखेर जति इज्जत, प्राथमिकता तथा सकारात्मकता नेपाली इतिहासको पछिल्लो २ सय ५० वर्षको कालखण्डमा कहिल्यै पाएन । वास्तविक नेपालमा पुगेको अनुभूति दिने थोरै पक्षमध्ये यो पनि एउटा अत्यन्त महत्त्वपूर्ण पक्ष हो । सारमा, यो सहर मौलिकता जोगाउन सफल संसारका सहरहरूमध्ये एउटा बन्दै छ । आधुनिकतालाई समेत मौलिक ढाँचा अपनाउन या सजिन यो सहरले सिकाइरहेको अनुभूत हुन्छ । आधुनिकता र मौलिकताबीच द्वन्द्व, लडाइँ या प्रतिस्पर्धा होइन सहअस्तित्वको अभ्यास चल्दै छ, यहाँ । तसर्थ, यहाँ आधुनिकता पनि अझ बढी आत्मीय, पृथक तथा मनमोहक लाग्छ । यद्यपि, मौलिक वास्तुशैलीलाई छोपिने गरी थपिएको छाना, ब्यापारिक वस्तु, फिँजाइएका किनमेलका वस्तु आदिबारे सोचविचार पुऱ्याइए सहरको अस्तव्यस्तता या कुरुपता अझ घट्ने थियो । आवागमन सहज बनाउने उपायतर्फ बेलैमा ध्यान पुऱ्याउन च्याम्हासिं, कमलविनायक, जगाती, सूर्यविनायक, ब्यासी, भार्वाचो, इनागः, बाराही आदि ठाउँमा यथोचित बन्दोवस्त गरिए यो सहर प्रवेश गर्दादेखिनै सकारात्मकभाव जाग्ने थियो !

तीन दशकदेखि चालू शैक्षिक अभियान त झन् विशिष्ट खालको छ । ज्ञान बिज्ञानमा आधारित समाजको निर्माणतर्फको यात्राबाट बेग्लै आनन्दको अनुभूति मिल्छ । नेपालजस्तो पिछडिएको देशमा यो अत्यन्त अगाडि बढेको दीर्घकालीन सोच तथा दूरदृष्टि देख्दा अचम्मित भएँ । अरू साथीहरूले पनि निकै अनौठौ माने । धेरैले यसको रहस्य जान्ने इच्छा व्यक्त गरे । नभन्दै हाम्रा पथप्रदर्शकले हातहातमा 'Bhaktapur After Century' पुस्तक वितरण गर्दै केही महत्त्वपूर्ण जानकारी सङ्क्षेपमा दिए । छोटो समयमा धेरै कुरा प्रस्ट भयो । सबैले खुल्दुली मेटिएको अनुभव गरे ।

स्वास्थ्य क्षेत्रमा पनि यो सहर टुकु टुकु हिँड्दै छ । केही वर्षभित्र खुट्टा बलियो हुने विश्वास लिन सकिन्छ । तर विडम्बना, अस्पताल प्रवेशद्वार वरपर माटोको भाँडोमा धानको भुस, खुर्सानी र अन्य घिन हुने खालका वस्तुमाथि एक जना साथीको पाइला पर्दा केही असजिलो महसुस भयो । केही पर पुग्दा भोज खाएर चौबाटोमा फ्याँकिएका पातहरू असरल्ल देख्दा र त्यही नै कुकुरहरूको झगडा देख्दा केही साथीहरूले नाक थुन्दै भएपनि फोटो खिचे ।

भव्य अस्पतालको भवनले ती सबै बिर्साइ दियो । 'नाङ्गो खुट्टाका डाक्टरहरू' यता अझै भेटिन्छन् कि भन्ने जिज्ञासा केही साथीहरूले राखे । डा. नर्मन बेथुन, डा. चे गुयभारा, डा. कोट्निसहरूको यहाँ पुनरावृत्तिको सम्भावनाबारे केही साथीहरूले लजाउँदै सोधे । 'कठिन छ तर सम्भावनालाई कहिल्यै नकार्न मिल्दैन' मनमा सान्त्वनाका शब्द छचल्किए । यो सहर यहाँसम्म पुग्न सक्नुमा एउटा विशिष्ट पक्ष उल्लेख नगर्नु अन्याय हुनेछ । यो 'सदाचारको टापु' भनेर धेरै अगाडि नै प्रतिष्ठा कमाइसकेको सहर हो । भ्रष्टाचारको महामारीबाट यो जोगिँदै यहाँसम्म आईपुगेको हो । आजसम्म पनि त्यस्तो दाग लागेको छैन । मानव बेचविखन, मानव तस्करी, शासक स्वयम्बाट देशद्रोही काम हुने देश, भाडाका सिपाही, दिल्ली र वाशिङ्टनसँग मात्र होइन थिम्पुसँग पैसा मागेर चुनाव लड्ने नेताहरूको देश भनेर बद्नाम भइसकेको अवस्थामा बेदाग तथा स्वच्छ छवि निर्माण गर्दै र पारदर्शीता कायम गर्दै अगाडि बढ्नु चानचुने कुरा जरुर होइन । यद्यपि, यो सहरमा पनि गर्मी बढेसँगै लामखुट्टे, झिँगा, थरीथरीका कीराहरू देखापर्नु स्वाभाविक हो । नियन्त्रणका उपाय निरन्तर आवश्यक हुने अनौठो विषय होइन ।

'नाचगानको राजधानी', 'शैक्षिक गन्तव्य', 'पर्यटकीय गन्तव्य', 'सांस्कृतिक नगर' आदि आदि उपनामबाट विभूषित भक्तपुर पुग्नु भनेको इतिहास, संस्कृति, पुरातत्त्व, राजनीतिशास्त्रको महाविद्यालयको अध्ययन–अवलोकन गर्नुझैँ हुनेछ । एउटा जीवित सङ्ग्रहालयको अन्वेषण गर्नुझैँ हुनेछ भन्नु अतियुक्ति नहोला !

एक मित्रको सवालले सबैको ध्यानाकर्षण गऱ्यो – 'के यो सानो समाजवाद हो ?' हाम्रो गाइड त्यति लाटो कहाँ थियो र ! भाषामा मात्र होइन उनी राजनीतिक विषयवस्तुमा पनि राम्रै जानकारी राख्छन् भन्ने प्रस्ट बुझ्न सकिन्थ्यो । उनले शिष्ट र सरल भाषामा भने– 'यो सानो समाजवाद पनि होइन, ठूलो समाजवाद पनि होइन ! समाजवाद सानो या ठूलो हुने गर्दैन । समाजवाद आफैँ एउटा उन्नत समतामूलक समाज हो । तर, यसलाई समाजवादी सोचबाट अभिप्रेरित प्रयासहरूको प्रतिफल मान्नु अझ सच्चाइको नजिक हुनेछ । समाजवादी विचारका नेता–कार्यकर्ता जनताको मत पाएर निर्वाचित हुँदा जनसेवाका के–कस्ता काम गर्न सम्भव हुन्छ र भ्रष्टाचाररहित ढङ्गमा विकास निर्माण तथा जनताका काम के कसरी गर्न सकिन्छ भन्ने एउटा प्रमाणको रूपमा ग्रहण गर्नु समीचीन हुनेछ । पुँजीवादी राज्यसंरचनाभित्र जनताको हित गर्ने उपायको खोजीकार्य या नजिर मान्नु पनि ठिकै होला ! यसलाई तपाइँ समकालीन नेपाली समाजमा मरुस्थलको उद्यानको उपमा दिन सक्नुहुन्छ !' गाइडका शब्द निकै कम भएको अनुभव साथीहरूले गरे ।

साथीहरू अझ बढी जानकारीको आशा गरी ध्यानपूर्वक सुनिबसेका थिए । मौसमलाई ध्यानमा राखी गाइडले आफ्नो भनाइ लम्ब्याउन नचाहेको र यात्रा अगाडि बढाउनुपर्ने सङ्केत गरे । अस्तु !

(नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा बागमती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले 'भक्तपुर नगरपालिकामा जनप्रतिनिधिहरूको एक वर्ष'को समारोह, जेठ ६ गते २०८० मा व्यक्त विचारको सम्पादित अंश)

# जनज्योति पुस्तकालयमा ई–लाइब्रेरी शुभारम्भ




भक्तपुर नगरपालिकामा जनप्रतिनिधि बहाल भएको एक वर्ष पुगेको अवसरमा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनज्योति पुस्तकालयमा ई–लाईब्रेरीको शुभारम्भ भयो।

नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद **प्रेम सुवाल**ले कम्प्युटरको माउस क्लिक गरेर जेठ ६ गते ई–लाइब्रेरीको शुभारम्भ गर्नुभएको थियो।

कार्यक्रममा सांसद सुवालले २१ औँ शताब्दीको डिजिटल युगमा सूचना र प्रविधिसँग कोही पनि अछुटो रहन नसक्ने बताउनुहुँदै अनलाइनमाध्यमको प्रयोगसँगै अधुसन्धानकर्ताहरूलाई सहज र अध्ययनको दायरा बढ्दै गएको बताउनुभयो।



अनलाइन सञ्चारमाध्यममा राखिएका तथ्य तथ्याङ्क सधैँ सत्य नहुन सक्छन् भन्नुहुँदै उहाँले इन्टरनेटमा राखिएका तथ्यहरूलाई आलोचनात्मक व्याख्या गरी जनतालाई साँचो सूचना प्रवाह गर्नु सबैको कर्तव्य भएको बताउनुभयो।

समसामयिक विषयमा नेपाल मजदुर किसान पार्टीले भुटानी शरणार्थीलाई भुटानमै फर्काउनुपर्नेमा निरन्तर जोड दिँदै आएको बताउनुहुँदै सांसद सुवालले नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाउने प्रकरणका दोषीलाई हदैसम्मको कारबाही गर्नुपर्ने धारणा राख्नुभयो।

रुसले युक्रेनमा युद्ध गरेको झूटा तर्कलाई शासक दलले समर्थन गर्नु आफैमा भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवाद अगाडि आत्मसमर्पणको नीतिअनुरूप भएको उहाँले प्रष्ट पार्नुभयो।

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले नयाँ पुस्तालाई पठन संस्कृतिको विकास गर्ने उद्देश्यले जनज्योति पुस्तकालयको स्तरोन्नतिलाई ध्यानमा राख्दै ई लाइब्रेरीको सुरुवात गरिएको बताउनुभयो।

उहाँले जिल्ला जिल्लाका धेरै पुस्तकालय बन्द हुने अवस्थामा भक्तपुर नपाले जनज्योति पुस्तकालयलाई अझ सुविधासम्पन्न र व्यवस्थित बनाउने काम गरेसँगै पाठकहरू उत्साहित बनेको बताउनुभयो।



ई लाइब्रेरी स्थापनासँगै खोज तथा अनुसन्धान गर्नेहरूको निम्ति यसबाट निकै सहज हुने बताउनुहुँदै उहाँले भक्तपुर नपाको सन्तुलित विकास गर्ने उद्देश्यअनुसार नपाले काम गर्दै आइरहेको बताउनुभयो।

सङ्घीयता कार्यान्वयनको ६ वर्ष बितिसक्दा पनि नेपालमा सङ्घीयताको भावना र मर्मअनुसार काम हुन नसकेको बताउनुहुँदै उहाँले भक्तपुर नपाले सङ्घीयताको राम्रो अभ्यास गरिरहेको बताउनुभयो।

बागमती प्रदेशसभा सदस्य **सृजना सैंजु**ले पुस्तक अध्ययनले सभ्य र सुसंस्कृत समाज निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुहुँदै ई लाइब्रेरीको शुभारम्भसँगै अध्ययन अनुसन्धान तथा उच्च शिक्षा अध्ययन गर्ने नेपाली र ➲

# विद्युतीय पुस्तकालय : परिचय तथा महत्व

– भूपाल मूल



पुस्तकालय अथाह ज्ञानको भण्डार हो र पठन संस्कृति विकासमा पुस्तकालयको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । वि.सं. २००७ सालमा स्थापित यस जनज्योति पुस्तकालय भक्तपुरकै एउटा ऐतिहासिक र सार्वजनिक पुस्तकालय हो । हालसम्म यहाँ १४५० को सङ्ख्यामा सदस्यहरू आवद्ध छन् र करिब १८ हजार पुस्तकहरू सङ्कलित रहेका छन् । यहाँ अध्ययन तथा अनुसन्धानका लागि भक्तपुर नगरका बाहेक देशका विभिन्न जिल्लाबाट पनि पाठकहरू अध्ययन र अनुसन्धानका सामग्रीहरू पढ्नका लागि आउने गर्नुहुन्छ । भक्तपुर नगरपालिकाले ख्वप विश्वविद्यालय सञ्चालन गर्नमा निरन्तर जोड दिँदै आएको व्यहोरा हामी सबैलाई अवगत नै छ । यसको आधारका रूपमा विकास गर्न आजैदेखि इ–लाइब्रेरीको सुरुवात हुँदैछ, जुन यस भनपा र जनज्योति पुस्तकालयका लागि ज्यादै महत्त्व राख्दछ । वि.सं २०७५ जेठ ७ गतेका दिन श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छैँज्यूबाट यसै भवनमा जनज्योति पुस्तकालयको समुद्घाटन गर्नुभई जनज्योति पुस्तकालयलाई सुरुवात गर्नुभएको थियो । आज आदरणीय सङ्घीय सांसद प्रेम सुवालज्यूबाट यहाँ ई–लाइब्रेरी (E-Library) को शुभारम्भ भएको छ । सुरु सुरुमा यहाँ पाठकहरूको न्यून उपस्थिति रहन्थ्यो भने हाल अध्ययन कक्षको कमी भई ठाउँको कमी हुन गएको छ । अब ई–लाइब्रेरीको सुरुवातपश्चात् अझै स्थानको कमी हुन जाने अवस्था देख्दछु ।

हालै भनपाले वडावडाका पुस्तकालयहरूलाई समयानुकूल सुधार गर्दै लैजान वि.सं. २०७८ असोज १९ गते नगर प्रमुख श्री सुनिल प्रजापतिको अध्यक्षतामा भनपाभित्र रहेका सार्वजनिक पुस्तकालयहरू तथा वाचनालयहरूको प्रतिनिधिहरूको सामूहिक बैठकबाट नगर क्षेत्रका सार्वजनिक पुस्तकालय सुधारको लागि सुझाव पेश गर्न कार्यदल गठन भई श्रीमान् प्रमुख सुनिल प्रजापतिसमक्ष प्रतिवेदन समेत पेश गरी सोही आधारमा ३१ ओटा पुस्तकालय तथा वाचनालयहरूमध्ये केहीलाई एक एक लाख आर्थिक सहयोग पनि प्रदान भएको थियो ।

यस जनज्योति पुस्तकालयका लागि आवश्यक पुस्तकहरू हरेक वर्ष थपिँदै गैरहेको छ । पुस्तकालय सञ्चालनका लागि आवश्यकताअनुसार बजेटको पनि राम्रो व्यवस्था गरिएको छ । पुस्तक तथा पुस्तकालयको सुरक्षाका लागि आवश्यकतानुसार सीसी क्यामेराको जडान गरिएको छ । पुस्तकालयमा पाठकहरूका लागि तातो र चिसो पानीको व्यवस्था गरिनुका साथै राम्रो शौचालयको व्यवस्था रहेको छ । यहाँ निकट भविष्यमा पुस्तकहरूको अनलाइन क्याटालगिङको व्यवस्था पनि गर्दैछौँ ।

वर्तमान समयमा पुस्तकालयको स्वरूप र पाठकको रुचिलाई मध्यनजर गर्दै ई–लाइब्रेरी सञ्चालन गर्नु ज्यादै नै सान्दर्भिक रहेको छ । ई–लाइब्रेरी इन्टरनेटमार्फत हजारौँ पुस्तकहरू तथा लाखौँ जर्नल्स् र लेखलाई एउटै टेबलमा बसेर अध्ययन गर्न महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

पुस्तकालयअन्तर्गत वर्तमानमा संसारभरि सञ्चालनमा रहेका पुस्तकालयले ई–लाइब्रेरीलाई आधुनिक पुस्तकालयको रूपमा लिएको पाउँछौँ । डिजिटल लाइब्रेरीमा सूचना सामग्रीहरूको सङ्कलन विद्युतीय रूपमा गरिन्छ र त्यसको प्रयोग कम्प्युटर वा नेटवर्कको माध्यमबाट गरिन्छ । यसलाई पुस्तकबिनाको पुस्तकालय पनि भनिन्छ । ई–लाइब्रेरीलाई भर्चुअल तथा अनलाइन लाइब्रेरी पनि भनिन्छ ।

---

➲ अन्तर्राष्ट्रिय विद्यार्थी लाभान्वित हुने बताउनुभयो ।

ज्ञानमाथि प्रतिबद्ध लगाउने सिलसिला अझ पनि नेपालमा कायमै रहेको बताउनुहुँदै उहाँले ख्वप विश्वविद्यालयको स्वीकृति दिन ढिलाइ गरिनु आफैमा सरकारको संकुचित र पूर्वाग्राही सोच भएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले २१ औँ शताब्दीमा सूचना र प्रविधिमा अगाडि बढ्नु अपरिहार्य भएको बताउनुहुँदै भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र बनाउन यस किसिमको गतिविधिले टेवा पुऱ्याउँछ भन्नुभयो । उहाँले ई लाइब्रेरी शुभारम्भसँगै विज्ञानसम्मत समाज निर्माण गर्न महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

कार्यक्रममा जनज्योति पुस्तकालयका शाखा प्रमुख **भूपाल मूल**ले पुस्तकालयको इतिहास र महत्त्वमाथि प्रष्ट पार्नुहुँदै समयको मागअनुसार जनज्योति पुस्तकालयले ई लाइब्रेरीलाई अगाडि बढाएको हो भन्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले पनि बोल्नुभएको थियो ।

भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरूले पनि यसै तथ्यलाई आत्मसात गर्दै यस जनज्योति पुस्कालयमा ई–लाइब्रेरी सञ्चालन गर्ने जमर्को गर्नुभए अनुसार यहाँ आज ई–लाइब्रेरीको शुभारम्भ कार्य सफलतापूर्वक सम्पन्न हुन गइरहेको छ ।

श्रद्धेय नेता नारायणमान बिजुक्छेँको सोचअनुसार भक्तपुरलाई एउटा शिक्षित शहर तथा पर्यटकको उत्कृष्ट गन्तव्य बनाउने सपनालाई साकार बनाउनमा यहाँका सबै जनप्रतिनिधि, नागरिक समाज एवं सबै कर्माचारीहरू अहोरात्र खटिरहनुभएकोले पनि यस्ता विकासका कार्यहरू भइरहेका हुन् ।

ई–लाइब्रेरी वा ई–रिसोर्स भन्नाले डिजिटल फर्म्याटमा तयार गरिएको पाठ्य सामग्रीहरूको सङ्कलित विद्युतीय साधन हो । यसले पाठ्यपुस्तकहरूको मात्र नभई विभिन्न अध्ययन तथा अनुसन्धानसँग सम्बन्धित श्रव्य, रेखाचित्रहरू तथा दृश्यचित्र सामग्रीहरू पनि उपलब्ध गराउनाका साथै पढ्न र डाउनलोड गर्न पनि अनुमति दिन्छ । ई–लाइब्रेरी मूलतः इन्टरनेटमार्फत पढिने पाठ्य सामग्रीहरूको सुविधा हो । यसको प्रयोग विद्युत सामग्रीहरू जस्तै कम्प्युटर, ट्याब्लेट, ल्यापटप, स्मार्टफोन आदिको प्रयोग गरी सयौँ प्रकारका विषयहरूको सहजै अध्ययन गर्ने सुविधा प्रदान गर्दछ ।

ई–लाइब्रेरीको प्रयोग गरी अनलाइन र अफलाइनको माध्यमबाट पनि प्रयोग गर्ने सुविधा छ । अनलाइन भए २४ सै घण्टा धेरै प्रयोगकर्ताहरूले पनि एकैपल्ट प्रयोग गर्न मिल्छ । यो पुस्तकभन्दा धेरै सस्तो हुने, चाहेको बखत चाहेको सामग्री स्टोर गर्न मिल्ने, छुट्टै फोल्डर बनाई सुरक्षित राख्न सकिने, घाम–पानीबाट बचाई राख्न मिल्ने तथा अध्ययन र अनुसन्धानमा धेरै उपयोगी हुनाले संसारभर अधिक प्रयोग भइरहेको छ । ई–रिसोर्सबाट संसारभरि फ्रि पहुँच हुने पुस्तक तथा जर्नल्र्सका लेखहरूलाई अद्यावधिक गरिरहने हुँदा पनि यसको महत्त्व झन् बढिरहेको छ । इ–रिसोर्सले शैक्षिक क्षेत्रको खुराकहरू जस्तै ई बुक्स, ई जर्नल्स, रिसर्च पेपर, विश्वविद्यालयको रिपोर्ट, अनलाइन सन्दर्भ सामग्री आदि उपलब्ध गराइरहन्छ । यसको माध्यमबाट पुराना र महत्त्वपूर्ण लेखहरू र हजारौँ पुस्तकहरू पढ्न र डाउनलोड गर्न सकिन्छ । यो सेवा ज्यादै सस्तो मूल्यमा प्राप्त हुने अध्ययनको माध्यम हो । यसले सयौँ पुस्तकहरू किन्न तथा किनेर बोकी हिँड्ने झन्झटबाट मुक्त गर्नाका साथै राम्रो नतिजा ल्याउन पनि मद्दत गर्दछ ।

विश्वमा सर्वप्रथम ई रिसोर्समा राखिएको पुस्तक US Declaration of Independence १९३० हो । E-Resource af6 JSTOR (Journal Storage) को प्रयोग गर्न सकिन्छ । यसले अध्ययन अनुसन्धानकर्तालाई ८० प्रकारका विषयवस्तुहरूको अध्ययन सामग्रीहरू उपलब्ध गराउँदछ । १ लाखभन्दा बढी Ebooks पढ्न र Download गर्न २ हजार भन्दा बढी प्रकारका Journals बाट करीव १२ लाख Articles पढ्न र Download गर्ने सुविधा प्रदान गर्दछ । यसको प्रयोग गर्न धेरै सजिलो, विषयवस्तु सहजै प्राप्तगर्न मिल्ने तथा एकै पल्ट धेरै प्रयोगकर्ताले २४ घण्टा हेर्न सकिन्छ । हालयसमा १० हजारभन्दा धेरै संस्थाहरू विश्वभरिमा आवद्घ भैसकेका छन् । JSTOR ले अध्ययनकर्तालाई शीर्षक, प्रकाशक तथा विषयको आधारमा सामग्री खोजेर अध्ययन गर्ने सुविधा दिन्छ ।

Jstor ले मुख्यतः free access गर्ने विषयहरूमा Arts, Business and Economics, History, Humanities, Law, Medicine and Allied Health, Science and Mathematics र Social Sciences पर्दछन् ।

(क) Jstor का साथै e-resources ले प्रदान गर्ने सेवामा Oxford journals collection मार्फत २३८ भन्दा बढी शीर्षकका विषयहरू (Medicine, Life Science, Maths, Law, Humanities and Social Science) अध्ययन गर्ने सुविधा दिन्छ ।

ख) Cambridge journals online n] Sociology, Mass communication, English language, Social Science and humanities सँग सम्बन्धित ४०६ प्रकारका journals हरूको अध्ययन गर्ने सुविधा दिन्छ ।

ग) Royal Society journals collection ले Physical and Biological Science, Mathematics, Engineering Sciences, Philosophy आदि अध्ययन गर्ने सुविधा दिन्छ ।

घ) De-Gruyter Journals ले २१० प्रकारका journal मार्फत सबै प्रकारका Scientific Research, Biology, Chemistry, Geo-Science, Classical Studies History, Maths, Physics, Engineering, Medicine, Law, Linguistics and Literature आदि अध्ययन गर्ने सुविधा दिन्छ ।

ङ) Edward Elgar Publishing journal ले Law, Economics, Geography, Management and Leadership Studies का विषयहरूको अध्ययन गर्ने सुविधा दिन्छ ।

*शाखा प्रमुख, जनज्योति पुस्तकालय*

(भक्तपुर नपामा जनप्रतिनिधि बहालीको १ वर्षको अवसरमा ई–लाइब्रेरी शुभारम्भ कार्यक्रममा व्यक्त मन्तव्य)

# राज्य सञ्चालकहरू राम्रो र व्यवस्थित भए देश अगाडि बढ्न समय लाग्दैन

– सुनिल प्रजापति



सिङ्गो समाज परिवर्तनको निम्ति भनेर हतियार उठाउने र १० वर्षसम्म सशस्त्र सङ्घर्ष गर्ने मित्रहरूबाट बारम्बार शान्ति, हिंसाको अन्त्य र अब हिंसात्मक घट्ना नदोहऱ्याउने प्रतिबद्धता जस्ता कुरा दोहोऱ्याउनु भएबाट समय निकै अगाडि बढेको अनुभव भयो। १० वर्षसम्म सशस्त्र सङ्घर्ष गर्ने दलकै नेतृत्वमा २०६३ सालदेखि अहिलेसम्म ४ ओटा सरकार गठन भयो। अहिलेसम्म यौनजन्य हिंसा र बलात्कारमा परेका महिलाहरूलाई कारबाही र सहयोग किन भएन र कसले रोक्यो ?

हामी द्वन्द्वको अन्त्य भएको १६ वर्षपछि पनि फेरि द्वन्द्व अवधिका यौन हिंसा र बलात्कारबारे छलफल गर्दैछौं। अरू तीन वर्षे कार्य योजना प्रस्तुत गरिएको छ। १० वर्षको सशस्त्र सङ्घर्षबारे २० वर्ष त्यसैमा रुमलिएर बस्ने हो भने देशको विकास निर्माणबारे कहिले छलफल गर्ने ?

द्वन्द्वको कुरा भजाएर कति वर्षसम्म विदेशी एनजिओ/आइएनजिओलाई नेपालमा काम गर्न दिने हो सोच्नु पर्छ। हाम्रो समस्या हामी आफैले समाधान गर्नेतर्फ ध्यान दिनुपर्छ। द्वन्द्वकालमा मात्रै महिला हिंसा र बलात्कारका घटना भएका होइनन्, त्यसपछिका १६ वर्षको अवधिमा धेरै महिला हिंसा र बलात्कारबाट पीडित भए। ती सबैको बारे राज्यले सोच्नु आवश्यक छ।

यहाँ सशस्त्र द्वन्द्वको मात्रै कुरा उठ्यो। देशमा राजनैतिक परिवर्तका लागि शान्तिपूर्ण आन्दोलनमा लागेकाहरूको योगदान त्योभन्दा धेरै महत्त्वपूर्ण छ। तीमध्ये कयौँले जेलनेल भोगे, प्रवास जीवन बिताए, कति अङ्गभङ्ग भए र मारिए। आजको गणतन्त्र ती सबै योद्धाहरूको योगदानको परिणाम हो। सबै कुरा विदेशी गैर सरकारी संस्थाहरूको सल्लाहअनुसार चल्ने हो भने सङ्घ, प्रदेश र स्थानीय सरकार सञ्चालन गर्नेहरू 'बुँख्याचा' सावित हुनेछन्। यसबारे सबैले गम्भीरता पूर्वक सोच्नु जरुरी छ।

सरकारले यौन जन्य हिंसा र बलात्कार पीडित तथा अयोग्य लडाकुहरूलाई रु. २ लाखका दरले रकम वितरण गर्ने निर्णय गऱ्यो। त्यो पैसाले जिल्ला जिल्लाका सबै युवाहरूलाई सीप मुलक तालिम दिएको भए धेरैले आत्मनिर्भर भएर बाँच्न सिक्नेछन्। विदेश जाने युवाहरूमा कमी आउने छ। युवाहरूको श्रमले देश विकास पथमा अघि बढ्ने छ। महिलाको समस्या लैङ्गिक मात्रै होइन, त्यो वर्गीय समस्या हो। वर्गीय समस्याको समाधान वर्गीय मुक्तिबाट मात्रै सम्भव हुन्छ।

सारा जनतालाई योग्यताअनुसार काम र कामअनुसारको ज्यालाको बन्दोवस्त शिक्षा र स्वास्थ्य उपचार निःशुल्क व्यवस्था गर्न सकेमा कसैले पनि १/२ लाख रुपैयाँको लोभ गर्ने छैन।

आज नेपाली विद्यार्थीहरूले उच्च शिक्षा पढ्न देशभित्रका कलेजहरूलाई विश्वास गर्न छाड्दै छन्। ९ महिनामा ९० हजारभन्दा बढी विद्यार्थीहरू विदेशमा उच्च शिक्षा अध्ययनको लागि विदेशिनु, रोजगारीको निम्ति महिनाको लाखौँ युवाहरू विदेशिनुले नेपालको अर्थतन्त्र कहालीलाग्दो अवस्थाबाट गुज्रँदैछ।

प्रदेश र स्थानीय तहमा पठाइने सामाजिकीकरण अनुदान ५० प्रतिशत कम हुने सङ्घीय सरकारले सबै स्थानीय तहलाई पत्राचार गरिसकेको छ। १ जना माननीयको एक वर्षमा ४० अर्ब सम्पत्ति बढेको र उनी विश्वको धनीको क्रमसूची १९६५ बाट १६४७ मा उक्लेको समाचार आयो तर उनले राज्यलाई कति कर तिरे ? सार्वजनिक हुनुपर्ने हो। चीन १ अर्ब ४१ खर्ब जनसङ्ख्या हुँदा पनि सारालाई रोजगारी दिएर आज विश्वको दोश्रो अर्थतन्त्र भएको देश बन्यो। सन् २०१२ पछि २०२१ सम्मको अवधिमा ९ करोड ८९ लाख जनतालाई गरिबीको रेखामुनीबाट माथि उठायो। सन् २०२१ मा चीनले गरिबी मुक्त मुलुक घोषणा गऱ्यो। ➲

# ‘उपत्यकाको फोहोर व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय तहको समन्वयात्मक भूमिका हुनुपर्छ’



– *सुनिल प्रजापति, प्रमुख भक्तपुर नगरपालिका*

**सम्माननीय प्रधानमन्त्रीज्यू,**

उपत्यकाको फोहोर व्यवस्थापनलाई चासो लिएर बैठक बोलाउनु भएकोमा धन्यवाद !

नयाँ संविधान निर्माणपछि देशमा धेरै पालिकाहरू बने। नगरपालिका घोषणा गर्नुपूर्व नै बस पार्क, उपचार पोखरी, फोहोर व्यवस्थापन, दमकलजस्ता अति आवश्यक पूर्वाधारहरू निर्माण गरिएको भए आजको जस्तो फोहोर मैला व्यवस्थापनमा समस्या हुने थिएन।

फोहोर मैला व्यवस्थापन कुनै एउटा पालिका वा काठमाडौँ उपत्यकाको मात्रै समस्या नभई देशभरकै पालिकाहरूको समस्या हो। पूर्ववक्ता साथीहरूले उपत्यकाको फोहोर व्यवस्थापन स्थानीय तहले नै गर्नुपर्नेमा जोड दिनुभयो। यसमा हाम्रो भन्नु केही छैन। तर फोहोर व्यवस्थापन हामी सबैको साझा चुनौति हो। साझा समस्याको समाधान एक्लैले होइन सङ्घ, प्रदेश र स्थानीय तहको संयुक्त प्रयासले मात्रै सम्भव हुन्छ। एकले अर्कोलाई आरोप प्रत्यारोप गरेर समस्या समाधान निस्कँदैन बरु समस्या झन जटिल बन्ने छ।

फोहोर व्यवस्थापनबारे विभिन्न देशहरूको अनुभवबाट पनि हामीले सिक्ने प्रयास गर्नु पर्छ। स्केन्डिनेभियन देशहरू (स्वीडेन, नर्वे, फिनल्यान्ड, आइसल्यान्ड र डेनमार्क) ले कसरी फोहोर व्यवस्थापन गर्दै छन् ? हामीले त्यहाँको अध्ययन गरेर हाम्रो अनुकुलतामा त्यहाँका अनुभव लागु गर्न सक्छौँ। स्विडेनले सन् २०२० सम्ममा फोहोरलाई १ प्रतिशतमा झार्ने घोषणा गऱ्यो र त्यो लक्ष्य प्राप्त पनि गऱ्यो। उसले अहिले नर्वे र बेलायतबाट समेत फोहोर खरिद गर्छ र त्यसबाट बिजुली र ग्यास निकालेर मासिक करोडौँ डलर कमाइरहेको छ। फोहोरलाई आम्दानीको राम्रो स्रोत बनाइरहेको छ।

अहिले अस्पतालहरूको फोहोर व्यवस्थापन हाम्रो अर्को समस्या भएको छ। अस्पतालहरूको फोहोरलाई राम्रो व्यवस्थापन गर्न सकिएन भने त्यसले महामारी निम्त्याउन सक्छ। सङ्घ सरकारले नै इन्सिनरेटरहरू खरिद गरेर अस्पतालहरूमा वितरण गर्न सके धेरै राम्रो हुनेछ।

यहाँ पूर्व वक्ता मित्रहरूले काठमाडौँ उपत्यकाको फोहोर व्यवस्थापनको सन्दर्भमा भक्तपुरको पनि पटक पटक नाम लिनुभयो। सबैलाई जानकारी होस्, भक्तपुर नगरपालिकाले अहिलेसम्म त्यहाँको फोहोर आफै व्यवस्थापन गर्दै आएको छ, बन्चरेडाँडा र सिसडोलमा फोहोर पुऱ्याएको छैन। अब पछि के हुन्छ, त्यो भने हेर्न बाँकी नै छ। भक्तपुर नगरपालिकाले कुहिने फोहोरको कम्पोष्ट मल बनाएर किसानहरूलाई बिक्री गर्दै आएको जानकारी गराउन चाहन्छु। भक्तपुर नगर सानो छ। फोहोर पनि कम मात्रै निस्कन्छ। दैनिक ३० टन फोहोर उत्पादन हुनेमा ६८ प्रतिशत कुहिने र ३२ प्रतिशत नकुहिने फोहोर उत्पादन हुने हाम्रो अध्ययनले देखाएको छ। कुहिने फोहोर नगरपालिकाको आफ्नै केन्द्रमा लगेर कम्पोष्ट मल बनाइ प्रति केजी रु. २० मा बिक्री

---

➲ सं.रा. सङ्घले सहश्राब्दी लक्ष भनेर सन् २०३० मा गरिबी मुक्त बनाउने घोषणा गरेको थियो तर चीनले १० वर्ष अघि नै त्यो लक्ष्य पूरा गऱ्यो।

राज्य सञ्चालकहरू राम्रो र व्यवस्थित भए देश अगाडि बढ्न समय लाग्दैन। देश आर्थिक रूपमा टाट पल्टिन लाग्दा समेत सरकारले उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने तर्फ ध्यान दिइरहेको छैन। आफ्ना कार्यकर्ताहरूलाई केही रकम बाँड्ने काममा ध्यान केन्द्रित गरिन्छ त्यो पनि विदेशी मित्रहरूको सहयोगमा।

(गृहमन्त्रालयको आयोजनामा महिला, शान्ति र सुरक्षासम्बन्धी २०८० वैशाख २४ गते संयुक्त राष्ट्र सङ्घ, सुरक्षा परिषद् प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयनसम्बन्धी दोस्रो कार्ययोजनाको राष्ट्रिय कार्यशालामा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिद्वारा व्यक्त मन्तव्यको सार)

गरिरहेका छौँ । नकुहिने फोहोर पनि पुनः प्रयोग गर्न मिल्ने नमिल्ने छुट्याएर बिक्री गर्ने र बाँकीलाई मात्रै डम्प गर्ने गर्छौँ ।

फोहोरलाई स्रोतबाटै कम गर्ने उद्देश्यले प्रत्येक घरमा दुई ओटा फरक फरक रङको बाल्टिन वितरण गर्‍यौँ, कुहिने र नकुहिने अलग अलग फोहोर सङ्कलन गर्दैछौँ भने नागरिकहरूलाई कौसी खेती, कम्पोष्ट मल बनाउने तरिकाबारे सघन रूपमा तालिम दियौँ । यसले फोहोर उत्पादनमा कमी आएको हाम्रो अनुभव छ ।

फोहोर व्यवस्थापनको जिम्मेवारी निजी क्षेत्रलाई दिन नहुने हाम्रो मान्यता हो । निजी क्षेत्रले नागरिकको स्वास्थ्यभन्दा नाफालाई प्राथमिकतामा राख्छ । यहाँ फोहोर व्यवस्थापन स्थानीय तहको एकल अधिकारको कुरा पनि उठ्यो । त्यो सही हो, तर त्यसो भनेर के सङ्घ र प्रदेशको केही जिम्मेवारी नै छैन ? त्यसो हो भने प्रदेशसभाको औचित्यमाथि प्रश्न उठ्छ । मुख्यमन्त्री, सङ्घ र प्रदेशका मन्त्रीहरू, सांसदहरू नै सिसदोलमा फोहोर फाल्न दिन्नौँ भन्नु हुन्छ भन्ने यहाँहरूले नै समाधानको उपाय पनि देखाइ दिनुपर्छ । उपत्यका सफा राख्ने जिम्मेवारी हामी सबैको हो ।

**हाम्रा केही सुझावहरू :**

- ☐ फोहोर व्यवस्थापनबारे सङ्घ, प्रदेश र स्थानीय तहको जिम्मेवारी स्पष्ट भएको कानुन निर्माण हुनुपर्ने,
- ☐ फोहोर मैला व्यवस्थापन निजी क्षेत्रलाई दिन नहुने र आ-आफ्नो पालिकाले आफै गर्नेतर्फ प्रयास गर्ने, त्यसको लागि आवश्यक उपकरणहरू र बजेटको व्यवस्था सङ्घ सरकारले उपलब्ध गराउने नीति बनाउने,
- ☐ सङ्घ सरकारले नै आवश्यक जग्गाको व्यवस्था गरी ग्यास र बिजुली निकाल्ने प्लान्टको व्यवस्था गर्ने र सम्भव ठाउँहरूमा कम्पोष्ट मलको कारखाना निर्माण गर्ने,
- ☐ फोहोर उत्पादन स्रोतबाट कमी गर्न जनचेतना जगाउनुका साथै कुहिने र नकुहिने फोहोर अलग अलग सङ्कलनको व्यवस्था गर्ने ।

फोहोरको उचित व्यवस्थापन गरी काठमाडौँ उपत्यकालाई सुन्दर र पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न सबैले आ-आफ्नो क्षेत्रबाट सहयोग गरौँ । धन्यवाद !

(प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको आयोजनामा प्रधानमन्त्रीको अध्यक्षतामा वैशाख २९ गते, शुक्रबार उपत्यकाको फोहोर मैला व्यवस्थापनबारे बसेको बैठकमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले व्यक्त गर्नुभएको मन्तव्यको सार)


# भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर

## पर्यटक सेवा शुल्क सम्बन्धी सूचना

यस नगरपालिका क्षेत्रभित्र प्रवेश गर्ने गैर सार्क पर्यटकलाई १५ अमेरिकी डलर वा रु १५००।- नेपाली रुपैंयाँ लिँदै आइरहेकोमा हाल आएर डलरको भाउ क्रमशः वृद्धि हुँदै एक अमेरिकी डलर बराबर १२७।- नेपाली रुपैंयाँको हाराहारीमा पुगेकोले डलरको भाउ समायोजन गर्न नेपाली रुपैंयाँको हकमा पर्यटक सेवा शुल्क रु १५००।- को सट्टा सन् २०२३ जनवरी १ देखि लागू हुने गरी एक गैर सार्क पर्यटकको **१५ अमेरिकी डलर वा रु १८००।- (एक हजार आठ सय) नेपाली रुपैंयाँ** कायम गर्ने निर्णय गरिएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# एक्ला सुवालका ७६ सवाल

धनश्याम खड्का

हिउँदे अधिवेशनमा नेमकिपाका सांसद प्रेम सुवालको मात्र सरकारसँग प्रश्नोत्तर

सरकारको जवाफ गैरजिम्मेवार र भारा टार्ने खालका



काठमाडौँ – 'बाजुराको बुढीगंगा नगरपालिकामा मात्रै २०७३ देखि २०७७ सम्ममा तीन सय जनाको बालविवाह भयो, त्यो रोक्न सरकारले किन सकेन ?' गएको हिउँदे अधिवेशनमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले लिखित रूपमै सोधेको प्रश्न हो यो।

नागरिकका तर्फबाट सरकारको काम निगरानी गर्ने भूमिकामा रहेका सांसदले प्रधानमन्त्री तथा मन्त्रीहरूलाई लिखित प्रश्न सोध्ने संसदीय अभ्यास छ, जवाफ पनि सम्बन्धित मन्त्रालयले लिखित रूपमै दिनुपर्छ।

१ सय १० दिन चलेको संसद्को हिउँदे अधिवेशनमा २ सय ७५ सांसदमध्ये सुवालको मात्रै प्रधानमन्त्री तथा मन्त्रीहरूसँग लिखित प्रश्नोत्तर चल्यो। संसद् सचिवालयको प्रश्न व्यवस्थापन महाशाखाका अनुसार सांसद सुवालका मात्रै ७६ ओटा लिखित प्रश्न दर्ता भएका थिए। ती प्रश्न सबै मन्त्रालयसँग थिए। त्यसमध्ये ५५ ओटाको लिखित उत्तर सरकारले दिएको छ। संसद् सचिवालयले हालै प्रकाशन गरेको **'पहिलो अधिवेशन २०७९, सदनमा टेबल भएका प्रश्नोत्तर'** प्रतिवेदनमा सुवालका मात्रै प्रश्न र त्यसका जवाफ छन्।

पूरै हिउँदे अधिवेशनले एउटै विधेयक बनाउन नसक्नु र एक जना मात्र सांसदको प्रश्नोत्तर प्रतिवेदन तयार हुनुले देशमा यति धेरै सांसद चाहिनुको औचित्य पुष्टि गर्न नसकेको पूर्वकानुनमन्त्री माधव पौडेल बताउँछन्। '२ सय ७५ सांसद भएको सदनमा एक जनाको मात्रै प्रश्नोत्तरमा पूरै अधिवेशन सकिनु भनेको संसदीय इतिहासमा लाजमर्दो हो,' उनले भने, 'प्रश्न नै सोध्न नसकेपछि संसद् सरकारको छायाजस्तो भयो।' प्रश्न व्यवस्थापन महाशाखाका अनुसार सुवालपछि सरकारलाई लिखित प्रश्न गर्ने सांसद राष्ट्रिय स्वतन्त्र पार्टीकी सुमना श्रेष्ठ मात्र हुन्। उनले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई कर्मचारीको तलब, खराब काम गरेबापत निलम्बनमा परेका कर्मचारीहरूको विवरणलगायतबारे आठ ओटा प्रश्न गरेकी थिइन्। ती प्रश्नको जवाफ मन्त्रालयबाट आइनसकेकाले प्रतिवेदनमा समावेश गरिएको छैन।

सांसदको काम कानुन निर्माणका अतिरिक्त सुवालले झैँ सरकारको कामको अनुगमन गर्नु र प्रस्ट नभएका वा चित्त नबुझेका ठाउँमा प्रश्न गर्नु हो। गहन र खोजमूलक सवालमा सांसदले प्रधानमन्त्री तथा मन्त्रीलाई लिखित प्रश्न गर्ने संसदीय अभ्यास छ। विगतमा एउटै अधिवेशनमा २ हजार २ सय ओटासम्म लिखित प्रश्न दर्ता भएको संसदीय अभिलेख छ। पछिल्लो समय संसद्मा लिखित प्रश्न सोध्ने सांसद अति न्यून रहेको सचिवालयको प्रश्नोत्तर प्रतिवेदनले नै देखाएको छ।

सरकारमा बसेकाहरू रिसाउलान् र भोलि त्यहाँ पुग्ने आफ्नो बाटो बन्द होला भन्ने डरले सांसदहरू प्रश्न गर्ने हैसियतमै नरहेको नेपाल कानुन आयोगका पूर्वअध्यक्षसमेत रहेका पूर्वमन्त्री पौडेलले बताए। उनका अनुसार सदनले प्रश्न नगर्ने भएपछि सरकार उत्तरदायी नबन्ने र विधिको शासन मिचिँदै जाने जोखिम रहन्छ। सरकारमा भएकाहरू आफ्नो काम र जिम्मेवारप्रति उत्तरदायी छैनन् भन्ने तथ्य सचिवालयको प्रश्नोत्तर पढ्दा पनि झल्कन्छ।

सुवालले प्रधानमन्त्रीलाई १, अर्थमन्त्रीलाई १७, गृहमन्त्रीलाई ६, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीलाई ६, परराष्ट्रमन्त्रीलाई ५, उद्योग, जलस्रोत तथा सिँचाइमन्त्रीलाई ४, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्रीलाई ४, वाणिज्य तथा आपूर्तिमन्त्रीलाई ३, भौतिक पूर्वाधार तथा यातायातमन्त्रीलाई २, वन तथा वातावरणमन्त्रीलाई २, सञ्चार तथा सूचना प्रविधिमन्त्रीलाई १, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्रीलाई १, श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्रीलाई १, महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्रीलाई १ र कृषि तथा पशुपन्छी विकासमन्त्रीलाई १ प्रश्न लिखित रूपमा गरेका थिए।

सबै मन्त्रालयको निगरानी गरेर सांसद सुवालले

राखेका लिखित प्रश्नको उत्तर पनि सरकारले गैरजिम्मेवार र झारा टार्ने खालका छन् । जस्तो कि, बालविवाहबारे सुवालले सोधेको सवालमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले हाँसउठ्दो जवाफ दिएको छ ।

संविधान, बालबालिकासम्बन्धी ऐन २०७५ र नियमावली २०७८, मुलुकी देवानी संहिता २०७४, मुलुकी अपराध संहिता २०७४ र बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ का व्यवस्था हुबहु उद्धृत गरेर मन्त्रालयले यसरी उत्तर फर्काएको छ कि मानौँ, यी ऐन-नियमकै कारण सरकारले बालविवाह रोक्न सकेन ।

'एउटा सरकारी कर्मचारी २० वर्ष काम गरेर बाहिर आउँदा हातमा निवृत्तिभरण वा उपदान हुन्छ,' सुवालले कृषिमन्त्रीलाई गरेको एउटा प्रश्न थियो, '५० वर्षभन्दा बढी खनजोत गरेर लाखौँको भोक मेटाउने किसानलाई निवृत्तिभरण किन छैन ?'

जवाफमा सरकारले चालु आर्थिक वर्षमा 'किसानसँग सरकार कार्यक्रम' अन्तर्गत योगदानमा आधारित किसान पेन्सन सुरुवातका लागि किसान हित कोष स्थापना गर्न सरकारले एक अर्ब छुट्याएको जवाफ दिएको छ । मन्त्रालयले यस्तो जवाफ दिए पनि अहिलेसम्म त्यस्तो कुनै कोष स्थापना भएको छैन ।

सुवालले प्रधानमन्त्रीलाई गरेको एउटा मात्रै प्रश्न अख्तियार दुरूपयोग अनुसन्धान आयोगसँग सम्बन्धित छ । अर्बौं रुपैयाँ राजस्व छली गरेका घटनामा आयोगले अनुसन्धान गर्छ तर कारबाही गर्दैन भन्ने जनगुनासो सत्य भए नभएको र शासक दलका मन्त्री तथा नेताहरू कारबाहीबाट बच्न नै भागबन्डामा आयोगका पदाधिकारी नियुक्त गर्ने गरिएको आरोप सत्य भए नभएको भनी प्रधानमन्त्रीलाई उनले सोधेका थिए । यी दुवै आरोप असत्य भएको फितलो जवाफ प्रधानमन्त्रीले दिएका छन् । किन असत्य हो भन्ने कारण जवाफमा खुलाइएको छैन ।

सुवालले अर्थमन्त्रीलाई १७ ओटा पेचिला प्रश्न गरेका छन् । २५ वाणिज्य बैंकले नियमविपरीत ऋणीबाट असुल गरेको ४ अर्ब ६६ करोड ८ लाख फिर्ता गर्नुपर्ने अवस्था आउनुका कारणदेखि सरकारले उठाउने राजस्वभन्दा गर्ने खर्च बढ्ता भएको र निरन्तर रूपमा देशले घाटाको बजेट बनाउनुपर्नाको कारण उनले सोधेका हुन् । उनले अर्थमन्त्रीलाई सोधेको अर्को प्रश्न आयातित वस्तु उपभोग गर्ने जनसङ्ख्या र त्यसको अनुपातसँग सम्बन्धित छ ।

आयात भएका आधा वस्तु २० प्रतिशत नेपालीले उपभोग गर्ने र बाँकी आधा ८० प्रतिशतले उपभोग गर्ने गरेको उल्लेख गर्दै उनले यसले आर्थिक असमानता देखिएको र त्यो अन्त्य नगरी 'सुखी नेपाली समृद्ध नेपाल' कसरी सम्भव होला भन्ने प्रश्न गरेका छन् । यसमा मन्त्रालयले 'नेपालको संविधान र आवधिक योजनाले निर्दिष्ट गरेबमोजिम वार्षिक बजेटमार्फत' काम हुँदै गरेको भन्ने उत्तर दिएको छ ।

'वैदेशिक रोजगारीबाट फिर्ता भएका कति नेपालीले सहुलियत दरको युवा परियोजना कर्जा माग गरे र तीमध्ये कति जनाले यस्तो कर्जा के-कति प्राप्त गरे ? वैदेशिक रोजगारीमा गएका नेपाली कुन देशमा कति सङ्ख्यामा छन् ?' भन्ने प्रश्न उनले अर्थ मन्त्रालय र श्रम तथा रोजगारमन्त्री दुवैलाई गरेका थिए ।

अर्थ मन्त्रालयले वैदेशिक रोजगारीबाट फिर्ता भएका युवाले कार्यविधिको मापदण्डअनुसार हालसम्म ९ सय ३६ परियोजनाले कर्जा प्राप्त गरेको र थप नयाँ माग हुने क्रममा रहेको जवाफ दिएको छ । श्रम मन्त्रालयले भने सन् २०२२ मा रोजगारीका लागि नेपाली गएका देशको सूची उपलब्ध गराएको छ ।

सांसद सुवालले कृषिमन्त्रीलाई प्रश्न गरेका थिए, 'धान र उखुको न्यूनतम समर्थन मूल्य सरकारले समयमै नतोक्नाले किसानहरू हरेक वर्ष काठमाडौँ आएर प्रदर्शन गर्न बाध्य हुन्छन् । यो समस्या हल गर्न धान र उखुको समर्थन मूल्य किन नतोकिएको हो ?'

त्यसको जवाफमा मन्त्रालयले जनशक्ति कम रहेको र कार्यविधि बन्दै गरेको भनेर टालटुल पारेको छ । सुवालले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्रीलाई 'ठमेलको ५७ रोपनी १४ आनामा फैलिएको कमलपोखरीको जग्गा व्यक्तिको नाममा दर्ता गराएर छाया कम्प्लेक्स व्यापारिक भवन बनाउने विवादास्पद काम भयो, यस्तो गर्न दिने सरकारी अधिकारीलाई किन कारबाही भएन ? ललिता निवासको सरकारी जग्गा निजीको नाममा दर्ता गरेका अधिकारीलाई किन कारबाही भएन ?' भनी प्रश्न गरेका थिए ।

यति गम्भीर सवालमा मन्त्रालय भने 'यस सम्बन्धमा आधिकारिक निकायबाट छानबिन भइरहेको व्यहोरा अनुरोध छ' भन्ने कर्मकाण्डी वाक्य पेस गरेर उम्किन खोजेको छ ।

पूर्वकानुनमन्त्री पौडेल सांसदको प्रश्नमा सरकारले जे मन लाग्यो, त्यही जवाफ दिनुलाई अराजकताको सङ्केत भन्छन् । 'संसद् सरकारको निगरानी नगर्ने र सरकार संसद्प्रति उत्तरदायी नहुने यस्तै अवस्था रहन दिने हो भने संसद् किन चाहियो ? ऐन-नियम किन चाहियो ? सरकारले जे मन लाग्यो, त्यो गरे भइहाल्यो नि !'

कान्तिपुर, वैशाख २७, २०८०

# ‘नेपालीलाई भुटानी शरणार्थी बनाएर अमेरिका लाने ठगहरू को को हुन् ?’

प्रेम सुवाल

**(वैशाख २४ गते सुरु भएको प्रतिनिधिसभाको दोस्रो अधिवशेनमा नेपाल मजदुर किसान पार्टीका सचिव एवं सांसद प्रेम सुवालले आकस्मिक समयमा राख्नुभएको मन्तव्यको सार)**



राज्यको चौथो अङ्ग सञ्चारमाध्यममा समाचार प्रकाशित भयो – तत्कालीन गृहमन्त्री रामबहादुर थापाको निर्णयअनुसार नेपालीलाई भुटानी शरणार्थी बनाउने कार्यदल गठन गरियो । सोही निर्णयअनुसार भुटानी शरणार्थी बनाई अमेरिका पठाउने दाबी गरी ८७५ जनासँग १५ देखि ५० लाख रुपैयाँ उठाएर एक अर्ब रूपैयाँभन्दा बढी ठगी गर्नेहरू को को हुन् ? समाचारहरूमा ‘एक पूर्वमन्त्री फरार, अर्का तानिए’, ‘पक्राउ पर्ने सम्भावना भएरै रायमाझीले अर्घाखाँची जाँदा पीसीओ काठमाडौँ छाडेका थिए’, ‘सन्धिखर्कबाट कपिलवस्तु हुँदै रूपन्देहीसम्म आइपुग्दा पनि प्रहरीले रायमाझीलाई फरार हुने मौका दिए’, ‘पार्टी सचिव नै ठगी प्रकरणमा तानिएपछि प्रधानमन्त्री भेट्न पुगे ओली’, ‘ओलीले चैत्र १३ गतेको रेकर्ड बाहिर ल्याउँछु भनेपछि हच्किए प्रचण्ड’, ‘ओलीको दबाबमा प्रचण्ड सरकारले रायमाझीलाई पक्राउ गर्न सकेनन्’, ‘ओलीसँगको भेटपछि प्रधानमन्त्रीले भने म दबाबमा पर्दिनँ’, ‘भुटानी शरणार्थी प्रकरणमा पूर्वगृहमन्त्री बालकृष्ण खाण पनि तानिए ।’ आदि ।

भ्रष्टाचारका थप समाचारहरू यसरी प्रकाशित भएका थिए– ‘वाइडबडीमा देउवा पनि’, ‘देउवा पत्नी आरजूलाई शैक्षिक माफियाको जेठी दिदी भनेर सम्बोधन गरे फरक नपर्ने’, माओवादीका बाबुराम, खड्गबहादुर, गजुरेललगायतको दाबीअनुसार (पुष्पकमल) दाहालको अबौँ रुपैयाँ विदेशी बैङ्कमा भएको प्रकाशित भयो । यी सबै विषयमा छानबिन गर्न एउटा संसदीय समिति गठन गर्नु जरूरी छ ।

प्रधानमन्त्रीलाई समर्थन दिने दलले विश्वासको मत फिर्ता लिइसकेको हुनाले अब सरकारले विश्वासको मत लिनु जरूरी छ । सत्ता गठबन्धनले नागरिकता विधेयक २०७९ मा राष्ट्रपतिलाई प्रमाणीकरण गर्न लगाउने दाबी गरेको विगतका अभ्यास, परम्परा, नैतिकता विपरीत छ ।

ख्वप विश्वविद्यालयको विधेयक ७३ सालमा संसद्मा दर्ता भयो । ०७४ मा चुनाव भएपछि नयाँ सरकारले यो विधेयकलाई संसद्मा ल्याएन, नयाँ प्रकृया सुरू गर्ने बतायो । ठीक त्यसरी नै एउटा राष्ट्रपतिले प्रमाणिकरण नगरेको विधेयक नयाँ राष्ट्रपतिलाई प्रमाणीकरण गराउने सत्ता गठबन्धनको निर्णय प्रजातन्त्रविपरीत हो ।

भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

**प्राङ्गारिक मल बिक्रीसम्बन्धी सूचना**

भक्तपुर नगरपालिकाबाट कुहिने फोहरलाई CNBM प्रविधि प्रयोग गरी तयार पारेको प्राङ्गारिक मलप्रति किलो रु. २०।– का दरले धमाधम बिक्री गरिरहेको जानकारी गराउँदै उक्त प्राङ्गारिक मलको प्रयोग गरी आफ्नो कृषि उत्पादन वृद्धि गरी लाभ लिन प्राङ्गारिक मल खरिदको लागि सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# संसद्मा सांसद सुवालको प्रश्न प्रम दाहालको उत्तर

## सांसद सुवालको प्रश्न

प्रधानमन्त्रीले नेपाललाई स्वीजरलैण्ड र सिङ्गापुरजस्तै बनाउने भन्नुहुन्थ्यो । ती दुवै देश कस्ता हुन् ? अहिले नेपालीलाई नक्कली भुटानी शरणार्थी बनाउने देशजस्तो किन बनाउनुभयो ? **नक्कली भुटानी शरणार्थी काण्ड**का आरोपीहरूलाई राज्यविरुद्धको कसुर, मानव बेचबिखन तथा ओसारपसार, सङ्गठित अपराध, सरकारी कागजात, छाप तथा दस्तखत कीर्ते, सार्वजनिक सम्पत्तिको दुरुपयोग, सरकारी गाडीमा भ्रष्टाचारको करोडौँ रुपैयाँ ओसारपसार, ठगीलगायत के कस्तो कारबाही हुने हो ? यो काण्डमा प्रधानमन्त्री हुनुभएकाहरू सबै जिम्मेवार हुनु पर्दैन र ? यतिबेला तीन दलबीच समिति सभापति भागबण्डालगायत विषयमा सहमति पनि गरियो । यो सहमति नक्कली भुटानी शरणार्थी काण्डका आरोपीहरूलाई उन्मुक्ति दिने तयारी त होइन ?

**ललिता निवास**को सरकारी जग्गा व्यक्तिको नाममा दर्ता गर्ने आरोपीहरूविरुद्ध मुद्दा दर्ता गर्न प्रहरीलाई तत्कालीन महान्यायाधीवक्ताको कार्यालयले रोकेको होइन र ? यो नक्कली भुटानी शरणार्थीको मुद्दामा पनि महान्यायाधिवक्ताको कार्यालयले फलाना फलानालाई छाडिदिनु, फलाना फलानालाई मुद्दा लगाउनु भनेर फाइल तयार गर्ने त होइन ? प्रधानमन्त्रीले महान्यायाधिवक्ताको कार्यालयलाई त्यस्तो गर्न दबाब दिने त होइन ?

**ख्वप विश्वविद्यालय** विधेयक पारित नभई 'ज्ञानमा आधारित अर्थतन्त्र' कसरी निर्माण हुन्छ ?

## प्रम दाहालको जवाफ

नेपाली नागरिकलाई **नक्कली भुटानी शरणार्थी बनाउने सङ्गठित अपराध**का आरोपीहरूलाई कारबाही गर्न सरकार दृढ छ, कसैप्रति पनि कुनै आग्रह र पूर्वाग्रह राखिने छैन । कुनै पनि अपराधीलाई छुट दिइने छैन । यो मुद्दा कुनै पार्टी विशेषको, कुनै सरकार विशेषको या कुनै नेता विशेषको मात्रै रहेको छैन । यो आम जनताको विषय भइसकेको छ । यो विषय राष्ट्रिय मात्रै नभई अन्तर्राष्ट्रिय विषय पनि भइसकेको छ । सबै अन्तर्राष्ट्रिय सङ्घ र संस्थाहरूले पनि गम्भीररूपले यो विषय हेरिरहेको अवस्था छ ।

सरकार दोषीलाई नछोड्ने, निर्दोषलाई नपार्ने नीतिअन्तर्गत यो विषयलाई निष्कर्षमा पुऱ्याउन अगाडि बढेको छ । जनता र विश्वको नजर पनि यसमा परेको हुनाले यसमा कुनै शङ्का गर्नु पर्दैन । यसलाई तात्त्विक निष्कर्षमा पुऱ्याउन सरकार दृढ छ ।

सरकारले गुणस्तरीय शिक्षा प्रदान गरी शिक्षालाई रोजगारीमूलक र जीवनउपयोगी बनाउने नीति लिएको छ । माग र आवश्यकताका आधारमा **ख्वप विश्वविद्यालय र अन्य विश्वविद्यालयहरूको कानुन बनाउँदै सञ्चालनमा लैजाने पनि जानकारी गराउन चाहन्छु । मैले ख्वप विश्वविद्यालयका आधारको रूपमा सञ्चालित कलेजहरू आफैले पनि गएर अध्ययन गरेको छु । यसमा मेरो रुचि छ । यसकारण, ख्वप विश्वविद्यालय विधेयकलाई अगाडि बढाउने कुरामा विश्वास दिलाउन चाहन्छु ।**

(प्रमले नेपाललाई स्वीजरलैण्ड र सिङ्गापुरजस्तै बनाउने, नक्कली भुटानी शरणार्थी काण्डमा प्रधानमन्त्रीहरू जिम्मेवार हुनुपर्ने, प्रमले महान्यायाधिवक्तालाई शरणार्थी काण्डको मुद्दा नचलाउने दबाब दिनेबारेका प्रश्नमा जवाफ दिएनन् ।

ख्वप विश्वविद्यालय विधेयक अघि बढाउने प्रतिबद्धता २०७९ माघ २३ गतेको बालुवाटारमा भएको सर्वदलीय बैठकमा पनि प्रमले वाचा गरेका थिए । तर, कारबाही अघि बढेन । प्रमहरूले वाचा गरेअनुसार काम गरेको भए २०७३ सालमै सांसदहरूलाई वितरण भइसकेको ख्वप विश्वविद्यालयको विधेयक उतिबेलै पारित हुने थियो ।) (जेठ ५ गते)



# गणतन्त्र : जनअपेक्षा र यथार्थ

विवेक

जेठ १५ गते गणतन्त्र स्थापना भएको दिन। १५ वर्षअघि जेठ १५ गते जननिर्वाचित संविधानसभाले नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको घोषणा गऱ्यो। २४० वर्षको शाह वंशीय इतिहासको अन्त्य गरी गणतन्त्र स्थापना भएको ऐतिहासिक दिनको अवसरमा नेपाल सरकार र मातहतका निकायहरूले गणतन्त्र दिवस मनाउँदै छन्। गणतन्त्र घोषणा गरेसँगै अब उप्रान्त जेठ १५ लाई गणतन्त्र दिवसको रूपमा मनाउने संविधानसभाले प्रस्ताव पारित गरेदेखि निरन्तर सरकारले सरकारी कार्यालयहरूमा बिदा दिने गर्दै आएको छ।

नेपाली जनतालाई त्यो ऐतिहासिक दिनको अवसर प्रदान गर्ने तत्कालीन आन्दोलनरत आठ राजनैतिक दलको महत्त्वपूर्ण योगदान थियो। शान्तिपूर्ण आन्दोलनको नेतृत्व गर्दै संविधानसभामा पुगेका नेमकिपा, नेका, एमाले, जनमोर्चा नेपाल, नेपाल सद्भावना पार्टी, संयुक्त वाममोर्चा र सशस्त्र सङ्घर्षबाट आएको माओवादी नै गणतन्त्र स्थापनाका हकदार राजनैतिक दलहरू हुन्।

अन्तरिम संविधानमै संविधानसभाको पहिलो बैठकले गणतन्त्र कार्यान्वयन गर्ने लेखिसकेको हुँदा २०६५ साल जेठ १५ गते संविधानसभाको पहिलो बैठक बस्ने दिन सबैको अपेक्षा, चिन्ता र चासोको दिन थियो। आठ दलको निर्णयअनुसार तत्कालीन गृहमन्त्री कृष्णप्रसाद सिटौलाले संविधानसभाको बैठकमा गणतन्त्र घोषणा गर्ने प्रस्ताव राखे। उनले ५ बुँदे प्रस्ताव संविधानसभासमक्ष प्रस्तुत गर्दै भनेका थिए, 'सार्वभौमसत्ता, राजकीयसत्ता नेपाली जनतामा निहित रही स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्म निरपेक्ष, समावेशी नेपाल आजकै मितिदेखि एक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा विधिवत परिणत भएको संविधानसभाको यो पहिलो बैठक घोषणा गर्दछ।' उक्त प्रस्तावको समर्थनमा तत्काल उपस्थित ५६४ सभासद्मध्ये ५६० जनाले समर्थन गरे भने राप्रपा (कमल थापा) ले मात्रै त्यसको विपक्षमा मतदान गरेको थियो। नेपालमा ६० वर्षदेखि गणतन्त्रको आवाज उठिरहेकोमा जनताले संविधानसभाबाट आफ्नै प्रतिनिधिमार्फत गणतन्त्र घोषणा गर्ने अवसर पाए। प्रस्ताव पारित हुँदा संविधानसभामा सभासद्हरूले करिब ५ मिनेटसम्म टेबल ठोकेर समर्थन गरे। नेपालको राजनैतिक इतिहासमा विरलै पाइने घटनामध्ये गणतन्त्र घोषणा पनि एक हो।

गणतन्त्र घोषणासँगै राजा र निजको परिवारलाई आम नागरिकभन्दा भिन्नरूपमा प्राप्त सम्पूर्ण अधिकार, सुविधा, हैसियत तथा उपाधी स्वतः अन्त्य हुने, नारायणहिटी दरबार परिसर तथा यसभित्र रहेका सम्पूर्ण सम्पदालाई ऐतिहासिक सङ्ग्रहालयलगायत राष्ट्रहितमा उपयोग गर्ने नेपाल सरकारले आवश्यक व्यवस्था मिलाउने पनि घोषणा गरेको थियो।

**गणतन्त्रका केही सकारात्मक पक्ष :**

## १. जनताका सन्तान राष्ट्रपति

नेपालमा गणतन्त्रको स्थापनापछि जनताका छोराछोरीले राष्ट्रप्रमुख हुने अवसर पाए। पहिलो राष्ट्रपति रामवरण यादव, दोस्रो विद्यादेवी भण्डारी र तेस्रो रामचन्द्र पौडेल। गणतान्त्रिक व्यवस्थामा बाहेक यो सम्भव हुने थिएन। भनिन्छ, गणतान्त्रिक देशका नागरिकले आफ्नो छोरा पनि कुनै दिन राष्ट्रपति बन्न सक्छ भनेर शिर ठाडो पारेर हिँड्ने गर्छन्।

## २. जनप्रतिनिधिबाट संविधान लेख्ने अवसर

जनताले आफ्नो लागि शासन गर्न आफ्नै प्रतिनिधिले संविधान लेख्ने अवसर पाए। त्यसअघि नेपाली जनताले कहिले पनि संविधान लेख्ने अवसर पाएका थिएनन्। राजा, राजाका प्रतिनिधि र आयोगले मात्रै जारी गर्ने गरेको इतिहासलाई उल्टाउँदै संविधानसभाबाट संविधान लेख्ने अवसर जनताले पाए। २००७ सालमा राजा त्रिभुवनले संविधानसभाबाट बन्ने संविधानअनुसार शासन गर्ने घोषणा गरे पनि विविध राजनैतिक घटनाक्रमले त्यो हुन सकेको थिएन। गणतन्त्र घोषणापछि त्यो काम सम्भव भएको हो।

## ३. समावेशिता

गणतन्त्रसँगै नेपाली जनताले राज्यका सबै क्षेत्रमा समावेशी प्रतिनिधित्व पाए। त्यस अघिसम्म राज्यका मुख्यमुख्य क्षेत्रहरूमा एउटै जाति, भाषा र लिङ्गको मात्रै वर्चस्व थियो। अड्डा अदालत, प्रशासन, निर्वाचित हुने सबै क्षेत्रमा बाहुन क्षेत्रीको बोलवाला थियो। नयाँ संविधानले महिला, दलित, अल्पसङ्ख्यक, जनजातिलगायत विभिन्न वर्ग र क्षेत्रले राज्य संरचनामा भाग लिन पाए। यद्यपि, हरेक कोटाबाट धनीहरू नै छानिएर आएका छन्। कानुनले नै बाध्यात्मक बनाइएको भने यो पहिलो अवसर हो। महिलाहरू स्थानीय तहमा ४० प्रतिशत र सङ्घ र प्रदेश तहमा कम्तीमा ३३ प्रतिशतको प्रतिनिधित्व सुनिश्चित हुनु नयाँ गणतन्त्र र नयाँ संविधानका उपलब्धि हुन्।

## ४. सङ्घीयता

नयाँ संविधानले सङ्घीय राज्यको सुनिश्चिततासँगै तीन तहको सरकार गठन र अधिकार बाँडफाँट गऱ्यो। संविधानमै स्थानीय तहको अधिकारको सूची उल्लेख भएको

नेपालको कानुनी र राजनैतिक इतिहासमा यो पहिलो हो। सङ्घ र प्रदेशभन्दा बेग्लै स्थानीय तहलाई कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको अधिकार दिइएको छ। राज्य शक्तिको हिसाबले जनताको नजिक बसेर काम गर्ने स्थानीय तहलाई अधिकार सम्पन्न बनाउन खोजिएकै हो। तर, सिंहदरबार र प्रदेश दरबारमा बस्नेहरू स्थानीय तह सङ्घ र प्रदेशको मातहतमै राख्न चाहन्छन्। उनीहरू त्यहीअनुसारको व्यवहार गर्दै छन्।

## ५. वाक् र प्रेस स्वतन्त्रता

वाक् र प्रेस स्वतन्त्रताको सुनिश्चितता भयो। धनीहरूले व्यक्तिगत टेलिभिजन, रेडियो, अनलाइन पत्रिकालगायत सबै खोल्न पाउने र बोल्न पाउने छुट पाए। सरकार नियन्त्रित सञ्चारमाध्यमहरू रेडियो नेपाल, नेपाल टेलिभिजन, गोरखापत्र ओझेलमा परे। राज्यले उदारीकरणको नीतिसँगै राज्य संयन्त्र कमजोर हुँदै गयो। बोल्ने र लेख्ने स्वतन्त्रता पाए पनि त्यो धनीवर्गको हितमा मात्रै सीमित भयो।

माथि उल्लिखित ५ उपलब्धिहरू पुँजीपतिवर्गको निम्ति महत्त्वपूर्ण भए पनि कामदार वर्गका जनताले निम्ति संवैधानिक राजतन्त्रात्मक व्यवस्थामा भन्दा खासै फरक अनुभव गर्न पाएनन्। त्यसैले कामदारवर्गका जनता आन्दोलनबाट प्राप्त उपलब्धिहरूलाई संरक्षण गर्दै थप उपलब्धिको लागि नयाँ नयाँ ढङ्गले आन्दोलनरत छन्।

जनताले नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनापछि शिक्षा र स्वास्थ्य उपचार निःशुल्क, रोजगारीको सुनिश्चितता, भ्रष्टाचारको अन्त्य, महँगी नियन्त्रणलगायत जनजीवनमा सुधारको अपेक्षा गरेका थिए। १५।२० वर्ष जेल बिताएर जनताको निम्ति दुःख कष्ट र सङ्घर्ष गरेर सरकारमा पुगेका नेताहरूबाट त्यस्ता आशा गर्नु स्वाभाविक पनि थियो। नेपाल समृद्ध हुने र नेपाली जनताले सुख पाउने आशा थियो। त्यतिखेर आन्दोलनरत नेताहरूले पनि जनताबीच ठूल्ठूला सपनाहरू बाँडेका थिए। कतिपय 'कम्युनिस्ट' पार्टीका नेताहरूले गणतन्त्रलाई समाजवादझैँ प्रचारप्रसार गरे। त्यसबाट जनता भ्रममा परे। नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले त्यतिबेलै पुँजीवादी गणतन्त्र र समाजवादी गणतन्त्रको भेदबारे स्पष्ट पार्दै पुँजीवादी गणतन्त्रले कामदारवर्गको हित नहुने बताउनुभएको थियो। उहाँले भन्नुभएको थियो, 'गणतन्त्रको एक चम्चा पानीले जनताको प्यास मेटिनेछैन।'

सशस्त्र सङ्घर्षबाट आएका माओवादीले संविधानसभामा धेरै स्थान जित्यो। त्यसले माओवादी नेताहरूलाई घमण्डी र अहङ्कारी बनायो। माओवादी अध्यक्ष 'प्रचण्ड'ले त्यसबेला बोलेको एउटा भाषण अहिले निकै चर्चामा छ। उनले भनेका थिए, 'नेपाललाई दस वर्षभित्र दक्षिण एसियाका सबभन्दा अगाडि बढेको देश बनाउँछौँ, बनाउँछौँ।' त्यस्तै अर्को ठाउँमा भने, '१० वर्षभित्र नेपाललाई स्वीट्जरल्यान्ड बनाउँछौँ।' अहिले उनको त्यो भाषण सुनेर नेपाली जनताले गिज्याइरहेका छन्।

जनतालाई ठूल्ठूला सपना बाँडेर सरकारमा गएर जनताको हितमा काम नगरेकै कारण आज जनता शासक दलहरूप्रति असन्तोष र आक्रोशित छन्। ठूल्ठूला शासक दलहरूप्रति जनतामा आएको वितृष्णाकै कारण सिद्धान्त र विचारबिनाको स्वतन्त्र पार्टी निर्वाचन घोषणापत्रबिनै संसद्मा २० सीट जित्न सफल भयो। यसलाई स्वतन्त्रको लोकप्रियताभन्दा पटकपटक शासन सत्तामा जाने दलहरूको अलोकप्रियताको रूपमा लिन सकिन्छ।

## गणतन्त्रपछिको परिणाम

१५ वर्षको यो अवधिमा शासक दलका नेताहरूलाई जनताले पटकपटक निर्वाचित गरे तर आश्वासन केही पनि पूरा भएन। बरु शासक दलका नेताहरूले सरकारमा गएर अकुत सम्पत्ति जोडे, पहिले आन्दोलनको क्रममा जेल बसेको, निर्वासित जीवन बिताएको, हिरासतमा बसेको र पुलिसको लठी खाएको दिन, महिना र वर्षको हिसाब गरेर राज्यकोषबाट साँवा ब्याज ब्रह्मलुट गरे। जनताले समय समयमा खबरदारी पनि नगरेका होइनन् तर शासक दलका नेताहरू चेतेनन्। उनीहरूले निर्वाचन जित्नुलाई राज्यकोष ब्रह्मलुट गर्ने 'लाइसेन्स' ठाने, त्यहीअनुसार गलत बाटोमा अघि बढिरहे।

ती नेताहरूले देशमा भएभरका कलकारखाना कौडीको मूल्यमा निजी क्षेत्रलाई बिक्री गरे। शिक्षा र स्वास्थ्यजस्ता जनताका आधारभूत आवश्यकताको विषय निजीकरणको नाउँमा व्यापारीहरूको हातमा सुम्पे। देशका युवाहरू विदेशी श्रम बजारमा बेचे। कृषिप्रधान देशमा चामल, तरकारीजस्ता खाद्यान्न र फलफुलमात्रै वर्षको खर्बौं आयात गर्नुपर्ने अवस्थामा पुऱ्याए। नाफा र आर्थिक फाइदाको निम्ति नेपाली नागरिकलाई पनि विदेशी बनाएर बिक्री गरे। पैसा कमाउने लोभले हाम्रा शासक दलका नेताहरूलाई जघन्य अपराध गर्नेसम्म पुऱ्यायो।

हाम्रो जग्गा जमिन जनशक्तिको अभावमा बाँझो भयो। एकाध बाँकी कलकारखानाहरू पनि ध्वस्त हुँदै गए। सिमेन्टलगायत निर्माणका अति आवश्यक वस्तु भारतको भर पर्नुपर्ने अवस्थामा पुग्यो। देशको लागि आवश्यक कुनै पनि वस्तु उत्पादन गर्न नसक्ने केवल बाहिरबाट ल्याइएको वस्तुमा बाँच्नुपर्ने गरी पूरै देशलाई परनिर्भर बनाइयो।

यो पुँजीवादी गणतन्त्र हो। पुँजीपतिवर्गको निम्ति यो अन्तिम गन्तव्य हो। धनी झन्झन् धनी तथा गरिब झन्झन् गरिब हुने पुँजीवादी गणतन्त्रको विशेषता हो। राज्यको सम्पत्ति औंलामा गन्न पुग्ने सीमित व्यक्तिहरूमा केन्द्रित हुँदै जाने र करोडौँ मानिसमा हुने सम्पत्ति दुई चार जनामा थुप्रिने यो चरम आर्थिक असमानता हुने व्यवस्था हो। त्यसैले, यो पुँजीवादी गणतन्त्रलाई पुँजीपतिवर्गको 'स्वर्ग' र कामदारवर्गको 'नर्क' पनि भन्ने गरिन्छ। पुँजीवादी गणतन्त्रमा प्राप्त उपलब्धिहरूको संरक्षण गर्दै समाजवादी गणतन्त्रको स्थापनाको लागि लड्नु नै तमाम देशभक्त, प्रगतिशील र क्रान्तिकारीहरूको आजको प्रमुख जिम्मेवारी र कर्तव्य हो।

# तालदंफो को महत्व



ओम धौभडेल

भक्तपुर नगरको साविक वडा नं. १२ हालको वडा नं. ४ अर्न्तगत पर्ने **बोलाछेँ** टोल नगरको तल्लो भेगको एक महत्त्वपूर्ण टोल हो। स्थानीय भाषामा **बुल्चा** भनिने यो टोल अर्न्तगत **बुल्चा, तननी, थाछे, सोमला, दलाछे, चखुँचा गल्ली, तालाक्व, जौँलाचा, तकोने**जस्ता अनेकौँ मौलिक स्थानहरू पर्छ [१]। ऐतिहासिक तथा सांस्कृतिक महत्त्वले भरिएको **बुल्चा भैरव, तालादंफो, अखुबाहा, ज्याथा गणेश, इखालाखी मठ, तालक्व मठ** जस्ता सम्पदाहरूले भरिएको छ। यसमा **तालदंफो** एक हो। बोलाछे टोलको मध्य भागमा रहेको एक ठूलो थुम्कोलाई यहाँ **तालदंफो** भनी चिनिएको छ। भक्तपुर नगर बाहिर **तपा दंफो, पर्पर दंफो, बाचामारी दंफो**जस्ता रहेता पनि नगर भित्रको एउटै दंफो **तालदंफो** हो [२]। करिव तीन रोपनी जति क्षेत्रफलमा फैलिएको यो दंफोमा जाने तीनतिर ढुङ्गाका खुड्किलाहरू रहेको छ। पक्की यी खुड्किलाहरू **तालदंफो** को नैऋत्य, आग्नेय, बायब्य र इशान कोणतर्फ रहेको छ। वास्तुशास्त्र अनुसार हाम्रो घरमा सिँढीहरू बेजोडा राख्ने चलन छ। तर एउटा अचम्मको विषय यो छ कि **तालदंफो** जाने प्रत्येक दिशाका सिँढीहरू जोडा सङ्ख्यामा छ। जस्तो **तालदंफो** जाने उत्तरपश्चिममा सिँढी ८ मात्र छ। उत्तरपूर्वको सिँढी ४० सङ्ख्यामा छ। त्यस्तै दक्षिणपूर्वमा ३२ सङ्ख्याको सिँढी छ भने दक्षिण पश्चिममा ४० सङ्ख्याको छ। **तालदंफो** जाने यी प्रत्येक बाटोमा भैरव देवता स्थापना गरिएको छ। यो ढिस्कोको पूर्वतिरलाई **न्हु लाँ** भनिन्छ जहाँ **भारी हिति, सत्तल र अखुँबाहा** रहेको छ। पश्चिममा **अमनति गल्ली** र **कसचोक** रहेको छ। उत्तरमा मूल सडक र **बुल्चा भैरव** रहेको छ भने दक्षिणतर्फ **तालक्व टोल** र **ज्याथा गणेश** मन्दिर रहेको छ। चारैतिरबाट करिव ४० फिट जति उचाइमा रहेको यो थुम्कोको माथिल्लो भागमा एक रोपनी जति सम्म परेको भाग रहेको छ। पूरै ढिस्कोलाई **तालदंफो** भनिएता पनि ढिस्कोको माथिल्लो भागलाई **तालचो** भनिन्छ। यसरी यो इलाका वरपर **तालदंफो**, **तालचो**, **तालक्व** जस्ता मौलिक नेपालभाषाले जनाउने स्थान नामहरूले **ताल** वा **तल** शब्द नै मुख्य रहेको बुझिन्छ। तल वा तालमा दंफो जोडेपछि **तालदंफो** बनेको छ। तल वा तालमा चो जोडेपछि **तालचो** भएको छ भने तल वा तालमा क्व शब्द जोडेपछि **तालक्व** भएको आधारमा सबैभन्दा पहिले तल वा ताल शब्दको ब्याख्या गर्नु आवश्यक हुन्छ।

यहाँ तल वा ताल नेपालभाषाको शब्द भन्दा संस्कृत वा किराँत शब्द हुनसक्ने प्रवल सम्भावना छ। यही विकसित नगर अर्थात तल मा रहेको ढिस्को वा दंफो नै **तलदंफो** हुन पुगेको धेरै सम्भावनाको विषय हो। नगर भित्रको एक मात्र दंफो नै तलदंफो हुन पुग्यो। र कालान्तरमा तलदंफोबाट **तालदंफो** वा **तालादंफो** हुनपुग्यो। **तालदंफो**को माथिल्लो भाग **तालचो** कहलिन पुगे। **तालदंफो**को तल्लो भाग **तालक्व** भयो। एउटा महत्त्वपूर्ण विषय के छ भने **तालदंफो** कुनै प्राकृतिक ढिस्को नभई मानवनिर्मित ढिस्को हो। यसको निर्माण वास्तुशास्त्र मुताविक नगरको स्वरूपलाई आधार बनाएर नै भएको देखिन्छ[३]।

किराँत कालमै **ख्वोप्रिङ** नामले बस्ती बसिसकेको भक्तपुर नगर अन्य प्राचीन बस्ती झैँ खेतीयोग्य समथर भुमिबाट घेरिएको अग्लो स्थानमा बसेको छ। जसको नजिकै उनीहरूको जन्म मरण वा दैनिक जीवनसँग अर्थात संस्कृति सभ्यतासँग सम्बन्ध गाँसेको हनुमन्ते खोला र खासाङ खुसुङग खोला बगेको छ। यही बस्तीलाई सम्बोधन गरिएका प्राचीन अभिलेखहरू लिच्छविकालमा समेत रहेको तथ्य प्रथम ऐतिहासिक राजा मानिएको मानदेवको पालामा संवत् ३९९ मा राखेको देवपाटनको शिवलिंगको पादपिठमा रहेको अभिलेखमा स्पष्टसँग **'खोपृङग ग्राम'** उल्लेख भएबाट हुन्छ[४]। यसबाट त्यस वेला यो बस्ती गाउँको रूपमा रहेको जान्न सकिन्छ। यसपछि लामो समयसम्मको इतिहास बताउने स्रोतहरूको अभाव भएपनि



लिच्छवि राजा शिवदेवको समयमा आएर भक्तपुरमा ठूलै बस्ती भैसकेको ज्ञात हुन्छ। राजा शिवदेवको नाम उल्लेख भएको संवत् ५१६ को गोल्मढीको अभिलेखमा **माखोपृङसतलद्रङग** उल्लेख छ [५]। त्यस्तै सोही हाराहारी ताकाको भक्तपुर तुलाछेमा राख्न लगाएको शिवदेव र अंशुवर्माको संयुक्त अभिलेखमा **खोपृङग्राम** उल्लेख छ [६]। त्यस्तै सोही समयमा शिवदेव र अंशुवर्माको नाम भएको तालक्वको अभिलेखमा **माखोंदुल्लम** शब्द परेको छ [७]। केही समय अगाडि फेला परेको शिवदेव र अंशुवर्माको भ्रौखेलको अभिलेखमा **थंख्वोप्रिङ** उल्लेख छ [८]। वि.सं. ६६४ को माहेश्वरी उकालोको अंशुवर्माको अभिलेख पनि यहाँको एक महत्त्वपूर्ण अभिलेख मानिन्छ [९]। यसरी केही समयको अन्तरालमा राजा शिवदेव र उनका उत्तराधिकारी अंशुवर्माको समयमा भक्तपुरको पाँच बेग्लाबेग्लै ठाउँमा परेको अभिलेखहरूमा फरक फरक नाम परेतापनि मूलशब्द **मा** र **खोपृङ** भएको देखिन्छ [१०]। त्यस्तै यी पाँचओटा अभिलेखको आधारमा तत्कालीन समयमा **इनाचो, गोल्मढी, तुँलाछे, तालक्वं** जस्ता विभिन्न बस्तीहरू आवाद भैसकेको भक्तपुर लिच्छवि कालमै एउटा विकसित शहर अर्थात **ख्वोप्रिङ तल द्रङ** सहितको विकसित नगर भैसकेको देखिन्छ। तसर्थ तत्कालीन समयमा बोलाछे टोल यही विकसित नगरको एक भाग रहेको देखिन्छ। यसमध्य पनि तालक्वमा रहेको राजा शिवदेव र अंशुवर्माको अभिलेखले त विशेष महत्त्व राख्छ। तालक्व टोलको बीचमा रहेको एउटा सानो खुला मन्दिरको पश्चिममा **उमामहेश्वरको मूर्ति** पछाडि स्थापित यो शिलापत्रमा धेरै टुटेफुटेको अक्षर मात्र बाँकी छन्। तर जति अक्षर बाँकी छ, प्रत्येक अक्षरको महत्त्व उतिक्कै छ। शब्द शब्दको ब्याख्या गर्न सकिन्छ। यसमा आएको **माखोदुलं** शब्दले जति धेरै अर्थ राख्छ त्यति नै अर्थ हरफ ५ को **मार्ग** र **तीलं** शब्दले राख्छ। मार्गले बाटो र तीलंले कुलो भन्ने बुझाउँछ। त्यस्तै हरफ ६ मा आएको **शुल्पमार्ग**ले गल्ली वा साँघुरो बाटो भन्ने अर्थ लाग्छ। यता हरफ ७ मा आएको **प्रणालीश्वर**ले खोल्साको सङ्केत गर्छ। त्यस्तै हरफ ९ मा परेको **लदेवी मार्ग**ले पनि कुनै देवीको नामले राखेको बाटो बुझाँउछ। यी सबै अक्षर वा शब्दले यो इलाकाको कुनै एउटा महत्त्वपूर्ण सम्पदा वा बस्ती वरपरको सीमामा पर्ने विभिन्न मार्गको सिमानाबारे उल्लेख गरेको बुझिन्छ। कतै तालक्वको उक्त अभिलेखले **तालदंफो**लाई **सङ्**केत गरेको छ कि अध्ययनको विषय हुन आउँछ। **तालदंफो** सहितको तालक्व वरपर प्राकृतिक रूपमा बग्ने खोल्सा रहेको यहाँको भौगोलिक अवस्थितिले स्पष्ट छ। बोलाछे, ग:हिति सडक, घट्खा, इच्छु आदि ठाउँबाट पानी यही तालक्व भई हनुमन्ते खोलामा मिल्ने गर्छ। यसमा ग:हिति सडक अण्ड र बोलाछेको पानी जोशीपाटी भई इखालाछी मठ अगाडिको कुलोमा आउँछ। यता घटखा, इच्छु, नासमनाको पानी **तालदंफो**को पश्चिम दक्षिण हुँदै उही कुलोमा जोडिन्छ। जुन कुलोलाई ठूलठूला **ढुङ्गा**ले छोपेको छ। त्यसमध्ये एउटा **ढुङ्गा**लाई त **भेल्पा भैरव** मानि पुजाआजा समेत गर्दै आएको छ। यसरी टौमढीभन्दा तलका बस्तीहरूको पानी जाने खोल्सा रहेको कारण बोलाछे टोलको दक्षिण भाग ज्यादै नाजुक अवस्थामा थियो। यही नाजुक अवस्थामा रहेको तालक्वलाई इङ्गित गरी राजा शिवदेवहरूले यो अभिलेख राख्न लगाएको हुनुपर्छ। त्यसो त भक्तपुर नगर पूर्वबाट पश्चिमतर्फ भिरालो पर्दै गएको छ। साथै उत्तरबाट दक्षिणतर्फ कोल्टे परेको छ। यस्तो अवस्थाको नगरको स्वरूपलाई पछि लिच्छवि राजा आनन्ददेवले श्रीयन्त्राकार नगरको रूप दिइँदा नगरको दक्षिण पश्चिम दिशामा पर्ने बोलाछेमा निर्मित यो ढिस्कोले नगरको रक्षा गरेको मानिन्छ। जुन तन्त्र एवम् विज्ञान सम्मत देखिन्छ। लिच्छवि राजा आनन्ददेवले श्रीयन्त्राकार नगरको निर्माण गर्दा यो **तालदंफो** पनि श्रीयन्त्रभित्र समाहित भएको हुँदा यसले त्यतिबेला नै स्थान पाइसकेको पुष्टि हुन्छ। **तालदंफो**लाई यतिको मात्र सीमित राखेनन्, बोलाछे अन्तर्गतको तालक्व परिसरलाई नै अझ दक्षिणतर्फ भासिनबाट जोगाउने काम **तालदंफो**ले गरेको छ। अनि सदा सर्वदा **तालदंफो**लाई यहीकै भक्तपुरवासीले संरक्षण र सम्वर्धन गर्नलाई सांस्कृतिक रूपले महत्त्व दिने प्रयास जनस्तरबाट नै भए। भक्तपुरमा हुने जुनसुकै ठूला साना यज्ञमण्डप सम्पन्न भइसकेपछि तिनीहरूलाई यत्रतत्र फानु हुँदैन। त्यो सबै यही **तालदंफो**मा राख्न लैजानु पर्छ। सयौँ वर्षदेखि यो परम्परा चल्दै हालको **तालदंफो** निर्माण भएको हो। त्यतिमात्र होइन, यसको संरक्षणको लागि **तालदंफो** माथि विभिन्न सम्पदाहरूको निर्माण भयो। **तालदंफो**माथि अर्थात तालचोमा **तालचो गणेशको मन्दिर, भैलग:, गोरखनाथको मन्दिर, चैत्य** लगायत विभिन्न देवदेवीका मूर्तिहरू निर्माण भएको छ। यसमा तलचो गणेशको मन्दिर नेपाल संवत् ७७१ मा राजा जगतप्रकाश मल्लको समयमा बनेको देखिन्छ। दक्षिणाभिमुख सो मन्दिर पहिले तीनतलाको छाने शैलीको रहेको भनिन्छ। जुन वि.सं. १९९० सालको भूकम्पले भत्केपछि एक तलामा सीमित हुन पुग्यो। त्यहाँ रहेको शिलापत्र अनुसार ने.सं. ७७१ मा घट्खा टोलका नारायणसिंह शिल्पकारले मन्दिर बनाई गजुर समेत राखेको उल्लेख छ [११]। पहिलेको मन्दिर पुरानो भएपछि केहीसमय अगाडि मात्र भक्तपुर नगरपालिकाबाट जीर्णोद्धार भएको हो। तर, यो गणेश टोल गणेशको दर्जामा पर्दैन। त्यसको लागि ज्याथा गणेश मोजुद छ। **तालदंफो**मा रहेका देवदेवीहरूको पूजाको क्रममा मात्र यो गणेशको पूजा हुने देखिन्छ। यो गणेश मन्दिरको स्थापनाकाल पछि मात्र भएको कारण ज्याथा गणेश जति प्राचीन गणेश होइन भन्ने स्पष्ट हुन्छ। यहाँ रहेको अर्को

एउटा महत्त्वपूर्ण सम्पदा गोरखनाथको मन्दिर हो । भक्तपुरमा रहेका कपालीहरूको मुख्य देवताको रूपमा **तालदंफो**को गोरखनाथ पुज्ने चलन छ । पूर्वाभिमुख भई पाटी भित्र गोरखनाथको अमूर्त देवता स्थापना गरिएको छ । गोरखनाथ कापालिक समुदायको दिगु द्यःको रूपमा प्राचीनकालमै स्थापित भइसकेको देखिन्छ । कपाली समुदाय शैवमार्गी रहेको हुँदा दिगु पुजा गर्दा महादेवको पनि पूजा गर्छ । महादेवको आराधना गर्ने प्रमुख दिन मध्य एक बालाचर्तुदर्शीको दिन यहाँ दिगु पुजा गर्ने चलन छ [१२] । विशेष पूजामा बलि दिनु परे गोरखनाथको पछाडि रहेको भैरवकहाँ दिने चलन छ । यसबेला गोरखनाथलाई एक थोपा रगत पनि पर्नु हुँदैन । यहाँ प्रत्येक वर्ष योसीं उठाउने दिन कपाली समुदायले धुमधामसँग सुँगुर बलि दिई पूजाआजा गर्ने चलन छ । सुँगुरलाई चारओटा खुट्टा नोलले बाँधी घाँटी मा छुरा घोपि मार्ने चलन छ । यसबेला कष्ट सहन नसकी जति जोडले स्वास फेर्छ त्यति टाढासम्म रगतको फोहोरा जान्छ । त्यो वर्ष त्यति नै राम्रो वर्षा हुन्छ भन्ने मान्यता छ । अचेल यो प्रथा बन्द भैसकेको छ ।[१३]

त्यस्तै गोरखनाथ मन्दिरसँगै एउटा सानो चैत्य रहेको छ । तर यो चैत्यमा उही कपाली समुदायको छ्वास मानी आएको अनुसन्धानको विषय हुन आउँछ । यता **तलचो गणेश मन्दिर** सम्मुख एउटा आयताकार खाल्डो छ, जुन **भैल गः** बाट प्रख्यात छ । यो खाल्डोबारे त्यति जानकारी राखेको पाइँदैन । तर बुढापाका तथा कृषकहरूबीच यो खाल्डो सधैँ चासोको विषय बनिरहेको हुन्छ । यो भैल गः वास्तवमा तत्कालीन समयको **वर्षा मापक यन्त्र** हो [१४] । यो भैल गः मा पानी देखिएमा वर्षा हुन्छ भन्ने मान्यता पाइन्छ । विशेष गरी कृषकहरू आफ्नो खेतमा धान रोप्न जानु अघि यो भैल गः अवलोकन गर्ने चलन छ । भैल गः मा पानी रसाएको देखेमा त्यसदिन अवश्य पानी पर्छ भन्ने मान्यताका साथ रोपाईँको लागि आवश्यक सामग्रीसहित आफ्नो खेततर्फ लम्कने चलन थियो ।

करिब १० फिट जति उत्तर दक्षिण लम्बाइ भएको र ४ फिट जति पूर्व पश्चिम चौडाइ भएको उक्त खाल्डाको ठूलो ढुङ्गालाई भैरव मानिन्छ । जसलाई स्थानीयहरू **लखलँपु भैल द्यः** भनिन्छ । अर्को एउटा शिला चाहीँ **बासी** हो भनिन्छ । यही बासीको कारण यो भैल गः लाइ वर्षा हुन्छ वा हुँदैन थाहा पाउने साधन बनाएको देखिन्छ । बासीको खास अर्थ बासुकी नाग हो । नेवा संस्कृतिमा रोपाईँ ताका पानी नपरे बासी अर्थात् बासुकी नागको पूजा गर्ने चलन छ । भक्तपुरको सन्दर्भमा यहाँ लामो समयसम्म पानी नपरे ठाउँ ठाउँमा रहेको बासीको पूजा गर्ने चलन छ । यसमा **इनरे गुँको बासी, चुपिङ घाटको बासी र** यही **तालदंफोको बासी** को पूजा गर्ने चलन छ । यसमा विशेष गरी इनरे गुँको बासी र उत्तरमा चाँगुको गरुड आमुने सामुने राख्ने उद्देश्यले बासी सधैँ उत्तर दक्षिण दिशा भएर बसेको हुन्छ भन्ने मान्यता छ । यही आधार मानी भक्तपुर नगरको उत्तरमा रहेको चाँगु र दक्षिणमा रहेको इनरे गुँको बीचमा **तःपुखू** रहेको छ । यही तःपुखू को दक्षिण पुर्व कुनामा इनरे गुँको बासुकी आउँदा उत्तरतर्फबाट गरुड समेत तःपुखू आउने र एक अर्कासित आक्रमण प्रत्याक्रमण गर्छ भन्ने मान्यता छ । त्यसैले तःपुखूको उत्तर दक्षिण दिशाको ढोकालाई बासुकी नाग र गरुडको मार्ग मानिन्छ । त्यही भएर तःपुखूमा पूर्व पश्चिमभन्दा उत्तर दक्षिण दिशा खतरनाक मानिन्छ । उत्तर दक्षिण लाम्चो परेको यो भैल गः बासीको रूपमा चिनिन्छ । रोपाईँ ताका लामो समयसम्म पानी परेन भने भक्तपुरवासीहरू सबै मिलेर बासुकी नाग अर्थात् बासीको पूजा गर्ने चलन छ । यसको लागि सर्वप्रथम यही **तालदंफो**को यो खाल्डोमा पनि पूजा गर्छ । घरघरबाट पानी ल्याई यही खाल्डोमा खन्याउने गर्छ । त्यसपछि बुल्चा भैरवको पूजा हुन्छ । त्यसपछि मात्र इनरे गुँ स्थित बासी जसलाई **धल्वाबासी** पनि भनिन्छ, पूजा गर्छ । त्यसपछि अवश्य पानी पर्छ भन्ने मान्यता छ । यो जनविश्वास आज सम्म प्रमाणित हुँदै आएको छ । तर, यो कहावत हो, किंवदन्ति वा अन्धविश्वासमात्र हो भन्नेहरू पनि नभएका होइनन् । त्यसैले **तालदंफो** र त्यहाँ रहेको भैल गः बारे गहन अध्ययन अनुसन्धान हुनु जरुरी छ ।

## सन्दर्भ सूची तथा श्रोत


१) बोलाछे मूल टोल कहलिएपनि प्रायः धार्मिक सांस्कृतिक क्रियाकर्लाप तालाक्वमा भएको पाइन्छ । यसको मुख्य कारण बोलाछे इलाका साँघुरो हुनु र तालक्व इलाका फराकिलो हुनु नै हो ।

२) धौभडेल, ओम, ख्वपको पहिचान, भाग २, भक्तपुर नगरपालिका, २०७८, पृष्ठ २०४–२०५

३) इटलीको पिसा टावर दक्षिणतर्फ धल्केपछि अझ धल्कनबाट जोगाउन अर्को उत्तर दिशामा ७० टन माटो थुपारेको थियो । यसबाट पिसा टावर अझ पनि ज्युँदो इतिहास बनिरहेको छ । त्योभन्दा हजारौँ वर्ष पहिले हाम्रा पुर्खाहरूले तालक्व टोल जोगाउन **तालदंफो**को निर्माण गरेको इतिहास बताउनु जरुरी छ ।

४) बज्राचार्य, धनबज्र, लिच्छवि कालका अभिलेख, दोश्रो संस्करण, २०५३, कीर्तिपुर, नेपाल र एशियाली अनुसन्धान केन्द्र, पृष्ठ ५०

५) बज्राचार्य, पूर्वोक्त, पृष्ठ २४९

६) बज्राचार्य, पूर्वोक्त, पृष्ठ २५३

७) बज्राचार्य, पूर्वोक्त, पृष्ठ २३१–२३२

८) श्रेष्ठ, पुरुषोत्तम लोचन, प्राचीन नेपाल, अङ्क १८४, वि.सं. २०७०, पृष्ठ ३२

९) बज्राचार्य, पूर्वोक्त, पृष्ठ ३१५–३१६


१०) श्रेष्ठ, पुरुषोत्तम लोचन, माखोपृङ् के हो ? गोरखापत्र, असोज १७, २०४९

११) राजवंशी, शंकरमान, भक्तपुर शिलालेख सूची, २०२०, पृष्ठ ५२–५३

१२) कपाली, पुरुषोत्तम, ताहामला, नासमना

१३) यो अनुश्रुतिले **तालदंफो**को लखलपुँ भैरव, बासुकी जस्तै यो प्रचलनको पनि सम्वन्ध वर्षासित गर्न खोजेको आभास हुन्छ ।

१४) जंगम, भरत, खोपृङ, अङ्क १७, वि.सं. २०६७, पृष्ठ ५१–५३




# स्वाङजाङको भारत यात्रा (५)

-xbfg ;fgsf]hLjg kl/ro_

**- चङ चेङ्ग / अनुवादक : लिलि र वाङ वेनलियाङ**

## बौद्ध ग्रन्थको खोजीमा गोप्य यात्रा

छिङचाओ (कान्सु प्रान्तको तियानशुई) का एक जना भिक्षुको साथ लागेर स्वाङजाङ चाङआन छोडे। छिङचाओमा एक रात बिताएर उनी अरू केही मानिसको साथ लागेर कान्सु प्रान्तको लानचाओ पुगे। त्यहाँबाट उनी लियानचाओ (कान्सु प्रान्तको उवेई सहर) तिर हिंडे।

लियानचाओ पश्चिम चीनको महत्त्वपूर्ण सहर थियो। पूर्व र पश्चिमलाई जोड्ने बाटो त्यही सहर भएर जान्थ्यो। त्यसकारण विभिन्न देशबाट आएका धेरै सङ्ख्यामा व्यापारीहरूको लियानचाओमा चहलपहल हुन्थ्यो। त्यतिबेला स्वाङजाङ चर्चित भिक्षु बनिसकेका थिए। लियानचाओमा उनी महिना दिन बसे। त्यहाँ बसुन्जेल उनले त्यहाँका स्थानीय भिक्षु र सर्वसाधारण जनतालाई बौद्ध ग्रन्थबारे प्रवचन दिए। विदेशी व्यापारीहरू पनि उनका प्रवचन सुन्न आउँथे। तिनै व्यापारीहरू आफ्ना देशमा फर्के पछि विशाल ताङ राज्यका स्वाङजाङ बौद्ध ग्रन्थ र सूत्रको खोजीमा भारतको यात्रामा निस्केका छन् है भनी खबर पुऱ्याए।

यो खबर लियानचाओका स्थानीय अञ्चलाधीश लि तालियाङसम्म पुग्यो। त्यतिबेलासम्म ताङ साम्राज्य नयाँ नै थियो। ताङ शासनमा स्थायित्व पनि आइसकेको थिएन। ताङ राज्यको उत्तरपश्चिम सीमामा बारम्बार पश्चिमी तुर्क जातिले हमला गरिरहन्थ्यो। त्यसकारण चीनको केन्द्रीय सरकारले बिनाअनुमति कसैलाई पनि देश छाड्नबाट रोक्न सीमा बन्द गरेको थियो। लि तालियाङले यो आदेश कडाइका साथ पालना गर्दै थिए। अञ्चलाधीशले चाङआनबाट एक जना भिक्षु विदेश जाने तरखरमा रहेको खबर पाउना साथ मान्छे पठाएर स्वाङजाङको यात्राको उद्देश्यबारे सोधपुछ गरियो। स्वाङजाङले बौद्ध ग्रन्थ र सूत्रको खोजी गर्न आफू भारत जान लागेको बताए। अञ्चलाधीश लि तालियाङले उनलाई चाङआन फर्किन आदेश दिए। सौभाग्यवश लियानचाओका एक जना बौद्ध गुरुले स्वाङजाङलाई निकै आदर गर्थे। स्वाङजाङको भारत जाने आकाङ्क्षालाई उनले समर्थन गरेका थिए। तिनै बौद्ध गुरुले आफ्ना दुई जना अनुयायीलाई गोप्य रूपमा खटाएर स्वाङजाङलाई पश्चिमतिर भगाए। सरकारको कोपभाजनबाट बच्न उनीहरू दिनभरि लुक्थे र राति राति हतारमा यात्रा गर्थे। कान्सु प्रान्तको क्वाचाओ नपुग्दासम्म उनीहरूले यसरी नै दूरी छिचोले।

उतिबेला क्वाचाओ ताङ राज्यको झन्डै सबभन्दा पश्चिमको सहर थियो। त्यहाँका स्थानीय सरकारी अधिकारी बौद्ध दर्शनप्रति आदर गर्थे। त्यहाँ उनले स्वाङजाङको हार्दिकतापूर्वक स्वागत गरे। तर, उनलाई स्वाङजाङको पश्चिम जाने योजनाबारे केही मेसो थिएन। स्वाङजाङ केही समयको लागि क्वाचाओ बसे। त्यहाँ उनले पश्चिम जाने बाटोबारे सोधखोज गरे। उनलाई क्वाचाओ सहरबाट ५० लि (२५ किलोमिटर) भन्दा पर विशाल नदी (शुली नदी) भएको बताइयो। नदीसँगै प्रसिद्ध युमेन गल्छी (कान्सु प्रान्तको तुनहुआननजिकै) थियो। त्यहाँ ताङ सिपाही तैनाथ रहने पाँच ओटा धरहरा थिए। अवैध रूपमा सीमा वारपार गर्नेमाथि निगरानी गर्नु त्यहाँका सिपाहीको जिम्मेवारी थियो। पाँच ओटा धरहरा पार गरेपछि मोहेयानछी नामको विशाल मरुभूमि आउँथ्यो। त्यो मरुभूमि ८ सय लि (४ सय किलोमिटर) भन्दा बढी फराकिलो थियो। मरुभूमि पार गरे पछि यिऊ अधिराज्य (सिन्च्याङको हामि) पुगिन्थ्यो। त्यो अधिराज्य ताङको नियन्त्रणमा थिएन। त्यहाँ पश्चिमा तुर्कहरूको हैकम चल्थ्यो। ताङ शासनको आरम्भिक वर्षहरूमा तुर्कहरू बलिया थिए। उनीहरूले सिङ्गो मध्य एसियादेखि युमेन गल्छीसम्म शासन गर्थे। तुर्क जाति घुमन्तु जाति थियो। यात्रुहरूको लागि तुर्किस घोडचढीहरू निकै खतरनाक मानिन्थ्यो।

अगाडिको बाटोका अप्ठ्याराबारे सुनेर स्वाङजाङ आत्तिए। दुर्भाग्यवश उनको घोडा पनि बिरामी भएर त्यहीं मऱ्यो। उनी क्वाचाओमा एक महिनाभन्दा लामो समय बसे। त्यही बेला लि तालियानले स्वाङजाङ चिङआन नफर्की पश्चिमको यात्रामा निस्कन लागेको सुइँको पाए। उनले तत्काल स्वाङजाङको खोजी गर्न सरकारी सूचना जारी गरे।

लि चाङ नामका क्वाचाओका एक जना सरकारी अधिकारी बौद्ध अनुयायी थिए। उनी स्वाङजाङलाई मद्दत गर्न चाहन्थे। उनले स्वाङजाङलाई सोधे,'सरकारले खोज्न सरकारी सूचना जारी गरेको व्यक्ति तपाईँ नै हुनुहुन्छ ?' स्वाङजाङलाई उनको प्रश्नको जवाफ दिन असहज लाग्यो। लि चाङले भने,'सही साँचो भन्नुहोस्। म तपाईँलाई कुनै उपायबाट मद्दत गर्न चाहन्छु।' स्वाङजाङले साँचो कुरा बताए। लि चाङले उनकै अगाडि सरकारी सूचना पत्र च्यातचुत पारे र स्वाङजाङलाई भने,'तपाईँले तुरुन्तै यात्रा थाल्दा वेश हुनेछ।'

स्वाङजाङले तत्कालै एउटा घोडा किने अनि आफ्नो बाटो लाग्ने तयारी थाले। तर, उनलाई बाटो देखाउने कोही थिएन। त्यसकारण उनी विलखबण्डमा परे। एक दिन पश्चिम (मध्य एसिया, पश्चिम एसिया र भारतीय प्राय:द्वीपको एकमुष्ठ नाम) बाट एक जना शक्तिशाली व्यक्ति बुद्धको प्रार्थना गर्न स्वाङजाङ बसेको मन्दिरमा आए। उनको नाम शि पानतो थियो। उनीसँग कुराकानी गरे पछि स्वाङजाङले एउटा समारोह आयोजना गरेर बौद्धमार्गीको रूपमा मन्दिरमा उनलाई औपचारिक स्वागत गरे। शिले पाँच धरहरा पार गर्न स्वाङजाङलाई मद्दत गर्ने वाचा गरे।

अर्को दिन साँझपख भेट्ने सहमति गरेर उनीहरू छुटे। अर्को पटकको भेटमा आउँदा शि पानतोले आफूसँगै पश्चिम क्षेत्रका एक जना ज्येष्ठ नागरिकलाई लिएर आए। तिनी बुढो मान्छे तीस पटकभन्दा बढी यिउ अधिराज्य पुगिसकेका थिए। उनले स्वाङजाङलाई अगाडिको यात्रामा नजान सल्लाह दिए। उनले कठिन यात्रा सकेर स्वाङजाङ जिउँदै फर्किने सम्भावना देखेका थिएनन्। तर, अड्डी कसेर स्वाङजाङले भने,'म सत्यको खोजीमा पश्चिमको यात्रामा निस्कनेछु। यो मेरो प्रतिज्ञा हो। कदाचित म भारत पुग्न सकिनँ भने म कहिल्यै पूर्व फर्किन्न। यात्रामा म मरिहालेँ भने पनि मलाई कुनै दु:खेसो हुनेछैन।' स्वाङजाङको यस्तो दृढनिश्चय देखेर बुढो मान्छेले आफ्नो बुढो घोडा स्वाङजाङलाई दिए अनि उनको घोडाको लगाम आफूले सम्हाले। बुढोको घोडा यसअघि पन्ध्र पटक यिउ अधिराज्य पुगिसकेको थियो। स्वाङजाङ र शि पानतोले रातको समयमा यात्रा थाले। उनीहरू युमिन गल्छीको उपल्लो नदीको तिरमा पुगे। त्यहाँ शि पानतोले रुख ढालेर नदीमाथि पुल बाँधे र उनीहरूले नदी तरे। मध्यरात भइसकेको थियो। दुवै जनालाई निद्रा लागिसकेको थियो। स्वाङजाङलाई कानुनविपरीत सीमा पार गर्न मद्दत गरेको आरोपमा सरकारले आफूलाई सजाय गर्न सक्ने भएकोले शि पानतो आत्तिएका थिए। त्यसकारण उनी मध्यरातमा आफूसँग बोकेको चक्कु तम्तयार अवस्थामा राखेर बसेका थिए। स्वाङजाङ पनि जागा नै थिए। उनी ठूलो आवाजमा बौद्ध मन्त्रोच्चारण गरिरहेका थिए। पछि शि पानतो भने मस्त निदाए। अर्को दिन उनीहरू दिनभर हिँडे। बाटोमा शिले आफू घर फर्किन आतुर भएको बताए किनभने उनी आफूले गरेको मद्दतबारे सरकारले सुइँको पाउला भनी डराएका थिए। स्वाङजाङले आफू कदाचित पक्राउ गरे उन (शि पानतो) को नाम कदापि नपोल्ने वाचा गरे। उनले शि पानतोलाई आफूसँग भएको घोडा दिएर त्यहीँबाट घर फर्काए। अनि उनी आफू एक्लै सीमा पार गर्नतिर लागे।



रेशम मार्ग हुँदै व्यापार गर्ने व्यापारीहरूको यात्रा झल्काउने तुङह्वाङ मोकाओ गुफाचित्रको गुफाचित्र नं २९६।

अपरिमित मरुभूमिमा स्वाङजाङ हड्डी र घोडाको गोब्बर पछ्याउँदै अगाडि बढे। मरुभूमिमा उनले बारम्बार मृगतृष्णा देख्थे। ती मृगतृष्णालाई उनी ध्वजा पताका र हातहतियारसहित सयौँको सङ्ख्यामा आएका घोडचढी देख्थे। परबाट हेर्दा प्रस्टै देखिने त्यस्ता मृगतृष्णा अगाडि बढ्दै जाँदा कता बिलाउँथ्यो, बिलाउँथ्यो। स्वाङजाङले सुरुमा त्यस्ता मृगतृष्णालाई डाँका दल ठानेका थिए। त्यसपछि उनलाई तिनीहरू शैतान र राक्षस होलान् जस्तो लाग्यो। त्यतिबेला उनले मृगतृष्णा कसरी बन्छ भन्ने कुराको वैज्ञानिक कारण थाहा पाएका थिएनन्। उनको मनको भयलाई बलियो इच्छाशक्तिले जित्नुबाहेक अर्को कुनै उपाय थिएन।

पाँच धरहरामध्ये पहिलो धरहरा पुग्दा उनी रात नपरुञ्जेल खाल्डोमा लुकेर बसे। रात खसेसँगै पानी पिउन लुकेर उनी धरहरामा गए। आफूले बोकेको पानीको भाँडो पनि उनले भरे। तर, अचानक उडेर आएका दुई ओटा वाण

झन्डै उनको खुट्टामा लागेन। आफ्नो उपस्थितिबारे त्यहाँका सुरक्षाकर्मीलाई बोध भइसकेको उनले चाल पाइसकेका थिए। उनले सिपाहीलाई आफूमाथि प्रहार नगर्न आग्रह गरे। स्वाङजाङ आफ्नो घोडा चढेर धरहरा छेउ पुगे। सिपाहीले उनलाई नियन्त्रणमा लिएर त्यहाँका मुख्य अधिकारीसमक्ष बुझाए।

## तुङहवाङ

तुङहवाङ कान्सु, छिङहाई र सिन्च्याङ जोडिने मिलनबिन्दु हो। प्रशासनिक हिसाबले त्यो सहर कान्सु प्रान्तमा पर्छ। ताङ वंशका सुरुका वर्षमा बौद्ध दर्शन त्यहाँ निकै लोकप्रिय थियो। हेसी क्षेत्र (कान्सु र छिङहाइ पश्चिमदेखि पहेंलो नदीसम्मको क्षेत्र) मा त्यो सहर प्रमुख बौद्ध केन्द्र थियो। तुनहवाङ गुफाभित्रको बौद्ध चित्र र प्राचीन साहित्यको लागि प्रसिद्ध छ। त्यहाँ माकाओ गुफा चित्र, युलिन गुफा चित्र र पश्चिम छियानफो गुफा चित्र आदि छन्।

त्यहाँको मुख्य सुरक्षा अधिकारीको नाम वाङ सियाङ थियो। पक्राउ परेको व्यक्ति सरकारले खोजिरहेको स्वाङजाङ नै भएको थाहा पाए पछि उनले तिनलाई गृहनगर कान्सु प्रान्तको तुनह्वाङ फर्किन आग्रह गरे। त्यहाँ फर्के स्वाङजाङलाई हार्दिकतापूर्वक स्वागत हुने थियो। स्वाङजाङले भने आफ्नो यात्राको योजनामा कुनै तलबितल गर्न चाहेनन्। मुख्य अधिकारीसमक्ष उनले ल्वयाङ र चाङआनका विशिष्ट व्यक्तिहरूले आफूलाई चिनेको पनि सुनाए। उनी ल्वयाङ र चाङआनमा चर्चित हुनाले गृहनगर तुनहवाङ फर्किन नपर्ने बताए। उनले आफूले चीनमा भेटाएका बौद्ध ग्रन्थ अपूर्ण भएको भन्दै दुःख पोखे। त्यही कारण उनी प्रतिकूलता र कठिनाइ पार गरेर पनि पश्चिमको यात्रामा निस्केको बताए। उनले जस्तोसुकै परिस्थिति सामना गरेर पनि फर्केर आफू आएको ठाउँमा नजाने निर्णय वाङ सियाङलाई सुनाए।

स्वाङजाङको यस्तो दृढताबाट वाङ प्रभावित भए। उनले स्वाङजाङलाई केही समय आराम गर्न आग्रह गरे। अर्को बिहान वाङ सियानले स्वाङजाङको लागि खाना र पानी तयारी गरे। उनी स्वाङजाङलाई बिदा गर्न आफैं पुगेका थिए। वाङले स्वाङजाङलाई सिधै चौथो धरहरा पुग्ने छोटो बाटो चिनाए। त्यो छोटो बाटो हिंड्दा हिंडाई २ सय लि (१ सय किलोमिटर) कम हुन्थ्यो। वाङले स्वाङजाङलाई भने,'चौथो धरहराका मुख्य सुरक्षा अधिकारी असल मानिस छन्। उनलाई मैले तपाईंलाई त्यहाँ पठाएको भन्नुहोला। उनीले तपाईंलाई पक्कै मद्दत गर्नेछन्', स्वाङजाङले वाङको खुलेर प्रशंसा गरे। बिछोडिँदा उनीहरूका आँखा भिजेका थिए।


चौथो नम्बरको धरहरामा पनि स्वाङजाङले उस्तै परिस्थिति सामना गर्नुपर्‍यो। उनलाई त्यहाँका सुरक्षाकर्मीले झन्डै गोली हानेर मार्न लागेका थिए। जब स्वाङजाङले वाङ सियाङको नाम लिए तब उनको हार्दिकतापूर्वक स्वागत भयो। शिविर प्रमुखले स्वाङजाङलाई छालाको पानी राख्ने ठूलो भाँडो, घोडा र खाना उपहार दिए। उनले पाँचौं नम्बरको धरहरा नपुगिकनै अगाडि जाने बाटो चिनाए।



शान्सी प्रान्तको युलिन चट्टान चित्र सङ्ग्रहालयमा बौद्ध शास्त्रको खोजीमा स्वाङजाङको पश्चिम यात्रा झल्काउने चट्टान चित्र नं ३।

दुई जना सिपाहीको सहयोगमा स्वाङजाङ ताङ सुरक्षाकर्मीको खोजीबाट निकै पर पुग्न सफल भए। तर, पश्चिममा उनलाई कठिनाइ र खतराले कुरिरहेका थिए। पश्चिमको कठिन यात्राको सुरुवात बल्ल भएको थियो।

## पश्चिमको यात्राका कठिनाइ र खतरा



रेशम मार्गको प्राचीन नक्सा

स्वाङजाङको पश्चिमको यात्रा निकै निकै लामो थियो। सबभन्दा पहिला त उनले पश्चिम तुर्कमा खानहरूको क्षेत्र पार गर्नुपर्‍यो। त्यसपछि उनले पामिरहरूको क्षेत्र छिचोले। अनि भारतका हिउँले ढाकेका हिमालको बाटो हुँदै मध्य एसियाली देशहरू पार गरेर आजको अफगानिस्तान पुगे। उनले उतिबेला हिँडेको बाटोलाई नै हामी आज रेशम मार्ग भन्छौं। रेशम मार्गलाई उत्तरी, मध्य र दक्षिणी मार्ग गरी तीन खण्डमा वर्गीकरण गर्न सक्छौं। स्वाङजाङले मुख्यतः उत्तर र मध्य मार्ग हिँडेका थिए। उनले हिँडेका बाटो उति चल्ती बाटो थिएन। त्यहाँ उनले अनेकन कठिनाइ र खतराको सामना गर्नुपर्‍यो। कतिबेला ज्यादै निर्मम प्राकृतिक अवस्थाको सामना गर्नुपर्‍यो भने कतिबेला शत्रुवत वा जटिल मानवीय सम्बन्ध झेल्नुपर्‍यो। 'पश्चिमको यात्रा' कृतिमा ताङसेङले भारत पुग्नुअघि ८१ ओटा खतराको सामना गरेको उल्लेख छ। इतिहास हेर्दा स्वाङजाङले अझ धेरै कठिनाइ र खतरा सामना गरेका थिए। निःसन्देह उनले बाटोमा धेरै देशका रहनसहन पनि देखे। उनले आफ्नो बौद्ध चिन्तनको पनि प्रचार गरे। अनि ती देशलाई नजिकबाट नियालेर विस्तृत सूचना सङ्कलन गर्न पनि भ्याए।



चीनको सिन्च्याङको तुर्पानमा उत्खननको क्रममा भेटिएको यात्री र घोडाको रेशम चित्र। यसले पश्चिमी क्षेत्रको उतिबेलाको जीवन झल्काएको छ।

ताङ राज्यको सीमा पार गरे पछि स्वाङजाङ मानिसको बसोबास नभएको अपरिमित मोहेयाङ्छी मरुभूमिमा प्रवेश गरे। त्यहाँ एक सय लि (५० किलोमिटर) बाटो पार गरे पछि उनी हराए। दुर्भाग्यवश हिँड्दै जाँदा पानीको भाँडोबाट पिउने पानी चुहेर सकिएकोले केही दिनसम्म उनले प्यासै यात्रा गर्नुपर्‍यो। यस्ता दुर्भाग्यले उनको इच्छाशक्तिलाई अलगथलग बनायो। उनी फर्केर पहिलो नम्बरको धरहरामा आउन चाहन्थे। तर, कयौं माइल हिँडे पछि स्वाङजाङले आफ्नो सपथ सम्झे र आफैलाई उत्साहित पार्दै मनमा गुने – 'जीवन रक्षाको लागि पश्चिमको यात्राबाट फर्किनुभन्दा बरु म यात्रामै मर्न चाहन्छु।' अनि फेरि उनी बाटो मोडेर उत्तर–पश्चिमतिरको आफ्नो यात्रा जारी राखे।

## रेशम मार्ग


रेशम मार्ग पूर्व र पश्चिमबीच आर्थिक र सांस्कृतिक सम्बन्धको प्रारम्भिक सेतु थियो। यसको सुरुवात चिङआनबाट हुन्छ र पश्चिमी क्षेत्र छिचोल्दै भारत र युरोपसम्म फैलिन्छ। चीनका रेशम, चिया र फलामका भाँडाकुँडा यही बाटो हुँदै पश्चिमका देशमा पुग्थे। त्यस्तै पश्चिममा विकास भएका प्रविधि, धर्म र परम्परा चीनमा यही बाटो हुँदै पुग्थे। प्राचीन रोमनहरू रेशम खुब मनपराउँथे। रेशम आउने बाटो भएकोले यो बाटोको नाम नै रेशम मार्ग भएको हो। रेशम मार्गको प्रारम्भ निकै अघि भयो र चिनियाँ इतिहासका दुई महत्त्वपूर्ण कालखण्ड हान शासनकाल (२०६ इसापूर्वदेखि सन् २२०) र ताङ शासनकालमा यसको प्रयोग उत्कर्षमा पुगेको थियो।

रातमा जस्तै बिहान सखारै पनि आकाशमा तारा जगमगाइरहेको मरुभूमि बिछट्टै भव्य देखिन्छ किनभने त्यहाँ राक्षसहरूले लालटिन बोकेजस्तो देखिने चमचम चम्किरहेको प्रकाश पनि बलिरहेको हुन्छ। खासमा त्यस्तो प्रकाश मानिसको कुहेको अवशेष वा पशुका लासबाट निस्केको फोसफाइन आफसेआफ बल्दा लाग्ने डढेलोको कारण देखिने हो। मरुभूमिमा प्रायशः दिउँसो बालुवाको आँधीबेहरी आउने गर्छ। चर्को हुरीले उडाएको बालुवा वर्षाजस्तै आकाशमा उड्ने गर्छ। स्वाङजाङ त्यस्तो प्रतिकूल अवस्थाबाट कति पनि आत्तिएका थिएनन्। तथापि, चार रात र पाँच दिन उनीसँग पिउन एक थोपा पानी थिएन। उनले आफूलाई सम्हाल्न सकेनन्। अनि मरुभूमिमा उत्तानो पल्टेर बोधिसत्वको मन्त्रोच्चारण गर्दै बसे। पाँचौ मध्यरात चिसो हावा चल्यो। स्वाङजाङले स्वच्छ अनुभव गरे। तिर्खाएको बुढो घोडा जुरुक्क उठेर कयौं माइल स्वाङजाङले मोडेको दिशाभन्दा ठीक उल्टो दिशामा लम्कियो।

अन्ततः उनीहरूले हरियो घास र पानीका स्रोत फेला पारे। स्वाङजाङ र उनको घोडा ताजगीको लागि त्यहाँ दिनभर बसे। अनि मनग्य पानी र खानाको जोहो गरेर आफ्नो यात्रालाई निरन्तरता दिए। दुई दिन पछि उनीहरू मरुभूमि बाहिर निस्के र यिउ अधिराज्यको भूमिमा पुगे। स्वाङजाङले पश्चिमतिरको यात्रामा असङ्ख्य कठिनाइ र खतराको सामना गरे। झेनक्वान युगको छैटौं वर्ष (६३२)

मा यिउ अधिराज्य ताङ साम्राज्यकै हिस्सा बन्यो। स्वाङजाङ त्यहाँ पुग्दा भने त्यो स्वाधीन राज्य थियो। स्वाङजाङले एक जना बुढो चिनियाँ भिक्षु बसेको मन्दिरमा आश्रय मागे। बुढो भिक्षुले स्वाङजाङ चीनबाट आएको कुरा सुने, उनी ज्यादै खुशी भए। हतारमा स्वाङजाङलाई स्वागत गर्न जाँदा उनले राम्रो पोशाक पनि लगाउन भ्याएनन्। उनले खाली खुट्टै स्वाङजाङको स्वागत गरे। स्वाङजाङलाई अङ्गालोमा बेरेर उनले रुँदै भने,'मैले फेरि मेरो देशका बासिन्दा भेट्नेछु भनी कहिल्यै चिताएको थिइनँ।' बुढो भिक्षुका कुरा सुनेर स्वाङजाङ पनि निकै भावुक भए। खबर सुनेर यिउ अधिराज्यका राजा पनि उनलाई भेट्न आए र आफ्नो दरबारमा पाहुना बोलाए। स्वाङजाङले तुर्कबाट भारत जाने राहदानी लिन यिउ अधिराज्यबाट सिधै पश्चिम तुर्कका खानको दरबारमा जाने योजना बनाएका थिए। नसोचेसरि काओचाङ अधिराज्यका राजा छु वेनताईका दूत त्यस बखत यिउ राज्यमा थिए। उनले राजा छु वेनताईलाई स्वाङजाङबारे खबर पठाए। काओचाङ अधिराज्य चिनियाँ संस्कृतिबाट गहिरो गरी प्रभावित थियो। त्यो अधिराज्यका सबै नागरिक बुद्ध दर्शन मान्थे। छु वेइताईले तत्काल आफ्ना दूतलाई यिउ अधिराज्य पठाए र यिउ अधिराज्यका राजासमक्ष स्वाङजाङलाई आफ्नो अधिराज्यमा पठाउन आग्रह गरे।

स्वाङजाङ काओचाङ गए। काओचाङको राजधानी चियाहो (सिन्च्याङको तुर्पानभन्दा पश्चिम) पुग्दा मध्यरात भइसकेको थियो। स्वाङजाङलाई राजासहित कयौँ अधिकारीहरूले आफ्नो देशमा स्वागत गरे।



सिन्च्याङको तुर्पानमा रहेको प्राचीन काओचाङ सहरका बौद्ध वास्तु।

'हजुरको नाम सुन्दै म निकै खुशी भइसकेको थिएँ। मैले खान र सुत्नसमेत बिर्सिसकेको थिएँ। म व्यग्रतापूर्वक हजुरको प्रतिक्षामा थिएँ। हजुर मध्यरातमा यहाँ आइपुग्ने थाहा पाए पछि मेरी जहान र म सुत्न खोपीमा गएका छैनौँ। हामी बुद्धको प्रार्थना गर्छौं। हामी यहाँ विशेषतः हजुरकै प्रतिक्षा गरिरहेका छौँ', राजाले भने।

अर्को बिहान स्वाङजाङ ब्युँझनुपूर्व नै राजा आफ्नी रानी तथा अन्य कयौँ जनाको हुल बाँधेर उनलाई भेट्न गए। राजाले आफ्नो अधिराज्यका सबै विभूति विद्वानहरूलाई स्वाङजाङसँग भेट्न आमन्त्रण गरे। त्यसरी आमन्त्रित व्यक्तित्वहरूमध्ये एक जना सहभागीको उमेर ८० वर्षको थियो। राजाले ती विद्वानहरूबाट स्वाङजाङलाई काओचाङमै बस्न आग्रह गराउन लगाएका थिए। राजा स्वाङजाङको भारत पुग्ने कठिन यात्राको योजना त्याग्न लगाउनसमेत चाहन्थे। तर, स्वाङजाङ आफ्नो सङ्कल्पबाट टसकोमस भएनन्।

१०-१२ दिन पछि स्वाङजाङ राजासँग बिदा माग्न गए। राजाले फेरि पनि सके फकाउन पटक-पटक प्रयास गरे। तर, स्वाङजाङले भने,'म कुनै स्थापना वा प्रार्थनाको लागि भारततिर जान लागेको होइन। मलाई चिनियाँ बौद्ध दर्शनका ग्रन्थ अपूर्ण लाग्छन्। ती ग्रन्थबिना चिनियाँ बौद्ध धर्मावलम्बीहरूले महायानबारे धेरै कुरा सिक्न सक्नेछैनन्। यस उद्देश्य प्राप्तिको लागि मेरो इच्छाशक्ति दिनानुदिन बलियो हुँदैछ। त्यसकारण म बीच बाटोबाट पछि हट्न सक्दिनँ। मेरो विचारमा मलाई यहीं राख्ने सोच महाराजले त्याग्नु हुनेछ भन्नेमा म आशावादी छु।' राजालाई भने,'कोङलिङ पर्वत हलिए पनि मेरो इच्छा बद्लिनेछैन। मैले चोखो मनले महाराजसमक्ष बिन्ती बिसाएँ। कृपया मलाई विश्वास गर्नुहोस्।' प्राचीनकालीन चीनमा पामिर, कुनलिन पर्वत र काराकोरम पर्वतलाई एकमुष्ठ कोङलिङ पर्वत भनिन्थ्यो। स्वाङजाङलाई काओचाङमै राख्न राजाले भरपुर प्रयास गरे। तर, स्वाङजाङ मानेनन्। आफ्नो आग्रह नमानेकोले राजा आक्रोशित भए र रिसमा भने,'तपाईँ या त यहाँ बस्नुस् नभए म तपाईँलाई चीन फिर्ता पठाउँछु। कृपया मेरो सल्लाह मान्नुस्।' उत्तरमा स्वाङजाङले राजालाई भौतिक रूपमा आफूलाई रोके पनि आफ्नो मनलाई भने रोक्न नसक्ने बताए।

आफ्नो प्रतिबद्धता प्रदर्शन गर्न स्वाङजाङले अनसन थाले। भिक्षुको प्राण जान सक्ने कुरालाई विचार गरेर अनसन थालेको चौथौ दिन राजा आफ्नो अड्डीबाट पछि हटे। उनले बुद्धको प्रतिमाअघि स्वाङजाङलाई बौद्ध शास्त्रको

लागि भारत जान मद्दत गर्ने वाचा गरे। राजा स्वाङजाङका धर्मबन्धु बने। अनि राजाले उनीसमक्ष दुई ओटा सर्त राखे। पहिलो, स्वाङजाङ बुद्ध दर्शनबारे प्रवचन दिन काओचाङमा एक महिनाको लागि बस्नुपर्नेछ। दोस्रो, भारतबाट फर्केपछि स्वाङजाङ तीन वर्षको लागि काओचाङमा बस्नुपर्नेछ र त्यहाँका मानिसहरूका सम्मान र अराधना स्वीकार्नुपर्नेछ।

स्वाङजाङले ती सर्तहरूमा मञ्जुरी दिए र अनसन तोडे। 'पश्चिमको यात्रा' आख्यानमा पनि सम्राट ताइजोङसँग स्वाङजाङले धर्मबन्धुको नाता गाँसेको प्रसङ्ग उल्लेख छ। खास इतिहासमा स्वाङजाङले नाता गाँसेका राजा काओचाङका राजा थिए।

स्वाङजाङले बौद्ध शास्त्रबारे प्रवचन दिँदा राजा, उनकी माता र मन्त्रीहरू पनि सुन्न आउँथे। प्रवचनको डबलीबाट स्वाङजाङ तल झर्दा राजा घुँडा र हात टेकेर निहुरिंथे। उनको ढाडमा टेकेर स्वाङजाङ तल झर्थे। यो निकै उच्च तहको सम्मान थियो। स्वाङजाङले अगाडिको यात्रा थाल्दा राजाले उनीसँग चार जना युवा भिक्षुहरूलाई पठाउने बन्दोबस्त मिलाए। बीस वर्षलाई पुग्ने गरी लुगाफाटा, पञ्जा, बुट र पैसाको पनि प्रबन्ध मिलाए। बाटोमा पर्ने राज्यका राजाहरूको नाममा काओजाङका राजाले चिठ्ठी लेखे। उनले आफ्ना अधिकारीहरूलाई परिचालन गरेर स्वाङजाङलाई पश्चिम तुर्कका खानसमक्ष पुऱ्याउन लगाए। स्वाङजाङले राजाको मद्दतप्रति कृतज्ञता व्यक्त गरे। स्वाङजाङलाई निकै लामो दूरीसम्म पुऱ्याउन राजा स्वयम् गएका थिए।

अब यात्रामा स्वाङजाङ एक्लै मात्र थिएनन्। बरु सिङ्गो टोली नै सँगै यात्रा गरिरहेको थियो। उनीहरू पूर्वतिर हिंडे। यान्छी अधिराज्य (सिन्च्याङको यान्छी हुई स्वशासित काउन्टी) पुग्नै लागेको बखत बाटोमा अचानक उनीहरूको डाँकाहरूसँग जम्का भेट भयो। डाँकाहरूले केही सरसामान छोडेर उनीहरूसँग भएका सबै लुटेर भागे। स्वाङजाङ र उनका सहयात्रीहरू थाकेर चुर भए। थकान मेट्न उनीहरू त्यो रात त्यहीं बसे। दर्जनौं व्यापारीहरूको समूह आफ्नो व्यापारको लागि गोप्य रूपमा मध्यरातमा अगाडिको बाटो तताउँदै थिए। दुर्भाग्यवश ती व्यापारीहरूमाथि पनि डाँका दलले हमला गऱ्यो। सबै व्यापारीहरू त्यहीं मारिए। अर्को बिहान स्वाङजाङले यो वियोगपूर्ण दृश्य देखे। उनले दुःख मनाउ गर्नुबाहेक त्यस परिस्थितिमा अरू केही गर्न सकेनन्। काओचाङ अधिराज्यले कुनै बेला यान्छी अधिराज्यमाथि हमला गरेको थियो। त्यसकारण यान्छीका राजाले स्वाङजाङलाई घोडा दिन मानेनन्। स्वाङजाङ त्यहाँ एक रात मात्र बसे र अर्को दिन अगाडिको बाटो तताए। तथापि, चनाखो स्वाङजाङले जसोतसो त्यो देशको विषयमा केही सूचना भने सङ्कलन गरी लेख्न भ्याए।

यान्छीबाट बिदा भएर उनी पश्चिमतिर अघि बढे। एउटा नदी तरेर र सयौं माइलको यात्रा पछि उनी कुइसी अधिराज्य (सिन्च्याङको कुछा काउन्टी) पुगे। कुइसी रेशम मार्गमा परेको एउटा महत्त्वपूर्ण देश थियो। त्यहाँको भन्सार भारतबाट प्रभावित थियो। त्यहाँका राजा, मन्त्रीहरू र विशिष्ट व्यक्तित्वहरूले राजकीय समारोह आयोजना गरेर स्वाङजाङलाई स्वागत गरे। स्थानीय मानिसले पाल टाँगेर बौद्ध प्रतिमाहरू प्रदर्शन गरे र साङ्गीतिक प्रस्तुति देखाए। स्वाङजाङलाई कसैले स्वच्छ फूलले भरिएको थाल ठमायो। स्वाङजाङले ती फूल विभिन्न किसिमका बुद्ध प्रतिमामा चढाए। समारोह घण्टौं चलेको थियो। झमक्क रात परिसक्दा पनि समारोह सकिएको थिएन। अर्को दिन राजा आफै आएर स्वाङजाङलाई आफ्नो दरबारमा आयोजित दिवाभोजको लागि आमन्त्रण गरे। स्थानीय हिनायानी सम्प्रदायले मासु खान छोडेका थिएनन्। तर, महायानीहरू भने मासु खाँदैनथे। त्यसकारण राजाले स्वाङजाङको लागि शाकाहारी भोजनको प्रबन्ध गरेका थिए।

स्वागत समारोहमा स्वाङजाङलाई बुद्ध दर्शनका स्थानीय प्रमुख व्यक्तित्व मोक्स्ला गुप्तासँगै बस्ने प्रबन्ध मिलाइएको थियो। मोक्स्ला गुप्ताले भारतमा बीस वर्षभन्दा लामो समय बौद्ध दर्शनको अध्ययन गरेका थिए। उनले धेरै बौद्ध शास्त्रको अध्ययन गरेका थिए। उनी आफ्नो देशमा निकै सम्मानित थिए। उनको सामाजिक स्थान निकै उँचो थियो। स्वाङजाङ मोक्स्ला गुप्तालाई भेट्न गए। त्यहाँ उनलाई सामान्य औपचारिकतामा सीमित रही व्यवहार गरियो। उनले स्वाङजाङको बौद्ध चालचलनलाई पनि मानेनन्। बुढो भिक्षु रिसाएर स्वाङजाङलाई भने, 'हामीसँग तिम्रो अध्ययनको लागि पुग्ने गरी सबै बौद्ध शास्त्र छन्। तिमीलाई भारत गइरहनुपर्ने कुनै जरुरत छैन।' स्वाङजाङले त्यही बेलामा योगाकारा-भूमि-शास्त्र छ कि भनी मोक्स्ला गुप्तालाई सोधे। उनी विशेषतः त्यो शास्त्र पढ्न आतुर थिए। प्राचीन भारतमा यो शास्त्र मैत्रेयप्रति समर्पित महत्त्वपूर्ण ग्रन्थ भएको व्यापक विश्वास थियो। स्वाङजाङको अपेक्षाको बेवास्ता गर्दै बुढो भिक्षुले बिना सोचविचार भने, 'गलत दृष्टिकोण भएको त्यो पुस्तक तिमी किन पढ्छौ ? एक जना खास बौद्धमार्गीले त्यस्तो पुस्तक कदापि पढ्दैन।' उनको यस्तो उत्तर सुनेर स्वाङजाङले आफू अपमानित भएको अनुभव गरे। जवाफ फर्काउँदै उनले भने, 'योगाकार-भूमि-शास्त्र

व्यक्तिगत रूपमै मैत्रेयमा समर्पित ग्रन्थ थियो। हजुरको गलत दृष्टिकोणले त्यो ग्रन्थको अवमूल्यन भएको छ। हजुरलाई के पातालको पनि सबभन्दा तल्लो पिँधमा भासिनु पर्ला भनी डर लाग्दैन ?'

मोक्स्ला गुप्ताले आफ्नो बौद्ध विद्वताको अपमान गरेकाले स्वाङजाङले उनलाई सोधे,'हजुरले नाम लिनु हुने सबै ग्रन्थ बुझ्नु भएको छ ?'

बुढो भिक्षु अझ रिसाए। उनले रिसमा भने,'ती सबै पुस्तकमा म विज्ञता राख्छु।' अनि स्वाङजाङले अभिधर्मकोश शास्त्रका विषय उद्धृत गर्दै केही जिज्ञासा राखे। सबैले सोचेजस्तै मोक्स्ला गुप्ताले गलत उत्तर दिए। स्वाङजाङले अर्को प्रश्न पनि गरे। बुढो भिक्षुले तिनको पनि गतिलो उत्तर दिन सकेनन्। बरु उनले ग्रन्थमा त्यस्तो कुनै प्रसङ्ग नै नभएको भन्दै तर्क वितर्क गर्न थाले। विद्वान व्यक्तित्व राजाका काका पनि त्यो तर्कवितर्कमा सामेल थिए। उनले शास्त्रमा स्वाङजाङले उद्धृत गरेका वाक्य भएको पुस्टि गरे। प्रमाणित गर्न उनीहरूले बौद्ध शास्त्रमा खोजी गरियो। अन्ततः मोक्स्ला गुप्ता नै गलत प्रमाणित भए। बुढो भिक्षुलाई लज्जाबोध भयो। माफीको लागि याचना गर्दै उनले भने,'यी सबै कुरा सम्झन म निकै बुढो भइसकेको छु।' त्यसपछि भने उनले स्वाङजाङलाई निकै आदर गर्न थाले।

स्वाङजाङ र उनका सहयात्रीहरू भारी हिमपातका कारण रोकिए। दुई महिनाभन्दा लामो समय उनीहरू कुइसी भन्ने स्थानमा रोकिनुपर्‍यो। उनी कहिलेकाहीँ मोक्स्ला गुप्तालाई भेट्न जान्थे। बुढा भिक्षु जानाजान उनलाई उपेक्षा गर्थे। उनी अरू मानिसलाई खुसुक्क भन्थे,'यो चिनियाँ भिक्षुसँग व्यवहार गर्न साह्रै गाह्रो लाग्छ। यिनी भारत पुगे त त्यहाँका युवा बौद्धमार्गीहरूलाई उनीसँग प्रतिस्पर्धा गर्न हम्मेहम्मे हुनेछ।'

बाटो हिँड्न मिल्न भए पछि स्वाङजाङ र सहयात्रीहरू कुइसीबाट हिँडे। दुई दिन पछि उनीहरूले २ हजारभन्दा बढी तुर्की घोडचढीको डफ्फा भेटे। उनीहरूले स्वाङजाङको टोलीले बोकेका सम्पत्ति लुट्ने प्रयास गरे। यद्यपि, उनीहरूसँग लुटेको सम्पत्ति भागबन्डाको विषयमा डाँकाहरू बीच नै विवाद भए पछि उनीहरू विभिन्न दिशातिर भागे। स्वाङजाङको टोलीले त्यहाँ धेरै क्षति व्यहोर्नुपरेन।

स्वाङजाङले पश्चिमतिर आफ्नो यात्रालाई निरन्तरता दिइरहे। एउटा सानो अधिराज्य पार गरे पछि टोली हिउँले ढाकेको प्रसिद्ध लिङशान पर्वत (तियानशान पर्वतको मुसर चुचुरो) को आधारक्षेत्रमा आइपुगे। कोङलिङको उत्तरी आधार पुग्ने त्यही नै प्रमुख बाटो थियो। समुद्री



हिमाच्छादित तियानशान पर्वतमाला

सतहबाट त्यो ठाउँ ७ हजार मिटरको उचाइमा थियो। वर्षैभरि हिउँले ढाकेको हुने त्यो पर्वतमा प्रायशः हिम पहिरो खसिरहन्थ्यो। चढ्न पनि निकै कठिन थियो। वास बस्न त्यहाँ कुनै सुख्खा ठाउँ पनि थिएन। खाना पकाउँदा उनीहरूले कसौडी भुइँमा नछुने गरी झुन्ड्याउनुपर्थ्यो। अनि हिउँकै माथि सुत्नुपर्थ्यो। त्यो हिमाल पार गर्न स्वाङजाङको टोलीलाई सात दिन लागेको थियो। उनको टोलीका झन्डै ३० प्रतिशत यात्री त्यहाँ घाइते भएका थिए। घोडाहरू पनि निकै घाइते भएका थिए। हिमाल पार गरेपछि उनीहरू पश्चिम तुर्क पुगे।

तिनताक पश्चिम तुर्कको प्रभाव व्यापक थियो। पश्चिम क्षेत्रका ४० भन्दा बढी राज्य उनीहरूको नियन्त्रणमा थियो। लामो यात्रापश्चात स्वाङजाङको टोली पश्चिम तुर्कको राजधानी सुयब (किर्गिजियाको तोकमाकनजिक) पुगे। पछि त्यो ताङ साम्राज्यको महत्त्वपूर्ण सीमावर्ती सहर बन्यो। त्यसका साथै त्यो सहर चीनका महान् कवि ली पाई (७०१-७६२) को पनि गृहनगर थियो। जे भए पनि स्वाङजाङले त्यो सहरको भ्रमण गरेको लामो समय पछि मात्र त्यसले यस्तो परिचय बनाएको थियो। उतिबेला भने त्यो एउटा सानो र उपेक्षित सहर थियो। उनले त्यहाँ शिकार गर्दै गरेका खान र उनका घोडचढी टोलीसँग भेटेका थिए।

स्वाङजाङप्रति खान निकै विनम्र थिए। उनले शिकार पछि राति बस्ने शिविरमा आमन्त्रण गरे। शिविर निकै भव्य र आरामदायी हिसाबले सजाइएको थियो। खान र उनका मन्त्रीहरू बाक्लो खाले कार्पेटमा बसेका थिए। अनि घोडाको दूधले बनाइएको मदिरा पान गर्थे। स्वाङजाङको लागि बसाउन भनी उनीहरूले विशेष खालको फलामे कुर्सी

बनाएका थिए। त्यसमा बाक्लो चकटी बिछ्याइएको थियो। स्वाङजाङलाई खानले मदिरापानको लागि प्रस्ताव गरे। स्वाङजाङले त्यहाँ केही दिन बसेर आफ्नो यात्रालाई निरन्तरता दिए। खानले उनको नाममा राहदानी जारी गरे। अनि चिनियाँ भाषा र पश्चिम क्षेत्रका भाषाहरू जानेका एक जना युवकलाई सँगै पठाए। स्वाङजाङलाई कापिसा (अफगानिस्तानको राजधानी काबुलको उत्तर-पश्चिममा अवस्थित बेग्राम सहर) सम्म पुर्‍याउन दोभाषेको रूपमा त्यस युवकलाई खटाइएको थियो।

## लि पाई

लि पाई ताङ कालका ठूला प्रेमिल कवि थिए। चीनको इतिहासमा उनी सबभन्दा प्रभावशाली कविमध्ये पर्छन्। उनलाई अलौकिक कवि उपनाम दिइएको छ। उनको जन्म सुयबमा भएको थियो र पछि सिचुआनमा जीवन बिताएका थिए। उनी आफ्नो विलक्षण कल्पनशीलता र प्रवाहमय कविताको निम्ति प्रसिद्ध छन्। लोक गीत र दन्त्यकथाबाट विषयवस्तु लिएर विशिष्ट भव्य शैलीमा लेख्नमा उनी निपुण थिए। उनी एक समय चाङआनमा बसेका थिए। उनलाई ताङ वंशका सम्राट (६८५-७६२) ले मान्थे। पछि उनी चाङआन छोड्न बाध्य भए। उनले जीवनको अधिकांश समय यात्रा गरेर व्यतीत गरेर बिताए।

खानले निकै रोचक कारणसहित स्वाङजाङलाई भारत नपठाउन प्रोत्साहित गरे। उनले भने,'भारतमा निकै गर्मी छ। त्यहाँ अक्टोबर महिनामा पनि यहाँ मे महिनामा जस्तै गर्मी हुन्छ। त्यहाँको चर्को घाममा त तपाइँ पग्लिनुहुनेछ।' तर, त्यसबाट स्वाङजाङ आफ्नो यात्राबाट हच्किने कुरै थिएन।

सुयबबाट स्वाङजाङ लगातार पश्चिमतिर लम्किए। केही साना राज्य र क्षेत्र पार गरेर उनीहरू दक्षिणपूर्वको पामिर्सतिर लागे। त्यसक्रममा उनीहरूले हालको कीर्गिस्तान र उज्वेगिस्तान पार गरे।

पामिर्स संसारभर त्यहाँका गल्छीहरूका कारण प्रसिद्ध छ। स्वाङजाङ त्यो पठारमा पुग्ने प्रथम यात्री हुनुपर्छ। यात्राको क्रममा उनी एक समय उत्तर-पूर्वतिर हिँडेर पश्चिम तुर्क पुगेका थिए भने अहिले उनी भारत पुग्न पश्चिमतिर हिँड्दै थिए। अगाडिको बाटो अग्ला पर्वत र गहिरो हिउँले भरिएको थियो। त्यसकारण जोखिम घटेको थिएन। कयौँ दिनसम्म उनले एक जना मानिस पनि भेट्दैनथे। एवम्रीतले उनी रणनीतिक हिसाबले महत्त्वपूर्ण तियमेन भञ्ज्याङ (उज्वेकिस्तानको प्राचीन राजधानी डेरबेन्ट) पुगे। त्यहाँ उनलाई तुर्क सिपाहीहरूले रोके। तुर्कका खानले जारी गरेको राहदानी देखाएपछि मात्र स्वाङजाङलाई त्यहाँबाट जान दिइयो। अनि उनले आफ्नो यात्रा जारी राखे।

तियमेन भञ्ज्याङको दक्षिणदेखि उत्तरी भारतको सीमासम्मको क्षेत्र आजभोलि अफगानिस्तानमा पर्दछ। प्राचीन समयमा त्यो भूभागलाई तुखारा भनी चिनिन्थ्यो। स्वाङजाङले सो क्षेत्र पार गर्दै गर्दा त्यहाँ धेरै राज्य थिए र त्यहाँ धेरै थरी आदिवासी बस्थे। तीमध्ये एउटा राज्य थियो - होको (उत्तरी अफगानिस्तानको कुनदुजनजिक)। त्यहाँका राजा तुर्की खानका जेठा छोरा दादु थिए। उनकी रानी काओचाङका राजाकी बहिनी थिइन्। स्वाङजाङले काओचाङका राजाले हस्ताक्षर गरेको चिठ्ठी नै बोकेका थिए। दुर्भाग्यवश काओचाङकी राजकुमारीको त्यतिबेला निधन भइसकेको थियो। दादु पनि बिरामी थिए। जब दादुले काओचाङबाट स्वाङजाङ आएको थाहा पाए र उनले बोकेको चिठ्ठी पढे उनले आफ्नी श्रीमतीको सम्झना रोक्न सकेनन् र आफ्ना केटाकेटीसमक्ष धुरुधुरु रोए। उनले स्वाङजाङलाई आफ्नै देशमा बस्न बिन्ती गरे। आफू बिरामीबाट निको भए पछि स्वाङजाङसँगै भारत जाने मान्छे पठाउने वाचा गरे। त्यसपछि स्वाङजाङ होको राज्यमा बसे।

होको राजदरबारमा त्यही बेला ज्यादै वियोगपूर्ण घटना हुने कुरा कसले पो सोचेको थियो र ! दादुकी नयाँ रानीको दादुकै जेठो छोरासँग प्रेम सम्बन्ध बस्यो। दादुलाई उनकै छोरा र नयाँ रानी मिलेर विष खुवाए। दादुको निधन भयो। जेठो छोरा राजा बने। तुर्की परम्पराअनुसार नयाँ राजाले आफ्नै सौतेनी आमासँग विवाह गरे। यस्तो वियोगपूर्ण घटनाको कारण स्वाङजाङ त्यहाँ एक महिनाभन्दा लामो समय बसे।

स्वाङजाङ भारततिरको आफ्नो यात्रा जारी राख्न घोडा साट्न र वाचाअनुसार एक जना प्रतिनिधि खटाउन नयाँ राजासमक्ष बिन्ती बिसाउन गए। नयाँ राजाले उनलाई होको राज्यकै नियन्त्रणमा रहेको फुहेलो अधिराज्य (मजार-इ-सरिफ, अफगानिस्तान) तिर पठाए। त्यो राज्यको उत्तरमा अमु दार्या नदी पर्थ्यो। त्यो राज्यमा पनि बुद्ध दर्शनको विकास गर्न उनलाई आग्रह गरियो। फुहेलो राज्यका दर्जनौँ भिक्षुहरू आफ्नो देश फर्किँदै थिए। उनीहरूले स्वाङजाङलाई त्यहाँ भारत जाने राम्रो बाटो भएको बताए। उनीहरूको कुरा सुनेर स्वाङजाङ फुहेलो राज्यमा लागे।

फुहेलो राज्यको राजधानीमा धेरै बौद्ध मन्दिरहरू


थिए। त्यहाँ मन्दिरहरूको गजुर सामान्यतः सुनका थिए। सूर्यको किरणमा ती गजुर टिलिक्क टल्केको चित्कार्षक र भव्य देखिन्थ्यो। त्यो सहरलाई कान्छो पाजगृह भनिन्थ्यो। पाजगृह (भारतको बिहारको पटना) बौद्ध दर्शनको पवित्र भूमि थियो। बुद्धले त्यहीं आफूले हासिल गरेको ज्ञानको व्यवहारिक प्रयोग गरेका थिए। फुहेलो अधिराज्यमा स्वाङजाङले उत्तरी भारतबाट आएका एक जना भिक्षुलाई भेटे। उनको नाम चिनियाँ भाषामा हुइसिङ थियो। हुइसिङ पढेलेखेका प्रबुद्ध व्यक्ति थिए। स्वाङजाङसँगको कुराकानी पछि दुवैले एक अर्काको कदर गरे। स्वाङजाङ एक महिनाभन्दा लामो समय त्यहीं बसे। बौद्ध शास्त्रबारे उनले हुइसिङसँग छलफल गरे। त्यहींबाट स्वाङजाङले चीन र भारतबीचको सांस्कृतिक सम्बन्ध स्थापना गरेको भन्न सकिन्छ।



अफगानिस्तानको हिन्दु कुशस्थित एउटा गाउँ।

फुहेलो अधिराज्यबाट स्वाङजाङ दुई ओटा साना देशहरूमा पुगे। उनीसँग हुइसिङ पनि थिए। त्यहाँबाट उनीहरू दक्षिणपूर्वतिर लागे। अनि विशाल हिमाच्छादित पर्वत (अफगानिस्तानको हिन्दु कुश पर्वत) प्रवेश गरे। त्यहाँको बाटो ज्यादै कठिन र खतरनाक थियो। लिङशान पर्वतका बाटा र उनले छिचोलेका मरुभूमिभन्दा त्यहाँका बाटा निकै जोखिमपूर्ण थिए। सौभाग्यवश स्वाङजाङ त्यतिञ्जेल निकै अनुभवी भइसकेका थिए। कठिनभन्दा कठिन प्राकृतिक अवस्थासँग सामना गर्न उनीसँग आवश्यक सामग्री पनि जम्मा भइसकेको थियो।

उनीहरूले ६ सय लि (३ सय किलोमिटर) भन्दा लामो हिमाच्छादित पर्वत पार गरेर बामियान (अफगानिस्तानको बामियान नजिक) पुगे। बामियान पहाडी देश थियो। त्यसको राजधानी उपत्यकामा पर्थ्यो। त्यहाँका राजा आफै आएर स्वाङजाङलाई स्वागत गरे। राजाले केही दिन बस्ने आग्रहसहित आफ्नो दरबारमा उनीहरूलाई निमन्त्रणा दिए। स्वाङजाङसँग



अफगानिस्तानको बामियानमा रहेका बौद्ध मूर्ति। सन् २००१ को मार्च महिनामा ती बुद्धका मूर्तिमाथि तालिबानहरूले क्षति पुऱ्याएका थिए।

कुराकानीपछि त्यो देशका दुई जना विद्वानहरूले पूर्वमा पनि यति खुबी भएको विद्वान् रहेछन् भनी स्वाङजाङको प्रशंसा गरे। उनीहरूले स्वाङजाङलाई न्यानो व्यवहार गरे। राजधानीको उत्तर-पूर्वी उपत्यकामा स्वाङजाङले निकै भव्य र सुन्दर दुई विशालतम बुद्धका शालिकहरू देखे। पश्चिमको बुद्धको प्रतिमा १५० चि अग्लो थियो। पूर्वतिरको बौद्ध प्रतिमा एक सय चि अग्लो थियो। दुई बौद्ध प्रतिमाको बीचमा एउटा मन्दिर थियो। त्यसमा कास्यको जलप लगाइएको थियो। बुद्धका ती प्रतिमाहरू विलक्षण प्रतिभाहरूले बनाएको बताइन्छ। स्वाङजाङले ती प्रतिमाको खुलेर प्रशंसा गरे।

अहिले ती पत्थरका बुद्ध मूर्तिहरू बामियानका प्रसिद्ध बुद्ध मूर्ति हुन्। चीनमा चि भनेको लम्बाइ मापन गर्ने एकाइ हो। ताङ शासनकालमा तीन चि बराबर एक मिटर हुन्थ्यो। हामीलाई बामियानका बुद्ध मूर्तिहरू क्रमशः ५३ मिटर र ३७ मिटरका छन् भनिएको छ। हाल र विगतको मापन दाँज्दा स्वाङजाङले उतिबेला गरेको मापन ठीक भएको प्रमाणित गर्छ। विडम्बना सन् २००१ को मार्चमा १५ सय वर्ष पुराना ती दुई बुद्ध मूर्तिमा हानी पुऱ्याइयो। स्वाङजाङले बुद्ध दर्शनका सारलाई निकै सम्मानका साथ खोजेका थिए।

बामियानबाट बिदा भएर उनले दक्षिण-पूर्वतिर यात्रा जारी राखे। उनीहरू हिमाच्छादित पर्वत नाघ्ने क्रम अन्तिम समयमा आउँदा भारी हिमपात भयो। उनीहरू त्यहाँ हराए। हुरी र हिउँबाट जोगिन उनीहरू सबै त्यहींको एउटा गुफामा ओत लागे। आँधी राकिए पछि मात्र टोली त्यहाँबाट अघि बढ्यो। पर्वत नाघेर उनीहरू हेलिङमा पुगे। हेलिङ अफगानिस्तानको हिन्दु कुशको दक्षिणतिरका पर्वतमाला हुन्। हेलिङको अर्कोतिर कापिसा क्षेत्र थियो। हेलिङ मध्य एसिया र भारतको मिलनबिन्दु थियो। तुर्की खानले स्वाङजाङलाई मद्दत गर्न पठाएको टोली त्यही बिन्दुबाट फर्कियो। युवा व्यवसायीहरूले पनि स्वाङजाङलाई बिदाइ गरे र फर्के।

कापिसा भारतको उत्तर–पश्चिममा अवस्थित एउटा विशाल देश थियो । त्यसको राजधानी काबुल थियो । त्यहाँका राजा आफै बौद्ध धर्मावलम्बी थिए । राजा स्वयम् केही भिक्षुहरूसँगै आफै नगरको द्वारसम्म पुगेर स्वाङजाङलाई स्वागत गर्न आए । राजधानी काबुलमा १ सयभन्दा बढी मन्दिरहरू थिए । सबै मन्दिरका भिक्षुहरूले स्वाङजाङलाई सकभर आफ्नो मन्दिरमा राख्ने प्रयास गरे । तीमध्ये एउटा मन्दिरको नाम थियो भिचि मन्दिर (बन्दी मन्दिर) । हान शासनकालमा एक जना राजकुमारलाई बन्दी बनाउन त्यो मन्दिर बनाइएको बताइन्छ । मन्दिरको भिक्षुले भने,'हाम्रो मन्दिरको स्थापना हान वंशका एक जना राजकुमारको लागि बनाइएको थियो । हजुर चीनबाट सवारी होइबक्सेको छ । त्यसकारण हजुरको पहिलो वास यही मन्दिरमा हुनु मनासिब हुनेछ ।' स्वाङजाङले उनको आमन्त्रणलाई स्वीकारे ।

खोज अनुसन्धानपछि स्वाङजाङले त्यो मन्दिरमा बन्दी बनाइएका राजकुमार पूर्वी हान शासन (२५–२२०) का त्व रोङका छोरा हुनसक्ने अनुमान गरे । त्व रोङले कुनै बेला हेसी क्षेत्रमा शासन गरेका थिए । हेसी क्षेत्र भन्नाले कान्सु र छिङ्हाईको पश्चिमबाट पहेँलो नदीसम्मको क्षेत्रलाई बुझिन्छ । छिमेकी राज्यहरूसँग सम्बन्ध बिस्तार गर्न उनले सम्भवतः आफ्ना छोरालाई बन्दीको रूपमा पठाएको हुनुपर्छ । उतिबेला भारतमा नास्पाती वा आरु थिएन । राजकुमारले आफूसँगै लिएर आएका दुई थरी फलका रूख रोपेका थिए र त्यही कारण त्यहाँका स्थानीयले फलको आहारा पाए ।

स्वाङजाङ र हुइसिङ महायान मन्दिरमा बौद्ध शास्त्रका विषयमा प्रवचन दिन्थे । उनीहरूका प्रवचन श्रवण गर्न राजा र भिक्षुहरू त्यहाँ जम्मा हुन्थे । त्यो देशमा महायान र हिनयान दुवै बौद्ध सम्प्रदायका अगुवाहरू थिए । उनीहरूलाई एकआपसका कुरा चित्त बुझ्दैनथ्यो । स्वाङजाङ महायान र हिनयान दुवै सम्प्रदायमा पारङ्गत थिए । जस्तोसुकै प्रश्नको सहज जवाफ दिने खुबी उनमा थियो । उनको यस्तो क्षमताको सबैले खुलेर प्रशंसा गर्थे ।

स्वाङजाङलाई तुखराका राजाले आमन्त्रण गरे । हुइसिङ त्यहाँबाट बिदा भए । कापिसा छोडेर स्वाङजाङ पूर्वतिर ६ सय लि (३ सय किलोमिटर) भन्दा लामो बाटो हिँडेर हेइलिङको आरोहण गरे । अन्ततः स्वाङजाङ भारत पुगे । उनी आफ्नो मनको पवित्र भूमिमा पुगे । भारतबाट बौद्ध शास्त्र र सूत्र हासिल गर्ने उनको सपना सफलताको नजिक पुगिरहेको थियो । **(क्रमशः)**

तस्बिर : पुस्तकबाट

नेपाली अनुवादः नीरज

# प्रेरणीय

## के फरक पर्छ र ?

गाउँपालिकाका अध्यक्षले ज्येष्ठ नागरिक दिवसमा गाउँका सबै वृद्धवृद्धालाई विशेष सम्मानसाथ खिर खुवाउने निर्णय गरे । यसका लागि उनले गाउँलेको भेला आयोजना गराए । भेलामा उनले भने– ज्येष्ठ नागरिक हाम्रा आदर्श हुन् । उनीहरूको सम्मान गर्नु हामी सबैको कर्तव्य हो । त्यसैले, भोलिको ज्येष्ठ नागरिक दिवस भव्य रूपमा मनाउने हामीले निर्णय गरेका छौँ ।

त्यस क्रममा यो गाउँपालिकाभित्र ६० वर्ष उमेर पुगेका सम्पूर्ण ज्येष्ठ नागरिकलाई खिर खुवाउने कार्यक्रम तय भएको छ । यस कार्यक्रममा यहाँहरूले पनि आ–आफ्ना तर्फबाट सक्दो सहयोग पुऱ्याउनुहुनेछ भन्ने विश्वास छ ।

तपाईंहरू सबैले गाउँपालिका कार्यालयबाहिर राखिएको कालो ट्यांकीमा एक–एक लिटर दूध ल्याएर खन्याइदिनुहोला । भेलामा उपस्थित सबैले करतल ध्वनिले प्रस्तावको समर्थन गरे । भोलि बिहानै एक–एक लिटर दूध ल्याइदिने वाचा गर्दै सबै घरतिर फर्किए । भोलिपल्ट बिहान अँध्यारामै सबै गाउँलेले पालैपालो एक–एक लिटर दूध ल्याएर तोकिएको ट्यांकीमा खन्याए । उज्यालो भएपछि अध्यक्षलगायत पदाधिकारी पनि आइपुगे । दूध कति भएछ, पुग्ने भयो कि भएन भनेर ट्यांकीमा हेर्दा सबै छक्क परे । किनकि, त्यहाँ दूधको साटो पानी मात्र थियो ।

वास्तवमा अरू सबैले दूध हालेको ट्यांकीमा म एउटाले पानी हाल्दैमा के फरक पर्छ र भनेर सबै गाउँलेले त्यहाँ अँध्यारैमा दूधको साटो पानी खन्याएका थिए । जसले गर्दा ट्यांकी पानीले भरिएको थियो ।

हामी पनि हरेक काममा म एउटाले गर्दैमा के फरक पर्छ र भन्ने सोच्छौँ । यथार्थमा सबैले यस्तै सोचे भने धेरै ठूलो फरक पर्छ ।

**झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ ।**

# स्थानीय तहमा कर्मचारी व्यवस्थापन

समिर

दोश्रो जन आन्दोलन ०६२।६३ को सफलता पश्चात नेपालमा गणतन्त्रात्मक राजनीतिक व्यवस्था स्थापना भयो। वि.सं. २०६३ जेठ १५ गते बसेको संविधान सभाको पहिलो बैठकले नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रामक मुलुक घोषणा गऱ्यो। राज्यको पुनरसंरचना सँगै देशमा तीन तहको सरकारबाट राज्य सञ्चालन हुने नेपालको संविधान २०७२ ले व्यवस्था गऱ्यो। जस अनुसार हाल नेपालमा १ ओटा सङ्घीय सरकार, ७ ओटा प्रादेशिक सरकार र ७५३ ओटा स्थानीय सरकारहरूबाट संविधानले निर्देशित गरेको अधिकारहरूको सदुपयोग गर्दै राज्य र सरकार सञ्चालन हुँदै आएको छ। राज्य सञ्चालन व्यवस्थित गर्न संविधानले विभिन्न अनुसूचीहरूमा एकल र साझा अधिकार सूचीहरूको व्यवस्था गरी तीनै तहलाई सह अस्तित्व, सहकार्य र समन्वयमा आ–आफ्नो अधिकारको प्रयोगको लागि निर्देशितसमेत गरेको छ।

राज्यको पुनरसंरचनासँगै तीनै तहका सरकारबाट आफ्नो अधिकारको पूर्ण सदुपयोग गर्दै सेवा प्रवाह र विकास निर्माण कार्य अगाडि बढाउन आवश्यक ऐन, कानूनहरूको निर्माण क्रमश हुन थालेको छ। यही क्रममा स्थानीय सरकार सञ्चालनको लागि 'स्थानीय सरकार सञ्चालन ऐन, २०७४' जारी भयो र स्थानीय तहको निर्वाचन पश्चात देशभरिकै ७५३ ओटै स्थानीय तहहरूमा जनप्रतिनिधिहरू सक्रिय हुँदै क्रमशः विकास निर्माण र सेवा प्रवाहको कार्य अगाडि बढाइयो। राज्यको पुनरसंरचना पश्चात सङ्घीय, प्रादेशिक र स्थानीय तहको निर्वाचन गरी तीन ओटै तहमा पूर्ण रूपमा जनप्रतिनिधिहरू बहालीसँगै व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको कार्य सञ्चालन भयो।

कर्मचारीतन्त्रलाई राजनीतिक रूपमा स्थायी सरकार भनिन्छ। राज्यको पुनरसंरचनासँगै सङ्घीय कर्मचारी र स्थानीय कर्मचारीको रूपमा साविकमा व्यवस्था भएको कर्मचारीतन्त्रले तीन तहका सरकारहरू सञ्चालनको लागि कर्मचारी व्यवस्थापन गर्न कर्मचारी समायोजन ऐन, २०७५ जारी गरी लागु गऱ्यो। तर, सो ऐनमा भएको विभेदकारी व्यवस्थाले गर्दा धेरै स्थानीय तह र स्थानीय तहका कर्मचारीहरूले उक्त ऐनअनुसार समायोजन भएर आएका कर्मचारीहरूले समायोजन भएको स्थानीय तहमा हाजिर नगराई फिर्ता पठाइएको जानकारीहरू अखबारहरूमा छापियो। उक्त ऐनको दफा ७ ले सरकारी सेवाका कर्मचारी समायोजन गर्दा सेवा अवधि र शैक्षिक योग्यताको आधारमा १ तह माथि वा खाइपाइ आएकोमा २ ग्रेड थप गरी समायोजन गर्ने व्यवस्था गऱ्यो भने स्थानीय तहमा कार्यरत कर्मचारीहरूको सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८५ को उपदफा ३ मा यो ऐन प्रारम्भ भएका वखत स्थानीय तहमा कार्यरत स्थायी कर्मचारीहरू सम्बन्धित स्थानीय तहमा स्वतः समायोजन भएको मानिन्छ भन्ने व्यवस्था गरी लामो समयदेखि कार्यरत स्थानीय तहका कर्मचारीहरूलाई उही पदमा समायोजन गर्ने विभेदकारी कानुन लागु गरियो। यसले स्थानीय तहमा कार्यरत कर्मचारी र निजामती सेवाबाट आएका कर्मचारीहरूबीच सहज सम्बन्ध कायम हुन समस्या उत्पन्न भयो र समायोजन भएर आएका कर्मचारीहरू भएका स्थानीय तहहरूमा कार्य सञ्चालनमा विभिन्न समस्याहरू भएको स्थानीय तहका जनप्रतिनिधिहरूबाट समय समयमा गुनासो हुँदै आएको छ।

देशमा सङ्घीयता लागू हुनु अघि एकात्मक राज्यको राजनीतिक प्रणाली भएको अवस्थामा स्थानीय निकाय सञ्चालनको लागि स्थानीय स्वायत्त शासन ऐन, २०५५ र स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को व्यवस्था गरी स्थानीय निकायको सेवा गठन र सञ्चालनको कानूनी व्यवस्था थियो। उक्त ऐन र नियमावलीले स्थानीय तहलाई आफ्नो कार्य क्षेत्र, कार्य बोझ, आर्थिक क्षमता र औचित्यताको आधारमा सङ्गठन स्वरूप स्वीकृत गरी सङ्गठन स्वरूप अनुसार दरबन्दी सृजना गरी पदपूर्ति समितिमार्फत स्थायी, अस्थायी र करार सेवामा आवश्यक कर्मचारी भर्ना गर्ने अधिकार प्रदान गरिएको थियो। सोही अनुसार देशभरिकै स्थानीय निकायहरूले आफ्नो स्थानीय निकायको आवश्यकता, औचित्यता र क्षमताअनुसार सङ्गठन स्वरूप निर्धारण गरी दरबन्दीअनुसार कर्मचारी व्यवस्थापन गर्दै स्थानीय निकायका जनतालाई सेवा प्रदान गर्दै स्वायत्तताको अभ्यास गर्दै आएको थियो। दोश्रो जनआन्दोलनको बेला धेरै राजनैतिक दलका नेताहरूले विकेन्द्रिकरण र स्वायत्तताको पूर्ण अभ्यास गर्न सकिएमा नेपालजस्तो सानो र कम जनसङ्ख्या भएको मुलुकको लागि सङ्घीयता आवश्यक नभएको सार्वजनिक गरेका थिए। तर, दोश्रो जनआन्दोलन पश्चात सरकारमा

गएका र संविधान सभामा बहुमत प्राप्त गरेका राजनैतिक दलहरूको घैंटोमा घाम नलाग्दा विकेन्द्रिकरण र स्वायत्तताको पूर्ण कार्यान्वयन हुन सकिएन ।

नेपाल भौगोलिक र सामाजिक विविधतायुक्त मुलुक हो । यहाँ समुद्री सतहभन्दा जम्मा ६० मिटर उचाइमा अवस्थित भूभागदेखि संसारकै सर्वोच्च शिखर सगरमाथा अवस्थित छ । त्यसैले यहाँ सयौं किसिमका जातजाति र सयौं किसिमका भाषा भाषीहरू बसोबास गर्छन् । भौगोलिक विविधताले देशका विभिन्न स्थानीय तहहरूको आ–आफ्नै विशेषता, क्षमता र कमजोरी रहेको छ । त्यसैले देशभरिको सबै स्थानीय तहहरूलाई एउटै आँखाले हेर्न हुँदैन सामान्यकरण गरी एउटै नियम र कानूनबाट सम्बोधन पनि गर्न सकिँदैन । देशको समानुपातिक विकासको लागि स्थानीय तहमा भएका श्रोत, साधन र सबलपक्षलाई सदुपयोग गर्दै विकास निर्माण र सेवा प्रवाह अगाडि बढाउनु पर्ने हुन्छ । यसको लागि स्वायत्तता र विकेन्द्रिकरण पहिलो र अनिवार्य सर्त हो । तर, केन्द्रिकृत सोचबाट ग्रस्त कर्मचारीतन्त्र र शक्ति केन्द्रिकृत गर्ने सामन्तवादी संस्कारबाट ग्रस्त ठूला राजनैतिक दलका नेताहरूको सत्ता र शक्ति लिप्साका कारण पहिले संविधानको मर्म र भावना अनुसार स्थानीय तहहरू पूर्णरूपमा स्वायत्त भई कृयाशील हुन सकिएको छैन ।

संविधान, ऐन र कानुनहरूमा भएको दोहोरोपन र एकआपसमा बाझिने व्यवस्थाको कारण र सङ्घ प्रदेशले समयमै आवश्यक ऐन कानुन निर्माण नगर्दा स्थानीय तहहरू र तहाँ कार्यरत कर्मचारीहरू लामो समयदेखि पीडित भएका छन् । स्थानीय सरकार सञ्चालन ऐन र कर्मचारी समायोजन ऐनले व्यवस्था गरेको विभेदकारी व्यवस्थाले लामो समयदेखि कार्यरत स्थानीय तहका कर्मचारीहरूको वृति विकास हुन पाएको छैन भने २०६४ सालपछि नियुक्ती पाएका स्थानीय तहका कर्मचारीहरू स्थायी नियुक्ती हुनबाट वञ्चित हुन परेको छ । यसले स्थानीय तहको सेवाको गुणस्तरमा प्रत्यक्ष रूपमा प्रतिकूल प्रभाव परिरहेको छ । यसका साथै ७ ओटै प्रदेशका प्रादेशिक सरकार र प्रदेश लोकसेवा आयोगबाट समय समयमा परिपत्र गर्दै स्थानीय तह र स्थानीय तहका कर्मचारीहरूलाई विभागीय कारबाहीको धम्की दिँदै गर्दा संविधानको भावनाअनुसार सहअस्तित्व,

## नेपालको संघीय राज्य संरचना

**संघ**

| | कोशी प्रदेश | मधेश प्रदेश | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश |
|---|---|---|---|---|---|---|---|
| महानगरपालिका | १ | १ | ३ | १ | ० | ० | ० |
| उपमहानगरपलिका | २ | ३ | १ | ० | ४ | ० | १ |
| नगरपालिका | ४६ | ७३ | ४१ | २६ | ३२ | २५ | ३३ |
| गाउँपालिका | ८८ | ५९ | ७४ | ५८ | ७३ | ५४ | ५४ |
| जम्मा स्थानीय तह | १३७ | १३६ | ११९ | ८५ | १०९ | ७९ | ८८ |

कूल जम्मा ७५३ वटा स्थानीय तह
जम्मा ७६१ सरकार

समन्वय र सहकार्यमा आघात पुगेको महसुस गर्न थालिएको छ । यसले स्थानीय तह, प्रदेश सरकार र सङ्घीय सरकारको सम्बन्धमा चिसोपन नल्याउला भन्न सकिँदैन । यसर्थ, यस्तो विषयहरूमा कुनै किसिमको काम कारबाहीको अगाडि बढाउनु पूर्व तीनै तहका जनप्रतिनिधिहरू बीच आवश्यक छलफल, परामर्श र सहमतिको आवश्यकता महसुस गरिएको छ ।

कुनैपनि कार्यालयको स्वचालित र स्थायी संयन्त्र भनेको कर्मचारीतन्त्र हो । साथै कर्मचारीतन्त्र अत्यन्त संवेदनशील र गम्भीर विषय पनि हो । त्यसैले यस्ता विषयहरूमा कुनैपनि किसिमको निर्णय गर्नुपूर्व सम्बन्धित पक्ष र सरोकारवालाहरूबीच घनिभूत छलफलको आवश्यकता पर्दछ । अन्यथा यसको परिणाम दूरगामी हुन सक्दछ । यसर्थ स्थानीय तहमा कार्यरत कर्मचारीहरूको व्यवस्थापन र नयाँ पदपूर्ति गर्ने सम्बन्धमा पनि विभिन्न ऐन कानुनको हवाला दिँदै एउटा तहले अर्को तहलाई निर्देशन दिनुभन्दा पनि विद्यमान अवस्था र समस्याको पहिचान गरी अगाडि बढ्न सके दिगो हुने निश्चित छ । कर्मचारी व्यवस्थासँगै पारिश्रमिक सुविधा, सेवा निवृत्त सुविधा र अन्य सुविधाहरूको जिम्मेवारी र दायित्वका कुराहरूपनि सँगसँगै आउँछन् । विगतमा केन्द्र र स्थानीय तहको मात्र व्यवस्था भएको बेलाका कर्मचारीहरूको आर्थिक जिम्मेवारी केन्द्र र स्थानीय तहले व्यहोर्ने अवस्थाभन्दा हाल तीन तहको व्यवस्था पछि सङ्घीय कर्मचारीहरूको नियुक्ती, खटनपटन, सेवा सुविधा र वृत्तिविकासको सम्पूर्ण जिम्मेवारी सङ्घीय सरकारले लिएको छ । त्यस्तै प्रादेशिक कर्मचारीहरूको नियुक्ती र जिम्मेवारी प्रदेश सरकार र प्रदेश लोकसेवा आयोगले लिएको छ । तर, स्थानीय तहको कर्मचारीको स्थायी नियुक्ती र सरुवा बढुवाको अधिकार प्रदेश सरकार र प्रदेश लोकसेवा आयोगले लिएको छ भने नियुक्त भएका कर्मचारीहरूको पारिश्रमिक तलब र सेवा सुविधा स्थानीय तहको जिम्मा लगाएको छ । साथै उक्त कर्मचारीहरू सेवा निवृत्त भइसकेपछि कानुनअनुसार पाउने औषधी उपचार खर्च, सञ्चित बिदाको रकमलगायतका विषयमा अझै अन्यौल भएको पाइन्छ । नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, प्रदेश सरकारले जारी गरेको ऐन आदिमा कानुनी व्यवस्था बाझिएको अवस्था छ । नेपालको संविधानको अनुसूची ८ को स्थानीय तहको अधिकारको सूची अन्तर्गत बुँदा नं. ५ मा स्थानीय सेवाको व्यवस्थापन स्थानीय तहको अधिकारमा परेको छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐनको दफा ८६ को उपदफा २ मा स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन, सेवाको सर्त तथा सुविधा सम्बन्धी तथा अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजम हुनेछ भनी उल्लेख गरी स्थानीय सेवा गठन र सञ्चालनको अधिकार स्थानीय तहलाई दिएको छ । तर देशका ७ ओटै प्रदेशहरूले आ–आफ्नो स्थानीय तह सेवा गठन र सञ्चालनसम्बन्धी ऐन जारी गरी आफ्नो प्रदेशका स्थानीय तहहरूलाई मातहतको निकायलाई जस्तै निर्देशित गर्न थालेको छ । यसले धेरै स्थानीय तहका लामो समयदेखि कार्यरत कर्मचारीहरूलाई विचलित पार्दै राजीनामा गर्न बाध्य पारिएको समाचारहरू अखबारहरूमा छापिएका छन् । यसले स्थानीय तहहरू झन अव्यवस्थित हुने खतरा बढेको छ । यसर्थ, नेपालको संविधानको भावना र मर्म बमोजिम सङ्घीयतालाई पूर्ण कार्यान्वयन र सफल बनाउन तीनै तहका कर्मचारीहरू व्यवस्थापन गर्ने जिम्मा सम्बन्धित तीनै तहलाई नै दिई विगतमा जस्तै स्थानीय तहहरूको स्वायत्ततालाई कायम गरी कर्मचारी नियुक्ती, सरुवा, बढुवा, कारबाही, सेवा सुविधा र सेवा निवृत्त सुविधासमेत स्थानीय तहलाई नै जिम्मा दिई आवश्यक मापदण्ड मात्र सङ्घीय वा प्रदेश लोकसेवा आयोगबाट गर्ने व्यवस्था मिलाउन सकिए हाल कायम भएको स्थानीय तहहरूको अन्यौल अन्त्य हुने विश्वास गर्न सकिन्छ । अन्यथा माथिल्लो तहबाट जनशक्ति खटाई तल्लो तहलाई भताभुङ्ग गरी आर्थिक भार मात्र व्यहोर्न लगाई परिचालनसमेत गर्न नसक्ने गरी पंगु बनाई स्थानीय तहबाट राम्रो कार्यसम्पादन परिणामको आशा गर्नु दिवास्वप्न मात्र हुने निश्चित छ ।


## कोभिड–१९ बाट

### सुरक्षित हुनको लागि स्वास्थ्य मापदण्ड अपनाऔं ।

- घर बाहिर जाँदा मास्क लगाऔं ।
- साबुन पानीले समय-समयमा हात धोऔं ।
- स्यानीटाइजर लगाऔं ।
- खोपको मात्रा पूरा गरौं ।

**कोभिड–१९ बाट आफू बचौं र अरूलाई पनि बचाऔं ।**

# स्थलरूप मापन तथा नदी खोला प्रवाहित बैंसी उपत्यकाका संरचनागत अवधारणा




विष्णुभक्त राजचल

स्थलाकृत भन्नाले धरातलीय स्वरूपको नाप जाँचको विश्लेषणात्मक वर्णन हो। कुनै पनि वस्तु चाहे त्यो बोटविरुवा होस् या जीवजन्तु वा पृथ्वीको सतहबारेको आकार, स्वरूप र प्रकृतिको नापजाँच गरी गणितीय माध्यमबाट सत्य तथ्य विश्लेषण गर्ने पद्धतिलाई नै आकारमिति वा स्थलाकृत (morphometry) भन्ने गरिन्छ। लण्डन विश्वविद्यालयका एक भूआकृति विज्ञ **हेइनेमान** (Heinemann) को भनाइअनुसार Morphometry may be defind as the measurment and mathematical analys of the configuration of the earth surface and of the shape and dimension of the landform भनेका छन्।

सारमा भौतिक स्थलरूप तथा पृथ्वीको सतहलाई ज्यामितीय तवरले मापन गर्नेलाई नै भौतिक आकारमिति भनिन्छ।

यस आकारमितिमा कुनै पनि स्थानको स्थलरूपको लम्बाइ, चौडाइ, उचाइ, ढाल, क्षेत्रफल तथा विस्तारित भूमि आदिको मापन हुन्छ। यसको लागि आवश्यक आँकडा कुनै वास्तविक स्थान विशेषको नापजाँच गरेर वा मानचित्रबाट प्राप्त गरिन्छ। कुनै पनि नदी प्रवाह बैंसी उपत्यकाको तथा विभिन्न प्रकारका नदी एवं तिनका सहायक र उपसहायक नदीको लम्बाइ, सङ्ख्या, छेडक, श्रेणीक्रम, तिनीहरूबीचको अनुपात आदिको अध्ययन यस आकारमितिमा अत्यन्त महत्त्वपूर्ण हुन्छ। तिनीहरूको नापजाँचबाट प्राप्त आँकडाको रेखाचित्र, लेखाचित्र, मानचित्र तथा साङ्ख्यिकीका विभिन्न विधिहरू प्रदर्शनगरी कुनै स्थान विशेषको स्थलाकृतबारे जानकारी हासिल गरिन्छ। त्यसैले अहिले आएर आकारजनक प्रणाली (Morphogenetic processes) तथा सम्बन्धित स्थानको जलवायुको मात्रात्मक अध्ययन पनि आवश्यक हुन आएको छ। अचेल यो आकारमितिको प्रयोग अपहरित सतह, ढाल, अग्लो- होचो स्थल घाटी, प्रवाहबैंसी उपत्यका आदिका विश्लेषणात्मकतामा हुँदै आएको छ।



डेविस

भूआकृति सम्बन्धी जिज्ञासुहरूको लागि यो आकारमितिको अध्ययन र प्रयोग नौलो हुन सक्छ तर इतिहासले यसको अध्ययन प्रयोग **डेविस** William Morris Davis - 1850-1934) नामका वैज्ञानिकको पालाभन्दा अगाडि देखिनै प्रचलनमा आइसकेको थियो। त्यतिवेला यसको अध्ययन व्याख्यात्मक रूपमा मात्र सीमित थियो।


प्रारम्भमा यसको मापन धरातलीय स्वरूपलाई तुलनात्मक वर्णनको लागि मात्र सीमित हुन्थ्यो। तर पछि यसको प्रयोग कुनै निश्चित स्थलाकृतको वैज्ञानिक विश्लेषणको लागि पनि भयो। जसअन्तरगत स्थलीय क्षेत्रफल, उचाइ, ढाल आदिको गणितीय नापजाँच तथा तिनीहरूको विभिन्न प्रकारका रेखाचित्रहरू जस्तै Clino graphic Curve, Hypso clinographic Curve, Altimetric frequency Curve आदिमा पनि प्रयोग गर्न थालियो। अहिले पनि यसको प्रयोग व्यापक रूपमा भइरहेका छन्।


प्रवाहबैंसी उपत्यकामा अपहरणको स्वभाव, ढालको निर्माण एवं विकसित रूपसित सम्बन्धित कुनै सिद्धान्त तथा नियमहरू प्रतिपादन गर्न सक्षमहोस् भनेर नै यो आकारमितिको अध्ययन हुने गरेको हो।


यही आकारमिति अन्तरगत रहेका नदी खोला, प्रवाह बैंसी उपत्यका सम्बन्धी संरचनागत अवधारणा यहाँ प्रस्तुत गरिएको छ।

### नदी खोला प्रवाहितबैंसी उपत्यकाको संरचनागत अवधारणा (Concept of Drainage Basin)

बोलीचालीमा नदी र खोलालाई एउटै मान्ने गर्छन्। तर संरचनागत रूपमा ती दुईमा धेरै कुरामा फरक छन्। नदी धेरै लामो र चौडा हुनुको साथै पानीको परिमाण धेरै








र वर्षैंभरि नटुटिकन लगातार जल प्रवाह भइनै रहने गर्छ। खोला तुलनात्मक रूपमा निकै छोटो, साँघुरो हुनुको साथै पानीको परिमाण पनि निकै कम हुन्छ र जलप्रवाह कहिले काहीं टुट्न सक्छन् वा सुख्खा हुन्छ। अङ्ग्रेजी शब्दमा नदीलाई River र खोलालाई Stream भन्ने गरिन्छ। गंगा, ब्रम्हपुत्र, नाइल, याङतिसिक्याङ्ग, कोशी, गण्डकी, कर्णाली आदिलाई खोला भन्न सुहाउँदैन तिनीहरूलाई नदी नै भनिन्छ। बागमती, मनोहरा, तिनाउ, कमला वाणगंगा, काभेरी आदिलाई खोला पनि भनिन्छ।

नदी वा खोलाबारे विस्तृत जानकारी पाउन भूगोल शास्त्रमा सूक्ष्म अध्ययनको आवश्यकता पर्छ। यस अन्तरगत नदी खोलाबारे विभिन्न श्रेणी विभाजन, मुख्य खोला, सहायक र उपसहायकहरूको सङ्ख्या, खण्ड, लम्बाइ, चौडाइ, गहिराइ, क्षेत्रफल, एक अर्कोबीच अनुपात, समानुपात, जलप्रवाह गति, ढाल, पानीको तीव्रता, जलप्रवाहित घाटी, बैंसी उपत्यकाको ढाल, गहराइ, उचाइ, क्षेत्रफल, स्थलाकृत, प्रवाहबैंसीको संरचना आदि इत्यादि वर्णनात्मक एवं गणितीय अध्ययन अध्यापन हुने गरिन्छ। यस अध्ययनले भूगोल सम्बन्धी विशेष चासो वा अभिरुची राख्न चाहनेहरूको लागि निकै राहत हुने गर्छ।

नदी खोलाको घाटी, बैंसी, उपत्यका सम्बन्धी आवधारणाको श्री गणेश नदीको संरचना तथा जलप्रवाह प्रणालीको अध्ययनको सिलसिलामा भएको हो।

वर्षाको पानी वा हिउँ पग्लेर निस्केको पानी अथवा मूल फुटेर निस्केको पानी एकत्रितभई प्रवाहभएर मुख्य नदी वा सहायक वा उपसहायक नदीखोलाको रूपमा बग्दा निर्माण भएका स्थलाकृतलाई जलप्रवाह बैंसीउपत्यकाको रूपमा लिने गरेको छ। यस अवधारणाका प्रथम प्रवर्तक **हर्टन** Robert Elmer Horton -1875-1945) थिए। उनले एक जलप्रवाहित उपत्यका र अर्को जलप्रवाहित उपत्यकालाई कुनै

विभाजक रेखाले छुट्याइएको हुन्छ भनेका छन् । त्यस्ता विभाजक रेखालाई बाहिरी सीमा निर्धारक भनेका छन् । यसैलाई जलप्रवाह बेँसी उपत्यकाको परिधी भन्ने गरिन्छ । जस्तै सप्तकोशी नदीका वृहत उपत्यकामा इन्द्रावती, सुनकोशी, भोटेकोशी, तामाकोशी, लिखु, अरुण, तमोर जस्ता अनेकौँ सहायक तथा उपसहायक नदी खोलाहरू पर्दछन् । यस्तै सप्त गण्डकी उपत्यकामा काली, सेती, माडी, त्रिशुली, दरौंदी नामका सहायक नदीहरू रहेका छन् । यी दुई प्रवाह क्षेत्रलाई बीचमा रहेका वृहत पहाडी धरातलले छुट्याएका छन् । यस प्रकारले जलप्रवाह बेँसी उपत्यका भन्नाले अनेकौँ बेँसी सहायक वा उपसहायक नदीहरू प्रवाहित विस्तृत भू-आकृति भन्ने बुझिन्छ । यसमा जलवायुका आधारभूत परिमाणको मापन तथा स्थलाकृतको विवरण एवं व्याख्यासमेत पर्दछन् । जुनसुकै किसिमका नदीखोलाको जलप्रवाहित उपत्यकामा हुने वर्षाको मात्रा वा परिमाण, नदी खोलामा बग्ने पानीको परिमाण, भूमिगत जलभण्डारमा हुने परिवर्तित परिमाण आदि यसमा मापन गर्ने गरिन्छ । साथै वाष्पीकरण भएर जाने पानीको परिमाण र वनस्पतिले लिने उत्सर्जन (Transpiration) परिमाण समेत मापन गर्ने गरिन्छ ।

जल प्रवाहित बेँसी उपत्यकाको अध्ययनमा मुख्य गरेर निम्न तीन आधार पक्षमा विभाजित गरेर अध्ययन अध्यापन गर्ने गरेको देखिन्छ –

(१) **रेखीय पक्ष** (Liner Aspect)
(२) **क्षेत्रीय पक्ष** (Areal Aspect)
(३) **धरातलीय पक्ष** (Relief Aspect)

१) **रेखीय पक्ष**मा खोलाको रेखीय विशेषता अर्थात् नदी खोलाहरूको श्रेणी, लम्बाइ र सङ्ख्या आदिको रेखात्मक विशेषताबारे अध्ययन गरिन्छ । यसबाट नदी खोलाका विभिन्न श्रेणीहरू बारे ठोस जानकारी हासिल गर्नु नै मुख्य पक्ष हो । भूआकृति विज्ञानका विद्वान मिलर (MG Miller) को भनाइअनुसार नदी खोलाको श्रेणी भन्नाले जलप्रवाह बेँसी उपत्यकामा प्रवाह हुने कुनै पनि नदी खोलाको पदानुक्रम अनुसारको मापन प्रकृया हो ।

यस रेखीय पक्षामा पनि मुख्य गरेर चारओटा पाटाहरू छन्–

### (क) विभिन्न विद्वानहरूको विधिद्वारा गर्ने मापन

नदी खोलाका श्रेणी मान नाप निर्धारणमा धेरै विद्वानहरूले आ-आफ्नै छुट्टाछुट्टै पद्धति अपनाएका छन् । तर, यहाँ निम्न तीन जना विद्वानहरूले अपनाएका विधिहरू मात्र




हर्टन र स्ट्राहलर

उल्लेख गरिन्छ ।

**(अ)** हर्टनको श्रेणी विधि
**(आ)** स्ट्राहलरको नदी खोला खण्ड विधि
**(इ)** श्रीवको नदी खोलाहरूबीच सम्बन्ध परिमाण विधि

### (अ) हर्टनको श्रेणी विधि

सन् १९४५ मा हर्टनले सहायक खोलाहरू नभएका मुख्य खोलालाई **पहिलो श्रेणी**को खोलामा वर्गीकरण गरेका छन् । कुनै पनि नदीखोला प्रवाह बेँसीमा बहने खोलाहरूको जालमा सहायक विहिन भई अरू कुनै खोलाको सहायक बन्न जाने खोलालाई प्रथम श्रेणीको खोला भनिन्छ । दुईओटा प्रथम श्रेणीका खोलाहरू संगम भइसकेपछिको अगाडिको खण्ड **द्वितीय श्रेणी** खोला हुन जान्छ । ती दुई प्रथम श्रेणीका खोलाहरू मध्ये जुन खोला सबभन्दा लामो छ त्यो दोस्रो श्रेणीको खोलाको उद्गमको रूपमा प्रदर्शित हुन्छ । यस्तै, दुईओटा द्वितीय श्रेणीका खोलामध्ये जुन सबभन्दा लामो छ त्यो **तृतीय श्रेणी**को खोलाको उद्गमको रूपमा प्रदर्शित हुन्छ । जब दुई समान श्रेणीका खोला एक आपसमा मिल्दा त्यो भन्दा अगाडिको भागबाट उच्च श्रेणीको (Next higher order) खोला निर्माण हुन्छ । यस विधिमा खोलाको श्रेणीलाई अङ्कण राख्न कठिन हुनसक्छ ।

### (आ) स्ट्राहलरको नदी खोला खण्ड विधि (A.N, Strahler's Stream Segment method)

हर्टनको श्रेणी विधिमा देखापरेका कमी कमजोरीलाई हटाई स्टानहलरले सन् १९६४ मा खोलालाई विभिन्न खण्डहरूमा विभाजन गरे । सबै सहायक विहिन खोलालाई प्रथम श्रेणीमा राखी तिनीहरूलाई **१ नम्बर** प्रदान गरियो । प्रथम श्रेणीका दुई खोलाहरू आपसमा मिल्ने संगमस्थलभन्दा अगाडिको खण्डलाई **२ नम्बर**को सङ्ख्यामा राखियो । जहाँ द्वितीय श्रेणीका दुई खोला संगम हुन्छ त्यहाँबाट **३ नम्बर**को खोला निर्माण हुन्छ । यस प्रकार

स्टानहलर विधिमा प्रत्येक श्रेणीका खोलाको वास्तविक लम्बाइ तथा उद्गमस्थल अङ्कित गर्न प्रयास गरिएन। यस विधिबाट सबै खोलाको वास्तविक लम्बाइ थहा पाउन सक्ने अवस्था रहेन। तर खोलाका विभिन्न खण्डहरूको छुट्टाछुट्टै लम्बाइ जोडेर वास्तविक लम्बाइ थाहापाउन सक्नेछन्।

**(ङ) श्रीवको नदी खोलाहरूबीच सम्बन्ध परिमाण विधि** (Shreve's stream link magnitude method)

जबसम्म कुनै श्रेणीको खोलामा सोही श्रेणी बराबरका अरू खण्ड मिल्दैन तबसम्म उनको श्रेणी नबढ्ने स्टानहलरको कमीकमजोरीलाई सुधारेर श्रीवले सन् १९६६ मा खोलै खोलाको जाललाई अनेकौं खण्डमा विभाजन गर्ने सुझाव प्रस्तुत गरे। श्रेणीको स्थानमा श्रीवले **परिमाण** (Magnitude) शब्दको प्रयोग गरे। जुनस्थानमा **प्रथम परिमाण**का दुई हाँगा (Links) मिल्ने गर्छ त्यहाँ **द्वितीय परिमाण** शुरू हुन्छ। यदि उक्त द्वितीय परिमाण अगाडि बढेर प्रथम परिमाणका एक हाँगा जब मिल्छ अनि **तृतीय परिमाण**को निर्माण हुन्छ। यसै गरी यदि तीन परिमाणका दुई हाँगा आपसमा मिल्नेगर्छ। त्यो संगमको अगाडि छैटौं परिमाण हुने गर्छ। यसमा चौथो परिमाणका एक हाँगा मिल्छ भने संगमा वा ती दुई दोभान भन्दा तल दशौं परिमाण हुन्छ भनेका छन्।

**(ख) द्विशाखन अनुपात** (Bifurcation Ratio-Rb)

दुई शाखामा विभाजित भएका खोलाहरूका खण्डहरू बीच आपसी अनुपातलाई द्विशाखन अनुपात भन्ने गरिन्छ। कुनै पनि Drainage Network मा विभिन्न श्रेणीका खोला खण्डहरूको अन्तरसम्बन्धको अध्ययन महत्त्वपूर्ण मानिन्छ। कुनै पनि श्रेणीका खोला खण्डको सङ्ख्या तथा अगाडि श्रेणीका खोला खण्डको सङ्ख्या बीचको अनुपातलाई नै द्विशाखन अनुपात भनिन्छ।


द्विशाखन अनुपातमा जल प्रवाह बेँसीको धरातलीय बनावट, जलवायु आदिको प्रभाव परेको हुन्छ। यदि समान खालका माटो, चट्टान, समान जलवायु तथा विकासको अवस्था पनि समान भएमा **द्विशाखन अनुपात स्थिर** रहने गर्छ। यदि, कुनै पनि प्रवाह बेँसीमा द्विशाखन अनुपात ३,५ को बीचमा छ भने त्यसले राम्रो खालको श्रेणी प्रदर्शन गर्छ। तर, खोला प्रवाहित बेँसीको धरातल, चट्टान, जलवायु तथा विकासको अवस्था समान नभएमा **द्विशाखन अनुपात अस्थिर** हुन सक्छ।

**(ग) लम्बाइ अनुपात (Length Ratio Stream)**

सामान्यतया नदी खोलाद्वारा निर्मित बेँसी उपत्यकामा बहने नदीको पहिलो श्रेणी खण्डको लम्बाइ औसत छोटो हुन्छ। जति अगाडि बढ्दै जान्छ उति त्यस नदीका श्रेणी खण्ड पनि लम्बिन्दै जान्छ। प्रत्येक दुई क्रमागत श्रेणीका खोला खण्डहरूको लम्बाइ अनुपात लाइनै हर्टनले खोला खण्डहरूको **लम्बाइ अनुपात** नामाकरण गरे। यसको लागि सबै श्रेणीका खोला खण्डहरूको लम्बाइ ओपिसामीटर नामका यन्त्रद्वारा नापेर तालिकाकरण गरिन्छ। त्यसपछि प्रत्येक श्रेणीका खोला खण्डहरूको औसत लम्बाइ थाहापाउने गरिन्छ। यस तरिकालाई **हर्टनको खोला लम्बाइ सिद्धान्त** भन्ने गरिन्छ।

**(घ) वक्रता सूचकाङ्क** (Sinuosity Index)

खोलाको मार्ग प्राय:जसो नागबेली आकारमा घुमाउरो वा बाङ्गोटिङ्गो हुन्छ। नदी खोलाको प्रवाहमा अवस्थित जमिनको संरचना, हावापानी, वनस्पति, चट्टान र समय आदिको प्रभावले त्यसो भएको हो। नदी खोलाको बाङ्गोटिङ्गो (वक्र) सूचकाङ्कको जानकारीले भूआकृति सम्बन्धी ज्ञान र खोज अनुसन्धानमा निकै मदत पुग्ने गर्छ।



यस विषयबारे ज्ञान हासिल गर्न विभिन्न भूगोलविद्हरूले धेरै किसिमका गणनात्मक एवं मात्रात्मक विधिहरू प्रयोगमा ल्याएका छन् । यसका जलमार्गको लम्बाइ, बँसी उपत्यकाको लम्बाइ, लम्बाइ अनुपात आदि जस्ता सूचकाङ्कहरू प्रयोगमा ल्याएका छन् । **जे.ई. मुलर** नामका विद्वानले सन् १९६८ मा यो वक्र सूचकाङ्कको परिकल्पना गरेका हुन् । यसमा जलमार्गको लम्बाइ, घाटी उपत्यकाको लम्बाइ, खोलाको उदगम स्थलदेखि मुखसम्मकै लामो आकासीय दूरी आदि सम्मिलित गरिएका छन् ।

सामान्य तया पर्वतीय क्षेत्रमा स्थलाकृति नियन्त्रणका कारण स्थलाकृत वक्रता सूचीका प्रतिशत जलीय वक्रता सूचीको प्रतिशतभन्दा बढी हुनेगर्छ । तर, मैदानी भागमा स्थलाकृत नियन्त्रण शिथिल हुन जाने कारणले गर्दा जलीय नियन्त्रण (Hydrological control) बढी महत्त्वपूर्ण हुन जान्छ । अतः मैदानी भागमा जलीय वक्रता सूचीका प्रतिशत बढी हुन्छ ।

## (२) क्षेत्रीय पक्ष (Areal Aspect)

नदी खोलाद्वारा निर्मित बँसी उपत्यकाको क्षेत्रफल, जलप्रवाहको घनत्व र जलप्रवाहको संरचना को अध्ययन यस क्षेत्रीय पक्षमा आउँछ । यसमा प्रत्येक श्रेणीका सबै खोलाको बँसीको क्षेत्रफल प्लेनीमीटरको सहायताले नापेर थाहापाउने गर्छ । त्यसपछि प्रत्येक श्रेणीका सबै खोलाका बँसीको औसत क्षेत्रफल (Au) थाहा पाउने गर्छ । द्वितीय श्रेणीका बँसीका क्षेत्रफल सबै प्रथम श्रेणीका बँसीको क्षेत्रफल एवं द्वितीय श्रेणीका बँसीको अन्तरबँसी क्षेत्रफलको योगसित बराबर हुन्छ । यहाँ अन्तर बँसी क्षेत्रफल भन्नाले प्रथम श्रेणीका नदी खोलावाहेक जुन स्थानमा प्रवाहको जल सिधैं द्वितीय, तृतीय आदि श्रेणीका खोलाहरूमा जाने गर्छ त्यस क्षेत्रलाई **अन्तरबँसी क्षेत्र** भन्ने गरिन्छ । यस प्रकारले अगाडि बढ्दै गएका श्रेणीको क्षेत्रफल साथ साथै बँसीको क्षेत्रफल पनि समाहित (Cumulative) हुन्छ ।




### जलप्रवाह घनत्व (Drainage Density)

जलप्रवाह घनत्व भन्नाले एउटै नदी बँसीमा बहने सहायक खोलाहरूको चाप (नजिकपन) भन्ने बुझिन्छ । यसमा विभिन्न खोलाहरूको सङ्ख्या तथा जलप्रवाह बँसीको क्षेत्रफल बीच सम्बन्धबारे अध्ययन हुन्छ । कुनै पनि प्रवाहबँसी उपत्यकाका सबै श्रेणीका सम्पूर्ण खोलाको लम्बाइको योग थाहापाउनु पर्छ । त्यस योगबाट प्रवाह बँसीको घनत्व थाहापाउने गरिन्छ ।

### प्रवाह गठन (Drainage Texture)

प्रवाह गठन भन्नाले नदी खोलाको संरचना वा निर्माण भन्ने बुझिन्छ । यसले खोलाको संरचना क्षेत्रमा हुने घर्षणको स्वभाव तथा मात्राबारे जानकारी गराउँछ । हर्टनले प्रतिएकाइ क्षेत्रमा भएका खोलाको सङ्ख्याको आधारमा प्रवाह गठन प्रयोगमा ल्याएका थिए । नदी प्रवाहबँसीमा विभिन्न खोलाहरूबीच आपसी दूरीबारे पनि अध्ययन हुन्छ । यदि खोलाहरू बीचको दूरी धेरै टाढा टाढा भएमा त्यसलाई **स्थुल गठन** (Coarse Texture) भनिन्छ । प्रायः जसो कम प्रवाह घनत्व भएको बँसी स्थूल गठनमा पर्छ । जब खोलाहरू बीचको दूरी मध्यम खालको छ भने त्यसलाई **मध्यम गठन** भनिन्छ । तर खोलाहरूको वितरण बाक्लो अर्थात् खोलाहरू धेरै नजिक नजिक परेको छ भने यसलाई **सूक्ष्म गठन** (Fine Texture) भनिन्छ । अतः प्रवाह बँसीमा खोलाहरू बीचको दूरीलाई नै प्रवाह गठन भनिन्छ । सन् १९५० मा स्मिथले प्रवाह गठनको ठाउँमा **गठन अनुपात** (Texture Ratio) प्रयोगमा ल्याए । जुन एक खोलादेखि अर्को खोलासम्मको नजिकतामा आधारित छन् ।

## (३) धरातलीय पक्ष (Relief Aspect)

जल प्रवाहद्वारा निर्मित बँसी उपत्यकाको अध्ययन अन्तरगत रेखीय पक्ष र क्षेत्रीय पक्षमा जस्तै यो धरातलीय स्वरूप पक्षमा खोलाबँसी उपत्यका भित्र बहने खोलाहरूको मार्गको ढाल, घाटी, घर्षणको मात्रा (Degree of dis-section), उचाइ आदिको अध्ययन पर्दछन् । सामान्यतया खोलाहरूमा बहने जल मार्गको क्षितिज मार्ग (Longitutional Profile) मुहानदेखि अन्तिम स्थानसम्म नत्तोदर (Con-cave) आकृतिको हुन्छ । खोलाको अन्तिम मुखसम्ममा आइपुग्दा जलमार्ग को ढाल बिस्तारै कम भएर गएको हुन्छ । त्यसैले यो धरातलीय पक्षमा खोलाहरूको श्रेणी तथा जलमार्गको ढाल बीचको सम्बधवारे अध्ययन अत्यन्त महत्त्वपूर्ण मान्दै आएको छ । यसबारे अध्ययनको लागि पहिले प्रत्येक श्रेणीका सबै खोलाखण्डका जलमार्गका ढाल नाप जाँच गर्नु पर्ने हुन्छ । अर्थात् यसले प्रति किलोमीटरको क्षितिज दूरीदेखि लम्ववत उचाइमा कति सेण्टीमीटर या मीटरले खस्ने गरेको छ सो देखाउने गर्छ । ढाललाई प्रायः अनुपातमा प्रदर्शित गरेर देखाइएको हुन्छ ।



# समालोचनाया सिद्धान्त

## (समालोचनाया सिद्धान्त-१५)

– प्रो. माणिकलाल श्रेष्ठ



### अनुभूति-छ्यलेगु व कायेगु

साहित्य व कलाय् भाव-सञ्चारया प्रक्रिया व थुकिया महत्वया खँ झीसं न्ह्यगुगु अध्याये विश्लेषण याये धुन। अले च्यागुगु अध्याये नं विवेचना याना गु खः काव्य धयागु हे भाव सञ्चार धका। मनूया मन हे थ्वजोगु कि न्ह्याह्मसिनं नं भाव सञ्चार याइ, थःगु अनुभव करपिंत कनेत सनी। अथे खःसा न्ह्याह्म मनू नं कवि छाय् मजुल ? अनुभवयात छ्यला भाव-सञ्चार यायेगु विशेष शक्ति कवियाके छु दु ? थ्व प्रश्नया लिसः बांलाक थुइकेत भाव सञ्चार काव्ययात ल्वयेक यायेत छु छु गुण मा सिइकेमा। च्वय् वंगु निगू स्वंगू अध्याये झीसं निता खँया विश्लेषण याये धुन-छता, काव्य च्वइह्म कविया के थः गु अनुभव करपिन्त संचार यायेगु शक्ति दयेमा, अले संचार यागु खँ ब्वनीपिंसं काये बहगु जुइमा।

कविया अनुभव सामान्य मनूया अनुभवसिकं यक्को हे क्लिष्ट जुइ, अथे जूगुलिं थ्वजोगु अनुभव पाठकयात बिइत कवियाके विशेष शक्ति दये मा। थह्मं मचाबेलेनिसें खनागु, ल्यायह्म जुइथे च्वंबेले सिउगु व प्रौढ जुइ धुंका खना स्वया मुंकागु ज्ञान फुक्क कविया स्मृतिइ मुना च्वनी, थ्व फुक्क कवियात 'कोरा पदार्थ' थें खः। कारखानां कोरा माल छ्यला छुं बस्तु उत्पादन याइथें तुं थःगु दक्को अनुभव न्ह्यपुइ दुने मुनाच्वंगु मालीबेले मागु छ्यले फइगु शक्ति कबियाके दइ। थुकिया मतलब गुलि अपो अनुभव दत मनू उलि कवि जुया वनी धयागु मखु। कविया कृति लोकं ययेकेत जनजीवनया अनुभव गाक्क दये मा, थ्व तुं खः, अथेसां मूल गुण अनुभुति छ्यलेगु शक्ति खः। छु खँ कनीह्मसित नं अनुभूति छ्यलेगु शक्ति मा, कवियाके विशेष थ्व हे शक्ति मा। व खः थःके च्वंगु विभिन्न अनुभुतिमध्ये जो लागु तत्व लुइका उकियात छ्यलेगु शक्ति। छह्म कवि या कलाकार व साधारण मनूया मुख्य फरक हे थःगु अनुभवया विभिन्न तत्वया स्वापू क्यने फुगु गुण दइगु व मदइगु खः। नेपाले च्वंह्म न्ह्याह्म मनुखं नं हिमालयया खं, चिकुलाया पुगागु खं, अथे हे सुथया सूर्य नं अमिनिंतिं सामान्य घटना। तर **सिद्धिचरणं** थ्व फुक्कलिसं छगू समानता खन, धाथें ला कविं स्वापू तया बिउगु। सुथया खसुयात कविं खन – कवि सिद्धिदास सिइगु दुःखं सूर्य तुयिक खसु न्यया खवइगु, हिमालयया च्वकाया च्यापु कवि सिद्धिदास सिइगुलिं च्वापुया ब्यतालिं चिना च्वंगु दू मब्यंनिया चिं, अले पुगागु ला क्यवया स्वांमां सिमां कविवर लुमंका बर्खि च्वंगु। 'सुकापू मलूह्म सुइकाया हिइ मिइ' व थःगु जीवनया असन्तुष्टीइ समानता कवि **पूर्णबहादुर वैद्य** (विसं १९९७-२०७८) खं। सामान्य मनुखं छुं स्वापू मदु थ्व निता ला असमान धाइगु निता बस्तुकय् कविं समानता खनी, स्वापू क्यनी। **टी. एस्. इलिएटं** (Thomas Stearns Eliot-1888-1965) धया दीकथं *'टाइपराइटरं आखः छापे याना च्वंगु सः व भुतुली लः दायेका तःगु नँ नितां- छता आवाज व छता गन्ध निता निगू थें च्वं, तर छह्म कविं थुकी स्वापू खनी।'* हानं न्हापा न्हापा कया तयागु पुलांगु अनुभव थःके तयातयेगु जक मखु माबेले पिकया छ्यले फइगु शक्ति हे कवि कलाकारयाके दइ, संचार यायेत स्वइह्म मनूयात दकले मागु गुण थ्व हे।

थथे थःगु अनुभवया धुकू योबेले माबेले छ्यले फयेकेत छुं भति लुमंका तये फइगु शक्ति मा, अथेसां नुगः दइगु हे दकले मागु मखु। नुगः दइगु (अर्थात लुमंका तयेगु) शक्तिं जक मगा, अपो ला लुमंगु छ्यलेगु शक्ति मा। हाकनं न्हापाया अनुभव गथे खः अथे लुमंकेगु शक्ति भावसंचारयात मागु मदु, थथे लुमंकेगु नं मखु। जिं थ्वबेले थन वनाबेले थ्वजोथाय् थ्व खना धका कविं लुमंका च्वने म्वा। छुं छगू बस्तु खनीबेले बा छता जुइबेले कविया मने छगू अनुभूति वल, अले लिपा व अनुभूति नाप समान छुं मेगु अनुभूति वं काल; कविं अनुभूति छ्यलीबेले थ्व निता अनुभूतिया स्वापू क्यने मासेंलि थ्व निता अनुभूति गुबेले गथे वल धका लुमंके मागु मदु, खालि थ्व नितां अनुभूति काबेलेया मनस्थिति दुःसा गा। न्हापाया

मनस्थिति हाकनं वयेकेत न्हापाया प्रेरक–शक्ति हाकनं वयेवं गा। बरु सुं कविया नं थःगु पुलांगु अनुभूति फुक्क लुमनी मखु, न्हापाया थें प्रेरणा दइबेले न्हापाया थेंजोगु मनस्थिति कविया वइ, थुकियात मालीबेले छ्यलेफुह्म कवि ख, कलाकार खः। काव्ये कविं थःगु अनुभव संचार याइगु व कविया अनुभव सामान्य मनूयासिकं क्लिष्ट जुइगुलिं पाठकं नं कविं कंगु अनुभव थुइकेगु कुतः यायेमा। कविं संचार यागु अनुभूति ज्वना काये फयेकेत पाठकं थः के च्वंगु अनुभूति छ्यले माल। अथे जूगुलिं स्वापू मदुगु खँ चिइका छ्वयेगु शक्ति व कविं संकेत यागु खँ थुइका कायेगु शक्ति अनुभूति काइह्मसिके दयेमा।

न्हाचःया हे उदाहरण हाकनं छको काये। कवि सिद्धिदास सीगु लुमनिबेले कवि सिद्धिचरणया मने वोगु आवेग खालि सिद्धिदासया महानता कना बिइगु व उजोह्म थौं मंत जक धयां पाठकया मतिइ वइ मखु। कविया मनया आवेग कविया निगू स्वंगू अनुभूतिनाप (च्वापुगुं दुखं च्वंगु, स्वांमा सिमां बर्खी च्वंगु, तुयुगु गां न्यया सूर्य खोगु) स्वापू क्यंबेले पाठकया मने नं सुं छह्म सीबेले गां न्यया ख्वइगु, तुयू व्यतालिं चिना दुखं च्वनीगु, हम छह्मं तुइक वसःपुना बर्खि च्वनीगु फुक्क लुमनी। च्वापुगुँ, पु गागु क्यव व खसुं तोपुया तःगु सूर्य खनीबेलेया अनुभूति पाठकयाके नं दु, बरु बछि मचायेक च्वना च्वंगु दइ, पाठकया मतिइ च्वंगु द्यना च्वंगु अनुभूतियात उत्तेजना बिया थना बिइमा। धाथेंया सफल कविं पाठकया मने थःगु हे अनुभव न्ह्याकेत लोगु प्रेरक उत्तेजना बिइ। छह्मसिया मने च्वंगु अनुभूति मेह्मसिके न्ह्याकेत अनुभव प्वंकीह्म व काइह्म निह्मसिकें छुं गुण दयेमा। *'साहस, उद्योग, सद्भावना, अहंकारहीनता, इमान्दारी, दया, विनम्रता आदि गुण भाव संचारयात तस्सकं लोगु स्थिति खः। कविं बिइगु अनुभव काइह्म पाठकयाके थ्व गुण दुःसा तस्सकं उत्तम, तर संचार याइह्म कवियाके ला मदयेक मगा'* *(आई. ए. रिचार्ड्स)*।

थःगु अनुभव संचार मनुखं गथे याइ धयागु विषये थौंकन्हे मनोविज्ञानया अनुसन्धान गाक्कं च्वन्ह्याये धुंकूगुलिं न्हापासिकं आ थ्व विषये ज्ञान गाक्कं दये धुंकल। छुं छता बस्तु खनीबेले मनूया मने जुइगु प्रतिक्रिया विश्लेषण यासे समालोचक **आई ए. रिचार्डसं** मनं चागु व मचागु स्थिति पाइगु खँ क्यना तल। द्यना च्वंह्म व न्ह्यलं चाह्म मनूया व्यवहार पाइ, भतिचा थौंकाह्म सामान्य मनू व छुं हे मचाये धुंकुह्मसिया प्रतिक्रिया पाइ, ज्वरं ल्हाना च्वंह्म मनू व म्हं मफुह्म मनूया प्रतिक्रिया पाइ। मनं गाक्कं चासा उगु मनया प्रतिक्रिया भ्रो लाक्क व्यवस्थित जुइ, गाक्क मचासा बा छुं मचाइबेले प्रतिक्रिया नं लालाथे जुइ, व्यवस्थित जुइ मखु। कविया मन साधारण मनसिकं चा, कविया मन जागरुक, अथे जूगुलिं कविया मनया प्रतिक्रिया व्यवस्थित कथं जुइ, कविं पुलांगु अनुभव विशेष छ्यले फइ, पुलांगु मनस्थिति व पुलांगु अनुभूति हाकनं थना हये फइ। थ्व हे कारणं छह्म सामान्य मनुखं थःगु मनस्थिति स्थिर तयेत यक्को कुतः यायेमा, मनया प्रेरक–तत्व (impulse) पने फःसा जक भावना (attitude) थातं तये फइ, तर छह्म कविं छुं हे घाराघुरु मजुइक थःगु प्रेरक तत्व मुंका तये फइ। अथे जूगुलिं हे कविं थःके च्वंगु विभिन्न अनुभव छ्यला छगू व मेगुया समानता क्यने फइगु खः।

छुं छगू बस्तुं मनूया मने हइगु अनुभूतिया तरङ्ग यक्को दइ, सामान्य मनूयाके व्यवस्थित मजुसे ल्वाकब्वाक जुइ, कविं थुकियात व्यवस्थित यायेत विरोधी तरङ्ग फुक्क हुया छ्वया अनुभव संचार यायेत सनी। योयोथाय् न्ह्याना च्वंगु खुसिया लः छगू धलं न्ह्याका यंके थें नियमित व व्यवस्थित यायेगु व मागु जक कया म्वागु तोता छ्वयेगु हे कविं अनुभव छ्यलीगु खः। थ्व हे ल्वाकब्वाकगु अनुभवयात नियमित यायेत हे छु यायेमा धयागु खं कविता विषये विभिन्न धारणा *(थ्व ल्वाकब्वाकगु क्लिष्ट अनुभूतियात सरल याना रस याना क्यने फु धयागु धारणा संस्कृत समालोचकपिनि दु। 'विभाव, अनुभाव, आलम्वन, उद्दीपन, संचारक आदिया विवरण यासा थ्व अनुभव अथवा रस न्ह्याके फु धयागु विचार संस्कृत समालोचकपिनि दु' (यदुनाथ खनाल)। तर पश्चिमी समालोचनाया दृष्टिकोणकथं कवि क्लिष्ट अनुभूतियात सरल याइगु मखु व्यवस्थित जक याइगु खः)* वोगु खः। **(कथहँ)**



पूर्णबहादुर



टी.एस्. इलिएट

**काठको गातामा सबभन्दा पुरानो नेपाली चित्र**

# प्राचीन चित्रको नवीन वृत्तान्त



गौतमवज्र वज्राचार्य

चावहिलको लिच्छविकाल (अन्दाजी २००-८७९) को अभिलेखमा किन्नरी जातक भन्ने बौद्धकथाको वर्णन गरी लेखिएको रङ्गीन भित्तिचित्रको उल्लेख आएको छ (वज्राचार्य धनवज्र, लिच्छविकालका अभिलेख, विसं २०३० : १-२; पन्त, महेशराज, 'जो शान्तपदमा जानुभयो', नेपाल राष्ट्रिय साप्ताहिक, विसं २०७६, वैशाख १२)। त्यो भित्तिचित्र बच्न सकेको भए त्यही नै नेपालको सबभन्दा पुरानो चित्र मानिन्थ्यो होला। तर, त्यो भित्तिचित्र बचेको हुनुपर्छ भनेर कल्पनासम्म पनि गर्न सकिँदैन किनभने यस्ता भित्तिचित्र मात्रै होइन कि पौभा (पटचित्र), ताडपत्र वा काठमा लेखिएका अरू कुनै पनि लिच्छविकालको चित्रकला नेपालको ओसिलो हावापानीमा बच्न सकेका छैनन्। त्यसैले दसौँ शताब्दीको अन्त्यतिर लेखिएको चित्र सबभन्दा पुरानो नेपालको चित्रमध्ये पर्छ। त्यो चित्र ताडपत्रमा लेखिएको हस्तलिखित ग्रन्थका लागि बनेको लामो, तर सानो काठको गातामा लेखिएको छ। अहिले त्यो गाताचित्र न्युयोर्कको मेट्रोपोलिटन म्युजियम आर्ट भन्ने एक प्रसिद्ध सङ्ग्रहालयको (एसेसन नं १९७९.५११) शीतातप नियन्त्रित कोठामा सुरक्षित छ **(चित्र १)**।

त्यस गाताचित्रबारे सन् १९८४ मा म्युजियमका क्युरेटर मार्टिन लर्नरले त्यही साल भएको प्रदर्शनीको क्याटलगमा **'द फ्लेम् एण्ड द लोटस'** शीर्षकमा विस्तारपूर्वक लेखेका छन् (लर्नर, मार्टिन, द फ्लेम् एण्ड द लोटस : इन्दिअन् आन्द् सोउथ् एशिअन् आर्ट् फ्रम् द क्रोमस् कलेक्शन्स् १९८४:८६-८९)। लर्नरको भनाइअनुसार, त्यो गाताचित्र नवौँ शताब्दीमा लेखिएको विहार बेङ्गालको दुर्लभ कलाकृति हो। त्यसको चार वर्षपछि सन् १९८८ मा प्रतापादित्य पालले **'बुद्धिस्ट बुक इलुमिनेसन्स'** भन्ने ग्रन्थमा लर्नरको आलोचना गर्दै त्यस गाताचित्रबारे आफ्नो विचार पोखेका छन् (पाल, प्रतापादित्य, पेकारिक्, जुलिया, बुद्धिस्ट बुक इलुमिनेसन्स', १९८८:५-८)। उनको अध्ययनअनुसार, त्यो गाताचित्र दसौँ शताब्दीको अन्त्यतिर नेपालमा लेखिएको हो। अहिले झन्डै चार दशकपछि त्यस चित्रमाथि म लेख्दै छु। मेरो अनुसन्धान अनुसार यी दुवै विद्वानसँग आफ्ना सहमति-असहमति जनाउँदै मैले देखे-बुझेको कुरो प्रामाणिक रूपमा प्रस्तुत गर्ने प्रयास यहाँ गरेको छु।

यस गाताचित्रमा जम्मा पाँच दृश्य छन्। मध्यभागमा प्रसिद्ध बौद्ध देवता प्रज्ञापारमिता **(चित्र २)** र उनका दायाँबायाँ बुद्ध शाक्यमुनिको जन्मदेखि महापरिनिर्वाणसम्मका चारओटा महत्त्वपूर्ण दृश्य क्रमशः देखाइएका छन्।

प्रज्ञापारमिता वास्तवमा एक प्रसिद्ध बौद्ध ग्रन्थको नाम हो। महत्त्वपूर्ण धार्मिक ग्रन्थलाई देउता मानेर पूजा गरिने हुनाले प्राचीन परम्पराअनुसार चार हात भएकी देवीको रूपमा प्रज्ञापारमिताको प्रतिमा बनाउने चलन बन्यो। माथिल्लो दुई हातले अक्षमाला र पुस्तक लिएकी, अर्को दुई हातले झट्ट हेर्दा अञ्जली मुद्राजस्तो देखिने धर्मचक्र प्रवर्तन भनिने मुद्रा बनाएर पद्मासनमा बसेकी देवीको रूपमा यहाँ प्रज्ञापारमिताको चित्रण गरिएको छ। धर्मचक्र प्रवर्तनको शाब्दिक अर्थ हुन्छ– 'धर्मको चक्र घुमाउनु'। तापनि बौद्ध साहित्यमा बुद्ध अथवा अरू बौद्ध देवताहरूले धर्मोपदेश दिएको भन्ने बुझाउन यो शब्द प्रयोग हुन्छ। कुनै गम्भीर विषयमा व्याख्या गर्दा महत्त्वपूर्ण बुँदाहरू क्रमशः एक, दुई, तीन गरी गणना गर्दा कुरा बुझाउन सजिलो हुने हुनाले गुरु अथवा धर्मोपदेशकहरू अक्सर दुवै हातका औँला प्रयोग गर्थे। यही कुरा कलाकृतिमा चित्रण गर्दा दुवै हात जोडेर बनेको धर्मोपदेश मुद्राको अर्को नाम धर्मचक्र प्रवर्तन रहन गयो।

इन्द्रेणीजस्तो देखिने रङ्गीन प्रभामण्डलले घेरिएको सुनको आसनमा बुट्टेदार रातो बालेस्टमा अडेस लिएर प्रज्ञापारमिता देवी दर्शकहरूतिर हेरेर बसेकी छन्। यी देवीको दायाँपट्टि फुलेको ठूलो कमल बायाँ हातले समातेर बसेका जटाधारी देवता हुन्- बोधिसत्त्व पद्मपाणि। अनि देवीको



चित्र १ - काठको गातामा लेखिएको सबभन्दा पुरानो नेपाली चित्र, दशौँ शताब्दीको अन्त्यतिरको। मेट्रोपोलिटन् म्यूजियम् अफ् आर्ट, न्यूयोर्क, एसेसन् नं. १९७९।५११।



चित्र २ - प्रज्ञापारमिता देवी। सोही गाता।

बायाँपट्टि दायाँ हातले वज्र समातेर बसेका सुनौलो मुकुट लगाएका बोधिसत्त्व वज्रपाणि हुन्।

प्रज्ञापारमिताको यो दृश्यबाहेक अरू सबै दृश्य बुद्ध शाक्यमुनिको जीवनीसँग सम्बद्ध छन्। लुम्बिनी वनमा मायादेवीले सिद्धार्थ गौतमलाई जन्माएको दृश्य यस गाताको सबभन्दा बायाँपट्टि **(चित्र ३)** छ। यस दृश्यको बीचमा कालो बादलजस्तो झाङ्गिएको बाक्लो रूखमुनि हाँगा समातेर मायादेवी त्रिभङ्ग मुद्रामा उभिएकी छन्। लहराजस्तो दायाँबायाँ तीन फन्को मारेर उभिएको लच्किलो अङ्गविन्यासलाई बुझाउने अर्को शब्द हो– त्रिभङ्ग। अलौकिक ढङ्गले भर्खरै काखीबाट जन्मको बच्चालाई सत्कार गर्न हातमा रुमाल लिएर देवताहरूका राजा इन्द्र मायादेवीको दायाँतिर हाजिर छन्। इन्द्रलगत्तै पछाडि हातमा कमण्डलु लिएका चतुर्मुखी ब्रह्मा र उनको पछाडि सुनौलो मुकुट लगाएका हरियो, नीलो रङका विष्णु पनि त्यहाँ उपस्थित छन्। विष्णुको लगत्तै पछाडि फेरि अर्को उभिइरहेको देवताको रूपरेखा देखिन्छ। नेपालको अरू चित्रकलामा जस्तै यहाँ पनि विष्णुको पछाडि महादेवको चित्रण गरिएको हुनुपर्छ।

मायादेवीको बायाँपट्टि दुई परिचारिका छन्। नजिकैको परिचारिका हातमा चामर लिएर उभिएकी छन्। यी परिचारिका साँच्चिकैको परिचारिका नभई मायादेवीकी बहिनी प्रजापति गौतमी हुन सक्छिन्। उनको पछाडि अलि सानो कदकी साह्रै राम्री परिचारिका दुवै हातले ठूलो बास्केट बोकेर रानीको सेवा गर्न तयार छन्। सिद्धार्थ जन्मनासाथ



चित्र ३ - लुम्बिनीको दृश्य। सोही गाता।



चित्र ४ - नालागिरि हातीको दृश्य । सोही गाता ।

हिँड्न सक्थे । उनले जहाँ–जहाँ पाइला टेके त्यहाँ–त्यहाँ कमल फुलेका थिए भन्ने कथाअनुसार यहाँ भुइँमा तीनओटा कमल फुलेका देखाइएको छ ।

यस दृश्यको दायाँपट्टि शाक्यमुनिको जीवनसँग सम्बन्ध राख्ने नालागिरि भन्ने हात्तीको चाखलाग्दो कथाको दृश्य **(चित्र ४)** छ । लुम्बिनीको दृश्यसँग यो दृश्य छुट्याउन यी दुई दृश्यबीच रङ्गीन थामको प्रयोग गरिएको छ । यस गाताचित्रमा अन्त पनि यसरी नै दृश्य छुट्याइएका छन् ।

रङ्गीन थामसँगै गेरुवा रङ्गको चीवर पहिरेका भिक्षु आनन्द बुद्ध शाक्यमुनिको सबभन्दा मनपर्ने अनुयायीका रूपमा बुद्धका पछाडि शान्तिपूर्वक उभिइरहेका छन् । आनन्द र शाक्यमुनि दुवैको शिर अण्डाकार प्रभावलीले घेरिएका छन् । बुद्धले पनि गेरुवा रङ्गको चीवर लगाएका छन् । उनको अगाडि अजङ्गको सेतो हात्ती नालागिरि नतमस्तक भई बुद्धप्रति श्रद्धाभक्ति व्यक्त गरी भुइँमा बसेका छन् । कथाअनुसार, नालागिरि राजगृह दरबारको बुद्धिमान् हात्ती थियो । बुद्धलाई साह्रै मन नपराउने ईर्ष्यालु राजकुमार देवदत्तको कुरो सुनेर नालागिरिको बुद्धि बिग्रियो र राजदरबारबाट निस्केर उत्पात मच्यायो । बहुलाएको त्यो हात्ती सहरमा जताततै दगुर्न थाल्यो र उसले मान्छेहरूलाई खुट्टाले किचेर, सूँडले समातेर फाल्न थाल्यो । यसैबेला बुद्ध शाक्यमुनि र आनन्द भिक्षा माग्दै त्यस सहरमा पुगे । बहुलाएको हात्ती दौडेर आफूतिर आइरहेको देखेपछि पनि कत्ति नहडबडाईकन शान्तिपूर्वक उनीहरू आफ्नो बाटामा हिँडिरहेका थिए ।

बुद्धको यस्तो शान्त स्वरूप देख्नासाथ हात्तीको मन पग्ल्यो र विनीत भएर क्षमा माग्यो । नालागिरिको यो कथा तेस्रो शताब्दीतिरको अमरावतीको प्रस्तरमूर्तिमा पनि वर्णन गरिएको छ **(चित्र ५)** । तर, अमरावतीको मूर्ति र यो गाताचित्रको वर्णन अलि फरक छ । यहाँ गाताचित्रमा हात्तीको शरीरभन्दा माथि आकाशमा उफ्रिरहेका दुई सिंहको चित्रण गरिएको छ । यस्तो चित्रण अमरावतीको प्रस्तरमूर्तिमा छैन । तर, लस एन्जेलस काउन्टी म्युजियम अफ् आर्टको सङ्ग्रहमा रहेको नेपालको सचित्र गातामा पनि नालागिरिको कथाको बयान गर्दा चारओटा सिंहले हात्तीलाई आक्रमण गरेको देखाइएको छ । पाश्चात्य जगत्मा सबभन्दा पहिले



चित्र ५ - नालागिरि हातीको दृश्य, अन्दाजी तेस्रो शताब्दीतिरको । तस्बिर : अमरावती स्तूप, सरकारी सङ्ग्रहालय, मद्रास ।



चित्र ६- बुद्ध शाक्यमुनिको सबभन्दा पहिलो धर्मोपदेश। सोही गाता।

नेपाली कलाको प्रदर्शनी गरी प्रदर्शनीकै किताब लेख्ने विदुषी **स्टेला कामिस्क**को भनाइअनुसार, सिंह भनेको बुद्ध शाक्यमुनिको अलौकिक शक्तिको प्रतीक हो। यही अदृश्य शक्तिले नालागिरिको दमन गरिएको भन्ने भाव झल्काउन सिंहको चित्रण गरिएको हुनुपर्छ।

नालागिरिको यस दृश्यपछि माथि वर्णन गरिएअनुसारको प्रज्ञापारमिता र बोधिसत्त्वहरूको वर्णन आउँछ **(चित्र २)**। अष्टसाहस्रिका प्रज्ञापारमिता देवीको मूर्ति मुख्य प्रतिमाका रूपमा गाताको मध्यभागमा चित्रित गरिएको हुनुपर्छ।

यही मध्यभागको लगत्तै दर्शकहरूको दायाँपट्टि बुद्ध शाक्यमुनि सुनको सिंहासनमा पलेंटी मारी प्रज्ञापारमिताले जस्तै दुवै हातले धर्मचक्र प्रवर्तन मुद्रा बनाई धर्मोपदेश दिइरहेका छन् **(चित्र ६)**। उनको शिरपछाडि रातो प्रभावली तथा आसनमा नीलो, रातो र पहेँलो रङ्को बुट्टा भएको ठूलो बालिष्ट देखिन्छ। त्यसैमा अडेस लगाएर शाक्यमुनि बसेका छन्। बुद्धले सबैभन्दा पहिले मृगदाव भन्ने तपोवनमा आफ्ना अनुयायीहरूलाई धर्मोपदेश दिएको महत्त्वपूर्ण दृश्य यो हो भन्ने बुझाउन सिंहासनमुनि धर्मचक्र र त्यसको दायाँबायाँ शान्तपूर्वक भुइँमा बसेका दुई मृग देखाइएका छन्। बुद्धले जस्तै रातो चीवर लगाएका भिक्षुहरू बुद्धको दायाँतिर अनि सुनको मुकुट र जटामुकुट लगाएका बोधिसत्त्वहरूचाहिँ बायाँतिर देखाइएका छन्।

गाताको दायाँतिर पुछारमा देखाइएको सबभन्दा पछिल्लो दृश्य **(चित्र ७)** बुद्ध शाक्यमुनिको महापरिनिर्वाण तथा उनले निर्वाण प्राप्त गर्नुपहिले आफ्ना अनुयायीहरूलाई दिएर गएको पछिल्लो धर्मोपदेशसँग गाँसिएको छ। चित्रको माथिल्लो भागमा फिक्का पहेँलो चीवर लगाएका बुद्ध शिरमा हात राखेर पल्टिरहेका छन्। त्यसको सोझै तल रातो रङ्को चीवर पहिरेर पद्मासन बाँधी बसेका बुद्ध दुवै हातले धर्मचक्र प्रवर्तन मुद्राको प्रदर्शन गरी धर्मोपदेश दिइरहेका छन्। उनको दायाँबायाँ बुद्ध शाक्यमुनिजस्तै देखिने अरू बौद्ध देवताहरू ठूलठूला कमलमा पलेंटी मारेर बसेका छन्। **लर्नर** तथा **पाल**को भनाइअनुसार, यो दृश्यले शाक्यमुनिले श्रावस्तीमा गरेको ऋद्धिप्रातिहार्य अर्थात् अलौकिक शक्तिको प्रदर्शनसँग सम्बन्ध राख्छ। यस प्रदर्शनमा बुद्धले आफूलाई बहुरूपमा परिवर्तन गरी देखाएका थिए। यसैले यहाँ बुद्धजस्तै देखिने आठओटा प्रतिमा देखाइएका हुन् तथा माथि पल्टिरहेका बुद्ध मैत्रेय बुद्ध हुनुपर्छ भनी उनीहरूले अन्दाज लगाएका छन्। यो कुरो अलि मिलेन, किनभने बुद्धको ऋद्धिप्रातिहार्यसँग मैत्रेयको कुनै सम्बन्ध देखिँदैन।

संस्कृतमा ऋद्धिप्रातिहार्यलाई यमक प्रातिहार्य भनिन्छ। नेपाल, भारतका प्राचीन ताडपत्र र गाताचित्रहरूमा यो प्रातिहार्य देखाउँदा बुद्ध शाक्यमुनिबाहेक अरू दुइटा बुद्धको प्रतिमा दायाँबायाँ देखाइन्छन्। आठओटा बुद्धको प्रतिमा देखाउने चलन कतै देखिँदैन। अनि नियालेर हेर्दा बुद्धजस्तै देखिने प्रतिमाले वास्तवमा अर्कै घटनाको सङ्केत गर्छ। उनीहरूले चीवर पहिरेको तरिका साधारणतया अरू बेला लगाउने तरिकाभन्दा फरक छ। अक्सर शाक्यमुनिसहित अरू सबै भिक्षुहरू बायाँ काँध छोपेर दायाँ काँध खुलाएर चीवर लगाउँछन्। यसरी चीवर धोती अथवा उत्तरीय (शरीरको माथिल्लो भागमा लगाउने लुगा) लगाउने चलन बुद्धधर्म



चित्र ७ - बुद्ध शाक्यमुनिको सबभन्दा पहिलो धर्मोपदेश। सोही गाता।

आउनुभन्दा पनि पुरानो चलन हो। यसरी लगाइएको वस्त्रलाई उपवीत भनिन्थ्यो। धर्मोपदेश सुरु हुनुभन्दा अगाडि अथवा गुरुचेलाहरू जम्मा भएर अध्ययन, अध्यापन सुरु गर्नुभन्दा अघि गुरु र चेला दुवैले यसरी बायाँ काँध छोपेर वस्त्र लगाउनुपर्ने नियमजस्तै थियो। धेरै शताब्दीको विकासपछि यस नियमले यज्ञोपवीतको जन्म दियो। अहिले यज्ञोपवीत भन्नाले डोरीजस्तो जनैलाई बुझाउँछ तापनि प्रारम्भमा बायाँ काँध छोपेर लगाइएको उपवीत वस्त्रलाई बुझाउँथ्यो।

तर, ध्यान दिनुपर्ने विषय के भने बुद्धजस्तै देखिने बौद्ध देवताहरूले यहाँ दुवै काँध छोपेर चीवर लगाएका छन्। आफन्त अथवा विशिष्ट व्यक्तिको देहावसानपछि शोक प्रकट गर्न यसरी चीवर लगाइन्थ्यो। भारतमा कुषाणकाल (अन्दाजी ५०–२५०) मा बनेको ग्रीक र रोमनहरूको कलाशैलीसँग सम्बन्ध राख्ने गान्धारको कलाकृतिमा र त्यसको अनुकरणमा बनेका गुप्तकाल (अन्दाजी ३२०–६४७) को कलामा पनि यस्तो प्राचीन नियमको अनुसरण पूर्णतया हुँदैनथ्यो। तैपनि निर्वाणको दृश्य देखाउँदा गान्धारकै कलामा जहिले पनि सुभद्र भन्ने बुद्ध शाक्यमुनिका सबभन्दा पछिल्लो शिष्यले शोक मनाइरहेको भन्ने देखाउन उनले आफ्नो चीवरले दुवै काँध छोपेर ध्यान मुद्रामा दुवै हात काखमा राखेर बुद्धको खाटनजिकै बसिरहेको देखाइन्छ। यसरी चीवर लगाउनुको अर्थ बुझ्रैरै गाताचित्रमा आठजना बुद्धका अनुयायीहरूलाई सुभद्र जस्तै देखिने गरी चित्रण गरिएको हुनुपर्छ भन्ने सजिलैसँग बुझ्न सकिन्छ।

त्यसैले मेरो विचारमा गाताचित्रको यो पछिल्लो दृश्य बुद्ध शाक्यमुनिको यमक प्रातिहार्यसँग होइन बरु महापरिनिर्वाणसँग सम्बन्ध राख्ने दृश्य हो। तर, यहाँ बुद्धको निर्वाणको दृश्य र उनको अन्तिम धर्मोपदेशको दृश्य छुट्टाछुट्टै देखाउनुको सट्टा दुइटै दृश्य एकै ठाउँमा गाभेर देखाइएको छ। यस दृश्यको मध्यभागमा रातो चीवर पहिरेर पद्मासन बाँधेर ठूलो कमलमा बसेका देवता बुद्ध शाक्यमुनि नै हुन्। यो उनको अन्तिम धर्मोपदेश हो भन्ने बुझाउन निर्वाणको दृश्यसँगै बुद्धको प्रतिमा धर्मचक्र प्रवर्तन मुद्रामा देखाइएको छ। निर्वाण प्राप्त गर्नुअघि बुद्धले अनुयायीहरूलाई लामो धर्मोपदेश दिएका थिए भन्ने वर्णन त प्राचीन बौद्ध ग्रन्थहरूमा पाइन्छ। यो धर्मोपदेश कस्तो थियो भन्नेबारे चाहिँ महायान र तान्त्रिक विचारअनुसार अर्कै व्याख्या सुरु भयो। सो व्याख्याअनुसार, बुद्धको अन्तिम धर्मोपदेश कालान्तरमा प्रसिद्ध हुने भिन्नै किसिमको अनौठो बौद्ध धर्मबारे थियो। भविष्यमा आउने यो बौद्ध धर्म बुद्धले आफू छँदै प्रचार गरेको धर्मभन्दा अत्यन्त फरक थियो। कहिल्यै नसुनेको अनौठो 'धर्म व्याख्या' सुन्दा उनका अनुयायीहरू आश्चर्यचकित भएर भुइँमा लडे भन्ने वृत्तान्तको चित्रण यहाँ गरिएको छ। धर्मोपदेश दिइरहेका बुद्धको मुनितिर दायाँबायाँ चारजना व्यक्ति एक हात उठाएर अर्को हातले भुइँमा टेकेर आश्चर्यचकित भएर बुद्ध शाक्यमुनितिर हेरिरहेका छन्। नेपाली चित्रहरूमा देखाइने ऋद्धिप्रातिहार्यको दृश्यसँग यस दृश्यको केही सामन्जस्य देखिएको हुनाले नै यस विषयमा लेख्ने विद्वान्हरूलाई भ्रम पारेको हो। नेपाली कलाको इतिहासमा शृङ्खलात्मक वर्णन (कन्टिन्युस न्यारेसन) को चलन (वज्राचार्य गौतम, 'नेपाली कालियदमनको कान्ति', हिमालखबर, २ फागुन, विसं २०७९) लिच्छविकालदेखि नै चलेर आएको



चित्र ८ - लुम्बिनीको दृश्य। गान्धारको प्रस्तरमूर्ति, अन्दाजी दोस्रो शताब्दी। स्मिथसोनियन् इन्स्टिच्युशन्, फ्रीयर् ग्यालरी अफ् आर्ट, वाशिङ्टन् डी. सी.

हुनाले यहाँ पनि कलाकारले बुद्धको निर्वाण र उनको अन्तिम धर्मोपदेश जोडेर प्रस्तुत गरेका हुन्।


यस गाताचित्रमा योबाहेक अरू पनि नेपाली चित्रकलाको शैली र प्रतिमा (आइकनोग्राफी) सँग सम्बन्ध राख्ने विशिष्ट लक्षण देखिएका छन्। तीमध्ये सबभन्दा चटक्क छुट्टिने विशेषता लालुपाते रङ्गको पृष्ठभूमि हो। ताडपत्रमा लेखिएका अरू नेपाली चित्रमा पनि यस्तो पृष्ठभूमि प्रयोग भएका उदाहरण सजिलैसँग पाउन सकिन्छन्। नेपालको कुनै-कुनै प्राचीन चित्रहरूमा नीलो र रातो पृष्ठभूमि आलोपालो गरी प्रयोग गरिएका छन्। तर, यहाँ नीलो पृष्ठभूमिको अभाव छ।

अलि सूक्ष्म दृष्टिले हेर्‍यौँ भने स्वास्नीमान्छेहरूको भावपूर्ण लाम्चो आँखाको चित्रण गर्दा नेवारीमा न्यामिखा भनिने एक किसिमको माछाजस्तो देखिने गाजलु आँखाको प्रयोग यहाँ भएको देखिन्छ। यो नेपाली शैलीको अर्को लक्षण हो। लुम्बिनीको दृश्यमा धेरै ठाउँमा पाप्रो उडेको हुनाले मायादेवीको मुख यथावत बच्न सकेको छैन **(चित्र ३)**। तर, परिचारिकाहरूको मुख अझै पनि स्पष्ट देखिन्छ। उनीहरूको माछापुच्छे लामो आँखा नेपाली चित्रहरूमा देखाइने स्वास्नीमान्छेहरूको आँखासँग हुबहु मिल्दोजुल्दो छ। नियालेर हेर्दा यो बाहेक नेपाली कलामा देखिने मुखाकृति (फिजियोग्नमी) सँग सम्बन्ध राख्ने अरू लक्षणहरू पनि यहाँ देखापर्छन्। बिहार बंगालका पाल राजाहरूका पालामा लेखिएका चित्र र तात्कालिक नेपाली चित्रमा देखिने मुखाकृतिको भिन्नताबारे मैले अन्त लेखिसकेको छु (वज्राचार्य गौतम, वाट्सन् कलेक्शन् अफ् इन्दियन् मिनेचर्स् आर्ट् द एल्वेहजेम् म्युजियम् अफ् आर्ट् २००२: ५६)।



चित्र ९ - लुम्बिनीको दृश्य। नेपालको प्रस्तरमूर्ति, अन्दाजी नवौँ शताब्दी। राष्ट्रिय सङ्ग्रहालय, छाउनी, काठमाडौँ

हिन्दु देवताहरू पनि बुद्ध शाक्यमुनिको सम्मान गर्थे भन्ने देखाउन नेपाली चित्रहरूमा इन्द्र मात्रै होइन ब्रह्मा, विष्णु र महादेवसमेत देखाइन्छन्। यही चलनअनुसार, यहाँ लुम्बिनीको दृश्यमा भर्खरै जन्मेको सिद्धार्थलाई स्वागत गर्न देवताहरूका राजा इन्द्रसहित अरू तीन हिन्दु देवताहरू उपस्थित भएको देखाइएको छ। भारतको प्रस्तरमूर्ति र चित्रकलामा मायादेवीले सिद्धार्थलाई जन्म दिएको दृश्यमा इन्द्र अपरिहार्य रूपमा देखाइन्छन् तापनि ब्रह्मा, विष्णु र महादेवको उपस्थिति त्यहाँ देखाइँदैन। यसरी चारैओटा प्रमुख हिन्दु देवताहरू भेला भएर बुद्धप्रति आफ्नो सम्मान देखाएको दृश्य त नेपालकै चित्रकलामा मात्रै पाइन्छ। यस विषयमा प्रतापादित्य पालले आफ्नो ग्रन्थमा विस्तारपूर्वक लेखेका छन्। (पाल १९८८: ५-१०) यो गाताचित्र नेपालकै चित्र हुनुपर्छ भन्ने देखाउन उनले यहाँ अरू पनि प्रमाणहरू प्रस्तुत गरेका छन्। तर, लर्नर तथा पाल दुवैको अध्ययनमा एक महत्त्वपूर्ण पक्ष छुटेको छ, त्यो हो- लुम्बिनीको दृश्यमा मायादेवी र रूखको चित्रण गर्दा नेपाली कलाकारहरूले धेरै शताब्दीअघिदेखि निरन्तर अपनाउँदै आएको विशिष्ट शैली।



चित्र १० - लुम्बिनीको दृश्य। पश्चिमी तिबेत, अन्दाजी चौधौं शताब्दी। अपरिचित व्यक्तिको सङ्ग्रहमा। तस्बिर साभार : उलरिच भोन स्क्रोडर

मायादेवीले सिद्धार्थलाई जन्म दिएको दृश्य सबभन्दा पहिले दोस्रो शताब्दीको गान्धारको कलामा अनि तेस्रो शताब्दीतिर अमरावतीको कला तथा नवौं शताब्दीदेखि एघारौं शताब्दीतिरको पाल राजाहरूका पालामा बनेका प्रस्तरमूर्ति र ग्रन्थचित्रहरूमा आ-आफ्नै शैलीमा देखाइएको छ। तर, यी सबै मूर्तिकला र चित्रकलामा मायादेवी रूखअगाडि बीचमा हाँगा समातेर उभिइरहेको देखाइन्छ **(चित्र ८, ९)**। यसले गर्दा रूख सम्पूर्णतया देखिँदैन। रूखको थम्बा जहिले पनि मायादेवीको शरीरले छोपिएको हुन्छ। तर, नेपाली कलामा भने लुम्बिनीको दृश्य देखाउँदा रूखको थम्बा कहिले पनि सम्पूर्णतया छोपिएको हुँदैन। मायादेवीको बायाँपट्टि प्रतीक रूपमा थामजस्तो अथवा प्राकृतिक रूपमा रूखको थम्बा मात्र होइन कि ठुटोसम्म पनि देखिने गरी फूल फुलेको रूखको वर्णन गरिएको हुन्छ।

यस सम्बन्धमा जयवागिश्वरीको मन्दिर नजिकै धारामा पाइएको अहिले छाउनीको राष्ट्रिय सङ्ग्रहालयमा रहेको नवौं शताब्दीतिरको प्रस्तरमूर्ति **(चित्र १०)** तथा क्याम्ब्रिजको युनिभर्सिटी लाइब्रेरीमा सुरक्षित एघारौं शताब्दीको अष्टसाहस्रिका प्रज्ञापारमिताको ताडपत्रमा **(चित्र ११)** चित्रित गरिएको लुम्बिनीको दृश्य उदाहरणका रूपमा यहाँ प्रस्तुत गर्न सकिन्छ। यही पुरानो नेपाली परम्पराको अनुसरण गरी मेट्रोपोलिटन म्युजियम आर्टको गाताचित्रमा पनि संस्कृतमा छायावृक्ष भनिने कालो बादलजस्तो झ्याम्म परेको सिङ्गै रूख थम्बासमेत देखिने गरी देखाइएको छ। मायादेवीको शरीर पनि रूखको बीचमा होइन कि रूखको दायाँतिर माथि उल्लिखित नेपाली प्रस्तरमूर्ति र चित्रमा जस्तै रूखको थम्बा नछोपिने गरी छेउमा देखाइएको छ।

यसरी लुम्बिनीको दृश्य देखाउँदा नेपाली कलामा रूखलाई गौण रूपमा होइन विशिष्ट रूपमा देखाउनुमा के कारण थियो भन्ने बुझ्न सकिन्छ। मायादेवीको प्रतिमा वास्तवमा दोस्रो शताब्दीभन्दा पनि निकै पुराना प्रस्तरमूर्तिहरूमा बराबर देखाइने शाल भञ्जिका अथवा वृक्षदेवताहरूको अनुकरणमा बनेका हुन्। यस विषयमा कलाको इतिहास लेख्नेहरूले धेरै वर्षअघि नै सप्रमाण लेखिसकेका छन्। तर, एक महत्त्वपूर्ण कुरामा उनीहरूको ध्यान गएको देखिँदैन। प्राचीन नेवारी पञ्चाङ्गहरूमा वैशाख पूर्णिमामा मनाइने बुद्ध जयन्तीको दिनलाई स्वाँया पुन्ही 'फूल फल्ने पूर्णिमा' भनेर लेखिएको पाइन्छ। यस्तो भन्ने चलन नेवारहरूको मात्रै पक्कै होइन। कोरिया र जापानमा अहिले पनि बुद्धजयन्तीको दिनलाई 'फूलको पूर्णिमा' भनिन्छ। दक्षिण एसियाको ऋतु संस्कृतिसँग सम्बन्ध राख्ने यो विशिष्ट दिनमा वसन्तोत्सव मनाइन्थ्यो। धर्मसँगभन्दा ऋतुसँग गाभिएको यो प्राचीन पर्वबारे शाक्यमुनिभन्दा पहिलेका व्याकरणाचार्य **पाणिनि**ले समेत उल्लेख गरेका छन्। त्यो पर्व राजदरबारभित्र पनि धुमधामसँग मनाइन्थ्यो। त्यो दिन राजाले छानेकी सबभन्दा राम्री केटीले रूखलाई अँगालेर अथवा रूखमुनि उभिएर, हाँगा समाएर प्रेयसीको रूपमा रूखसँग सम्पर्कमा आएपछि मात्रै वसन्त ऋतु सुरु हुन्छ र फूल फुल्न थाल्छन् भन्ने विश्वास थियो। माथि उल्लिखित शालभञ्जिका भन्ने संस्कृत शब्दको सम्बन्ध यही पर्वसँग छ। यसको शाब्दिक अर्थ हो– 'साल रूखको हाँगा भाँच्ने (स्वास्नीमान्छे)।' लुम्बिनीको दृश्यमा मायादेवीको आकृति जहिले पनि शालभञ्जिकाजस्तो देखिने गरी चित्रण गरिएको हुन्छ।

यो सत्य हो कि आजभोलि वैशाख पूर्णिमा ग्रीष्म



चित्र ११ - लुम्बिनीको दृश्य। सन् १०१५ मा अष्टसाहस्रिका प्रज्ञापारमिता भन्ने ग्रन्थको ताडपत्रमा लेखिएको नेपाली चित्र। युनिभर्सिटि लाइब्रेरी, क्याम्ब्रिज्

ऋतुमा पर्छ। तर, प्राचीनकालमा भदौ महिनामा वर्षा ऋतु पर्थ्यो (वज्राचार्य गौतम, फ्रग् हिम्न्स् आन्द् रेन् बेबिज् : मान्सुन् कल्चर आन्द् आर्ट् अफ् आन्सिएन्त् साउथ् एशिआ २०१३ : ३३-३४)। त्यही अनुसार, नौ महिनाजति पछि वैशाख महिनामा वसन्त ऋतुको आरम्भ हुन्थ्यो। वैशाख पूर्णिमाको दिनलाई 'फूलको पूर्णिमा' भन्ने पुराना नेवारहरूले पक्कै पनि यो कुरो पूर्णतया बिर्सिसकेका थिएनन्। गोपालराज वंशावलीअनुसार, वैशाख पूर्णिमाको दिन होली मनाइनुपर्छ भन्ने विचारले राजा मानदेवले यही दिन होली मनाएका थिए। (मेरा काका धनवज्र वज्राचार्य र कमलप्रकाश मल्लले गोपालराजवंशावली प्रकाशित गर्दा त्यहाँ पोष्पपूर्णमी 'फूलको पूर्णिमा' को सट्टा भ्रमवश पोष्यपूर्णमी 'पौष महिनाको पूर्णिमा' भनी छापिएको छ।) स्वाँया पुन्ही अर्थात् 'फूल पूर्णिमा' को दिन मायादेवीले सिद्धार्थलाई जन्माएको हो भन्ने देखाउनै नेपाली प्रस्तरमूर्ति र चित्रकलामा जहिले पनि मायादेवीको रूखमा विभिन्न किसिमका फूल फुलेको देखाइन्छ **(चित्र १०)**।

अन्त्यमा भनिहाल्नुपर्ने अर्को विषय छ। संस्कृतमा माया भन्नाले भ्रान्ति अथवा छलकपटलाई बुझाउँछ। मायादेवीको नाम यो संस्कृत शब्दसँग छैन। यो त प्राकृत शब्द हो। प्राकृत भाषामा माया भन्नाले आमा अथवा आमाको जस्तो निःस्वार्थ स्नेहलाई जनाउँछ। मायादेवी वास्तवमा मातृदेवता हुन्। त्यसैले वैशाख पूर्णिमाको दिन नेपालमा अहिले पनि धेरै ठाउँमा 'रूखमुनि माई' अर्थात् 'मातृ देवता' को पूजा हुन्छ। यी कुरा मैले केही वर्षअघि हार्वड युनिभर्सिटीमा दिएको लामो प्रवचनमा प्रमाणसहित प्रस्तुत गरेको छु। (यो प्रवचन पूर्णतया छापिएको छैन।) यसरी मेट्रोपोलिटन म्युजियम अफ आर्टको सङ्ग्रहमा रहेको यो गाताचित्र प्रतिमा र कलाशैलीको आधारमा मात्रै होइन कि नेपाली संस्कृतिको गम्भीर अध्ययनको आधारमा पनि नेपालकै योगदान हुनुपर्छ भन्ने बुझ्न सकिन्छ।


कान्तिपुर, फागुन १३, २०७९ बाट

# नेपालमा शक संवत् र फुटुङ अभिलेख



यो ढुङ्गाको थुप्रो देख्दा कसैले पनि पुरातात्त्विक महत्त्वको अभिलेखको विनाश ठान्ने छैन। तर, दुर्भाग्य ! यो सामान्य ढुङ्गा थिएन नेपालको इतिहास पुनर्लेखन गर्न आधार दिने एउटा अकाट्य प्रमाणको अभिलेख थियो।

लिच्छविकालमा नेपालमा शक संवत् प्रचलनमा रहेको मानिआए पनि काठमाडौँको तारकेश्वर नगरपालिका वडा नं ७ मनमैजु फुटुङमा फेला परेर नष्ट गरिएको अभिलेखले यो मान्यतालाई मिथ्या सावित गरेको विज्ञहरूको दाबी छ। प्रष्ट रूपमा यो अभिलेखमा दुई ओटा लिच्छवि संवत् उल्लेख रहेको छ।



नेपालको प्राचीन इतिहासमा नयाँ तथ्य उजागर गर्ने अभिलेख काठमाडौँको फुटुङमा फेला परेको थियो। स्थानीय राजेन्द्र मास्केको घरमा पानी ट्यांकी बनाउने क्रममा जमिन खन्दा फेला परेको पुरातात्त्विक र ऐतिहासिक अति महत्त्वपूर्ण एउटै अभिलेखमा दुई ओटा संवत् उल्लेख गरिएको थियो।

अभिलेख नष्ट हुनुअघि खिचेको फोटोको आधारमा लिपीविज्ञ **श्यामसुन्दर राजवंशी**ले लिप्यान्तर गर्नु भएको



थियो। लिप्यान्तर गर्दा प्रष्ट रूपमा दुई ओटा अधिमाससहित पहिलो पङ्क्तिमा संवत् ४३३ प्रथमाषढ शुक्ल दिवा १२ छ भने अन्तिममा संवत् ४३५ द्वितीय पौष शुक्ल दिवा अङ्कित गरिएको छ। पहिलो हरफमा महिदेव र दोस्रो हरफमा वसन्तदेवले रवी गुप्त मार्फत प्रशासनिक राजआदेश जारी गरेको अभिलेखमा प्रष्ट देखिने लिपीविज्ञ राजवंशीको भनाइ छ।

दुवै मितिमा अधिमास जनिएको कारण शक संवत् नेपालमा प्रचलन नभएको ऐतिहासिक अकाट्य दरिलो प्रमाण यो अभिलेख भएको उहाँको दाबी छ। अभिलेखमा उल्लेखित दुवै संवत् लिच्छवि संवत् हो। अहिलेसम्म कुनै पनि शास्त्रले ती मितिहरूमा अधिमास देखाउन नसकेको लिपीविज्ञ श्यामसुन्दर राजवंशी बताउनुहुन्छ।

विगतमा पाटन दरबार क्षेत्रमा पाएको संवत् ५३६ ज्येष्ठ शुक्ल पूर्णिमा उल्लेख भएको अशुंवर्माको अभिलेख र गोकर्णको बालुवा गाउँमा प्राप्त अशुंवर्माकै संवत् ५३६ द्वितीय पौषको अभिलेखले पनि यो तथ्यलाई पुष्टि गरिसकेको छ। यी अभिलेखहरूले नेपालको इतिहासमा नयाँ मोड दिएकोले अहिलेको लिखत इतिहास सालक्रम अनुसार पुनः लेखनकार्य गर्ने प्रेरित गरेको राजवंशी बताउनुहुन्छ। फुटुङ अभिलेख नष्ट भएका कारण शक संवत् नेपालमा छ भन्ने जमातलाई खुशी र सन्तोष भएको होला तर नेपालमा प्रामाणिक इतिहासमा भने ग्रहण लागेको उहाँ दुःखेसो छ।



२६ पङ्क्ति र तीन हरफ रहेको अभिलेख प्रौढ संस्कृत भाषामा लिच्छवि संवत् र लिच्छवि लिपी प्रयोग भएको उहाँको भनाइ छ। इतिहासमा खासै चर्चा नभएको महिदेवको अस्तित्व पनि यस अभिलेख स्वीकारेको देखिएको र वसन्तदेवको प्रशासनिक राजआदेश रवी गुप्त मार्फत फुटुङवासीलाई दिएको प्रमाण भेटिन्छ।

## अभिलेखमा उल्लेख भएको हरफ

**संवत् ४३३ प्रथमाषढ (शुक्ल दिवा) १२ अस्मिन्नउनि वप्प भट्टारक महाराज**
**...पादानुध्यातेन भट्टारक महाराज श्रीमही दे ...देवेने वाक्षयंकाल समाज्ञा पयतियत्रा**
**दक्षिण राजकूलाधिन्नायक सर्व्वदण्डनायक महाप्रतिहार रविगुप्तेव्यवहरति पूर्व्व... ग्रामकाः**
**पञ्चग्राक तले हमस्पिङ्ग्राम तलेच सामान्य यत्कर्म्म तदु भय तलेपि कृत वन्तः तदत्रैः श्री**
**पादासमाराधिताः**
**श्री पादौश्चाराधित्रैरतषामुभय तल सम्पद्धं कर्म्माकरणाय प्रसादः कृतः तदे**
**तेषामद्याग्रेणनकिञ्चिदुभय (श्चा) पि कर्म्म विद्युतः रभिज्ञा दूतकोत्र सर्व्वदण्डनायक महाप्रतिहार**
**रविगुप्ता क्षेत्रञ्च दत्तमेतावन्नि प्रतिमुक्ता निवस्थलि यथा मन्दुरगृहकर्म्म फलज्ञदौवारिक**
**कर्म्ममद्रउभय... युद्ध राजकुल प्राकार कर्म्म हस्ति मृतकौ ज्ञानाकर्ष... संक्रफ करण**
**धावकुटा...संसिंन्दुंमार्ग्गकरण..मुक्त्वा श्री पादीयानत्त्रिकां स (व्र्वदण्ड) नायक**
**महापादीयाञ्चिति भू...मृद्रांगामका '..भट्टारक महाराज**
**श्रीपादानुध्याते' महाराज श्रीवसन्तदेवे नेवामित्र कालं समाज्ञा पयति (सर्व्वद) ण्डनायक**
**महा प्रतिहाररपिगुप्त विज्ञानप्तनेवा शोल्ल लिंग्वल पश्चिमाधिकरणे '.य**
**मात्रमु'षे'प्रसाद तदत्रे ''य श्चेमामाज्ञा**
**मु''(यथोचित) मर्य्यादा मन**
**मनुश्च''दूतकोत्र सर्व्व दण्डनायक महाप्रतिहार रवि गुप्त. (इति) संवत् ४३५ द्धितीय पौष शुक्ला (१२?)**

अभिलेख के कति कारणले विनाश भयो, यसको गम्भीर अनुसन्धान पनि हुनु आवश्यक छ।

करिब १६०० वर्ष पुरानो लिच्छविकालीन अभिलेख ध्वस्त पारेर अपराध गर्दा राज्य प्रशासन के हेरेर बसेको किन मौन ? दोषीलाई तत्काल कानूनी कठघरामा ल्याउन आवश्यक छ। पुरातात्त्विक र ऐतिहासिक सामग्री हानि नोक्सानी र नष्ट गर्नु अपराध हो। प्राचीन स्मारक संरक्षण ऐन अनुसार पुरातात्त्विक सामग्री नष्ट गर्नेलाई पनि सजायको व्यवस्था गरिएको छ। साथै फौजदारी कानूनअनुसार पनि मुद्दा चलाउन सक्छ। लिपीविज्ञ श्यामसुन्दर राजवंशीका अनुसार काठमाडौँ फुटुङ तारकेश्वर वडा नं ७ मा फेला परेको अभिलेख करिब १६ सय वर्ष पुरानो मानदेवका नाति बसन्तदेव कालको हो। झन्डै ५ फिट अग्लो अभिलेख घरमा पानी ट्यांकी बनाउने क्रममा फेला परेको थियो। अमूल्य अभिलेखबारे पुरातत्त्व विभागलाई जानकारी नगराईकनै चकनाचुर पारियो। घरधनीले अभिलेख ठेकेदारको लापर्वाहीका कारण नष्ट भएको दाबी गरेको छ।अभिलेखको अवशेष पुरातत्त्व विभागका कर्मचारीहरू गएर सङ्कलन गरेका छन्। अभिलेख के कति कारणले नष्ट गरियो गम्भीर अनुसन्धान हुन आवश्यक छ। सरकार छ कि छैन ? राज्य अब पनि पुरातात्त्विक र ऐतिहासिक सम्पदामा सम्वेदनशील हुने कि नहुने ?

सबै विज्ञहरूको छलफलबाट इतिहासलाई आवश्यकता अनुसार संशोधन गर्न पनि आवश्यक छ।

नरेन्द्र मानन्धर, इमेजको आधारमा

## जीवन-आचरण

### मूर्ति र मूर्तिकार

एक मूर्तिकार मूर्ति बनाउँदै थियो। मूर्ति बनाइरहेको हेर्न आएका मान्छेले एउटै प्रतिमाको दुइटा हुबहु मिल्ने मूर्ति देखेपछि आफ्नो जिज्ञासा राखे – 'होइन मूर्तिकारज्यू, के यो ठाउँमा एउटै प्रतिमाको दुई ओटा मूर्ति राख्न लागेको हो र ?'

मूर्तिकार : 'होइन। एउटा मात्रै मूर्ति राखिन्छ नि।'

मान्छे : 'त्यसो भए हजुरले किन दुई ओटा मूर्ति बनाउँदै हुनुहुन्छ नि ?'

मूर्तिकार : 'त्यो मूर्तिको नाकमा केही रेखाहरू कोरिएको छ। त्यसैले यो नयाँ मूर्ति बनाएको हुँ।'

मूर्तिकारको जवाफ सुनेपछि त्यो मान्छे नाकमा कोरिएको भनिएको मूर्तिको निरीक्षण गर्न थाल्यो। तर त्यो मूर्तिमा खासै ठूलो कोरिएको थिएन। मूर्तिको निरीक्षण गरिसके पछि फेरि त्यो मान्छेले मूर्तिकारलाई प्रश्न गऱ्यो : 'साँच्चै यो मूर्ति कता राखिँदै छ नि ?'

त्यो मान्छेको प्रश्न सुनेपछि मूर्तिकारले नजिकैको २० फिट माथिको स्तम्भतिर ईसारा गर्दै भन्यो : 'ऊ त्यो स्तम्भ माथि राखिने छ।'

मूर्तिकारको जवाफ सुनेपछि अचम्मित हुँदै फेरि त्यो मान्छेले सोध्न थाल्यो : 'त्यति धेरै उचाइमा राख्न लागेको मूर्तिमा जाबो यति सानो कोरिएको कस्ले पो देख्न सक्छ र।'

त्यो मान्छेको कुरा सुनेपछि मूर्तिकार त्यो मान्छेतिर फर्कंदै हल्का मुस्कानका साथ बोल्यो : 'मैले अनि भगवानले देख्ने छन्।'

# भक्तपुर नपा र अनुगमन



श्यामकृष्ण खत्री
वडाध्यक्ष, भनपा–९

भक्तपुर नगरपालिकाले खाद्यान्नलगायत कुनै पनि सामग्रीको दर भाउ घटबढ हुँदा बजारको मूल्य नियन्त्रण गर्न, खाद्यान्नको म्याद गुज्रिएको छ छैन, बासी सडेगलेको छ छैन, बजारमा बेचिएका पशुपंछी रोगी भए–नभएको, बेचिराखेको मासु फ्रिजमा राखिएको मासुलगायत पार्टी प्यालेसमा प्रयोग गर्न ल्याएको खाद्यान्न लगायत दर्ता भएको नभएको, भवन नगरपालिकाको नीति नियममा बनेको छ छैन लगायत विविध पक्षमा अनुगमन गर्न वडा नं. ३ का वडा अध्यक्षको संयोजकत्वमा अनुगमन समिति गठन गरेको छ ।

नगरभित्र बजार अनुगमनलाई सक्रिय गर्नुपर्ने उपभोक्ता जागरण अभियानको सुझावलाई मनन् गर्दै अनुगमन समिति सक्रिय छ ।

सबै सत्य देखिने गर्दैन अनि सबै नदेखिएका कुरा असत्य हुने गर्दैन भन्ने मान्यता राखी बजार अनुगमन समय र परिस्थिति बुझेर अनुगमन समितिले जनताको सेवामा व्यवसाय जन्य क्रियाकलापमा गर्ने व्यक्ति, कर्म, कम्पनी, उद्योग, पार्टी प्यालेसले सङ्घ संस्थालाई बजार अनुगमनको माध्यमद्वारा कानुनी दायरामा ल्याउन र उत्पादन स्थल, भण्डारण तथा सञ्चय स्थल थोक तथा खुद्रा बिक्री स्थल, खुल्ला मासु बिक्री स्थल र उपभोग स्थलमा वस्तु वा सेवाको नियमित गर्न जनप्रतिनिधि, जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि, महानगरीय प्रहरी परिसर, राष्ट्रिय उपभोक्ता मञ्च, घरेलु तथा साना उद्योग सङ्घ, घरेलु तथा सानो उद्योग कार्यालय, स्वास्थ्य कार्यालय, नगरपालिकाद्वारा सञ्चालित भेटनरी कार्यालयका प्रतिनिधिलगायत सरोकारवाला सङ्घ संस्थाको उपस्थितिमा बजार अनुगमन गरी स्वच्छ र प्रतिस्प्रधात्मक बजार आवश्यक महसुस गरी अनुगमन समितिले अनुगमनलाई निरन्तरता दिएको छ ।

नेपाल मजदुर किसान पार्टीको घोषणा पत्रलाई मार्ग निर्देशनको रूपमा लिई बजार अनुगमन समिति सकृय छ । बजार अनुगमन गर्नु भनेको म्याद नाघेको, दूषित, बासी, अनियमित गरेको हेर्ने मात्र हैन अनुगमन गर्नुको मुख्य उद्देश्य व्यवसायीहरूलाई सक्रिय बनाई आफूले प्रयोग गर्दै आएको साधन श्रोतलाई कुशलता पूर्वक परिचालन गर्ने, समस्या पहिचान गरी समाधान गर्ने, आफ्नो व्यवसायमा एक आपसमा विश्वास कायम राख्न गुणस्तरीय सामानको पहिचान गरी बिक्री वितरण गर्न लगाउनु पनि हो ।

अनुगमन कै क्रममा नगरभित्रका खाद्यान्न पसलहरूको अनुगमन गर्दा कुहिएको मात्र नभइकन, म्याद नाघेको सामानहरू पसलबाट उठाउने गरेको र म्याद नाघेको पाउँदा अनुगमनमा गएका प्रतिनिधिहरूले ढक तराजुलगायतका सामान जफत गर्नुका साथै २५ हजारसम्म जरिवाना गर्नुपर्ने बाध्यता आएको थियो । २०७९ भदौ २० गते नगरपालिका भित्रका निजी तथा सरकारी अस्पतालहरूमा व्यवस्थापन गरेको क्यान्टिनहरू अनुगमन गर्दा कुहिएको मासु, बासी दाल, भात, म्याद नाघेको पेय पदार्थलगायत खाद्यान्न सामग्री पनि उठाएर २५ हजार जरिवाना गरिएको थियो ।

व्यवसायीहरूले आ–आफ्नो व्यवसायिक मूल्य मान्यतालाई मनन गरेर व्यवसाय सञ्चालन नगरेसम्म अनि आफू पनि उपभोक्ता भएको अनुभूति नगरेसम्म बजार स्वच्छ हुन नसक्ने भएकोले अनुगमनको महत्त्व रहेको छ ।

२०७६ जेठ ११ गतेदेखि विश्वभरि कोभिड महामारी फैलिएकोले आपूर्तिमा असर परेको थियो । सरकारले देश र जनताको भलो हुने काम नगर्दा आ–आफ्नो व्यक्तिगत स्वार्थ मात्र देख्ने सिंहदरबार कब्जा गरेर बसेकाहरूले कोभिडको असर देखाई आपूर्ति असहज भएको भन्दै मूल्य वृद्धि गर्नुपर्ने कुरा राख्दै आए ।

कोभिडको असर कम भइसके पछि वस्तु र सेवाको मूल्य घट्ने आशामा रहेका उपभोक्ताहरू रुस र युक्रेन युद्धको बहाना गरी मुल्य वृद्धि आकासिँदै गएकोले जनता मारमा परे ।

नेपाल सरकारले पेट्रोलियम पदार्थमा कर समायोजन गरेकोले बजार अनुगमन गर्न आवश्यक भएकोले पदार्थको मूल्य घटाउन, जनतासँग उठाएको करमा समायोजन गरेपछि मात्र सरकारले बजार अनुगमन गऱ्यो ।

बजार अनुगमन प्रभावकारी र सार्थक बनाउन भक्तपुर नगरपालिकाले बजार अनुगमन कार्यविधि बनाई

काम गर्दै आएको छ। व्यवसाय सञ्चालन गरेका व्यवसायीहरूले भक्तपुर नगरपालिकाको नियम कानुनमा बस्छु/उपभोक्तालाई स्वच्छ, सरल, सहज, रूपमा व्यवसाय गर्छु भनेर नगरपालिकामा पसल दर्ता गर्नु अनिवार्य छ।

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा अनुगमन समितिका सदस्य एवं वडा नं. १ का वडा अध्यक्ष श्यामकृष्ण खत्री, रोशन मैया सुवाल, रीता फसिकव, ज्ञानबहादुर मानन्धर, नगर निरीक्षक दिलिपकुमार सुवाल, वडा निरीक्षक रामकृष्ण प्रजापति, कर शाखाका मोहनदेवी व्यान्जु, जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि, राष्ट्रिय उपभोक्ता मञ्च, महानगरीय प्रहरी, उद्योग बाणिज्य सङ्घ, घरेलु तथा साना उद्योग सङ्घ, घरेलु कार्यालय सङ्घका प्रतिनिधिहरू सम्मिलित टोलीले बजार अनुगमन गर्दछ।

नगरपालिकाले मात्र गरेर हुँदैन व्यवसायीहरूले पनि साथ दिएका छन्। नगरपालिकाले मात्र गर्न खोजेर पनि हुँदैन। नगरवासीहरूले पनि साथ र सहयोग गरेर प्राथमिकतामा राख्नुपर्छ। हरेक कुरामा नयाँ पुस्तालाई हस्तान्तरण गर्न भक्तपुर नगरपालिकाले काम गरिरहेको छ।

## हार्दिक श्रद्धाञ्जली



**स्व. नारांकृष्ण लोहला**

**जन्म : १९९९ जेठ ०४ | निधन : २०८० जेठ ०५**

यस भक्तपुर नगरपालिका साविक वडा नं. ११ का वि.सं. २०५४-२०५९ सालका वडासदस्य **नारांकृष्ण लोहला**को दुःखद निधन भएकोमा मृतकप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना व्यक्त गर्दछौं।

**भक्तपुर नगरपालिका परिवार**

# बासिबियाँलो



एउटा चल्ला त भेटियो, तीनओटा कता गएछ ?



चित्रको माथि दिइएकाजस्तै वस्तुहरू कहाँ कहाँ छन् ?

(चित्र : इन्टरनेट)

# वाकुपति नारायणस्थानमा वागीश्वरी स्कुल



ज्ञानसागर प्रजापति

वाकुपति नारायण चोकको सेरोफेरोमा रहेका सत्तल पाटीहरूमा वागीश्वरी स्कुल सञ्चालन हुँदा म त्यसबेला विद्यार्थी थिएँ। स्कुलका कागजपत्रहरू हेर्दा २०२४ साल साउन ३२ गते हेडमास्टर बैकुण्ठलाल श्रेष्ठले तत्कालीन जिल्ला शिक्षा निरीक्षक (जि.शि.नि.) भक्तपुरलाई लेखेको पत्रको विषय छ– 'स्कुल सरुवा गरेकोबारे'।

पत्रको व्यहोरा यसप्रकार छ– 'यस स्कुलको पढाइ चालु भइरहेकोमा स्कुलको भवन कच्चा भई छानाबाट पानी चुहुनुका साथै २२ गतेका दिन अकस्मात छाना भत्की पढाइ चालु गर्न नभएकोले यही भ.पु. तौलाछें टोलको वाखुपति नारायणस्थानमा पढाइ चालु गरिरहेको सूचित गर्दछु।'

चोकका चारैतिर भएका पाटीहरूमा कक्षाहरू सञ्चालित थिए। पाटीमा सेतो कपडा बारेर बाहिरी वातावरणबाट कक्षालाई अलग्याइएको हुन्थ्यो। स्कुलको अफिस र कक्षा ५ चोकको दक्षिणतिरको सत्तलको माथिल्लो तलामा थिए।

बिहानको प्रार्थना त्यही सत्तलअगाडिको बाटोमा दुई लहर विद्यार्थी राखेर गराइन्थ्यो। राष्ट्रिय गान 'श्रीमान् गम्भीर नेपाली प्रचण्ड प्रतापी भूपति ....' गाइन्थ्यो भने त्यसपछि 'गाउँछ गीत नेपाली ज्योतिको पङ्खा उचाली' भन्ने माधवप्रसाद घिमिरेको देशभक्तिपूर्ण गीत पनि गाइन्थ्यो।

हामी पाटीमा पढ्थ्यौँ। चोकमा दिउँसो स्थानीय बासिन्दाहरू बिस्कुन सुकाउँथे। दिउँसो अकस्मात पानी पर्‍यो भने चोकमा सुकाइएका बिस्कुन उठाउन हामी विद्यार्थीहरू जान्थ्यौँ। हामीलाई त्यतिबेलाका शिक्षकहरू 'जनताको सेवा' गर्न पठाएको भन्नुहुन्थ्यो।

च्याम्हासिंहको 'वागीश्वरी विद्यागृह प्रा. स्कुल' को एकनाले उत्तरी मोहडाको पाँच कोठे भवनको छाना टायलले छाएको थियो। त्यसको ठाउँमा जस्ताको छाना हालेपछि स्कुल पुनः च्याम्हासिंहमै सारिएको थियो।

वागीश्वरी स्कुलमा विद्यार्थी नअटेपछि २०४५ सालतिर पुनः नारायणस्थानका पाटीहरूमा प्रा.वि. तहका कक्षाहरू केही महिना सञ्चालन गरिएको थियो। शिक्षक ज्ञानलाल भोमी, कृष्णभक्त लघुलगायत सरहरू त्यहाँ खटनुभएको थियो। तर २०४५ सालको भक्तपुर काण्डले गर्दा त्यसले निरन्तरता पाएन। जे होस्, वाकुपति नारायणका सत्तल पाटीले वागीश्वरी स्कुललाई आवश्यक परेको बेलामा सघाएको गौरवपूर्ण इतिहास सम्झन लायक छ।

## मूर्तिचोरी : पाप धुरीबाट कराउने : भट्टी पसल

राति अकस्मात हल्ला सुनियो वाकुपति नारायणमा मूर्ति चोर्न आए रे चोरहरू भन्ने। वडाध्यक्ष थिएँ म त्यसबेला, स्वभावैले कुदियो चोकतर्फ। धेरै मानिस भेला भैसकेका थिए। ब्रह्मायणी द्यःछेँ दबुचाका रामेश्वर प्रजापति (स्यांकुटी) मोटोघाटो जिउका दाजु पनि हुनुहुन्थ्यो। उहाँको हातमा एउटा बिलाग (लामो आग्लो) पनि थियो। मन्दिरको तोरणबाट चोरले मूर्ति उकाएर लगेको अवस्था थियो। चोरपूर्वको ढोकाबाट भागेको हेर्दा चोर राति ढोका बन्द गर्नुअघि नै चोकमा लुकेर बसेको हो भन्ने बुझ्न सकिन्छ। चोकभित्र पहरेदारहरूका अनुसार चोर धेरै टाढा भागिसकेका छैन यतै कतै हुन सक्छन् भन्ने भयो।

उही रामेश्वर दाजुका साथमा मलगायतको एउटा समूह कोलाछी झताप्वतिर लागियो। 'चोरहरूसित अवश्य पनि हतियार हुन सक्छ है होसियार हुनुपर्छ' भन्नुहुन्थ्यो रामेश्वर दाइ। हामी झताप्वबाट लांतलेतिर लाग्यौँ। त्यहाँबाट पश्चिमतिरको गल्लीतिर गयौँ। गल्लीमा जाँदै गर्दा परबाट एकजना मान्छे हामीतिरै आइरहेको देखियो। हामी बत्तीको प्रकाशले नदेखिने गरी सबैजना भित्तामा चुपचाप टाँसिएर उभियौँ। त्यो मान्छे आफ्नै धुनमा हाम्रै अगाडिबाट लुरुलुरु आएपछि 'ए तिमी को हौ ?' भनेर च्याप्प समात्दा ऊ झसङ्गियो, तर्स्यो। उसले केही बोल्नै पाएको थिएन, लुगाभित्र पछाडि लुकाएर ल्याएको मूर्ति टुङ्ग्रुङ भुइँमा खसिहाल्यो। मूर्ति त्यही वाकुपति नारायणको तोरणकै थियो। रङ्गे हात पक्रेजस्तो चोर पक्रियो। चोर स्थानीय बासिन्दा छ्वाजु थरको रहेछ।

त्यसबेला नारायणचोकको पश्चिमतर्फको भजनपाटीभन्दा माथिको घरमा बालमुकुन्द धन्छाको परिवार बस्नुहुन्थ्यो। बालमुकुन्द दाइले भन्नुभयो– 'फलाना भट्टी पसलमा गए यो चोरको साथी फलाना पनि पक्रिन सक्छ।' उहाँकै अनुमानअनुसार एक टोली उहाँले सुझाएको भट्टी पसलमा पुग्दा भनेकै मान्छे भेटियो। समातेर ल्याइयो। मूर्तिसहित पक्रिएको चोरको अगाडि ल्याएपछि उसले केही बोल्न सकेन। ढुकुछु थरका ऊ पनि स्थानीय नै। अहिलेसम्म पनि उनीहरू दुवैजना 'नारांद्यः' उपनामबाट कुख्यात छन्।

भट्टी पसल अर्थात् थों (जाँड) र ठर्रासहितको खानेकुरा पसल। थों-ठर्रा (रक्सी) खानै नहुने त होइन तर आवश्यक ठिक्क मात्राभन्दा बढी खाँदा स्वास्थ्य बिगार्ने पेय पदार्थ। चोर पक्रिनु केही दिन अघिमात्र जेंलाका अग्रज मित्र जयबहादुर गाइजू दाइले उही छ्वाजुलाई धेरै बरालिएर हिँड्नुहुँदैन; यसो आम्दानी हुने काम धन्दा गर्न सुझाव दिनुभएको रहेछ। त्यसबेला उनको जवाफ थियो– 'के १००-५० को काम गर्ने ? पाइला पाइलामा कम्तीमा हजार हजार कमाइ हुने काम गर्ने नि काका'

'यसले त्यस्तो के काम गर्दै छ पाइला पाइलामा हजार हजार आम्दानी हुने' भन्ने मनमा जिज्ञासा लागिरहेको थियो जयबहादुर दाइलाई। त्यो जिज्ञासा केही दिनपछि खुलिगयो। पाइला पाइलामा हजार आम्दानी गर्ने कामधन्दा त मूर्ति चोर्ने पो रहेछ। त्यसबेला भट्टीमा उसले धाक दिएको त पाप धुरीबाट कराएको पो रहेछ। जयबहादुर दाइ बित्नुभयो। उहाँ भन्नुहुन्थ्यो 'कुकर्मको फल ढिलो चाँडो भोग्नै पर्छ; भोगे उनीहरूले।'

## फेरि चोर पक्राउ : नैतिक बलको उच्च प्रदर्शन

पहिलो प्रयास असफल भएपछि चोरहरूले वाकुपति नारायण चोर्ने अर्को प्रयास गरे। अघिल्लो पटक राति नै चोकभित्र लुकेर राति मूर्ति चोरेका चोरहरू पछिल्लो पटक भित्ता फोरेर चोकभित्र पसे। चोकको दक्षिणपट्टि रहेको सत्तल दक्षिणतिर गल्लीबाट सत्तलको गारो फोरेर चोरहरू चोकभित्र पसेका थिए। तर, तिनीहरूलाई गल्लीको बाटो देखाउने स्थानीय नै हुनुपर्छ। नत्र त्यहाँ बाटो छ भन्ने कुरा कसरी थाहा हुन्थ्यो । त्यो चलनचल्तीको बाटो नै होइन। रातिका पहरेदारहरूले चाल पाए। हल्ला मचाए। मानिसहरू भेला भए। चोरहरू त्यही सत्तलको छिँडी तलामा लुकेर बसे। चोरहरू दुइजना थिए। छिँडीको कुनामा एकको काँधमा अर्को बसेर छायामा नदेखिने गरी लुकिरहेका थिए। छिँडी कोठाभित्र चोरहरू छन् भन्ने थाहा भयो तर पसेर तानेर ल्याउने आँट कसैसँग थिएन। त्यस्तो बेला पहरेदार तुल्सीभक्त कासिछ्वाकै छोरो कोठाभित्र गएर चारेहरूलाई कठालो समाएर तानेर बाहिर ल्याए। चोरहरू मोटाघाटा ज्याङ्ग्रो शरीरका थिए। यद्यपि कुकर्म चिताएपछि बलहीन भएछ क्यारे। तानेर ल्याउँदा लुरुक्कै निस्के। त्यसबेला चोर समातेर निकाल्ने कासिछ्वालाई सबैले उच्च नैतिक बलको निम्ति प्रशंसा गरेका थिए।



पहरेदारहरू चोकका उत्तरतिरका तीनओटा पाटीहरूमध्ये बीचको पाटीमा सुत्थे। आफ्नो जिउ ज्यानको समेत सुरक्षा नभएको भनेर सबैले छोड्न चाहेका थिए। गुठी संस्थानले उनीहरूलाई दिने पारिश्रमिक नाम मात्रको थियो। गुठीमा गएर पारिश्रमिक वृद्धिको लागि धेरै पटक भन्न गइयो तर गुठीको लगतमा भएको भन्दा बढी दिन नसकिने एकोहोरो जवाफ मात्र आइरहन्थ्यो। बिस्तारै गुठीयारहरूले पहरा दिन छोडे। नामवाला बुवाको निधनपछि छोरा नातिहरूले पालो पहरा दिन छोडे। गुठीले पहरा बस्नैपर्छ भनेर दबाब पनि दिन सकेन। सुरक्षाको खतरा झन् बढ्दै गयो।

वास्तवमा सम्पदा सुरक्षाको जिम्मा सरकारले लिनुपर्थ्यो; लिएको देखिएन। भन्ने बेलामा धर्म, संस्कृति सम्पदा संरक्षणमा ध्यान दिएको भन्छ सरकार। तर, यथार्थ व्यवहार ठीक उल्टो भोगिरहनुपरेको थियो र छ पनि। चोरले फोडेको सत्तलको प्वाल त तत्कालै टालियो। तर सत्तलको छानो पनि चुहिएको अवस्था थियो। सत्तलमा भएका बुट्टेदार झ्यालहरू अत्यन्त आकर्षक थियो। त्यसलाई बचाउनलाई पनि छाना मर्मत नगरी नहुने स्थिति थियो। त्यसलाई नगरपालिकाकै बजेटबाट मर्मत गरिएको थियो।

## भनपाबाट सम्पदा सुरक्षागार्डको व्यवस्था

सम्पदा चोरीको सङ्ख्या दिनानुदिन हुन थालेपछि भक्तपुर नगरपालिकाले टोल टोलमा रात्रिकालीन सुरक्षागार्डको व्यवस्था गर्‍यो। रात्रिकालीन सुरक्षा गार्डलाई आत्मसुरक्षाको लागि लाठी, खुकुरी राख्न अनुमति मागिएको थियो। तर, तत्कालीन प्रमुख जिल्ला अधिकारीबाट अनुमति प्राप्त भएन। यद्यपि, टोलटोलमा बस्ने सुरक्षागार्डहरू एक अर्काबीच सम्पर्कमा रहेर सम्पदा सुरक्षाको राम्रो प्रयास भएको थियो। परिणामतः चोरीमा धेरै हदसम्म कमी आएको थियो। त्यसबेला रात्रिकालीन सम्पदा सुरक्षा गार्ड राखिएको जनशक्तिलाई पछि अन्यत्र सेवामा उपयोग गरिएको थियो। तीमध्ये अहिलेसम्म पनि केही त भ.न.पा. मा कार्यरत नै छन्।

## ब्रह्मायणीबाट सरस्वतीको मूर्ति स्थानान्तरण

मूर्तिचोरीको बिगबिगी यति धेरै भयो कि अब मन्दिरलाई नै पिँजडाभित्र राखेजस्तो गर्नुपरेको थियो, वाकुपति नारायण मन्दिरको जमिन तलामा डण्डीको बार त्यहीबेला राखिएको हो। भक्तपुरमा मात्र हैन, पूरै उपत्यकाभर नै जताततै मूर्तिचोरीको घटना

एकप्रकारले निरन्तर भइरहेको थियो । लाग्दथ्यो कतै मल्लकालीन, लिच्छविकालीन ऐतिहासिक धरोहरहरू सबै योजनाबद्ध ढङ्गले तहसनहस पारिँदै छ । मूर्तिविनाका मन्दिरहरू विकृति देखिन थाल्यो । मूर्ति जोगाउन हम्मेहम्मे भयो । त्यही बखतमा ब्रह्मायणीस्थित सरस्वतीको मन्दिरबाट मूर्ति वाकुपति नारायण चोकको उत्तरपूर्वी कुनामा सार्न ल्याइयो । त्यसबेला ब्रह्मायणीमा अहिलेजस्तो बस्तीको विकास भैसकेको थिएन । त्यो सरस्वतीको मूर्ति अहिले पनि वाकुपति नारायणको उत्तरपूर्वी कुनामा रहेको छ ।

## एकदिन प्रहरीको नियन्त्रणमा

त्यसबेला एउटा हल्लाले पूरै नगर हल्लायो कि राजाको कान्छो भाइ धीरेन्द्रले क्रेन लिएर आई लायकुको भूपतीन्द्र मल्लको सालिक चोर्न आए रे भन्ने । चोर आएको हो वा होइन यथार्थ थाहा छैन तर हल्ला भएको यथार्थ हो ।

एकदिन घरमा बसिरहँदा २-३ जना सादा पोशाकका प्रहरीहरू आएर 'वडाध्यक्षज्यू एकक्षण छलफल गर्न डीएसपी साहेबले बोलाउनुभएको छ, जाऔँ' भने । के विषय हो भनेको थिएन । 'पछि आउँछु' भन्दा पनि 'सँगै लिएर आउनू भन्नुभएको छ सापले' भनेर जिद्दी गर्न थाले । यी मामाहरूको स्वर निको छैन भन्ने लाग्यो । यिनीहरू मलाई पक्रनै आएका हुन् भन्ने लाग्यो; सँगै गएँ ।

डीएसपी कार्यालय अहिलेको वडा प्रहरी कार्यालय भएको ठाउँ भण्डारखाल पोखरीको परिसरमा थियो । त्यहाँ पुग्दा डीएसपी थिएनन् । तापनि मसँग सोधपुछ गर्न थालियो– धीरेन्द्र सरकारले क्रेन लिई भूपतीन्द्र मल्लको सालिक चोर्न आएको हल्ला किन चलाएको ?

हल्ला मैले चलाएको छैन भनेर जवाफ दिँदा 'त्यसो भए यो हल्ला चलाउने को हो ? भन्नू' भनेर कर गर्न थाले । सात समुद्रभित्रबाट भए पनि नपक्री नछोड्ने भनेर धम्की दिइयो । त्यस्तो हल्ला आफूले नचलाएको हुँदा त्यो धम्कीसित डर त लागेको थिएन । तर, अनावश्यक रूपमा दुःख झेल्नुपर्ने भयो कि भन्ने लागेको थियो ।

बसिराख्दा १० नं. वडाध्यक्ष व्यासीका न्हुछेकुमार लासिवालाई त्यहाँ ल्याए । डीएसपी साप नआईकन फर्कन मिल्दैन भनेर हामीलाई दिनभर त्यहाँ राखिएको थियो । साँझ भएपछि 'यस्तो नचाहिँदो हल्ला गर्ने हैन, 'जानुस्' भनी फर्काए ।

## नारायणचोकमा कलधारा

वाकुपति नारायण चोकमा वागीश्वरी स्कुल सञ्चालन हुँदा मन्दिरको उत्तरपट्टिको ढुङ्गेधाराको उत्तरतिर सानो कोठाजस्तो ठाउँमा हामी लुक्न जान्थ्यौँ । त्यहाँभित्र हेर्दा धारामा पानी उत्तरतिरबाट आइरहेको देखिन्थ्यो । त्यसबेला हामीले सुनेको कुरा त्यो धाराको मुहान त्वचाको इकु तुँ हो । हो कि होइन थाहा छैन । पछि हामीले हेर्दाहेर्दै ढुङ्गेधारामा पानी आउन छोड्यो ।

ढुङ्गेधारामा पानी नआएपछि स्थानीयको माग नारायण चोकमा पानी चाहियो भन्ने भएपछि खानेपानी संस्थानबाट एउटा धारा राखियो । घरघरमा धारा वितरणको व्यवस्था भर्खर भर्खर सुरु हुँदै थियो । त्यसैले टोलका धेरै महिलाहरू नारायणस्थानकै धारामा पानी लिन आउँथे ।

भक्तपुरको घनाबस्तीको बीचबीचमा फोहोर फ्याँक्ने सागालहरू थिए । सफाइको दृष्टिले ती सागालहरू निकै दूषित भएकाले सागाल हटाई ईँटा छाप्ने अभियानै चलेको थियो । नगरपालिकाले त्यसमा आवश्यक सहयोग गर्थ्यो । व्यापक रूपमा चलेको सफाइ अभियानको एउटा पाटो थियो त्यो । ईँटा छाप्दा उब्रेको माटो फोहोर सूर्यमढीको चैत्यभन्दा पश्चिमतिर बाटोमा थुपारिएको थियो । कारण भक्तपुर विकास परियोजनाले त्यहाँ एउटा सानो फोहोर जम्मा गर्ने ठाउँ बनाएको थियो । त्यो सानो ठाउँभन्दा सयौँ गुणाबढी फोहोर त्यहाँ थुप्रिँदा कोलाछीतिर जानेहरूलाई निकै समस्या भएको थियो । रोकेर रोक्नै नसक्ने जस्तो भएपछि फोहोर हटाउने एउटा जुक्ति निकालियो । त्यो जुक्ति भनेको नारायणचोकको कलधाराबाटै एउटा पाइप ल्याएर सूर्यमढीमा धारा राख्ने । फोहोर हटाएर धारा राखेपछि त्यहाँ पानी लिन आउने र स्नान गर्नेहरूले त्यहाँ फोहोर राख्नै दिएनन् । त्यो धाराको अवशेष अझै बाँकी छ ।

त्यही धारा राख्ने काम भइरहेको समयमा तत्कालीन वडा नं. १ मा पहिलो गैरनेवारले नक्सा पास गरी देगइनामा घर बनाएको थियो । घर बनाउन नक्सापासमा कुनै रोकतोक नहुँदा उनी खुशी भएर घरमा आई म वडाध्यक्षलाई केही नजराना चढाउन आएका थिए- घिमिरेजी । मैले उहाँलाई सूर्यमढीमा लिएर गएँ । त्यहाँ साथीहरू थिए । साथीहरूका अगाडि मैले 'उहाँको घरको नक्सापासको खुशीयालीमा मलाई केही कोसेली दिन चाहनुहुन्छ; त्यो के कति हो यहाँ सबै साम् राख्नुहोला । किनभने अहिले यहाँ धारा राख्ने काम भइरहेको छ । लौ अब कति के दिने हो बढीभन्दा बढी यहाँ दिनुस्' भनेँ । घिमिरेजी जिल्ल पर्नुभयो । उहाँले त्यहाँ सय डेढ सय रुपैयाँ दिनुभएको थियो ।

यो संस्मरण लेख्दा दिन मिति उल्लेख गर्न सकिएन । नियमित नभए पनि दैनिकी लेख्ने गरेको थिएँ तर ४५ सालको भक्तपुर काण्डको बेला घरबाट किताबकापी यताउता सार्दा ती लेखोटहरू कहाँ कता परे ठेगानै भएन ।

(२०७९/११/५ गते)

# तस्बिरमा केही गतिविधि



नगरपालिका क्षेत्रभित्रका सामुदायिक, संस्थागत र सार्वजनिक गुठी अन्तर्गत सञ्चालित विद्यालयका विव्यस अध्यक्ष तथा प्रअहरूको भेला । (वैशाख २५ गते)



भक्तपुर नपाबाट सञ्चालित ख्वप अस्पतालको आयोजनामा चिकित्सक, नर्स तथा स्वास्थ्यकर्मीहरू सहभागी बृहत पोषणसम्बन्धी आधारभूत क्षमता अभिवृद्धि तालिम । (जेठ ७ गते)



भक्तपुर नपाद्वारा सञ्चालित ख्वप अस्पतालमा नव नियुक्त नर्सहरूको अभिमुखीकरण कार्यक्रम । (जेठ १० गते)



भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालको प्रसूति सेवाअन्तर्गत ३८ वर्षीय महिलाले जेठ ४ गते दिनको १२:४० मा ३.१८ केजीको स्वस्थ छोरालाई जन्म दिइन् । ख्वप अस्पतालले पहिलोपटक शल्यक्रियाबाट प्रसूति सेवा प्रदान गरेको हो ।

## तस्विरमा केही गतिविधि



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिबाट भक्तपुर नपा वडा नं. ९ तुमचो दुगुरे चोखा आवास क्षेत्रमा खानेपानी वितरणको शुभारम्भ । (वैशाख ३० गते)




वडा नं. ९ सकोलानस्थित पालि फ: फल्चाको शिलान्यास । (जेठ ८ गते)



प्रमुख सुनिल प्रजापतिलगायतबाट ख्वप अस्पतालको २ लाख ७५ हजार लिटर क्षमताको भूमिगत पानी ट्याङ्कीको ढलान कार्य निरीक्षण । (वैशाख २९ गते)



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिबाट भनपा वडा नं. १ सल्लाघारीको न:पली सृजनानगरस्थित इसानेश्वर मन्दिरको शिलान्यास । (वैशाख २० गते)

भक्तपुर नगरबाट वर्षका उत्कृष्ट खेलाडी, रेफ्रि र निर्णायक सम्मानका केही झलक









भक्तपुर नपाबाट वर्षका उत्कृष्ट खेलाडी, रेफ्रि र निर्णायक सम्मानका केही झलक









# भक्तपुर नगरको शैक्षिक अवस्था एक जानकारी

कृष्णप्रसाद कर्माचार्य
भक्तपुर नगरपालिका शिक्षा शाखा प्रमुख

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लागू भएसँगै आधारभूत तहदेखि मावि कक्षासम्मको शिक्षाको जिम्मेवारी स्थानीय तहमा गयो। भक्तपुर नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक स्थितिलाई सहज रूपमा अगाडि बढाउन सबैभन्दा पहिले भक्तपुर नगरपालिका शिक्षा ऐन, २०७४ राजपत्रमा प्रकाशित गर्‍यो र सोहीअनुसार अगाडि बढ्यो। भक्तपुर नगरपालिका भित्र सामुदायिक र संस्थागत गरी जम्मा ९२ ओटा विद्यालयहरू रहेकोमा भक्तपुर नगरपालिकाले सामुदायिक र संस्थागत विद्यालयको अन्तर कम गर्दै लैजाने प्रयास गर्दैछ। भक्तपुर नगरपालिकाभित्र सामुदायिक ३६ ओटा, संस्थागत र गुठीमा सञ्चालित ५७ ओटा गरी जम्मा ९३ ओटा विद्यालयहरू सञ्चालित छन्। साथै किन्डरगार्टेन ४ ओटा, खुला (आधारभूत १ र माध्यमिक १) २ ओटा र प्राविधिक धारतर्फ २ ओटा शैक्षिक संस्थाहरू सञ्चालित छन्। जसमध्ये किन्डरगार्टेन ४ ओटा, कक्षा १ देखि ५ सम्म सञ्चालित विद्यालय १९ ओटा छन्। त्यस्तै कक्षा ६ देखि ८ सञ्चालन हुने विद्यालय १४ ओटा छन् भने कक्षा ९ देखि १० सञ्चालन हुने मावि विद्यालय ५२ ओटा रहेका छन्। भक्तपुर नगरपालिकाभित्र हालसम्म १० ओटा विद्यालयहरूमा कक्षा ११ र १२ अध्यापन भइरहेको छ।




भक्तपुर नगरपालिकाभित्र रहेको विद्यालयहरूको वडागत तथ्याङ्कलाई प्रस्तुत गर्दा १ नं. वडामा १४ ओटा (सामुदायिक ३ र संस्थागत ११), २ नं. वडामा ११ ओटा (सामुदायिक ४, संस्थागत ६ र किन्डरगार्टेन १), ३ नं. वडामा ९ ओटा (सामुदायिक ६, संस्थागत २ र प्राविधिक १), ४ नं. वडामा ११ ओटा (सामुदायिक ३ र संस्थागत ८), ५ नं. वडामा ७ ओटा (सामुदायिक ५ र संस्थागत २) विद्यालयहरू सञ्चालनमा रहेका छन्। त्यसैगरी ६ नं. वडामा ६ ओटा (सामुदायिक १, संस्थागत ४ र किन्डरगार्टेन १), ७ नं. वडामा ७ ओटा (सामुदायिक ३ र संस्थागत ४), ८ नं. वडामा १० ओटा (सामुदायिक ४, संस्थागत ४ र किन्डरगार्टेन १), ९ नं. वडामा ७ ओटा (सामुदायिक ४, संस्थागत १, खुला १ र किन्डरगार्टेन १) र १० नं. वडामा १८ ओटा (सामुदायिक २, संस्थागत १५ र किन्डरगार्टेन १) गरी सामुदायिक, संस्थागत, प्राविधिक, खुला र किन्डरगार्टेन गरी जम्मा एक सय ओटा विद्यालयहरू भक्तपुर नगरभित्र सञ्चालनमा रहेका छन्।

भक्तपुर नगरपालिकाले शैक्षिक सत्र २०७९/०८० को लागि कक्षा ११/१२ सञ्चालित विद्यालयहरूमा छात्रवृत्तिमा अध्ययन गर्न चाहने विद्यार्थीहरू छनोटका लागि परीक्षा सञ्चालन तथा नतिजा प्रकाशनपश्चात १ सय २० जना विद्यार्थीहरूलाई फरक फरक विषयअन्तर्गत विभिन्न विद्यालयहरूमा सिफारिस गरियो। ख्वप माध्यमिक विद्यालयमा ७० जना (विज्ञान सङ्कायमा २८ जना, व्यवस्थापन सङ्कायमा ३३ जना, मानविकी सङ्कायमा ३ जना, शिक्षा सङ्कायमा २ जना र कानुन सङ्कायमा ४ जना), वागीश्वरी माध्यमिक विद्यालयमा ३६ जना (विज्ञान सङ्कायमा ७ जना, व्यवस्थापन सङ्कायमा २२ जना, मानविकी सङ्कायमा ७ जना र शिक्षा सङ्कायमा १ जना), बासु माध्यमिक विद्यालयमा ९ जना (विज्ञान सङ्कायमा ३ जना, व्यवस्थापन सङ्कायमा ४ जना र शिक्षा सङ्कायमा २ जना), आदर्श आजाद माविमा व्यवस्थापन सङ्कायमा ४ जना र पद्म माध्यमिक विद्यालयमा शिक्षा सङ्कायमा १ जना) कक्षा ११/१२ को लागि सिफारिस गरिएको थियो। उक्त छनोट परीक्षाको लागि जम्मा ५ सय ९५ जना विद्यार्थीहरूले आवेदन फाराम भरेका थिए।

भक्तपुर नगरपालिकाले भक्तपुर नगरपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयको भौतिक सुधार तथा शैक्षिक विकासका लागि समयसमयमा भक्तपुर नगरपालिकाको आन्तरिक स्रोतबाट व्यहोर्ने गरी आर्थिक सहयोग गर्दै आएको छ। नगरभित्र सञ्चालित ३६ ओटा विद्यालयको आधारभूत बाल विकास केन्द्र (इसीडी) को

स्तरोन्नतिका लागि प्रति विद्यालय एक लाख रुपैयाँ आर्थिक सहयोग गरेको छ। यसले विद्यालयहरूको बाल विकास केन्द्रमा सुधार आएको छ। त्यसका साथै सामुदायिक विद्यालयको भौतिक सुधारअन्तर्गतका विभिन्न क्षेत्रको सुधारका लागि पनि भक्तपुर नगरपालिकाको आन्तरिक स्रोतबाट व्यहोर्ने गरी आर्थिक सहयोग हुँदै आएको छ।

भक्तपुर नगरपालिका भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउने उद्देश्य र सांस्कृतिक नगर घोषणा गराउन सक्रिय रूपमा लागिरहेको छ। विद्यार्थीहरूको सक्रियतालाई ध्यानमा राखी विज्ञान प्रदर्शनी तथा समयसमयमा सामुदायिक, संस्थागत र गुठीमा सञ्चालित सबै प्रकारका विद्यालयका प्रधानाध्यापक र प्रिन्सिपलहरूको छुट्टाछुट्टै र संयुक्त रूपमा भेला तथा बैठक आयोजना गर्दै सल्लाह सुझाव लिनेदिने कार्य भइरहेको छ। यसबाट विद्यालयहरूमा देखिएका कमीकमजोरीहरूलाई हटाएर सुधार गर्न सहयोग पुगेको छ। प्रधानाध्यापक/ प्रिन्सिपल भेला तथा बैठकका साथै विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रतिनिधिहरूको पनि भेलालाई भक्तपुर नगरपालिकाले निरन्तरता दिँदै आएको छ। सम्पदा संरक्षणलाई ध्यानमा राखी एक विद्यालय एक सम्पदा कार्यक्रमलाई निरन्तरता दिँदै आएको छ। विद्यालयले आफ्नो क्षेत्रभित्र रहेका सांस्कृतिक सम्पदाको सरसफाइ, संरक्षण गर्न आफ्ना विद्यार्थीहरूलाई क्रियाशील गर्दै आएको सकारात्मक पक्ष हो।

भक्तपुर नगरपालिकाले शैक्षिक क्षेत्रका साथसाथै विद्यार्थीहरूको अतिरिक्त क्रियाकलापलाई पनि अगाडि बढाउनुपर्ने पक्षलाई समेत ध्यानमा राखी हरेक वर्ष नगरव्यापी विद्यालय स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गर्दै आएको छ। शैक्षिक वर्ष २०७९ को पुस ५-९ सम्म नगरव्यापी विद्यालय स्तरीय खेलकुद प्रतियोगिता सम्पन्न भयो। प्रतियोगितामा १४ ओटा विभिन्न खेलको प्रतियोगिता सञ्चालन भएको थियो। उक्त प्रतियोगितामा ७९ ओटा विद्यालयबाट २,७०० भन्दा बढी विद्यार्थीहरूले सहभागिता जनाएका थिए। सहभागी सम्पूर्ण विद्यालयहरूलाई भक्तपुर नपाले खेलकुद सामग्री वितरण गरिएको थियो।

विद्यार्थीहरूलाई स्थानीय कला, संस्कृति, सम्पदा, स्थानीय व्यक्तित्व, स्थानीय खेललगायतको विषयमा पनि जानकारी दिने उद्देश्यका साथ भक्तपुर नगरभित्र सञ्चालित सम्पूर्ण विद्यालयहरूका कक्षा १ देखि कक्षा ८ सम्म स्थानीय पाठ्यक्रम **'ख्वप पहिचान'** तयार गरी अध्ययन अध्यापन गराउँदै आएको छ। स्थानीय पाठ्यक्रम अध्यापनको लागि सन्दर्भ सामग्री भाग १ देखि ३ सम्म प्रकाशन गरी सम्पूर्ण विद्यालयहरूमा वितरण गरेको छ। साथै विद्यालयहरूको विविध गतिविधि, परीक्षा, बिदालगायतका विषयमा एकरूपता ल्याउन हरेक वर्ष शैक्षिक पात्रो प्रकाशन गरेको छ। शैक्षिक पात्रो अभिलेखको रूपमा राख्न सकिने गरी पात्रोमा हरेक वर्ष सम्पदा क्षेत्रका तस्बिर, शैक्षिक क्षेत्रका विभिन्न महत्त्वपूर्ण सम्पर्क नम्बर, वेबसाइट, शैक्षिक विषयवस्तुलगायत समावेश गरेर प्रकाशन गरेको छ। भक्तपुर नगरपालिकाले आयोजना गर्ने विभिन्न कार्यक्रमको र्‍याली, सचेतना र्‍याली, सन्ध्याकालीन पदयात्रा, सरसफाइ कार्यक्रमलगायत अन्य गतिविधिमा नगरभित्रका विद्यालयहरूको सहभागिता पनि महत्त्वपूर्ण रहेको छ।



कोरोना भाइरस (कोभिड १९) ले विश्वलाई नै आक्रान्त पारेको अवस्थामा भक्तपुर त्यसबाट अछुतो रहन सकेन। कोभिडको महामारीका कारण विद्यालयको पठनपाठन प्रभावित भएको समयमा विद्यार्थीहरू आ-आफ्नो घरमै बसेर स्वअध्ययन र अभ्यास गराउनको लागि सामुदायिक विद्यालयका कक्षा १ देखि कक्षा ३ सम्मको सबै विषयको कार्यशाला गरी सोही कार्यशालाबाट अभ्यास पुस्तिका निर्माण गरी सम्पूर्ण विद्यार्थीहरूलाई वितरण गरिएको थियो। कोभिडको महामारी फैलिरहेको समयमा बिरामीहरू अक्सिजन नपाएर ज्यान गुमाउन बाध्य थिए। भक्तपुर नगरपालिकाबाट सञ्चालित ख्वप अस्पतालमा अक्सिजन प्लान्ट राख्न नगरपालिकाले आर्थिक सहयोगको लागि अनुरोध गरेको अवस्थामा शैक्षिक क्षेत्रमा कार्यरत शिक्षक कर्मचारीहरूले स्वैच्छिक रूपमा आर्थिक सहयोग गर्नु सराहनीय काम हो। सामुदायिक र संस्थागत विद्यालयमा कार्यरत शिक्षक कर्मचारीहरूबाट कोभिडको समयमा अक्सिजन प्लान्ट निर्माणको लागि २३ लाख ७६ हजार २ साय ३७ रुपैयाँ ७९ पैसा सहयोग प्राप्त भएको थियो।

भक्तपुर नगरपालिकाभित्रका सामुदायिक विद्यालयका ३४ ओटा बाल विकास केन्द्रमा कार्यरत ४२



जना बाल विकास सहजकर्ता (इसीडी) को लागि नेपाल सरकारबाट उपलब्ध गराउने न्यूनतम तलब नपुग भएकोले नगरपालिकाको अन्तरिक स्रोतबाट व्यहोर्ने गरी मासिक पाँच हजार रुपैयाँ थप गरेर मासिक पन्ध्र हजार निकासा गर्दै आएको छ। भक्तपुर नगरभित्र कार्यरत शिक्षक कर्मचारीको व्यक्तित्व विकासका लागि समयसमयमा पाठ्यपुस्तक अभिमुखीकरण, पाठ्यक्रम तालिमका साथै अन्य विविध विषयमा तालिम, गोष्ठी, अन्तरक्रिया कार्यक्रम नियमित रूपमा आयोजना गर्दै आएको छ। यसका साथै विद्यार्थीहरूको शैक्षिक स्तर उकास्न शैक्षिक वर्ष २०७८ देखि कक्षा ५ को वार्षिक परीक्षा र शैक्षिक वर्ष २०७९ देखि कक्षा १० को एसइइ तयारी परीक्षा भक्तपुर नगरपालिकाले नै सञ्चालन गरिँदै आएको छ। देश सङ्घीयतामा प्रवेशसँगै शिक्षा क्षेत्र स्थानीय तहमा आइसकेपछि भक्तपुर नगरपालिकाले २०७४ सालदेखि नै कक्षा ८ को नगर स्तरीय परीक्षा सञ्चालन गर्दै आएको छ। भक्तपुर नगरपालिकाले सञ्चालन गरेको परीक्षाले विद्यार्थीको शैक्षिक स्तरमा प्रगति भएको र यसलाई निरन्तरता दिनुपर्ने सकारात्मक प्रतिक्रिया प्राप्त भइरहेको छ।

भक्तपुर नगरपालिका आफैले पनि वि.सं. २०५६ सालदेखि भक्तपुर नगरभित्रका विभिन्न वडामा शिशु स्याहार केन्द्र सञ्चालन गरिराखेको छ । हाल नगर भित्रका विभिन्न वडामा ६ ओटा शिशु स्याहार केन्द्र सञ्चालन गरिरहेको छ । ती ६ ओटा शिशु स्याहार केन्द्रमा दैनिक १२ जना इसीडी सहजकर्ता र १२ जाना आयाबाट १ सय ८० देखि २ सय शिशुहरूलाई स्याहार भइरहेका छन् । भक्तपुर नगरपालिकाले शिशु स्याहार केन्द्र स्थापनादेखि हालसम्म ५ हजारभन्दा बढी शिशुहरूको स्याहार गरिसकेका छन् । त्यसका साथै भक्तपुर नगरभित्र ३ ओटा सामुदायिक अध्ययन केन्द्र सञ्चालन भइरहेका छन् । नेपाल सरकारबाट वार्षिक अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम शीर्षकमा प्राप्त हुने दुई लाख रुपैयाँ अनुदानबाट ती सामुदायिक अध्ययन केन्द्रले विभिन्न तालिम सञ्चालन गर्नुका साथै बेलाबेलामा स्वास्थ्य शिविर, सरसफाइ कार्यक्रम आदिलाई निरन्तरता दिँदै आउनु सकारात्मक पक्ष हो ।

नेपाल सरकारले सामुदायिक विद्यालयमा पूर्व प्राथमिक तहदेखि कक्षा ६ सम्म अध्ययनरत विद्यार्थीहरूलाई सशर्त बजेटबाट प्रति विद्यार्थी दैनिक पन्ध्र रुपैयाँले १ सय ८० दिनको लागि उपलब्ध गराउने दिवा खाजाको वैशाख महिनादेखि असार महिनासम्मको नपुग रकम आफ्नो क्षेत्रभित्र सञ्चालित विद्यालयका विद्यार्थीहरूको स्वास्थ्य र पोषणलाई ध्यानमा राखी भक्तपुर नगरपालिकाको आन्तरिक स्रोतबाट व्यहोर्ने व्यवस्था गरेको छ। साथै विद्यालयको भौतिक तथा प्राविधिक पक्षको नियमित अनुगमन गरी आवश्यक सल्लाह, सुझाव दिने कार्य पनि भइरहेको छ।

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

## रगत परीक्षण शुल्क नगरपालिकाले उपलब्ध गराउनेसम्बन्धी सूचना

भक्तपुर नगरपालिकाको आ.व. २०७९/०८० को नीति तथा कार्यक्रममा निःशुल्क रगतको व्यवस्था गरिने भनी उल्लेखभएबमोजिम भक्तपुर नगरपालिकाका स्थायी बासिन्दाहरूलाई नेपाल रेडक्रस सोसाइटी, भक्तपुरबाट रगत उपलब्ध गराउँदा लाग्ने रगत परीक्षण शुल्क २०७९/६/१ गतेदेखि नेपाल रेडक्रस सोसाइटी, भक्तपुरलाई भक्तपुर नगरपालिकाले उपलब्ध गराउने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ ।

# DEVELOPMENT, THE BHAKTPUR WAY!

- UPENDRA LAMICHHANE

With the end of Biska Jatra, the Bhairab Rath of Bhaktapur has been garaged for this year. However, the chariot of development continues to parade in the Island of Goodness, Bhaktapur Municipality. The new development practices initiated by the municipality have made the ancient city of Lichhavi era more vibrant. In contrast to other municipalities in the country, Bhaktapur Municipality has charted a unique path towards development symbolized by the movingforward chariot of Bisket.

When it comes to building a great city, it's not only the ancient culture and art that matter, but also the innovative development practices introduced by the people's representatives. Bhaktapur Municipality has managed to set itself apart from other cities in the country by blending traditional knowledge with modern education. What's more, the city has demonstrated remarkable resilience, Bhaktapur Municipality has set a new model of development by blending tradition with innovation for vibrant growth. managing to work quickly even in the face of adversity.

Legend has it that the eight goddesses of Ashta Matrika protected the old city of Bhaktapur. Today, as a city rich in heritage and culture, Bhaktapur has a newfound appreciation for its ten wards, each led by a dedicated representative who works to represent the entire city. Thanks to his hard work and unwavering commitment, the municipality has achieved its objectives and more.
The leadership of Mayor Sunil Prajapati is equally important in this good deed of Bhaktapur Municipality. In particular, he himself considers all these works to be the result of the collective support of the townspeople. "We have taken a step forward with the common sense of the citizens," said Mayor Prajapati, "A crowd that is ready to push the chariot of development was formed."




To achieve success, the city believes that it doesn't need to do new things, Legend has it that the eight goddesses of Ashta Matrika protected the old city of Bhaktapur. Today, as a city rich in heritage and culture, Bhaktapur has a newfound appreciation for its 10 wards, each led by a dedicated representative who works to represent the entire city. bagmati province but rather do things differently. This is why Bhaktapur Municipality has prioritized working on small things that other cities have ignored. As a result, the people are even more pleased with the work being done by Bhaktapur Municipality.

Not only a hospital is built here for the unhealthy, but also a gymnasium has been arranged in public places to stay healthy. Under the door-to-door nursing service, nurses conduct health check-ups at home. Elderly people do not need to go to the bank to get old age allowances; instead the bank comes to their yard. "In other cities, senior citizens have to go to the bank for these allowances," says Sunil Prajapati, "It has been five years



since other cities have practiced federalism, but this city has been using the rights of the local level for a long time." By spending its own income, the city has progressed as an independent entity without relying on the central government for development.




The primary source of income for Bhaktapur is tourism, and the city has fully utilized this revenue to fund its development. Even during the Covid-19 pandemic, when tourists were scarce, the city continued to develop through public donations and other sources of income.

During the lockdown, when the employees of other cities were resting, this city took special care of the health condition of the residents by deploying all its employees in the field. Due to the significant work done in the fight against Covid-19, this city was also honored by the Bagmati province government. "During the pandemic, our need for people was even greater," says Mayor Prajapati, "Which is why we took risks to keep our citizens safe."

Bhaktapur Municipality has made remarkable progress in various fields, particularly in education, health, and heritage sectors. As a city rich in ancient civilization, Bhaktapur has made significant strides in multifaceted development, blowing the trumpet of progress in the ancient city of art and culture.

## EDUCATION

Bhaktapur Municipality has established a reputation for providing affordable higher education to students across the country, with the operation of eight educational institutions, including two engineering colleges. This year, the city has expanded its offerings with Purbanchal University granting permission to operate the 'Khwopa College of Law'. At present, approximately 7,000 students from 72 districts are enrolled in these institutions.

The city's commitment to providing quality education has resulted in its being known as an engineering hub, producing 432 engineers annually. Additionally, female graduates and post-graduates are increasingly visible in the city's social fabric. Mayor Prajapati notes that the educational institutions, founded with the objective of providing lowcost higher education to the children of common people, are providing a pathway for the new generation to meet new challenges while developing respect for labor through the integration of education with productive work.

Moreover, the city has established childcare centers in different wards, providing vital support to single parents by enabling them to confidently enter the workforce, knowing their children are well cared for. Though some students may need to venture outside Bhaktapur for further education, the city provides financial assistance through scholarships, allowing them to pursue their higher studies in diverse subjects.

## HEALTH

After various struggles, the municipality got permission from the Bagmati government on May 6, 2022 to build a 100-bed hospital. It has provided health services to 16,426 patients from 60 districts, including Bhaktapur, in a period of six months in 2022. The city is planning to make the hospital even better. All the preparations are being completed for this.

Similarly, Nepal's first and only respiratory/chronic center has been put into operation in Bhaktapur Municipality. The center has been established in Tumucho Dugure, Bhaktapur Municipality-9. As the number of chronically ill patients is increasing day by day in Nepal, the hospital has established a rehabilitation center to reduce the number of patients.

The municipality has been providing 24-hour services to the citizens through pub-

lic health centers in Chyamasingh and Byasi. In the same way, in 2006, the municipality in collaboration with the Tilganga Eye Institute has launched the District Community Eye Center. In collaboration with the Ayurvedic Center, the municipality has launched Ayurvedic treatment services.

Not only hospital services but also nursing services are provided to the patients at their doorsteps for their proper health. This service, which started in 2017, involves preparing family health information, taking care of the disabled and elderly, health examination of pregnant mothers, counseling and referral to health institutions as needed. For this, one nurse and one health volunteer are deployed in each ward of the city.

## CULTURAL HERITAGE

Bhaktapur, a city devastated by the 2015 earthquake, is making a remarkable recovery. The municipality has successfully rebuilt 26 temples, 42 Patis, eight Dyochhe-Devghar, and four entrances that were damaged in the earthquake, in addition to restoring 11 ponds, seven wells, eight satals, and seven stone spouts. The city has managed to do so without compromising its heritage value or losing its originality. Mayor Sunil Prajapati expresses his pride in the restoration and reconstruction work, which has been accomplished with the help of local citizens and experts in traditional skills, rather than relying on foreign assistance. He says, "Rather than being happy with the heritage built by asking for foreign assistance, we are proud of the heritage that has been restored and reconstructed in our own generation. That is why the city could not accept the agreement of 10 million euros between the Nepal and German governments as it was not in their interest."

Bhaktapur Municipality has taken steps to ensure that the younger generation learns traditional skills by respecting and learning from senior citizens who have such knowledge. The city's carpenters and engineers, trained in the district, are contributing to the reconstruction work, and neighboring districts are benefiting from the skills of the locals. Bhaktapur women have also played a significant role in the reconstruction of the famous Ranipokhari in Kathmandu.

The municipality's major source of income is the fees collected from tourists who visit the city. This revenue has been used to support education, health, and heritage conservation. Although the lockdown has resulted in a decrease in tourist numbers and income, the enthusiasm of the townspeople for heritage preservation has ensured that reconstruction work continues. Bhaktapur city has also implemented strict building standards for private and new houses to preserve the traditional form. When building private housing within the World Heritage and Cultural Area, the city subsidizes 35 percent of the building's front part construction cost. The city has launched a campaign to build houses in the traditional way.

The ban on pitching on inner roads in the city area was just the beginning of Bhaktapur's efforts to enhance its aesthetics. As the brick-laid roads began to accumulate dirt, the municipality replaced them with stones, further adding to the city's charm.

Moreover, the municipality has made significant strides in preserving the region's art and culture, adhering to the ancient adage that proclaims our cultural heritage as our greatest wealth. To this end, various cultural preservation competitions are organized annually, and the local curriculum now includes "Identity of Khwopa," which sheds light on traditional folk music and folk dances. This provides the younger generation with an opportunity to learn about these fading traditions.

Cultural expert Tejeshwar BabuGwanga notes that the municipality has taken particular care to preserve both tangible

and intangible art, including festivals, original lifestyles, rituals, Dafa hymns, Guthi, folk music and folk dance. "Bhaktapur remains the original city of Nepal, thanks to its commitment to preserving its art, culture, and heritage," he asserts. Those who safeguard Bhaktapur's legacy and invest in the future of its youth are invaluable. The municipality hopes that the youth will take an active interest in local traditions, such as the Jatra, drumming in Tolls, and pulling the chariot's rope, all of which not only preserve the culture but also keep it alive.

## EMPLOYMENT



This city, which is also famous for farming, has recently faced an agricultural crisis with increasing urbanization. However, the municipality has been proactive in finding alternative income sources for its citizens. To this end, it has provided guide training and language instruction in Chinese, targeting the city's youth to cater to the growing tourism sector.

Furthermore, the municipality has been offering training in diverse trades such as carpentry, photography, plumbing, and electricity, enabling young individuals to develop valuable skills. Consequently, traditional construction work faces no shortage of skilled carpenters and artisans, while language proficiency has enhanced communication with visitors, boosting the hospitality industry.

According to Mayor Prajapati, "The city is now selfsustaining, and owes its success to the collective efforts of its residents." The culinary education programs have helped to revitalize the hotel and restaurant business, and the city is thriving as a result. Despite the agricultural crisis, the city has found a way to stand on its own and create a brighter future for its citizens.

## RELIGIOUS HARMONY

For centuries, Buddhists and Hindus in Bhaktapur have shared a deep affection for one another, a testament to the region's religious harmony. Chaityas and temples standing side-by-side convey a message of mutual brotherhood that is embraced by both communities. Remarkably, this peaceful coexistence is not limited to these two groups, but extends to all religious sects in the area. It is a common sight to see people from diverse faiths engaged in conversation in various parts of the city, a testament to their shared sense of community.


Furthermore, the municipality has been proactive in facilitating community events and festivals, ensuring that every religious group is represented and supported. These efforts have helped to promote greater understanding and solidarity amongst the different groups, ultimately contributing to a peaceful and harmonious society.

While Bhaktapur's main gate provides a stunning view of the region's unique development and progress, it is the communal spirit within the city that truly captures its essence. Indeed, it is this spirit of unity and cooperation that makes Bhaktapur a truly special place.

Photo: Upendra Lamichhane

GAME CHANGER APRIL 2023

# नेपाल सरकारको
# वैधानिक कानून २००४ (२)




आशा गर्छु कि तिमीहरू सबैले वैधानिक ऐन ध्यान पूर्वक सुनेका होउला। यसका विशिष्ट अङ्गहरूका बारेमा पनि यो ऐनको उद्देश्य र अर्थका बारेमा प्रकाश दिन चाहन्छु।

ऐनको भूमिकाबाट हाम्रो लक्ष्य र अभिप्राय के रहेछ सो बुझिसक्यौ होउला, हेर, यही शासनप्रणाली नै सबभन्दा उत्तम हो भन्ने कुरामा संसारको इतिहासभरिमा पनि एक राय भएको देखिन्न, न त संसारभरिका राष्ट्रहरूका प्रतिष्ठित व्यक्तिहरू जम्मा भई बनेको सम्मिलित राष्ट्रसंघले पनि सो कुराको ठेगान गर्न खोजेको वा सकेको छ। संसारमा भिन्न भिन्न समयमा भिन्न भिन्न प्रकारका शासनव्यवस्था प्रचलित थिए, कहिले साम्यवाद, कहिले राजतंत्र, र बीचबीचमा ऐकाधिपत्य पनि चलेको थियो। अहिले पनि भिन्न भिन्न देशमा भिन्न भिन्न राज्यप्रणाली चलिरहेकै छन्। सुशासनको एक मात्र लक्षण के हो भने त्यसबाट सबभन्दा बढी दुनियाँको सबभन्दा बढी हित हुनुपर्दछ, अथवा जुन शासनबाट थिति राम्रो हुन्छ, शान्ति र सुखको उन्नति हुन्छ, त्यही शासनप्रबन्ध बेस हो।

मौलिक हकका बारेमा, संसारका प्रमुख राष्ट्रहरूमा ती जुन प्रकारसँग प्रचलित छन्, हामीले पनि तिनलाई सोही ढंगमा तर्जुमा गरेकाछौँ। अगि यस विषयमा हाम्रा ऐन कानून अपूरा थिए, अहिले हामीले तिनलाई हिन्दुस्थान र अरू उन्नत मुलुकको सरह पार्ने उद्योग गरेका छौँ। आमशृङ्खला र सदाचारको चरम आवश्यकताको हद भित्र रही सबै जनाले चल्न पाउने कुरामा केही बन्देज रहनुपर्दछ भन्ने तिमीहरूले बुझेकै छौ। दुनियाँको हक र कर्तव्य दुवै हुन्छन्। औ दुवै आम भलाईका निमित्त व्यवहृत हुन्छन्। कुनै दुइ देशको चलन र आवश्यकता पनि एकनास हुँदैन, तसर्थ हाम्रो देशलाई सुहाउने, औ आवश्यकीय खास गरी धर्मको कुरामा बाहेक, अरू विषयमा अरू मुलुकहरूमा चलिरहेको भन्दा बढता बन्देज हाम्रो मुलुकमा लगाउने सरकारको इरादा छैन।

मन्त्रीमण्डलको सृजना र त्यसमा निर्वाचित सदस्यहरूका प्रतिनिधिहरूलाई समेत स्थान दिएको र शासन–समितिको स्थापनाबाट समेत शासनकार्यमा दुनियाँलाई सरीक गराउने हाम्रो अभिप्राय स्पष्टै छ।

केन्द्रीय–सभाको लागि प्रतिनिधि चुन्ने विषयमा एक मौलिक योजना तयार भएको छ। पाश्चात्य देशको चुनावको ढंगलाई परम्परादेखि चलिआएको हाम्रो संस्कृतिलाई सुहाउने पञ्चायती प्रणालीमा ढाल्नाको उद्योग भएको छ। उमेर पुगेका सबैलाई चुनावको हक दिइएको छ, तर यसमा सरकारले एक कुरामा विशेष ध्यान दिनुपर्ने देखिन्छ। मुलुकभरका असल, लायक र जेहनदार निर्वाचित प्रतिनिधि केन्द्रमा आई सरकारलाई मद्दत गरून् भन्ने अभिलाषा सरकारको छ, तर यो निर्वाचन वा चुनावको सिलसिलाले गर्दा मुलुकमा झैझगडा र अशान्ति फैलिन गयो भने बडो नराम्रो कुरा हुन जानेछ, सो सरकारले कदापि हुन दिनेछैन। मुलुकलाई दल पद्धतिको भुवँरीमा धकेली उम्मेदवारको योग्यताबाट भन्दा दल वा समूहको बन्दोबस्तको जोरले निर्वाचन हुन जाने प्रथालाई सरकारले कुनै हालतमा पनि प्रोत्साहन दिनेछैन। निर्वाचनपद्धतिले गर्दा सबभन्दा योग्य व्यक्तिलाई अगाडि ल्याउनामा मद्दत हुने हुनाले सो प्रारम्भ गरिएको हो, तर त्यसका साथसाथै चुनाव गर्दाको अधिक खर्च, दिक्कत र पीर, र कलहलाई पनि सँगसँगै हाम्रो राजनैतिक जीवनमा घुस्न दिन हुँदैन।

केन्द्रमा दुइ सभा हुनु पनि एक सर्वस्वीकृत सिद्धान्त हो। संसारका प्रायः सबै देशमा दुइ सभा भएका व्यवस्थापक समुदायहरू रहेको सबैले थाहा पाएकै छन्। हाम्रा दुवै सभाहरूमा नियुक्त सदस्यहरू पनि राखिएका छन्। मुलुकमा मानिसहरूमा प्रशस्त मात्रामा राजनैतिक शिक्षा हुन नगएसम्म यस किसिमका प्रतिनिधिहरू रहनु राज्यको कामका काजको लागि आवश्यक छ। निर्वाचनमा राम्रो स्थान पाउन नसक्ने विशेष स्वार्थहरूलाई पनि व्यवस्थापकसभामा स्थान दिइएको छ। यो सभाको अख्तियारी प्रायः हिन्दुस्थान सरकारको सन् १९३५ को विधानमा रहेको अख्तियारीबमोजिम छ।

मुलुकको आम्दानीखर्चको विषयमा पनि धेरैलाई भ्रम परिरहेकोछ। अब ता यो कुरा पनि व्यवस्थापक सभाको अख्तियारीभित्र परेकोले सो भ्रम हट्नजाला भन्ने उम्मेद गरेको छु। विधानमा एक प्रधान जाँचकी राख्ने प्रबन्ध भएकोबाट पनि यस विषयको संदेह हटाउने हाम्रो उद्देश्य बुझ्नेछौ।

सरकारको विशेष अख्तियार र थिति नै तोडिन जाने अपरझटको संकट अवस्था परिआएमा त्यसको सामना गर्नलाई प्राइमिनिष्टरले नयाँ विधान खिच्ने अख्तियारको बारेमा मैले केही भन्नुपर्ने होइन। विशेष अवस्थालाई विशेष अख्तियार जुनसुकै देशको विधानमा पनि रहेको हुन्छ।

सकेसम्म स्वाधीन न्यायाधिकार खडा गर्ने हाम्रो प्रयत्न यो घोषणाबाट देखिहाल्यौ। केही बिलकुल बिरानो प्रणाली आफ्नो मुलुकमा सार्नुभन्दा आफ्नै पुरानो थितिलाई चाहिएको सुधार गरी सपार्नु बेस ठानी हाम्रो प्राचीन पंचायती अदालतलाई नै न्यायको जग पारेकाछौँ। त्यसबाट धेरै सानातिना कचिंगल शुरूमै मिल्न जाने भै दुनियाँमा झगडाको बोझ कम पर्न जाला भन्ने उम्मेद राखिएकोछ। माथिल्लो तहमा न्यायपूर्ण तथा स्वाधीन र राष्ट्रको कार्यकारिणीबाट पृथक राखिएको समेत बुझ्ने छौ। न्यायाधीशहरूलाई उमेरको हदभित्रसम्म व्यवस्थापक सभाले दोषी नठहराई नझिक्ने, उनीहरूको तलपमा पनि जथाभावी घटबढ नहुने, आफ्नु धर्म र कर्तव्य सम्झी उनीहरूले गरेको काममा अन्त कतैबाट दबाउ अथवा बात नलाग्ने प्रबन्ध भएकोबाट पनि यो मुराद सफल हुनेछ भन्ने अनुमान गरिएको छ।

अर्को एक मुख्य कुरा पनि तिमीहरूले बिचार गर्‍यो होउला। हाम्रो विधानलाई अरू धेरै मुलुकमा भए जस्तो निश्चल र अशिथिल बनाएका छैनौँ। अहिलेलाई मुलुकको वर्तमान परिस्थितिलाई सुहाउँदो जो जति गर्नुपर्ने मुनासिब ठहर्‍यो सोबमोजिम गरेकाछौँ। हाम्रो विधानमा कुनै कुनै कुरा विलकुल मौलिक परेको छ, कुनै कुनै कुरामा विभिन्न मुलुकको विभिन्न समयको स्थितिअनुसारको बन्दोबस्तको अनुकरण भएको छ। हाम्रो मुलुकलाई यसबाट कतिसम्म फाइदा हुन्छ, कतिसम्म हाम्रा दुनियाँले यसलाई अपनाउन सक्छन्, सो हेरी समय समयमा विधानको परिवर्तन र विकाशको ठाउँ पनि राखिएको छ।

अब तिमीहरूलाई भन्न पर्ने धेरै केही छैन। अरू अरू राष्ट्र र हाम्रा छिमेकी राष्ट्रमा पनि दुइ तीन सिंडीमा लामुलामु अन्तरपछि भएको वैधानिक सुधार हामीले यहाँ पहिल्यै फड्कामा गर्न लागेका छौं। यो स्नेहप्रेरित प्रयत्न कतिको सफल हुन्छ सो तिमीहरू यस पद्धतिबमोजिम काम गर्ने र अभिभारा बोक्ने सज्जनवर्गमाथि निर्भर छ। मानिसले गरेको कुनै कुरा पनि पूर्णतया दोषरहित हुन सक्तैन, खोट जुन कुरामा पनि झिक्न सकिन्छ, तर पाठ्यपुस्तकमा रहने प्रकारको समालोचनाले हाम्रो राष्ट्र निर्माणको महान प्रयत्नमा के सहायता हुन्छ। सो ता स्कूल कलेजमा हिन्दुस्थान र अरू राष्ट्रहरूका राजनैतिक विधानका अध्ययन गर्ने प्रत्येक विद्यार्थीले पनि कण्ठाग्र दोहर्‍याउन सक्तछ। तर मलाई हाम्रा नागरिकहरूको सुबुद्धि र सद्भावमा पूरा विश्वास छ। खोट झिक्ने र टीका टिप्पणीको अभ्यासले आफ्नो ध्येय कदापि लाभ गर्न सकिन्न। यस्तो विशाल र महान काममा मेहनत र सहयोगद्वारा सरकारलाई मद्दत गर्दै आफ्नु योग्यता बढाउँदै र देखाउँदै लगी झन् झन् बढ्ता जवाफदेहीको लायक बन्दै जाने सुमार्ग समात्ने छन् भन्ने मैले पूरा भरोसा गरेको छु। त्यसो भएमा मात्र मुलुकमा शान्ति र थिति कायम भै उन्नतिमार्गमा अग्रसर हुन सकिन्छ।

हेर, कति मुलुक छन् जहाँ सरकार र दुनियाँ सबै मिली उन्नति हुन र समृद्धि बढाउनलाई निरन्तर चेष्टा गरिरहेका छन्, तर कलह र घरझगडाले गर्दा कतिको उन्नतिमार्गको वेग काटिएर दुःख र अभावसमेतमा रङमङिनु परिरहेछ। यस्तो अवस्थाबाट हाम्रो प्यारो मुलुकलाई बचाउनु शासकहरूको प्रथम कर्तव्य हो। अहिले पनि थुनुवामा रहेका मानिसहरूलाई छोडिदिने हाम्रो मनसाय थियो, उनीहरूमध्ये कम कसुर देखिएका जति त छुटी पनि सके बाँकी रहेकाको हकलाई उनका सहयोगीहरूले हाम्रो छिमेकी मुलुकमा सन् १९४२ मा राजनैतिक आन्दोलनले गोलमाल र रक्तपातको रूप लिएको दृष्टान्त देखाई धमकी दिने गरेकोले यस्तो अवस्थामा दया र सद्भाव देखाउने मौका छैन भन्ने मेरा भाइहरूको सल्लाह र पुलिस विभागको रिपोर्टसमेत भएकोले अहिले तिनलाई रिहाई दिन सकिएन।

यो नयाँ सुधारबाट फायदा उठाई शान्ति र शृङ्खलाको बाटोबाट राजा प्रजा सबै उन्नति र ऐश्वर्यको शिखरतिर बढ्न जाऊन्, भूलचुकमा परेकाहरूको पनि उद्धार भएको देख्न र सुन्न पाउँला भन्ने आशा राखेका छु। मेरो ता उमेर पुगिसकेको छ, स्वास्थ्य पनि ठीक छैन, यो नयाँ विधान भाई कम्याण्डर इन चीफ र कम्यांडिङ्ग जर्नेलहरू बसी छलफल गरी उनीहरूले पनि ठहराएबमोजिम बनेको हो। यसको कार्यक्रम र फल राम्ररी देख्न अलि वर्ष लाग्नेछ। आफैले देख्न नसके ता पनि सुचारुरूपले चलेका अवश्य सुन्न पाउँला भन्ने आशा छु राखेको छु। मेरा भाइहरू सुयोग्य र बुद्धिमान् छन्। मैले जुन जे जति काम गरेको छु सो सबैमा उनीहरूको सहमति र सहयोग पाएको छु। तसर्थ अहिले मैले प्रारम्भ गरेको सिद्धान्त र पद्धतिको उनीहरूबाट पनि अनुकरण मात्र होइन कि त्यसको विकास र उन्नति पनि जरुरै हुनेछ। यसमा मैले केही संन्देह मानेको छैन, औ तिमीहरूले पनि मान्नुपर्दैन।

मेहनत र तत्परतासाथ यो विधान तैयार गराउन मद्दद गर्ने सुधार समितिका सदस्यहरूलाई धन्यवाद गर्दछु। जसको कृपा र सुदृष्टिले आफ्ना प्यारा दुनियाँका हितका लागि आजको घोषणा सुनाउने मौका पाएँ वहाँ श्री राम र श्री पशुपतिनाथको जय पुकारा गरी तिमीहरू सबै जम्मा भएकालाई धन्यवाद दी आजको कार्रवाई समाप्त गर्दछु। वहाँहरूबाट देशका सम्पूर्ण वाशिन्दाहरूलाई आज प्रकाश भएको विधानद्वारा राष्ट्र र दुनियाँका उत्तरोत्तर हित र कल्याण गराउने सुबुद्धि मिलोस्।

मैले गर्न आँटेका कुरा आज तिमीहरू सबैलाई सुनाउन पाउनाले आज मेरो दिल जति खुशी भएको छ त्यति खुशी मेरो जिन्दगीमा कहिल्यै भएको थिएन न पछि कैल्यै होला।

**(क्रमशः)**

# भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बैठक भक्तपुर नपा वडा नं. २ ब्यासीस्थित नगरपालिकाको कार्यालय भवनमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ।

## बैठक सङ्ख्या- २६

## मिति २०८० वैशाख २१ गते, बिहीबार

### उपस्थिति

| | |
|---|---|
| १. प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. वडाध्यक्ष श्री उपेन्द्र सुवाल | ऐ |
| ७. वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छेँ | ऐ |
| ८. वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. वडाध्यक्ष श्री कृष्णप्रसाद कोजु | ऐ |
| ११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व | ऐ |
| १२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | ऐ |
| १३. नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. नगर कार्यपालिका सदस्य श्री कृष्णप्यारी भुजु | ऐ |
| १७. नगर कार्यपालिका सदस्य श्री रञ्जना त्वाती | ऐ |
| १८. नि.प्र. प्रशासकीय अधिकृत श्री रामगोविन्द श्रेष्ठ | ऐ |

## निर्णयहरू

### लग्जम्बर्गका मन्त्रीको स्वागत

मित्र राष्ट्र लग्जम्बर्गका विकास सहयोग तथा मानवीय मामिला मन्त्री श्री Franz Fayot को मिति २०८०।१।२२ गते हुने भक्तपुर अवलोकन भ्रमणको लागि महामहिम मन्त्रीलगायतका प्रतिनिधि मण्डललाई स्वागत गर्ने निर्णय गरियो।

### पोशाक भत्ता

भक्तपुर नगरपालिकाको तेह्रौं नगर सभाबाट पारित "भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरूलाई दिइने पोशाक सुविधा सम्बन्धी निर्देशिका, २०७९" अनुसार यस नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरूलाई प्रतिव्यक्ति रु.३०,०००।- पोशाक भत्ता उपलब्ध गराउने निर्णय गरियो।

### विद्यार्थीलाई खाजा

नेपाल सरकारबाट सशर्त बजेटअनुसार पूर्व प्राथमिक कक्षादेखि कक्षा ६ सम्मका विद्यार्थीहरूलाई दिवा खाजा शीर्षकमा दिँदै आएको अनुदान सम्बन्धमा कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/०८० मा व्यवस्था भए बमोजिम दैनिक उपस्थितिको आधारमा प्रतिविद्यार्थी वार्षिक १८० दिनको लागि दैनिक रु.१५।- का दरले वितरण गर्ने व्यवस्था भएकोमा २०७९ चैत्र मसान्तसम्ममा १७८ दिन कक्षा सञ्चालन (परीक्षा समेत) भइसकेकोले २०८० वैशाखदेखि असारसम्मका लागि उक्त शीर्षकमा पूर्व प्राथमिक कक्षादेखि कक्षा ६ सम्मका ६ हजार ७१ जना विद्यार्थीको मासिक २४ दिनका दरले असार मसान्तसम्मको लागि आवश्यक खाजा खर्च रकम नगरपालिका श्रोतबाट उपलब्ध गराउने निर्णय गरियो।

### समितिका निर्णय अनुमोदन

यस नगरपालिकाको देहायका समितिहरूको निम्न निर्णयहरू अनुमोदन गरियो-

#### युवा तथा खेलकुद समिति

**मिति २०८०।१।२० गते**

भक्तपुर नगरपालिकाका युवाहरू र महिलाहरूलाई **अनुशासनसम्बन्धी तालिम** सञ्चालन गर्ने र उक्त तालिमको लागि प्रत्येक वडाबाट ४/४ जना युवा र महिलाहरूलाई तालिममा सहभागी गराउन वडा कार्यालयमा पत्राचार गर्ने र उक्त तालिमको लागि तपसिल अनुसारको अनुमानित खर्च बजेट स्वीकृतिको लागि कार्यपालिकामा पेश गर्ने निर्णय गरियो-

**अनुमानित खर्च बजेट**

| | |
|---|---|
| १. उद्घाटन समारोह | - रु.२०,०००।- |
| २. प्रशिक्षक पारिश्रमिक १५००X२X७दिन | - रु.२१,०००।- |
| ३. प्रशिक्षार्थीहरूलाई खाजा १००X७दिनX५० जना | - रु.३५,०००।- |
| ४. खेल सामग्री | - रु.३०,०००।- |
| ५. समापन समारोह | - रु.२०,०००।- |
| जम्मा | - रु.१,२६,०००।- |

## निर्माण समिति

### मिति २०८०।०१।१७ गते

| क. सं. | योजनाका विवरण | वडा नं. | बजेट शीर्षक | ल.ई. रकम | रिल.ई./ कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **रि.ल.ई. स्वीकृति सम्बन्धम** | | | | | | | | | | | | |
| १ | न:पुखू पर्खाल निर्माण कार्य | १ | नपा | २,०३४,९४४।१२ | २,२८५,४४२।०० | | | | | | | |
| **उपभोक्ता/अनुगमन समिति स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | जिल्ला प्रशासन कार्यालय भक्तपुर कार्यालय परिसरमा सेफ्टी ट्याङ्की र ढल व्यवस्थापन कार्य | ३ | मर्मत | २०९,७०५।३८ | | | उ.स.अ.: श्री श्रीराम विरवल<br>अ.स.स. : श्री कृष्णगोपाल चागुठी | | | | | |
| २ | हनुमन्ते खोला सुधार (सिंहख्वाते क्षेत्र) | १ | मर्मत | ६८६,७२६।१२ | | | उ.स.अ. : श्री रमेश कोजु<br>अ.स.स. : श्री श्यामकृष्ण खत्री | | | | | |
| ३ | पर्यटक सेवा तथा पर्यटक सूचना केन्द्र, खौमा काउण्टरमा श्यानेटरी, विद्युतीय ब्याकअप प्रणाली र फर्निचर मर्मत कार्य | ३ | मर्मत | ३८१,३०३।७८ | | | अ.स.अ. : श्री विरबहादुर गोरा<br>अ.स.स. : श्री राजकुमार शिल्पकार | | | | | |
| ४ | आधारभूत स्वास्थ्य केन्द्र भवन तला थप कार्य | १ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | | | | उ.स.अ. : श्री ढकराज थापा<br>अ.स.स. : श्री श्यामकृष्ण खत्री | | | | | |

| क. सं. | विविध सम्बन्धमा |
|---|---|
| १ | भनपा वडा नं. १ स्थित हनुमन्ते खोलाको सल्लाघारी पुलदेखि धालाखुसीतर्फको रिटेनिंग वाल निर्माण कार्य (ठेक्का नं. bktmun/works/02/079/80) का लागि खोलाको हालको बहाव क्षेत्रको केन्द्र रेखादेखि १०/१० मि. दुवैतर्फ लिई २० मि. बहाव क्षेत्र कायम गरी रिटेनिग बाल निर्माण कार्य अगाडि बढाउने । |
| २ | बागमती प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतको शहरी विकास तथा भवन कार्यालयबाट प्राप्त अनौपचारिक जानकारीअनुसार भनपाको प्रत्येक वडाबाट रू.५० लाख हाराहारिको १-१ ओटा योजना छनोट गरी पठाउने निर्णय गरियो र सोका लागि वडाहरूमा पत्राचार गर्ने । |
| ३ | आ.व. २०८०/८१ को लागि नगर स्तरीय र वडा स्तरीय योजना माग गरी वडाहरूमा पत्राचार गर्ने |

मिति २०८०/०१/२१ गते

| क. सं. | योजनाको विवरण | वडा नं. | बजेट शीर्षक | ल.ई.रकम | रि ल.ई./ कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **ल.ई. स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | लोकेश्वर जाने ढुङ्गा ईंटा छपाइ बाटोमा मर्मत कार्य | २ | मर्मत | ६३,५७८।७४ | | | | | | | | |
| २ | तुमचो र ख्वप अस्पताल परिसर बाटो मर्मत कार्य | ९ | मर्मत | १८१,२९७।४६ | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| रि.ल.ई. स्वीकृति/ पेश्की फछ्र्यौट/ भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | न:पुखू पर्खाल निर्माण कार्य | १ | नपा | २,२८५,४४२।०० | | ६५०,०००।०० | ८६५,७७९।९७ | २१५,७७९।९७ | १,१७९,६२०।०३ | आ. सम्पन्न | पृथ्वी नारायण गोठे | |
| २ | ब्रम्हायणी पुलदेखि थुसाचा पुलसम्मको करिडोर बाटो स्तरोन्नती कार्य | ८ | सडक बोर्ड नेपाल र नपा | १,१८९,७०५।६२ | | ३००,०००।०० | ३३३,००७।०० | ३३,००७।०० | ५५८,६०७।५५ | सम्पन्न | विक्रम ढुकुछु | |
| ३ | दरवार क्षेत्रमा वार्म फ्लोड एलईडी लाइट तथा सडक बत्ती व्यवस्थित गर्ने कार्य | २, ३, ५ | मर्मत | ३६७,९१७।१५ | ४६९,८२४।८२ | १२०,०००।०० | ३४४,१९१।४९ | २२४,१९१।४९ | ४४२,९४२।७७ | सम्पन्न | विश्वनारायण भैल | |
| ४ | नपा भवन परिसरमा ढुंगा छपाई कार्य (दोस्रो चरण) | २ | नपा | २,१३८,८४५।७८ | | ६५०,०००।०० | १,०२८,११५।४० | ३७८,११५।४० | १,१२२,७३७।६९ | आ. सम्पन्न | रामभक्त कोजु | |
| उपभोक्ता/ अनुगमन समिति स्वीकृत सम्बन्धमा | | | | | | | | | | | | |
| १ | इन्द्रायणी पीठ मन्दिर परिसर ढुङ्गा छपाइ कार्य | २ | नपा | १,१९४,३७१।४५ | | | उ.स.अ. : श्री पूर्णप्रसाद सायजु<br>अ.स.स. : श्री श्यामसुन्दर मातां | | | | | |
| २ | दत्तात्रय आधारभूत विद्यालयको छाना र कौसी मर्मत कार्य | ९ | मर्मत | ५८६,२७३।२७ | | | उ.स.अ. : श्री श्यामकृष्ण लवजु<br>अ.स.स. : श्री ज्ञानवहादुर मानन्धर | | | | | |

## योजनाको लागि बजेट माग गर्ने सम्बन्धमा

| बागमती प्रदेश, भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतको शहरी विकास तथा भवन कार्यालय, कुलेश्वर, काठमाडौमा देहाएका योजनाहरूको लागि बजेट व्यवस्था गर्न अनुरोध गर्ने निर्णय गरियो । | | |
|---|---|---|
| वडा नं. | योजनाको नाम | ल.ई. |
| १ | भार्वाचो बसपार्कमा जोडिएका पूर्वी बाटोहरू र हनुमान पाटी–इचाडोल बाटोमा ढुङ्गा छपाइ कार्य | ४,९९६,१०७।०६ |
| २ | ठूलो ब्यासी बाटोमा ढुङ्गा छपाइ कार्य | ५,०००,०००।०० |
| ३ | वासिक टोल बाटोमा वाल लगाई बाटोमा ढुङ्गा छपाइ कार्य | ५,०००,०००।०० |
| ४ | कुथुमल्लादेखि देगमनासम्मको बाटोमा ढुङ्गा छपाइ कार्य | ४,९०३,०५४।५७ |
| ५ | भेलुखेलदेखि ५ नं वडा कार्यालय अगाडि हुँदै टौमढीसम्मको बाटोमा ढुङ्गा छपाइ कार्य | ५,०००,०००।०० |
| ६ | महाकाली क्षेत्र सुधार कार्य पहिलो चरण | ५,०००,०००।०० |
| ७ | ७ नं. वडा कार्यालय परिसरको बाटोमा ढुङ्गा छपाइ कार्य | ५,०००,०००।०० |
| ८ | पुरानो जागाती बाटो पिच गर्ने र फुटपाथ निर्माण कार्य | ५,०००,०००।०० |
| ९ | कमलविनायकदेखि नवदुर्गा चःछैंसम्मको बाटोमा ढुङ्गा छपाइ कार्य | ५,०००,०००।०० |
| १० | कमलविनायक स्थित १० नं. वडा कार्यालयबाट ख्वप कलेज जाने बाटो ब्लक छपाइ कार्य | ५,०००,०००।०० |
| | जम्मा | ५०,८१४,०७८।९९ |

**मूल्याङ्कन समिति**

**निर्णय नं. १**

भक्तपुर नगरपालिका वडा नं. ७ स्थित खँचा पोखरी स्वास्थ्य चौकी भवन निर्माण कार्य (ठेक्का नं. bktmun/works/H1/079/80) गर्नका लागि मिति २०७९/१२/०५ गते प्रकाशित सूचना अनुसार म्यादभित्र प्राप्त १८ ओटा बोलपत्रहरूमध्ये तपसिल बमोजिमका ४ ओटा बोलपत्रहरू मूल्याङ्कनमा असफल देखिएको र बाँकी १४ ओटा बोल पत्रदाताहरूमध्ये (VAT र PS सहित) रु.४६,८८,०९३।७७ (अक्षरेपि छ्यालिस लाख अठ्ठासी हजार त्रियानब्बे रुपैयाँ सतहत्तर पैसा मात्र) कबोल गर्ने श्री Munal construction company Pvt. Ltd., Kageshori-1 kathmandu. को प्रस्ताव न्यूनतम मूल्याङ्कित सारभूतरूपमा प्रभावग्राही देखिएकोले मूल्याङ्कन समितिको २०८०/०१/१३ गतेको बैठकबाट स्वीकृतिका लागि सिफारिस भई आएकोले उल्लेखित कार्यको लागि श्री Munal construction company Pvt. Ltd., Kageshori-1 kathmandu.को **बोलपत्र स्वीकृत गर्ने** निर्णय गरियो ।

**निर्णय नं. २**

भक्तपुर नगरपालिका भार्वाचो-तचपालसम्म र इताछेँ-दरबार क्षेत्र-साकोठासम्मका सीसीटीभी क्यामेराहरू मर्मत कार्य तथा यस नपाबाट पनि CCTV Monitoring गर्न प्रहरी कार्यालयबाट यस नपा कार्यालय भवनसम्म Extension Link गर्ने र Backup system जडान कार्यको लागि प्राप्त ३ (तीन) ओटा कोटेशनहरूमध्ये सबभन्दा कम रु.४,१०,२००।०० (भ्याटसहित) कबोल गर्ने श्री Neptronix Enterprises, Balaju, Kathmandu को कोटेशन सारभूत रूपमा प्रभावग्राही देखिएकोले मूल्याङ्कन समितिको २०८०/०१/१३ गतेको बैठकबाट स्वीकृतिका लागि सिफारिस भइआएकोले उल्लेखित कार्यको लागि श्री Neptronix Enterprises, Balaju, Kathmandu को **कोटेशन स्वीकृत गर्ने** निर्णय गरियो ।

**आर्थिक तथा लेखा समिति**

**मिति २०८०।१।१३ गते**

भक्तपुर नगरपालिकाभित्र सञ्चालित सहकारी संस्थाहरूका मुख्य कर्मचारीहरूलाई **वित्तिय व्यवस्थापन सम्बन्धी तालिम** मिति २०८०।१।२२ र २३ गते दुई दिन भ.न.पा. कार्यालयमा सञ्चालन गर्ने र उक्त तालिममा सहभागिताको लागि सूचना प्रकाशित गर्ने निर्णय गरियो । तालिमको लागि सामग्री, चिया र नास्ताको व्यवस्था भ.न.पा. ले गर्ने र तालिमका सहजकर्तालाई २ दिनको प्रति दिन ४ शेसनका दरले रु.२०,०००।- पारिश्रमिक दिने निर्णय गरियो ।

**मिति २०८०।१।२० गते**

१. भक्तपुर नगरपालिकाभित्र रहेका सहकारी संस्थाहरूसँगको छलफल अनुसार आ.व. २०७९/०८० देखि सहकारी संस्थाहरूमा जम्मा भएको **सामुदायिक विकास कोष**को ५० प्रतिशत रकम भक्तपुर नगरपालिका अन्तर्गत सञ्चालित ख्वप अस्पताल मार्फत स्वास्थ्य सेवामा खर्च गर्न भक्तपुर नगरपालिकाको बैंक खातामा जम्मा गर्न सहकारी संस्थाहरूलाई पत्राचार गर्ने निर्णय गरियो ।

२. विनियम संशोधन सम्बन्धमा छलफल हुँदा निम्नानुसारको सहकारीहरूको निम्नानुसारका बुँदाहरू **संशोधन गर्न स्वीकृति** दिने निर्णय गरियो :

क) बटुक भैरब बचत तथा ऋण सहकारी संस्था लि.को निवेदन अनुसार सञ्चालक समितिको पदावधि ४ वर्ष हुने र शेयर पूँजी रु. ५० लाख (पचास लाख) हुने गरी विनियम संशोधन गर्न स्वीकृति दिने निर्णय गरियो ।

ख) लुपाः भैरब बचत तथा ऋण सहकारी संस्था लि.को निवेदन अनुसार संस्थाको शेयर पूँजी रु ५० लाख ( पचास लाख) र वचत सङ्कलन प्राथमिक पूँजी कोषको १५ गुणा हुने गरी विनियम संशोधन गर्न स्वीकृति दिने निर्णय गरियो ।

३. मिति २०८०।१।२२ र २३ गते हुने सहकारी वित्तीय व्यवस्थापन तालिम सञ्चालन गर्न यस न.पा.का कार्यालय सहयोगी पवन चवाललाई खटाई नियमानुसार उक्त दिनको **पारिश्रमिक उपलब्ध गराउने** निर्णय गरियो ।

४. भक्तपुर नगरपालिकाभित्रका सहकारी संस्थाहरूका कर्मचारीहरूलाई **ऋण जोखिम व्यवस्थापन तालिम** दिने निर्णय गरियो ।

**कृषि समिति**

**मिति २०८०।१।७ गते**

१. प्रदेश सरकारको प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम अन्तर्गत १५ लाख बजेटभित्र रहने गरी भक्तपुर नगरका १ देखि १० वडासम्मका कृषकहरूलाई वडा वडामा यही २०८०।२।३० गतेभित्र प्रति वडा १,५०,०००।- एक लाख पचास हजार बजेट विनियोजन गरी ४/४ दिनको **तालिम सञ्चालन गर्ने** निर्णय गरियो ।

२. वडा वडामा कौसी खेती तालिम लिइसकेका कृषकहरूलाई प्रति वडा ५०/५० **कागती बोट र विमिरो बोट** सहुलियत दरमा राष्ट्रिय फलफुल विकास केन्द्र, कीर्तिपुरबाट खरिद गरी वडा वडामा वितरण गर्ने निर्णय गरियो ।

**मिति २०८०।१।२१ गते**

किसान सूचीकरण कार्यक्रमको लागि किसान सूचीकरण सहजकर्ता (गणक) छनौटको लागि मिति २०८०।१।२१

गतेका दिन लिएको अन्तर्वार्तामा निम्न उम्मेदवारहरू सफल भएको हुँदा सफल उम्मेदवारहरूको **नियुक्तिको** लागि कार्यपालिका बैठकमा पेश गरी 'मजदुर' दैनिक पत्रिकामा सूचना प्रकाशित गर्ने निर्णय गरियो–

**सफल उम्मेदवारहरू**

| | |
|---|---|
| १. सृष्टि सिल्पकार | २. विनिता सुवाल |
| ३. प्रज्वल धुख्वा | ४. सन्दिप सुवाल |
| ५. विलसन कर्माचार्य | ६. राकेश बाग |
| ७. रसा गोसाई | ८. मनिषा लुबन्जार |
| ९. अनिता खोजू | १०. सजना प्रजापति |

**वैकल्पिक सफल उम्मेदवारहरू**

| | |
|---|---|
| १. मिला मचामसी | २. गीतामाया पछि |
| ३. प्रविना नागा | ४. दिपिका के.सी. |
| ५. प्रिजेन्ट कर्माचार्य | |

**नवदुर्गा मुकुण्डो निर्माण अक्षय कोष व्यवस्थापन समिति**

**मिति २०८०।१।२१ गते**

भक्तपुर नगरपालिकाले व्यवस्थापन गर्दै आएको नवदुर्गा मुकुण्डो निर्माण अक्षय कोषबाट हालसम्म प्राप्त ब्याज रु.१,१२,६०९।१० (अक्षेरूपी एक लाख बाह्र हजार ६ सय नौ रुपैयाँ दश पैसा) पूर्ण चित्रकारलाई **मुकुण्डो बनाए वापत उपलब्ध गराउने** निर्णय गरियो । साथै गुठी संस्थान, भक्तपुरबाट प्राप्त हुने रु.७०,०००।– (अक्षरूपी सत्तरी हजार) पनि निज **पूर्ण चित्रकारलाई नै प्रदान गर्ने** निर्णय गरियो ।

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

क. विष्णुभक्त स्यामा र केदार स्यामाले साविक भ.न.पा.४ हाल वडा नं. १० कि.नं. १८१ क्षे.फ. १–०–२–० भएको जग्गा र का.न.पा. ३० बस्ने शम्भु कोइरालाले साविक वडा नं. ४, हाल वडा नं. १० कि.नं. १०३७ क्षे.फ. १–१३–३–० भएको जग्गा नगरपालिकालाई फोहोर मैला प्रशोधन गर्ने प्रयोजनाको लागि भाडामा दिन मन्जुर भएको भनी निवेदन पेश गरेको । नगरपालिकाले जग्गा प्राप्तिको लागि प्रकाशित गरेको सूचनाको समय सीमा भन्दा पछि निवेदन पेश गरेको देखिएको भए पनि निवेदनमा उल्लेखित जग्गाहरूसँगै सिमाना जोडिएको लगायत अन्य जग्गाहरू भाडामा लिनेदिनेबारे नगरपालिका र अन्य जग्गावालाहरूबीच सम्झौता भइसकेको अवस्था हुँदा कि.नं. १८ को जग्गा सम्झौता भइसकेको जग्गाहरूको सिमाना जोडिएर 'L' आकारमा फैलिएको र कि.नं. १०३७ को जग्गा मुख्य बाटोसँगै रहेकोले फोहोरमैला प्रशोधन प्लान्टको कम्पाउण्ड वाल निर्माण र बाटो उपयोग प्रयोजनको लागि उक्त जग्गाहरू भाडामा लिन उपयुक्त देखिएकोले उक्त जग्गाहरू भक्तपुर नगरपालिकाको **फोहोर मैला प्रशोधन कार्यको लागि भाडामा लिने** निर्णय गरियो ।

ख. स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम थंथु दरबार पुनः निर्माण कार्यको लागि देहाय बमोजिम पदाधिकारीहरू रहने गरी **थंथु दरबार पुनः निर्माण आयोजना मूल्याङ्कन समिति** गठन गर्ने निर्णय गरियोः

**थंथु दरबार पुनः निर्माण आयोजना मूल्याङ्कन समिति**

सयोजक : इ. श्री विजयराम कोजु, आयोजना प्रमुख
सदस्य : श्री रामगोविन्द श्रेष्ठ, नि.प्र.प्र.अधिकृत
सदस्य : श्री दामोदर सुवाल, प्रशासकीय अधिकृत
सदस्य : श्री गणेशलाल फोजु, मुद्दा शाखा प्रमुख
सदस्य : श्री दिलभक्त जयना, योजना शाखा प्रमुख
सदस्य : श्री रामसुन्दर सुजखु, आर्थिक प्रशासन शाखा प्रमुख
सदस्य : श्री रोशना न्याईच्याई, जिन्सी शाखा प्रमुख

ग. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित बा १ ग २९४१ नं. को बाकोहो लोडरको पंचर टाले वापत रु.३,२००।– विक्रम गाईजुलाई **भुक्तानी दिने** निर्णय गरियो ।

घ. प्रदेश खेलकुद विकास परिषद् बाग्मती प्रदेश हेटौंडामा मकवानपुर जिल्ला बक्सिङ्ग सङ्घको आयोजनामा २०७९ फागुन ३० देखि चैत्र ४ गतेसम्म भएको अल नेपाल नोभिस महिला तथा पुरुष बक्सिङ्ग प्रतियोगिताको लागि आवश्यक व्यवस्था गर्न भक्तपुर नगरपालिका वडा नं. ४ का वडाअध्यक्ष श्री उपेन्द्र सुवालले रु.१,००,०००।– पेश्की लिएकोमा जम्मा रु.९७,१०३।– बराबरको बिल भर्पाई पेश गरी बढी रकम रु.२,८९७।– फिर्ता लिई निजको नाममा रहेको **पेश्की फछ्र्यौट** गरियो ।

ङ. भक्तपुर नगरपालिकाको आयोजनामा मिति २०७९ पुष २५ भएको राष्ट्रपति रनिंग शिल्ड (करांते, तेक्वान्डो, उसु, भलिबल, एथ्लेटिक्स र कबड्डी) प्रतियोगिताको लागि आवश्यक व्यवस्था गर्न भक्तपुर नगरपालिकाका कार्यपालिका सदस्य रञ्जना त्वातीले रु.१,००,०००।– पेश्की लिएकोमा जम्मा रु.९६,१६०।– बराबरको खर्च भर्पाई पेश गरी बढी रकम रु.३,८४०।– फिर्ता लिई निजको नाममा रहेको **पेश्की फछ्र्यौट** गर्ने निर्णय गरियो ।

च. मिति २०८० वैशाख २१ गते बिहान कृषि गणक छनौट अन्तर्वार्ताको लागि जनप्रतिनिधि र कर्मचारीहरूलाई खानाको व्यवस्था गरिदिए वापतको रु. १,४४०।– सुवर्ण भोजनालयलाई **भुक्तानी दिने** निर्णय गरियो ।

छ. नपामा विभिन्न समयमा विस्कुट, दही, फलफूल तथा खाजा व्यवस्था गराए वापत रु.१९,४४०।– आर.के.जुस सेन्टरलाई **भुक्तानी दिने** निर्णय गरियो ।

ज. भक्तपुर नगरपालिकाद्वारा सञ्चालन गरिने ख्वप टेलिभिजनको लागि **लोगो स्वीकृत** गर्ने निर्णय गरियो ।

# भक्तपुर नगरपालिका गतिविधि

भक्तपुर नगरपालिका गतिविधि

## न:पली सृजनानगरस्थित इसानेश्वर मन्दिरको शिलान्यास




भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भनपा वडा नं. १ सल्लाघारीको न:पली सृजनानगरस्थित इसानेश्वर मन्दिरको वैशाख २० गते शिलान्यास गर्नुभयो ।

कार्यक्रममाउहाँले शिलान्यास भएको मन्दिर मौलिक शैलीमा समयमै पुन:निर्माण सम्पन्न हुने विश्वास व्यक्त गर्नुहुँदै २०७२ सालको भूकम्पपश्चात भक्तपुर नपाले नयाँ निर्माणभन्दा पनि जीर्ण र भत्केका पुराना सम्पदाहरूको पुन:निर्माणमै जोड दिँदै आएको बताउनुभयो ।

सांस्कृतिक र जीवन्त सहरको रूपमा रहेको भक्तपुर संसारकै आकर्षक नगरको रूपमा विकास हुने बताउनुहुँदै प्रमुख प्रजापतिले नगरपालिकाले लोपोन्मुख सम्पदाहरूलाई संरक्षण गर्दै लोप भइसकेको सम्पदाहरूको प्राप्त प्रमाणहरूको आधारमा उत्खनन गरी सुरक्षित राख्ने काम गर्दै आएको बताउनुभयो ।

सम्पदा जीर्णोद्धार र संरक्षणकै लागि पनि विदेशीहरूको मुख ताक्नुपर्ने अवस्था आउनु हाम्रो लागि विडम्बनापूर्ण भएको उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, 'भाषा र संस्कृति समाप्त हुनु भनेको पहिचान गुम्नु हो र इतिहास समाप्त हुनु हो । भनपाले स्थानीय पाठ्यक्रममार्फत नयाँ पुस्तालाई मौलिक भाषा, संस्कृति र सम्पदा संरक्षणको महत्त्वबारे प्रशिक्षित गर्दै आएको छ ।'

भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले स्थानीयहरूको मागअनुसार पुरानै शैलीमा इसानेश्वर मन्दिर पुन:निर्माण हुने बताउनुहुँदै भक्तपुर नगरपालिकाले सम्पदा पुन:निर्माणमा मौलिक स्वरूप संरक्षणलाई विशेष प्राथमिकतामा राखेको बताउनुभयो ।

उहाँले वडाको विकास निर्माणका गतिविधिहरूबारे जानकारी गराउनुहुँदै यस आर्थिक वर्षमा मात्र ७ ओटा योजनाहरू सम्पन्न गरेको, १० ओटा योजना चालु अवस्थामा रहेको र ९ ओटा योजना अझ बाँकी रहेको बताउनुभयो ।

कार्यक्रममा इसानेश्वर मन्दिर पुन:निर्माण उपभोक्ता समितिका सचिव **सम्झना प्रेमी**ले वडावासीहरूको आस्थाको केन्द्रको रूपमा इसानेश्वर मन्दिरलाई अझ सुन्दर र व्यवस्थित बनाउन सबैजनाको साथ र सहयोग आवश्यक भएको र मन्दिर पुन:निर्माणमा ११ हजारभन्दा बढी आर्थिक सहयोग गर्ने चन्दादाताहरूको नाम शिलालेखमा उल्लेख गरिने बताउनुभयो ।



कार्यक्रममा भक्तपुर नपा वडा नं. १ का वडा सदस्य **सूर्यप्रसाद श्रेष्ठ**ले मन्दिर पुन:निर्माणको लागि नगरवासीहरूबाट आज मात्र ५ लाख ४५ हजारभन्दा बढी आर्थिक सहयोग सङ्कलन भएको र चन्दा सङ्कलनको क्रममा जारी रहेको बताउनुभयो ।

## प्रमुख प्रजापतिसँग प्रदेश लोकसभा अध्यक्ष श्रेष्ठको भेट



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशका अध्यक्ष सुरेशमान श्रेष्ठसहितको अनुगमन टोलीले वैशाख २० गते नगरपालिका सभाकक्षमा भेट गऱ्यो। भेटमा उहाँहरूबीच स्थानीय तहको स्वीकृत दरबन्दीमा रिक्त रहेका विभिन्न सेवा, समूह, उपसमूहका पदहरूको पदपूर्ति तथा विविध विषयमा छलफल भयो।

नगर प्रमुख **प्रजापति**ले सङ्घ, प्रदेश र स्थानीय तह आफैमा स्वायत्त र स्वतन्त्र संस्था भएको हुँदा स्थानीय तहलाई अधिकार सम्पन्न बनाई कर्मचारी भर्नाको अधिकार दिनुपर्नेमा जोड दिनुभयो।

उहाँले प्रदेश लोक सेवाबाट नियुक्त कर्मचारीहरू र सरुवा भई आएका कर्मचारीहरूको अवकाश पछिको निवृत्तिभरण वा उपदानलगायत अन्य सुविधा कसले व्यहोर्ने स्पष्ट हुनुपर्ने बताउनुहुँदै स्थानीय तहमा कर्मचारी प्रदेश लोक सेवाले पठाउने व्यवस्था स्थानीय स्वायत्त शासन ऐन, २०५५ भन्दा प्रतिगामी रहेको र स्थानीय तहमाथि प्रदेशको हस्तक्षेपको रूपमा रहेको स्पष्ट पार्नुभयो।

स्थानीय सरकार भन्ने तर कर्मचारी जति प्रदेश लोक सेवा आयोगले पठाउने व्यवस्थाले स्थानीय जनताको भावनाअनुसार काम हुन नसक्ने बताउनुहुँदै स्वायत्तताको पूर्ण कार्यान्वियनको लागि कर्मचारी भर्नाको सम्पूर्ण अधिकार स्थानीय तहलाई नै दिनुपर्छ, उहाँले भन्नुभयो।

शिक्षकलाई तलब खुवाउने काम स्थानीय तहबाट हुँदै आए पनि त्यसको नियन्त्रण जिल्ला शिक्षा समन्वय इकाइमार्फत सङ्घ सरकारले नियन्त्रण गर्न खोज्नु सिद्धान्ततः गलत भएको बताउनुहुँदै उहाँले शिक्षकलाई तलब खुवाउने र सरुवा, बढुवा गर्ने समेतको सम्पूर्ण अधिकार स्थानीय तहको हुनुपर्ने बताउनुभयो।

प्रमुख प्रजापतिले स्थानीय तहलाई सङ्घ र प्रदेशको मातहतका 'एकाइ' जस्तो व्यवहार गर्नु सङ्घीयताको मर्मविपरीत रहेको बताउनुभयो।

भेटमा प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशका अध्यक्ष **सुरेशमान श्रेष्ठ**ले स्थानीय तहमा रिक्त दरबन्दीको विवरण पठाउन प्रदेश लोकसेवा आयोगबाट पटक पटक ताकेता भए पनि केही स्थानीय तहहरूबाट हालसम्म उक्त विवरण उपलब्ध नगराएको बताउनुभयो।

भेटमा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, प्रदेश लोक सेवा आयोगका सदस्य शर्मिला न्यौपाने, टेकेन्द्र अधिकारी र राजुराज अर्याल, भक्तपुर नपाका निमित्त प्रमुख प्रशासकीय अधिकृत रामगोविन्द श्रेष्ठ र प्रशासकीय अधिकृत दामोदर सुवालको उपस्थिति रहेको थियो।

## दुई दिने सहकारी वित्तीय व्यवस्थापन तालिम




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपाको आयोजनामा सञ्चालित दुई दिने सहकारी वित्तीय व्यवस्थापन तालिमको वैशाख २२ गते एक कार्यक्रमबीच उद्घाटन गर्नुभयो।

कार्यक्रममा प्रमुख **प्रजापति**ले आर्थिक कारोबारमा पादरर्शिता र आर्थिक अनुशासन महत्त्वपूर्ण विषय भएको बताउनुहुँदै आर्थिक कारोबार गर्दा कसैको दबाब र प्रभावमा काम गर्न नहुने बताउनुभयो।



उहाँले कानुनअनुसार आफ्नो काम गर्ने र असल नियतले जनतालाई हित हुने काम गर्न प्रेरित गर्नुहुँदै भक्तपुर नपाले भक्तपुरमा बहुउद्देश्ययी सहकारी संस्थाहरू सञ्चालन स्वीकृतिमा रोक लगाउँदै आएको बताउनुभयो।

भक्तपुर नपाले समाजलाई बुद्धिजीवीकरण गर्ने उद्देश्यले शिक्षालाई प्राथमिकतामा राखी हालसम्म ८ ओटा कलेजहरू सञ्चालनमा रहेको र यहाँ अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्ति र शैक्षिक ऋणको व्यवस्था गरी उच्च शिक्षा हासिल गर्ने अवसरसमेत प्रदान गर्दै आएको बताउनुभयो।

भक्तपुरका सहकारी संस्थाहरू सुरक्षित छन् भन्ने सन्देश दिने हिसाबले यहाँका सहकारी संस्थाहरू सञ्चालन हुनु

जरुरी रहेको बताउनुहुँदै भक्तपुरका सहकारीहरूलाई देशकै नमुना सहकारीको रूपमा सञ्चालन गर्न सहकारीकर्मीहरूको ध्यानाकर्षण गराउनुभयो ।

भक्तपुर अहिले देश विदेशका पर्यटकहरूको लागि आकर्षक गन्तव्यस्थलको रूपमा विकसित हुँदै आएको बताउनुहुँदै उहाँले विभिन्न स्थानीय तहबीच शिक्षा, सम्पदा पुनःनिर्माण, स्वास्थ्य, सरसफाइलगायतका क्षेत्रमा भएको गतिविधिबारे अनुभव आदानप्रदानको क्रम चालु रहेको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष एवम् सहकारी समितिका सदस्य **हरिप्रसाद बासुकला**ले सहकारी संस्थाहरूमा वित्तीय व्यवस्थापनको कमीले गर्दा समस्याहरू आइरहेको बताउनुहुँदै सोको व्यवस्थापनको लागि भक्तपुर नपाले यहाँका सहकारीकर्मीहरूको लागि तालिम सञ्चालन गरेको बताउनुभयो ।

कार्यक्रममा तालिम सहजकर्ता **कृष्णकुमार श्रेष्ठ**ले भक्तपुर नगरपालिका अहिले सबैको लागि सिकाइको केन्द्रको रूपमा विकास हुँदै आएको बताउनुहुँदै भक्तपुरका सहकारीहरू सुरक्षित छन् भन्ने सन्देश दिन यहाँका सहकारीहरू व्यवस्थित र सहकारी सिद्धान्त र मूल्यमान्यताअनुसार चलाउन यी र यस्ता तालिमहरू आवश्यक भएको बताउनुभयो ।

उक्त कार्यक्रममा भक्तपुर नपा सहकारी समितिका सदस्य नाराप्रसाद त्वानाबासुले पनि बोल्नुभएको थियो भने भक्तपुर नपाको आयोजनामा भएको उक्त तालिममा ३४ ओटा सहकारी संस्थाका प्रतिनिधिहरू सहभागी थिए ।

## लक्जमवर्गका मन्त्री फ्रान्ज फायट भक्तपुर भ्रमणमा



मित्र राष्ट्र लक्जमवर्गका विकास, सहयोग तथा मानवीय मामिला मन्त्री महामहिम फ्रान्ज फायटलगायतका प्रतिनिधिमण्डलले वैशाख २२ गते सांस्कृतिक नगर भक्तपुरको अवलोकन गर्नुभएको छ ।

मन्त्री फायटलाई भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले पुष्पगुच्छा, खादा र भादगाउँले टोपीले भक्तपुर दरबार क्षेत्रको प्रवेशद्वारमा स्वागत गर्नुभयो ।

तत्पश्चात मन्त्री फायटलगायतका प्रतिनिधिमण्डलले भक्तपुरको ऐतिहासिक एवम् सांस्कृतिक महत्त्व बोकेका सम्पदाहरू सुन ध्वाका, भक्तपुर दरबार क्षेत्र, पोटरी स्क्वायर, टौमढीस्थित पाँचतले मन्दिर, फसि देगः लगायतको अभिरुचिपूर्वक अवलोकन गर्नुभयो ।

मन्त्री **फायट**ले भक्तपुरले गरेको न्यानो स्वागतप्रति धन्यवादज्ञापन गर्नुहुँदै भक्तपुरका सांस्कृतिक सम्पदाहरू आकर्षक रहेको बताउनुभयो ।



अवलोकनपश्चात प्रमुख प्रजापतिले मन्त्री फायटलाई मयूरको झ्याल र नपाको फोटो पुस्तिका उपहार स्वरूप प्रदान गर्नुभएको थियो ।

भेटमा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशी, कार्यपालिका सदस्य, लक्जमवर्गका विकास, सहयोग तथा मानवीय मामिलाका निर्देशक क्रिश्टोफी स्किल्च, भारतका लागि लम्जेमबर्गका राजदूत पेगी फ्राटजेन, सिल्भी डोस सानतोस, जोइ हेन, अेने निकोलस, साल्भा काब्रास, नेपालका लागि लक्जेमवर्गका मानार्थ वाणिज्य दूत श्रीराम लामिछाने, कोअर्डिनेटर रमेश त्वायनालगायतको उपस्थिति रहेको थियो ।

### सहकारी वित्तीय व्यवस्थापन तालिम सम्पन्न

## नेपालको अर्थतन्त्र डुब्दै जानुमा सरकारमा जाने दलहरू जिम्मेवार

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले तालिमबाट प्राप्त ज्ञान र सीपले जनता लाभान्वित हुने विश्वास व्यक्त गर्नुभयो ।

भक्तपुर नगरपालिकाको आयोजनामा सम्पन्न सहकारी व्यवस्थापन तालिम वैशाख २३ गते समापन कार्यक्रममा उहाँले भौतिक पूर्वाधार र पुँजीभन्दा व्यवस्थापन महत्त्वपूर्ण कुरा हो भन्नुभयो ।




प्रमुख प्रजापतिले नेपालको अर्थतन्त्र डुब्दै जानुमा सरकारमा जाने दलहरू जिम्मेवार भएको उल्लेख गर्नुहुँदै कृषिप्रधान देशमा ९ महिनामा २६ अर्बभन्दा बढीको चामल, २३ अर्बभन्दा बढीको तरकारी आयात गर्नुपर्ने अवस्था आउनु सङ्घ र प्रदेश सरकारको नेतृत्वमा बस्नेहरूको परनिर्भर सोच हो भन्नुभयो। उहाँले भन्नुभयो, 'भारतीय एकाधिकार पुँजीले नेपाललाई कहिल्यै आत्मनिभर हुन दिन्न। नेपालको अपार जलस्रोत विभिन्न बहानामा भारतले कब्जा गर्‍यो। उद्योगधन्दाहरू चल्न दिइएन। हरेक कुरा भारत निर्भर हुनुपर्ने अवस्थामा पुग्यो।'

समाजवादी व्यवस्था र पुँजीवादी व्यवस्थाबीच तुलना गर्नुहुँदै प्रमुख प्रजापतिले भन्नुभयो, 'चीनमा सन् २०१२ देखि २०२१ सम्ममा ९ करोड ८९ लाख मानिसलाई गरिबीको रेखामुनिबाट माथि उठाइयो। सन् २०२१ मा गरिबी उन्मूलनको घोषणा गरियो। चीनले संयुक्त राष्ट्र ससङ्घले सहश्राब्दी लक्ष्य सन् २०३० सम्ममा गरिबी उन्मूलन गर्ने भनेकोमा १० वर्षअघि नै पूरा गर्‍यो। यो समाजवादी व्यवस्थाको कारणले सम्भव भएको हो।'

प्रशिक्षक **कृष्णकुमार श्रेष्ठ**ले आजको युगमा मान्छेले भन्दा प्रविधिले बाटो देखाउने र शिक्षा दिने हुँदा संसारमा विकसित प्रविधिबारे जानकारी राख्नुपर्ने विचार व्यक्त गर्नुभयो।

भनपा वडा नं. २ का वडाध्यक्ष एवं सहकारी समितिका संयोजक **हरिप्रसाद बासुकला**ले स्थानीय तहको निर्वाचन घोषणापत्रअनुसार नगरपालिकाले विभिन्न तालिम सञ्चालन गर्दै आएको जानकारी दिनुभयो।

सहभागीहरूको तर्फबाट सामूहिक साकोसका प्रतिनिधि **बिन्द्रा नात**ले तालिम अत्यन्त महत्त्वपूर्ण भएको र यस्तो सिक्ने अवसर जुटाइदिएकोमा भक्तपुर नगरपालिकालाई धन्यवाद दिनुभयो।

तालिम २२ र २३ गते दुई दिन चलेको थियो। प्रमुख प्रजापतिले सहभागीहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो।

## भनपा प्रमुख प्रजापति र पूर्व संस्कृति मन्त्री किराँतीबीच भेट



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसित पूर्व संस्कृतिमन्त्री तथा संविधान सभा सदस्य गोपाल किराँतीले वैशाख २५ गते नगरपालिकामा भेट गर्नुभयो। भेटका क्रममा कम्प्युनिष्ट पार्टीहरूले निर्वाचन उपयोग गर्नेबारेमा छलफल भयो।

नगर प्रमुख **प्रजापति**ले चुनावबाट आमूल परिवर्तन सम्भव नहुनेमा नेमकिपा स्पष्ट भएको र शान्तिपूर्ण अवस्थामा निर्वाचनलाई उपयोग गरेर जनताको सेवा गर्न सकिन्छ भन्नुभयो। उहाँले नेमकिपाको नीति र निर्देशनअनुसार पार्टीका उम्मेदवारहरू जितेका स्थानीय तहहरू र भनपाले शिक्षा, स्वास्थ्य क्षेत्रमा जोड दिई जनताको चेतनास्तर उठाउन विविध गतिविधिहरू गरिरहेको स्पष्ट पार्नुभयो।

उहाँले आत्म निर्णय सहितको जातीय राज्यबारे नेमकिपाले फरक विचार राख्दै वर्गीय मुद्दालाई जोड दिइआएको स्पष्ट पार्नुहुँदै एमाले र माओवादी निर्वाचनबाट सरकारमा गएर पूँजीवादी पार्टीमा पतन भएको बताउनु भयो।

पूर्वमन्त्री **किराँती**ले माओवादीले मार्क्सवाद अनुरूप वर्गीय दृष्टिले कार्य नगरेको हुँदा २०७४ मा एमालेमा माओवादी विलय भएपछि आफू छुट्टै रहेर आफ्नो संरक्षकत्वमा माओवादी कम्प्युनिष्ट पार्टी नेपाल गठन गरी कृयाशील रहेको जानकारी दिनुहुँदै आफ्नो पार्टीले पूँजीवादी निर्वाचन बहिस्कार गरेको बताउनु भयो।

नेमकिपाले निर्वाचनलाई उपयोग गरी आफू जितेको भक्तपुरमा शिक्षा र स्वास्थ्यमा राम्रो काम गरेको आफूलाई जानकारी भएको बताउनुहुँदै भक्तपुरमा आउन पाएकोमा खुशी व्यक्त गर्नुभयो।

उहाँले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ्ग कलेजहरू, ख्वप कलेज, ख्वप अस्पताललगायतको

अवलोकन गर्नुभएको थियो । नगर प्रमुख प्रजापतिले नपाका प्रकाशनहरू पूर्वमन्त्री किराँतीलाई हस्तान्तरण गर्नुभएको थियो ।

भेटमा भनपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवां र अशोक लिम्बुको पनि उपस्थिति थियो ।

## तुमचो दुगुरेमा शुद्ध खानेपानी वितरण



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपा वडा नं. ९ तुमचो दुगुरे चोखा आवास क्षेत्रमा वैशाख ३० गते एक कार्यक्रमबीच शुद्ध खानेपानी वितरणको शुभारम्भ गर्नुभयो ।

कार्यक्रममा प्रमुख **प्रजापति**ले नेपाल जलस्रोतको धनी देश भए पनि पानीको अभाव हुनु विडम्बनाको विषय भएको बताउनुहुँदै आधारभूत पिउने पानीको सुविधा नपाउँदा स्थानीयहरू समस्यामा परिरहेको बताउनुभयो ।

निर्वाचन घोषणापत्रअनुसार खानेपानी समस्या समाधान गर्न जनप्रतिनिधिहरू निरन्तर प्रयासरत रहेको बताउनुहुँदै प्रमुख प्रजापतिले मेलम्ची खानेपानी भक्तपुरमा वितरणसँगै जनताले केही राहत महसुस गरेको बताउनुभयो ।

भक्तपुरलाई सफा, सुन्दर र विश्वकै हेर्नलायक नगर बनाउने काममा नगरपालिकासँगै यहाँका जनताको निरन्तर साथ र सहयोगको आवश्यकता रहेको बताउनुहुँदै उहाँले खानेपानीको उचित सदुपयोग गर्न समेत वडावासीहरूलाई




आग्रह गर्नुभयो ।

फोहोरमैला व्यवस्थापनमा भक्तपुर नपाले गर्दै आएको गतिविधिबारे अवगत गराउनुहुँदै उहाँले घरघरबाट निस्कने कुहिने र नकुहिने फाहोर अलग अलग सङ्कलन गर्न सके नपालाई फोहोर व्यवस्थापन गर्न निकै सहज हुने बताउनुभयो ।

त्यस्तै भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष एवम् तुमचो दुगुरे चोखा आवास क्षेत्र खानेपानी उपभोक्ता समितिका अध्यक्ष **रबिन्द्र ज्याख्व**ले भक्तपुर नपाभित्र खानेपानी स्रोत नै नभएको हुँदा खानेपानी अभाव भएको बताउनुहुँदै नगरवासीहरूलाई शुद्ध खानेपानी वितरण गर्न नपाले ठाउँ ठाउँमा डीप बोरिङ कार्यलाई निरन्तरता दिँदै आएको बताउनुभयो ।

उहाँले भक्तपुरमा मेलम्चीको पानी ल्याउन भक्तपुर नपाको विशेष पहलमा पाइपलाइन बिछ्याउने कार्य भइरहेको बताउनुहुँदै तुमचोमा आजदेखि खानेपानी वितरण हुने अवगत गराउनुभयो ।

कार्यक्रममा नेमकिपा तुमचो दुगुरेका पार्टी इन्चार्ज जगन्नाथ प्रजापति, उपभोक्ता समितिका कोषाध्यक्ष छोरीमैया सुजखू, सहसचिव विष्णुराम दुमरु, खानेपानी डिभिजन कार्यालयका वसन्तकुमार विमल, समितिका सचिव लक्ष्मीप्रसाद कुसीले पनि बोल्नुभएको थियो ।



कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले तुमचो दुगुरे खानेपानी ट्यांकी निर्माणमा सहयोग गर्ने सङ्घ संस्थाका प्रतिनिधिहरूलाई प्रशंसापत्र र मायाको चिनो वितरण गर्नुभएको थियो ।

## शिक्षा समाज रूपान्तरणको महत्त्वपूर्ण आधार

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले शिक्षा समाज रूपान्तरणको महत्त्वपूर्ण आधार भएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाको आयोजनामा जेठ १ गते भक्तपुर नगरपालिकाभित्र सञ्चालित सामुदायिक/गुथि र संस्थागत विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष




तथा प्रतिनिधिहरूको भेलामा सम्बोधन गर्नुहुँदै प्रमुख प्रजापतिले विद्यार्थीहरूको उच्च शिक्षा हासिल गर्ने महत्त्वपूर्ण जग विद्यालय भएको हुँदा शिक्षामा सुधार ल्याउन विद्यालय तहदेखि नै सुधार गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो ।

देशभर जनस्तरबाट शैक्षिक संस्थाहरू सञ्चालन भएमा गरिब जनताका छोराछोरीहरू महँगा–महँगा विद्यालय, कलेजहरूमा गएर पढ्नुपर्ने बाध्यताको अन्त्य हुने बताउनुहुँदै २१ औँ शताब्दीका नागरिकले आफूलाई हरेक विषयमा अद्यावधिक गराइराख्नुपर्ने बताउनुभयो ।

विद्यालयलाई योग्यता, इमानदारीसँगै देशभक्तिको भावनाबाट पनि शिक्षित गर्नुपर्ने बताउनुहुँदै उहाँले भक्तपुर नपाले भनपाभित्र सञ्चालित विद्यालयको नियमित अनुगमनका लागि प्राविधिक तथा अनुगमन समितिसमेत गठन गरिसकेको अवगत गराउनुभयो ।

शासक दलहरूले विश्वविद्यालयहरूलाई राजनैतिक भागबन्डामा पदाधिकारीहरू नियुक्ति गर्ने, अनयिमितता र आर्थिक लेनदेनको थलो बनाएकै कारण कलेज र विश्वविद्यालयहरूप्रति विद्यार्थीहरूको आकर्षण घट्दो क्रममा रहेको बताउनुभयो ।

उहाँले नेपाली विद्यार्थीहरू उच्च शिक्षा अध्ययनको क्रममा विदेशिने क्रम बढेसँगै यहाँका कलेजहरू विस्तारै बन्द हुने अवस्थामा पुगेकोमा चिन्ता व्यक्त गर्नुभयो ।

भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष एवम् नगर शिक्षा समितिका सदस्य **उकेश कवां**ले भक्तपुरको शैक्षिक गुणस्तर अझ माथि उठाउने भक्तपुर नपाको मुख्य उद्देश्य भएको बताउनुहुँदै घोकन्ते विद्या होइन, व्यवहारिक शिक्षा आजको आवश्यकता हो भन्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ५ का वडाध्यक्ष एवम् विद्यालय अनुगमन समितिका संयोजक **योगेन्द्रमान बिजुक्छेँ**ले विद्यालय व्यवस्थापन समितिले विद्यालयको नीतिगत निर्णय र सहजकर्ताको भूमिका खेल्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै विद्यार्थीहरूलाई किताबी ज्ञानमा मात्र सीमित नराखी उनीहरूमा अतिरिक्त प्रतिभा प्रस्फुटन गर्ने अवसर



दिनुपर्ने बताउनुभयो ।

भक्तपुर नपा नगर शिक्षा शाखा प्रमुख कृष्णप्रसाद कर्माचार्यले भक्तपुर नपाभित्र सञ्चालित सामुदायिक/गुथि र संस्थागत विद्यालयको व्यवस्थापनको काम, कर्तव्य र अधिकार र नपाको शैक्षिक अवस्थाबारे प्रस्तुतीकरण देखाउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो ।

भनपाको आयोजनामा भएको उक्त भेलामा ९० ओटाभन्दा बढी विद्यालयका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

## प्रमुख सुनिल प्रजापतिबाट आगलागी घटनाका पीडित परिवारप्रति सहानुभूति व्यक्त



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरको सूर्यविनायक नगरपालिका वडा नं. ५ चुनदेवीस्थित दाजुभाइ फर्निचर कारखानामा जेठ १ गते भएको आगलागी घटनाका पीडित परिवारप्रति सहानुभूति व्यक्त गर्नुभयो ।

सोही क्रममा प्रमुख प्रजापतिले घटनास्थलको



स्थलगत निरीक्षण गर्नुहुँदै घटनाबारे यथार्थ जानकारी लिनुभयो ।

आइतबार साँझ भएको आगलागीबाट करिब २ करोड जति क्षति पुगेको र सँगै रहेको घरसमेत जलेर करोडौँको नष्ट भएको घरधनी श्याम चौगुठीले बताउनुभयो । आगलागी के कारणले भएको हो अझ पनि खुल्न नसकेको उहाँको भनाइ छ ।

## प्रमुख प्रजापति र पूर्वमन्त्री पौडेलबीच भेट



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र पूर्व शिक्षामन्त्री माधव पौडेलबीच जेष्ठ ५ गते भक्तपुर नपाको सभाकक्षमा भेट भयो ।

भेटमा नगर प्रमुख प्रजापति र पूर्वमन्त्री पौडेलबीच भक्तपुर नगरपालिकाबाट सञ्चालित ८ ओटा कलेजहरूको शैक्षिक कार्यक्रमहरू र ख्वप विश्वविद्यालय सञ्चालनबारे छलफल भयो ।

## प्रमुख प्रजापति र पूर्व मन्त्री भँडेलबीच भेट



प्रमुख प्रजापति र पूर्व भौतिक पूर्वाधार तथा विकास मन्त्री भँडेल

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र पूर्व भौतिक पूर्वाधार तथा विकास मन्त्री कृष्णलाल भँडेलबीच जेष्ठ ५ गते भक्तपुर नपाको सभाकक्षमा भेट भयो ।



प्रमुख प्रजापति र चाँगुनारायण नपाका प्रमुख जीवन खत्री,

भेटमा नगर प्रमुख प्रजापति र पूर्वमन्त्री भँडेलबीच देकोचा–चाँगु सडक स्तरोन्नतिबारे छलफल भयो । भेटमा चाँगुनारायण नगरपालिकाका प्रमुख जीवन खत्री, भनपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकला, चानपा वडा नं. ४ का वडाध्यक्ष रोजबहादुर तामाङलगायतको उपस्थिति थियो ।

प्रमुख प्रजापतिबाट उहाँहरूलाई नपाका केही प्रकाशन उपहार प्रदान गर्नुभयो ।

## सकोलानस्थित ऐतिहासिक पालि फः फल्चा शिलान्यास




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भनपा ९ सकोलानस्थित ऐतिहासिक पालि फः फल्चाको जेठ ८ गते एक समारोहबीच शिलान्यास गर्नुभयो। कुल ३९ लाख ५१ हजार ७९९ रुपैयाँको लागतमा पुनः निर्माण हुन लागेको उक्त फल्चा पुरानो नगरक्षेत्रको एकमात्र पालि फः फल्चा रहेको बताइएको छ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले सम्पदा जनताको गहना र संसारकै जनताको साझा सम्पत्ति भएको बताउनुभयो। उहाँले सम्पदाको महत्त्व थाहा नहुँदा मूर्तिलाई ढुङ्गा ठानेर खेल्ने र रमाइलो गर्ने गरिएको तर सम्पदाको महत्त्व बुझेपछि संरक्षणमा लाग्न थालेको धेरैको अनुभव रहेको बताउनुभयो।

भक्तपुरमा सम्पदा पुनः निर्माण तथा अन्य विकासका कार्यहरूमा स्थानीय जनताको सहभागितामा उपभोक्ता समिति गठन गर्दा कम लागतमा बलियो र मौलिक शैलीको संरचना बनेको र ती सम्पदाहरूको संरक्षणसमेत स्थानीय जनताबाट नै भएको उल्लेख गर्नुहुँदै देशका विभिन्न स्थानीय तहका जनप्रतिनिधिहरू भक्तपुरका जनताको कार्यबाट प्रभावित भएको बताउनुभयो।

भनपा ९ का वडाध्यक्ष **रबिन्द्र ज्याखव**ले स्थानीयवासीहरूसँग पटक पटक छलफल गरी मौलिक शैलीमा नै चुना सुर्कीको प्रयोगबाट उक्त फल्चा पुनः निर्माण गर्न लागिएको चर्चा गर्नुहुँदै फल्चासँग जोडिएको संस्कृति र जीवनपद्धतिलाई पनि संरक्षण गर्नुपर्नेमा जोड दिनुभयो।

उपभोक्ता समितिका अध्यक्ष एवं पूर्व वडाध्यक्ष **विष्णुबहादुर मानन्धर**ले पालि फः फल्चासँग जोडिएको इतिहासको विषयमा जानकारी दिनुभयो। उहाँले जर्मन सरकारको सहयोगमा भक्तपुर विकास परियोजनाले अत्यन्त कमजोर ढङ्गबाट पालि फः फल्चा निर्माण गरिएको र त्यस विषयमा अग्रजहरूबाट गुनासो गर्दा सुनुवाइ नभएको चर्चा गर्नुहुँदै अब स्थानीय जनताकै अग्रसरतामा बनाउन लागिएको हुँदा उक्त पाटी अत्यन्त बलियो र दीर्घकालसम्म टिक्ने मौलिक शैलीको बनाउन मिहिनेत भइरहेको बताउनुभयो।

पूर्व वडाध्यक्ष एवं नेमकिपा ९ नं वडा समितिका उपाध्यक्ष **ज्ञानसागर प्रजापति**ले पाटी पौवा, मन्दिर, सत्तल, ढुङ्गेधारा आदि हाम्रो सभ्यताको परिचय भएको उल्लेख गर्नुहुँदै पुर्खाले नासोको रूपमा छोडेर गएका संरचनाहरू मौलिक शैलीमै पुनः निर्माण गर्नु नयाँ पुस्ताको कर्तव्य भएको उल्लेख गर्नुभयो। सामूहिक काममा समाजको योगदान र अपनत्व हुने चर्चा गर्नुहुँदै उहाँले भक्तपुरमा उपभोक्ता समितिमार्फत भएका सबै कार्यहरू उत्कृष्ट बनेको बताउनुभयो।

नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत एवं सम्पदा शाखा प्रमुख **रामगोविन्द श्रेष्ठ**ले पालि फः फल्चाको विशेषता र इतिहासमा यस पाटीको सांस्कृतिक महत्त्वको विषयमा प्रष्ट पार्नुभयो।

कार्यक्रममा उपभोक्ता समितिका सचिव **अष्टलाल मानन्धर** र **तुल्सीकाजी मानन्धर**ले पनि बोल्नुभयो।

## प्रमुख प्रशासकीय अधिकृत विजयकुमार शर्मालाई स्वागत



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरमा सरुवा भई आउनुभएका प्रमुख प्रशासकीय अधिकृत विजयकुमार शर्मालाई जेठ ८ गते एक कार्यक्रमबीच खादा र भादगाउँले टोपीले स्वागत गर्नुभयो।

प्रप्रअ शर्माको स्वागतमा आयोजित परिचयात्मक कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख **प्रजापति**ले सांस्कृतिक र ऐतिहासिक महत्त्व बोकेको भक्तपुर भ्रष्टाचारविरोधी आन्दोलनको थलो पनि भएको बताउनुहुँदै भक्तपुर नपाले स्थानीय तहबाट हुनसक्ने अधिकत्तम सेवाहरू जनतालाई उपलब्ध

गराउँदै आएको बताउनुभयो ।

भक्तपुर नपाले अघिल्लो कार्यकालमा ४८ ओटा ऐन–नियम बनाएको र यो वर्ष ८ ओटा नयाँ कानुन निर्माण गरी जनताको हितलाई केन्द्रमा राखी काम गर्दै आएको बताउनुहुँदै उहाँले भन्नुभयो, 'जनप्रतिनिधि र कर्मचारीहरू एकाकार रूपमा अगाडि बढेको छौँ ।'

भक्तपुरका जनप्रतिनिधि र कर्मचारीहरूले इमानदारीपूर्वक र पारदर्शी ढङ्गले जनताको सेवकको रूपमा काम गर्दै आएको उहाँले सोही अवसरमा बताउनुभयो ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत **शर्मा**ले भक्तपुरलाई कार्यथलो बनाउने अवसर प्राप्त भएकोमा गौरव अनुभूति भएको बताउनुहुँदै भक्तपुरको शानलाई अझ उँचो बनाउन प्रयत्नरत रहने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**, वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**, प्रशासकीय अधिकृत **दामोदर सुवाल**ले पनि बोल्नुभएको थियो ।

## चार दिने प्राङ्गारिक कृषि खेती तालिम



भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुर नगरपालिका वडा नं. ८ मा जेठ १२ गते चार दिने प्राङ्गारिक कृषि खेती तालिम सुरु भएको छ ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले तालिमको उद्घाटन गर्नुभयो ।

कार्यक्रममा प्रमुख प्रजापतिले भक्तपुर नपाको कृषि समितिमार्फत किसान लक्षित विभिन्न गतिविधिहरू अगाडि बढिरहेको बताउनुहुँदै प्राङ्गारिक कृषि खेती तालिम सञ्चालनबाट विषादीरहित तरकारी उत्पादन, प्राङ्गारिक मलको उत्पादन तथा प्रयोग र व्यवसायिक उत्पादनमा समेत टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

भक्तपुर नपाले यसअघि कौसी खेती तालिम सञ्चालन गर्दै आएको बताउनुहुँदै उहाँले कृषि प्रधान देशलाई वैज्ञानिक खेतीको आवश्यकता रहेको बताउनुभयो ।

कृषि उत्पादन बढेसँगै देश आत्मनिर्भर हुँदै जाने र विदेशबाट कृषिजन्य वस्तुको आयात घट्दै जाने हुँदा यहाँका स्थानीयहरूलाई कम जग्गामा धेरै उत्पादन हुने विधि सिकाउन यस तालिमको आयोजना भएको उहाँले बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ८ का वडाध्यक्ष **कृष्णप्रसाद कोजु**ले तालिम सञ्चालनबाट धेरै किसानहरू लाभान्वित हुने विश्वास व्यक्त गर्नुहुँदै यसबाट स्वस्थ खाद्यान्न उत्पादन हुने बताउनुभयो ।



तालिमका प्रशिक्षक **अनिता राजचल**ले तालिममा प्रशिक्षार्थीहरूलाई सैद्धान्तिक र व्यवहारिक ज्ञान प्रदान गरिने र यो जीवन उपयोगी तालिम पनि भएको बताउनुभयो ।

उक्त कार्यक्रममा वडा सदस्य **सुमित्रा बोहजु** र **रामसुन्दर बासी**ले तालिमको उद्देश्यमाथि प्रष्ट पार्नुभयो ।

कार्यक्रममा प्रमुख प्रजापतिले प्रशिक्षक राजचललाई माटो परीक्षण गर्ने मेसिन हस्तान्तरण गर्नुभएको थियो ।

## वडा नं. १ मा योजना छनोट तथा सुझाव सङ्कलन



भक्तपुर नगरपालिका वडा नं. १ को आयोजनामा आर्थिक वर्ष २०८०।८१ को योजना छनोट तथा बजेट निर्माणको

लागि सुझाव सङ्कलन कार्यक्रम जेठ १३ गते भयो ।

कार्यक्रमका प्रमुख अतिथि भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले जनस्तरबाट आएको सुझावलाई नगर र नगरवासीहरूको आवश्यकताको आधारमा कार्यान्वयन गर्दै बजेट निर्माण गर्दै आएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले व्यक्तिलाई होइन, समुदायलाई बलियो पार्ने काम गर्दै आएको बताउनुहुँदै उहाँले भक्तपुर नपाले नगरको आवश्यकताअनुसार बजेट परिचालन तथा नगरको सन्तुलित विकासमा विशेष जोड दिँदै आएको बताउनुभयो ।

भक्तपुर नपाले निर्वाचनको समयमा व्यक्त प्रतिबद्धताअनुरूप जनतासँग प्रत्यक्ष सरोकार भएको अधिकांश काम पूरा गरेको बताउनुहुँदै उहाँले विकास निर्माणसँगसँगै अब नगरको व्यवस्थापन, सौन्दर्यीकरणतर्फ अगाडि बढिरहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले वडाबाट सञ्चालित योजना तथा गतिविधिहरूबारे अवगत गराउनुहुँदै वडाको सेवा अझ सहज र सुलभ रूपमा प्रदान गर्ने उद्देश्यबाट वडा अगाडि बढिरहेको बताउनुभयो । भनपा १ क्षेत्रफलको हिसाबले ठूलो वडा भएको बताउनुहुँदै उहाँले खानेपानी समस्या समाधानको लागि वडाले ठाउँ ठाउँमा डीप बोरिङ सञ्चालन गर्दै आएको बताउनुभयो ।

कार्यक्रममा समाजसेवीहरू **लक्ष्मीनारायण राजलवट** र **कृष्णबहादुर दुगुजू**ले नगरपालिका र वडाको लागि रचनात्मक सुझाव दिनुहुँदै वडामा बहुउदेश्यीय भवन निर्माण गर्नुपर्ने, सामुदायिक विद्यालयको भौतिक सुधार र फुटपाथ व्यवस्थापनमा वडाले विशेष जोड दिनुपर्ने धारणा राख्नुभयो ।

कार्यक्रममा मुपुज्व टोल सुधार समितिका **कृष्णगोविन्द मुलगुठी**, ज्ञानकुन्ज टोलसुधार समितिका **कृष्णप्रसाद दुमरु**, न:पली सिर्जना सेवा समितिका **नारायणप्रसाद कोइराला** र असंगाल टोल सुधार समितिका **प्रबिन सिन्ताकल**ले वडामा सडक फराकिलो गर्ने, ढुङ्गा छपाइ, सम्पदा संरक्षण, किसानलाई सहुलियत, पर्ति जग्गा संरक्षण, ढल व्यवस्थापन, खानेपानी व्यवस्थापन, सडक बत्ती मर्मत, हनुमन्ते करिडोरमा वातावरणीय सुधारलगायत राय सुझाव बुँदागत रूपमा प्रस्तुत गरेका थिए ।

उक्त कार्यक्रममा भक्तपुर नपा वडा नं. १ का वडा सदस्यहरू **सूर्यप्रसाद श्रेष्ठ** र **गंगालक्ष्मी बमनु**ले पनि बोल्नुभएको थियो ।

## भनपा-२ मा प्राङ्गारिक कृषि प्रवर्द्धन तालिम




भक्तपुर नगरपालिकाको आयोजनामा भनपा वडा २ मा जेठ १६ गते चारदिने प्राङ्गारिक कृषि तालिम सुरु भएको छ । तालिमको उद्घाटन वडाध्यक्ष हरिप्रसाद बासुकलाले गर्नुभएको थियो ।

नपाको कृषि समितिमार्फत किसान लक्षित विविध गतिविधिहरू अगाडि बढाइरहेको बताउनुहुँदै उहाँले प्राङ्गारिक कृषि प्रवर्द्धन तालिम सञ्चालनबारे विषादीरहित तरकारी उत्पादन, प्राङ्गारिक मलको उत्पादन, प्रयोग र व्यावसायिक उत्पादनमा थप टेवा पुग्ने बताउनुभयो ।

भनपाले कौसी खेती तालिमलाई निरन्तरता दिँदै आएको उल्लेख गर्नुहुँदै उहाँले कृषि उत्पादन बढेमा विदेशबाट कृषिजन्य वस्तुको आयात घट्दै जाने र विषादीरहित प्राङ्गारिक मल प्रयोग गरी स्वच्छ र ताजा तरकारी उत्पादन हुने बताउनुभयो ।

पुँजीवादी व्यवस्थामा नीतिगतरूपमा भ्रष्टाचार हुने उल्लेख गर्नुहुँदै उहाँले नक्कली भुटानी शरणार्थी प्रकरणले ठूल्ठूला राजनीतिक दलका नेताहरूले जनतालाई छलिरहेको चर्चा गर्नुभयो ।

तालिमका प्रशिक्षक **रमेश वैद्य**ले बढ्दो जनसङ्ख्यालाई खाद्यान्न पूर्ति गर्न उत्पादन बढाउने नाउँमा विषादी र अधिक रासायनिक मल प्रयोग गर्दा मानिसहरूलाई विभिन्न प्रकारका रोगहरू लाग्ने गरेकोले विषादीरहित र प्राङ्गारिक मलको प्रयोग गरी उत्पादन गर्नु आजको आवश्यकता रहेको बताउनुभयो ।

कृषि उपसमितिका संयोजक **रत्नकाजी नायभारी**को सभापतित्वमा सञ्चालित उक्त कार्यक्रममा गणेशप्रसाद सुवाल, लक्ष्मीनारायण सुवाल र राजाराम बासुकलाले तालिमको उद्देश्य र महत्त्वबारे आ–आफ्नो विचार राख्नुभएको थियो ।

## जनवादी गणतन्त्र चीनको सिचुवान प्रान्तका पार्टी सचिव वाङ स्याओहुई भक्तपुर भ्रमणमा



जनवादी गणतन्त्र चीनको सिचुवान प्रान्तका जनकंग्रेसका स्थायी कमिटी अध्यक्ष एवम् पार्टी सचिव वाङ स्याओहुईलगायतको प्रतिनिधिमण्डलले जेठ १७ गते भक्तपुर नगरपालिकाको स्थलगत अवलोकन गर्नुभएको छ। टोलीलाई भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति, उपप्रमुख रजनी जोशीलगायत जनप्रतिनिधिको टोलीले दरबार क्षेत्रको प्रवेशद्वारमा पुष्पगुच्छा, खादा र भादगाउँले टोपीले स्वागत गर्नुभयो।

टोलीले २०७२ सालको भूकम्पपश्चात पुनःनिर्माण भएका भक्तपुर दरबार क्षेत्रका सांस्कृतिक सम्पदाहरू वत्सला मन्दिर, न्ह्यकं झ्यः दरबार, पचपन्न झ्याल दरबार, फसिदेग, पाँचतले मन्दिर, भैरवनाथ मन्दिरलगायतको अभिरुचिपूर्वक स्थलगत अवलोकन गर्नुभयो।



टोलीमा चिनियाँ राजदूतावासका वाङ छिन, सिचुवान प्रान्तीय कमिटीका उपसचिव झाङ ताओपिङ, सिचुवान प्रान्त परराष्ट्र मामिलाका महानिर्देशक झाङ ताओ, विकास तथा सुधार आयोगका महानिर्देशक ताई योङबो, वाणिज्य विभागका महानिर्देशक यु इछिन, सीपीसी सिचुवान प्रान्तका उपमहानिर्देशक याङ झाङ्यु, परराष्ट्र मामिलाका उपमहानिर्देशक लिउ मिन, अनुवादक डा. सर्वोत्तम श्रेष्ठलगायत दूतावासका कर्मचारीहरूको उपस्थिति थियो।

सोही क्रममा प्रमुख प्रजापतिले पार्टी सचिव स्याओहुईलाई नपाका प्रकाशन र मयूरको झ्याल मायाको चिनोको रूपमा प्रदान गर्नुभयो।

## एकदिने ऋण जोखिम न्युनीकरण तालिम



भक्तपुर नगरपालिकाको आयोजनामा नगरभित्रका सहकारी संस्थाहरूलाई जेठ १७ गते एक दिने ऋण जोखिम न्युनीकरण तालिमको आयोजना गरेको छ।

तालिमको उद्घाटन गर्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले जोखिम र सफलता सँगसँगै आउने बताउनुहुँदै नीति नियम र कानुनबमोजिम सञ्चालन भएका सङ्घ संस्थाहरू न्यून जोखिम रहने बताउनुभयो।

सहकारीमा आएको समस्यालाई ध्यानमा राखी अन्य सहकारी सञ्चालक तथा बचतकर्ताहरूलाई सचेत गराउनुहुँदै भक्तपुर नपाले अनियमित गरी भागेका सहकारीका सञ्चालकहरूको नाउँमा रहेका घर–जग्गा रोक्का गरी जनताको रकम सुरक्षित गर्ने प्रयास गर्दै आएको प्रमुख प्रजापतिले बताउनुभयो।

भक्तपुर नपाभित्र सञ्चालित १५६ ओटा सहकारीहरूको नियमित अनुगमन गरी सम्भावित जोखिम कम गर्ने प्रयास नगरपालिकाले गर्दै आएको बताउनुहुँदै उहाँले आर्थिक, राजनीतिक, सामाजिक, स्वास्थ्यलगायतका सङ्कट जुनसुकै समय आउने सक्नेतर्फ सहकारीकर्मीहरू सचेत हुन जरुरी रहेको बताउनुभयो।

उहाँले सहकारीमा कार्यरत कर्मचारीहरू सहकारी ऐन तथा कानुनमा पोख्त हुनुपर्ने समेत धारणा राख्नुभयो।

भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष तथा सहकारी समितिका संयोजक **हरिप्रसाद बासुकला**ले सहकारी संस्थामा जम्मा भएको रकम उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्नुहुँदै सामुदायिक विकास कोषमा जम्मा भएको रकम जनताको सेवामा खर्च गर्न भनपा र सहकारीकर्मीबीच समन्वय भएको र केही सहकारी संस्थाहरूले कोषको रकम भक्तपुर नपामा जम्मा गर्न ल्याइसकेको अवगत गराउनुभयो।

कार्यक्रममा ऋण जोखिम न्युनीकरण तालिमका सहजकर्ता **कृष्णगोविन्द लाखा**ले आर्थिक मन्दी सँगसँगै सहकारी क्षेत्रमा पनि सङ्कट निम्ति खतरा रहेको बताउनुहुँदै सुशासन कायम नभएको सहकारीले गर्दा समुदायमा आधारित सहकारीमा समेत तरलता अभाव रहेको धारणा राख्नुभयो।

# भक्तपुर नपाबाट खेलाडी, रेफ्रि र निर्णायकहरु सम्मानित

## वर्षको उत्कृष्ट खेलाडी तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा पदक प्राप्त गर्न सफल खेलाडी, रेफ्रि र निर्णायकहरू गरी १३९ जनालाई सम्मान

भक्तपुर नगरपालिकाको आयोजनामा २०७६।७७, २०७८, २०७९ सालका वर्षको उत्कृष्ट पुरुष तथा महिला खेलाडीहरूलाई बधाई तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा पदक प्राप्त गर्न सफल खेलाडी, रेफ्रि र निर्णायकहरूलाई जेठ १५ गते बधाईज्ञापन तथा सम्मान कार्यक्रमको आयोजना गरेको छ ।




कार्यक्रमका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छैं (रोहित)**ले उत्कृष्ट खेलाडीहरूलाई नगरपालिकाको तर्फबाट प्रशंसापत्र र मायाको चिनोको रूपमा नपाको लोगो अङ्कित ट्र्याक सुट वितरण गर्नुभयो ।



उक्त कार्यक्रममा अध्यक्ष बिजुक्छेंले खेलकुद अनुशासनको पर्याय भएको बताउनुहुँदै खेलकुदको महत्त्वको विषयमा युवाहरूलाई शिक्षित गर्नु आवश्यक भएको बताउनुभयो ।

खेलकुदलाई मानव जीवन र सिङ्गो समाजको महत्त्वपूर्ण अङ्गको रूपमा विश्लेषण गर्नुहुँदै उहाँले स्वस्थ जीवन जिउन र देश तथा समाजको सेवा गर्न खेलकुदको ठूलो भूमिका हुने बताउनुभयो ।



खेलकुदलाई व्यक्तिगत स्वार्थ र पदीय लुछाचुँडीको विषय बनाइनु नहुने बताउनुहुँदै अध्यक्ष बिजुक्छेंले मित्रता र सहयोगको भावनालाई कायम राख्न खेलाडीहरू प्रतिबद्ध हुनुपर्ने बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले खेलको माध्यमबाट भक्तपुरको नाम उच्च राख्न सफल सम्पूर्ण खेलाडीहरूलाई बधाई एवम् शुभकामना दिनुहुँदै विद्यार्थी तथा युवाहरूले खेलकुद र शिक्षालाई सँगसँगै अगाडि बढाउनुपर्ने धारणा राख्नुभयो । भौतिक पूर्वाधारको अभावबीच पनि भक्तपुरका खेलाडीहरूले राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा राम्रो खेल प्रदर्शन गरिरहेको बताउनुहुँदै भक्तपुरमा खेलकुदको पूर्वाधार विकास गर्ने विषयमा युवा तथा खेलकुद समितिले क्रियाशीलता देखाइरहेको छ भन्नुभयो ।

उहाँले नेपालमा गणतन्त्र स्थापनासँगै नेपाली जनताले शिक्षा, स्वास्थ्यमा समान पहुँच पुग्ने, रोजगारीको सुनिश्चितता

आदिको अपेक्षा गरे तापनि गणतन्त्र स्थापनाको १५ वर्ष बितिसक्दा पनि जनताको जीवनस्तर झन् झन् कमजोर हुँदै गएको बताउनुभयो ।

राजनीतिक आन्दोलनबाट प्राप्त उपलब्धीको संरक्षण गर्दै नयाँ नयाँ उपलब्धीहरू पाउन अघि बढ्न आवश्यक रहेको उल्लेख गर्नुहुँदै प्रमुख प्रजापतिले समाज परिवर्तनको लागि सबैले हातेमालो गर्न आवश्यक रहेको बताउनुभयो ।

कार्यक्रममा बागमती प्रदेश सभा सदस्य **सुरेन्द्रराज गोसाईले** खेलाडीहरूलाई खेल जीवनमा अझ उत्कृष्टता हासिल गर्न प्रेरित गर्नुहुँदै खेलकुद क्षेत्रमा नयाँ पुस्तालाई अगाडि ल्याउन सम्बन्धित निकाय र अभिभावकहरूको भूमिका महत्त्वपूर्ण भएको बताउनभुयो ।

नेपालमा गणतन्त्र स्थापना भएको १५ वर्ष बितिसक्दा पनि खेलकुद क्षेत्रमा कुनै उल्लेख्य काम हुन नसकेको बताउनुहुँदै सांसद गोसाईले भारतीय विस्तारवादी नीति र भारतीय एकाधिकार पुँजी नेपालको शत्रु हो र नेपालको सार्वभौमिकतामाथि भारतीय हस्तक्षेप अस्वीकार्य भएको बताउनुभयो ।



भक्तपुर नपाका उपप्रमुख **रजनी जोशीले** भक्तपुर नपाको खेलकुद समितिले विविध खेलकुद गतिविधि गर्नुका साथै खेलाडी सम्मान कार्यक्रमलाई निरन्तरता दिँदै खेलाडीहरूलाई उत्साहित गर्ने कार्य गर्दै आएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्रीले** स्वागत, ४ का वडाध्यक्ष उपेन्द्र सुवालले धन्यवादज्ञापन मन्तव्य राख्नुभएको थियो भने खेलकुद समितिका सदस्य रामसुन्दर बासीले पनि कार्यक्रमको उद्देश्यमाथि प्रष्ट पार्नुभयो ।

त्यस्तै भक्तपुर नपा खेलकुद समितिअन्तरगतको मूल्याङ्कन समितिका सदस्य विनोदचरण रायले पुरस्कृत खेलाडीहरूको नामावली सार्वजनिक गर्दै सबैमा बधाईज्ञापन गर्नुभयो ।

भक्तपुर नपाले आज भलिबल, टेबलटेनिस, कबड्डी, जिमनास्टिक, शारीरिक सुगठन, पावर लिफ्टिङ, बक्सिङ, टेनिस, भारोत्तोलन, उसु, बास्केटबल, किक बक्सिङ, ब्याटमिन्टन, सितेरियो कराँते, खोखो, एथ्लेटिक्स, पोर्टबल, बुद्धिचाल, फुटबललगायतका खेल विधाका वर्ष उत्कृष्ट खेलाडी तथा अन्तर्राष्ट्रिय पदक प्राप्त १३९ जना खेलाडी, रेफ्रि, निर्णायक र प्रशिक्षकहरूलाई सम्मान गरिएको थियो ।

### २०७६।७७ का उत्कृष्ट पुरुष र महिला खेलाडी

**भलिबल**
शक्ति पुन मगर — स्मृति खड्का

**टेबुलटेनिस**
रोमन थापा मगर — दिया देउला

**कबड्डी**
अजय मानन्धर — इसुदा गिरी

**जिम्नाष्टिक**
सत्यनारायण मानन्धर — पिंकी झांग

**शारीरिक सुगठन**
समिर श्रेष्ठ — सनम मुलगुठी

**पावर लिफ्टीङ्ग**
राजेश सुवाल — -

**बक्सिङ्ग**
समन गोसाई — अस्मिता दुवाल

**लङ्ग टेनिस**
अनिस कासुला — लस प्रजापति

**भारत्तोलन**
- — लक्ष्मी वन विष्ट

**उसु**
- — सुस्मिता तामाङ्ग

**बास्केटबल**
क्रियमन तुकंबन्जार — सुनिता सिन्ताकल

**किक बक्सिङ्ग**
सिरुष भुजु — पद्मा सम्भावी तामाङ्ग

**ब्याडमिन्टन**
पुनहरि होना — रुसा जति

**सितेरियो कराते**
सुभाष परियार — रुक्साना दुवाल

**खो खो**
श्रीजल वैद्य — मनिता श्रेष्ठ

**एथलेटिक्स**
इश्वर चन्द्र बस्नेत — रेस्टिना सितिखु

**पोर्टबल**
अनुप श्रेष्ठ –

**बुद्धिचाल**
निकेन कुसाथा अन्सुडिल प्रजापति

**फुटबल**
जिन्लप तामाङ्ग अञ्जली मचामसी

**प्रशिक्षक तालिममा सफलहरू**

**बक्सिङ्ग**
श्यामकृष्ण लाखाजू सुशिल माक
रबिन लाखेमरु प्रकाश कुमार विष्ट
दयाराम बेकोजू

**फुटबल**
धनेश्वर प्रजापति

**भलिवल**
रुकेश शाही

**जिम्नाष्टिक**
बिष्णु बाटा रुसतम लवजु
सुमन नापित सश्रीकृष्ण खर्बुजा
सबिकछ्या खिनाओ कृष्णराम जाकिबन्जार
मनिष भैल

**ब्याडमिण्टन**
राधेश्याम मचामसी

**निर्णायक तालिममा सफलहरू (रेफ्रि, जज, निर्णायक)**

**उसु**
प्रवेश राजथला रमेश सुवाल
शुभराम मुनंकर्मी श्याम सुन्दर श्रेष्ठ

**हप्किडो**
पदमा खयरगोली

**कवड्डी**
दिलिप नारायण श्रेष्ठ अनिस सुवाल
अनिल कोजू बलराम राजचल

**शारीरिक सुगठन**
ज्ञानेन्द्र मानन्धर

**एथलेटिक्स**
आशराम गोठे बिनोदकुमार प्रजापति

**बुद्धिचाल**
सुमन जोशी राजकमुार लघु इन्द्रभक्त पंच

**२०७८ का उत्कृष्ट पुरुष तथा महिला खेलाडीहरू**

**भलिबल**
अशोक कार्की रमिला श्रेष्ठ

**खो खो**
राज कुष्मा निशा सायंजु

**कबड्डी**
सरमन प्रजापति –

**टेबल टेनिस**
राजिब चिकंबन्जार क्यारिना सुवाल

**कराते**
सुमन सुबेदी शिरुषा भुजू

**बास्केटबल**
कृयमन तुकंबन्जार –

**ब्याडमिण्टन**
– रुसा जती

**एथलेटिक्स**
विश्वराम कुवँर प्रकृति सुवाल

**पावर लिफि्टङ्ग**
विकिन जोशी तारा खाईजू

**किक बक्सिङ्ग**
प्रविन तामाङ्ग सुस्मिता तामाङ्ग

**तेक्वान्डो**
किरण सितिखु रुकु खाइजू

**बक्सिङ्ग**
विजय बाटा अष्मिता दुवाल

**निर्णायक तालिममा सहभागीभई सफलहरू**

**किक बक्सिङ्ग**
राजु बजिको
सचिदानन्द बनेपाली
बिलबहादुर तामाङ्ग
हरिकृष्ण प्रजापति
रोहित मानन्धर

**व्याडमिण्टन**
राजेश खाइतु
सत्यराम न्हिसुतु

**२०७९ सालका उत्कृष्ट पुरुष तथा महिला खेलाडीहरू**

**भलिबल**
अनिल वगाले स्मृति थापा

**जिम्नाष्टिक**
सुमन नापित प्रकृति थापामगर

**खो-खो**
कृतिस सिन्ताकल –

**कबड्डी**
सविन बोहजू पुजा दुवाल

**शारीरिक सुगठन**
दिनेश गोसाई रोजिना खायमली
**टेबल टेनिस**
यूनिश सुवाल दिया देउला
**सितोरियो कराते**
सुलभ भूजेल पूर्णिमा खत्री
**बास्केटबल**
कृयमन तुकंबन्जार साधना घिसिङ्ग
**उसु**
सुजित बखाद्यो रुजा दुवाल
**फुटबल**
– अन्जली मचामसी
**एथलेटिक्स**
विश्वराम कुवंर प्रकृति सुवाल
**पावर लिफि्टङ्ग**
रोशन मानन्धर सबिता हाय्जु
**ब्याडमिण्टन**
पुनहरि होना रुसा जति
**बक्सिङ्ग**
विजय बाटा अस्मिता दुवाल
**तेक्वाण्डो**
किरण सितिखु दिया लाखा
**प्रशिक्षक तालिममा सहभागी भई सफल हुने खेलाडीहरू**
**टेबल टेनिस**
राजिव चिकंबन्जार
**फुटबल**
धनेश्वर प्रजापति अजय शाही
**जिम्न्याष्टिक**
सत्य नारायण मानन्धर
**एथलेटिक्स्**
रेस्टिना सितिखू
**बक्सिङ्ग**
निसा लोहला
**तेकान्डो**
सत्यराम न्हिसुतु बलराम न्हिसुतु अनिश खयरगोली
**अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी भई पदक प्राप्त गर्ने २०७९ का खेलाडीहरू**
**कराते**
सौजन मधिकर्मी एरिश शर्मा
**खो खो**
रश्मि बनमाला

# भक्तपुर नपाको अनुगमन

## पार्टी प्यालेस र बैंक्वेट अनुगमन




भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक राज कृष्ण गोराको नेतृत्वमा कमलविनायक, लान्चाफल्चा, लिवाली र सूर्यविनायकमा भोज खुवाउने पार्टी प्यालेस र बैंक्वेट वैशाख २५ र २६ गते दुई दिन र ७ ओटा मासु पसलहरू अनुगमन गरियो ।

अनुगमनमा पकाउने तेल धेरै पकाएर पोलार मिटरमा २० भन्दा माथिको देखाएको अखाद्य तेल नष्ट गरेको संयोजक राजकृष्ण गोराले बताउनुभयो भने जेरीलगायत मिठाईमा दश केजी मैदामा एक ग्राम मात्र खाद्य रंग हाल्न पाउने र मिठाई पकाउने तेल पोलार मिटरले नाप्दा बीस रेन्जभन्दा माथिको तेल अखाद्य हुने बताउनुभयो ।

स्टार बैंक्वेटमा भान्छामा काम गर्ने कुकहरूले एप्रोन, माक्स, पञ्जा, हेयरनेट नलगाएको र फ्रिजमा पाकेको र काँचो मासुहरू एकै ठाउँमा भन्डारण गर्ने साथै अन्य तरकारी, मसला, बटर, ससेजलगायत सबै थोक मिसाएर राखेको पाइएकोले छुट्टाछुट्टै राख्न, बिग्रेको तेल २ लिटर र बिग्रेको र पुरानो मासु २१ किलो जफत गरी नष्ट गरियो ।

कमलबिनायक बैंक्वेटमा भान्छामा काम गर्ने कुकहरूले एप्रोन, माक्स, पञ्जा, हेयरनेट नलगाएको र फ्रिजमा पाकेको र काँचो मासुहरू एकै ठाउँमा भन्डारण गर्ने साथै अन्य तरकारी, मसला, बटर, ससेजलगायत सबै थोक मिसाएर राखेको पाइएकोले छुट्टाछुट्टै राख्न, बिग्रेको बोकाको मासु साढे १ किलो र दुध १ लिटर जफत गरी नष्ट गरियो ।

ख्वप बैंक्वेट नवीकरण गर्न, बिग्रेको मासु भान्छामा काम गर्ने कुकहरूले एप्रोन, माक्स, पञ्जा, हेयरनेट नलगाएको र फ्रिजमा पाकेको र काँचो मासुहरू एकै ठाउँमा भन्डारण गर्ने साथै अन्य तरकारी, मसला बटर, ससेजलगायत सबै थोक मिसाएर राखेको पाइएकोले छुट्टाछुट्टै राख्न, पाकेको तेल अरूलाई

नदिई नष्ट गर्न, बिग्रेको मासु १० किलो, बेशन चना पाकेट लेबल स्पष्ट नभएको वा उत्पादन मिति र म्याद नाघेको मिति नभएकोले २५ पाकेट जफत गरी नष्ट गरी तीन दिन भित्र नगरपालिकामा उपस्थित हुन निर्देशन दिइयो।



वर्ल्ड दरबार पार्टी प्यालेसमा भान्छामा काम गर्ने कुकहरूले एप्रोन, माक्स, पञ्जा, हेयरनेट नलगाएको र फ्रिजमा पाकेको र काँचो मासुहरू एकै ठाउँमा भन्डारण गर्ने साथै अन्य तरकारी, मसला, बटर, ससेजलगायत सबै थोक मिसाएर राखेको पाइएकोले छुट्टाछुट्टै राख्न र बासी पुरानो ३ किलो कुखुराको पकाएको मासु जफत गरी नष्ट गरियो।

महेश्वरी बैंक्वेटमा भान्छामा काम गर्ने कुकहरूले एप्रोन, माक्स, पञ्जा, हेयरनेट नलगाएको र फ्रिजमा पाकेको र काँचो मासुहरू एकै ठाउँमा भन्डारण गर्ने साथै अन्य तरकारी, मसला, बटर, ससेजलगायत सबै थोक मिसाएर राखेको पाइएकोले छुट्टाछुट्टै राख्न, तराजु नवीकरण गर्न, किचेनको फोहोर पानीको निकास व्यवस्थापन गर्न, खाद्य वस्तु कालो प्लाष्टिकमा नराख्न र म्याद नाघेको बेसन ५ पाकेट र बासी मासु ३ किलो जफत गरी नष्ट गरियो।

शुभकामना पार्टी प्यालेसमा भान्छामा काम गर्ने कुकहरूले एप्रोन, माक्स, पञ्जा, हेयरनेट नलगाएको र फ्रिजमा पाकेको र काँचो मासुहरू एकै ठाउँमा भन्डारण गर्ने साथै अन्य तरकारी, मसला, बटर, ससेजलगायत सबै थोक मिसाएर राखेको पाइएकोले छुट्टाछुट्टै राख्न, खाद्य वस्तु पकाई सकेको खेर गएको तेल ढावा व्यापारीलाई दिन नपाइने र दिएमा नियमानुसार कारबाही हुने र तराजु नवीकरण गर्न निर्देशन दियो।

रिद्धसिद्धी ट्रेड डल्लो साबुन कारखानालाई दर्ता गरी सञ्चालन गर्न निर्देशन दियो।

अनुगमन टोलीमा समितिका सदस्य श्यामकृष्ण खत्री, रोशनमैया सुवाल, रिता फसिकवा, ज्ञानबहादुर मानन्धर, सदस्य सचिव एवम् भनपा श्यानिटेशका न.नि. दिलिपकुमार सुवाल, व.नि.रामकृष्ण प्रजापति, कर शाखाका मोहनदेवी व्याञ्जु, जिल्ला प्रशासन कार्यालयका हरिहर काफ्ले, राष्ट्रिय उपभोक्ता मञ्चका मनोज थापा, महानगरीय प्रहरी परिसरका प्रहरी सहायक निरीक्षक अनिल खुलिमुली, बाबुराम लामा, प्रहरी जवान महेन्द्र थापा, उद्योग बाणिज्य सङ्घ भक्तपुरका विश्वराम दुवाल, भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका सुमित्रा श्रेष्ठ, घरेलु कार्यालयका सिताराम त्वायनाको सहभागी थियो।

## सहकारी अनुगमन

मन समितिले वैसाख २६ गते भक्तपुर नगरपालिका वडा नं. ९ तौलाछेँस्थित वाकुपति नारायण बचत तथा ऋण संस्था लि. को अनुगमन गरेको छ।

अनुगमनको क्रममा संस्थाका पदाधिकारीहरू उपस्थित नभएको र संस्था जिम्मा लिने उमिल श्रेष्ठमात्र उपस्थित भएकोमा अनुगमन टोलीबाट माग भएको कागजातहरू देखाउन नसकेको र पुरानो न्हुछेराम प्रजापतिको अध्यक्षतामा गठन भएको संस्थाको सञ्चालक समितिको एकल निर्णयबाट नयाँ पदाधिकारीहरूलाई जिम्मा दिएको पाइएको छ। साथै पुरानो बचतकर्ता, ऋणी सदस्य र लेखापरीक्षण प्रतिवेदनसमेत नयाँ जिम्मा लिने सञ्चालकहरूलाई नबुझाएको जानकारी प्राप्त भएकोले कागजातहरू १५ दिन भित्र बुझिलिई नपामा पेश गर्न टोलीले निर्देशन दिएको छ।

xfd|f dfl}ns ;fdu|L



*ज्वाला न्हायकं, सिन्ह म्हु र कलश (१९ औँ शताब्दी)*

स्रोत : राष्ट्रिय चित्र सङ्ग्रहालय, भक्तपुरको प्रदर्शनी

# शैक्षिक गतिविधि

## शैक्षिक गुणस्तर कायम गर्न शिक्षकहरू सक्षम हुनुपर्ने




भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुर नगरपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक, संस्थागत र सार्वजनिक गुठी अन्तर्गत सञ्चालित विद्यालयका प्रधानाध्यापकहरूको भेला वैशाख २५ गते भनपा सभाकक्षमा सम्पन्न भयो।

कार्यक्रममा प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नगरको शैक्षिक गुणस्तर कायम गर्न नगरभित्रका विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरूले आ-आफ्नो क्षेत्रबाट योगदान गर्नुपर्ने बताउनुभयो।

प्रमुख प्रजापतिले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई विद्यालय व्यवस्थापनको जिम्मेवारी दिएपछि भक्तपुर नगरपालिकाले विद्यालयहरूको नियमन, व्यवस्थापन र अनुगमन कार्यलाई प्रभावकारी बनाउन खोजिरहेको तथा यस शैक्षिक सत्रबाट अनुगमन प्राविधिक समिति मार्फत प्रभावकारी अनुगमन गरिने जानकारी दिनुहुँदै विद्यालयलाई राम्रो बनाउन शिक्षकहरू समय सापेक्ष प्रविधिमैत्री हुनुपर्नेमा जोड दिनुभयो।



उहाँले उच्च शिक्षा अध्ययन गर्न विद्यार्थीहरू विदेशिने क्रम बढ्दै जानु अहिलेको जटिल समस्या भएको बताउनुहुँदै विद्यालय उच्च शिक्षाको जग भएको हुँदा सामुदायिक तथा संस्थागत विद्यालयहरूले समाज सेवाको भावनाले गुणस्तरीय शिक्षा प्रदान गर्नुपर्ने बताउनुभयो।

उहाँले भन्नुभयो – 'भक्तपुरलाई शैक्षिक गन्तव्य र देशकै शिक्षा, स्वास्थ्य र सम्पदा संरक्षणमा कार्य गर्ने उदाहरणीय स्थानीय तह बनाउने लक्ष्यका साथ काम गर्दैछौँ।'

कार्यक्रममा भनपा वडा नं. ५ का वडाध्यक्ष **योगेन्द्रमान विजुक्छेँ**ले भनपाले सामुदायिक विद्यालय र संस्थागत विद्यालयलाई समान रूपमा अगाडि बढाउने सोचले कार्य गर्दै आएको बताउनुहुँदै विद्यालयहरूले नगरपालिका र वडासँग समन्वय गरी अगाडि बढ्नुपर्ने बताउनुभयो। उहाँले विद्यालयहरूको नियमित अनुगमनको लागि विद्यालय अनुगमन प्राविधिक समिति गठन गरिएको हुँदा समितिको अनुगमनले विद्यालयको समग्र विकासमा थप टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो।

भनपा-९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले भक्तपुर नगरपालिकाले शिक्षा क्षेत्रमा गरिरहेको कार्यबारे प्रकाश पार्नुभएको सो कार्यक्रममा भनपा शिक्षा शाखाका प्रमुख **कृष्णप्रसाद कर्माचार्य**ले नगर शिक्षा शाखाले आउँदो शैक्षिक वर्षमा सञ्चालन गरिने कार्यक्रमबारे प्रस्तुतीकरणसहित विस्तृत विवरण देखाउनुभएको थियो।

## शिक्षकहरूले विद्यार्थीहरूलाई नैतिकवान र देशभक्त बनाउन प्रेरित गर्नुपर्ने




भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले शिक्षकहरूले विद्यार्थीहरूलाई इमानदार, नैतिकवान र देशभक्त बन्न उत्प्रेरित गर्नुपर्ने बताउनुभयो।

संस्थागत विद्यालय सङ्घ नेपाल (इसान) को आयोजनामा वैशाख २५ गते भएको विद्यालय शिक्षकहरूको

कार्यशाला गोष्ठीका प्रमुख अतिथि प्रजापतिले विद्यालय तह उच्च शिक्षाको जग भएको हुँदा हरेक विद्यार्थीहरूलाई देश र समाजको सेवा गर्ने भावनाले काम गर्न सिकाउनुपर्ने बताउनुभयो ।

भक्तपुरको शैक्षिक विकासमा संस्थागत विद्यालय सङ्घ (इसान) को महत्त्वपूर्ण भूमिका रहेको बताउनुहुँदै उहाँले राम्रा राम्रा विद्यार्थीहरू उत्पादन गर्न शिक्षकहरू स्वयम् राम्रो हुनुपर्छ भन्नुभयो ।

समयअनुसारको ज्ञान र प्रविधिबाट आफूलाई शिक्षित गर्न सकिएन भने शिक्षकहरू आ–आफ्नो रोजगारीबाट विस्थापित हुनुपर्ने अवस्था आउन सक्छ, उहाँले भन्नुभयो ।

भक्तपुर नगरपालिकाले सामुदायिक र संस्थागत विद्यालयबीच शैक्षिक गुणस्तरमा प्रतिस्पर्धात्मक भावनाले काम गर्ने प्रयास गरिरहेको बताउनुहुँदै नगर प्रमुख प्रजापतिले सामुदायिक विद्यालयले गुणस्तरीय शिक्षा उपलब्ध गराउन सकेसम्म संस्थागत विद्यालयहरूको महत्त्व नघट्ने बताउनुभयो ।

विद्यालय, कलेज र विश्वविद्यालयहरू ज्ञान प्राप्त गर्ने महत्त्वपूर्ण थलो हुनुपर्नेमा राजनैतिक भागबन्डाले बन्द, हड्ताल र तालाबन्दीको केन्द्र भइरहेको छ । विद्यार्थीहरूमा नेपालका कलेजहरूप्रति विश्वास नभएर विदेशतिर गइरहेका छन्, उहाँले भन्नुभयो ।

इसानका अध्यक्ष **प्रेमजन थापा**को सभापतित्वमा सम्पन्न कार्यक्रममा महासचिव **पुरुषोत्तम ग्वाछा**ले कार्यशाला गोष्ठीको उद्देश्यमाथि प्रकाशन पार्नुभएको थियो ।

## "विदेशीको हितमा काम गर्नेहरू नेपाली हुन नसक्ने"-अध्यक्ष बिजुक्छें




भक्तपुर नगरपालिकाद्वारा सञ्चालित 'ख्वप कलेज अफ ल' को आयोजनामा कानुन दिवसको अवसर पारेर बी.ए.एल.एल.बी पहिलो ब्याचमा भर्ना भएका विद्यार्थीहरूको स्वागत तथा अभिमुखीकरण कार्यक्रम वैशाख २६ गते कलेज सभाहलमा सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छेँ (रोहित)** ले सर्वसाधारण जनतालाई न्यायमा पहुँच पुऱ्याउन कानुनी शिक्षाबाट साक्षर गराउन आवश्यक भएको बताउनुभयो ।

कानुनको अज्ञानताले धेरै निर्दोष व्यक्तिहरूले दुःख पाइरहेको घटना समाजमा यथावत रहेको बताउनुहुँदै उहाँले शोषक वर्गले आफूअनुकूल आफ्नो हितमा संविधान बनाउने हुँदा कामदार वर्गले आफ्नो हक अधिकारको निम्ति आफैं सङ्घर्ष गर्नुपर्छ भन्नुभयो ।




उहाँले कानुन विषय अध्ययन गर्नु पैसा कमाउने उद्देश्यले नभई व्यापक जनताको हित र देशको सार्वभौमिकता रक्षाको निम्ति हो भन्ने उद्देश्यले विद्यार्थीहरूले अध्ययन गर्नुपर्नेमा जोड दिनुभयो ।

शासक दलका नेता र कार्यकर्ताहरूले राजनीतिलाई कमाइखाने भाँडोको रूपमा लिइरहेको बताउनुहुँदै उहाँले कानुनमा लेखिएको कुराभन्दा पनि नैतिकता महत्त्वपूर्ण विषय भएको बताउनुभयो ।

संसदमा राजनीतिशास्त्रका विद्यार्थीहरूको प्रतिनिधित्व नभएको प्रति चिन्ता व्यक्त गर्नुहुँदै अध्यक्ष बिजुक्छेँले विदेशीको हितको निम्ति काम गर्ने नागरिक नेपाली हुन नसक्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख एवम् 'ख्वप कलेज अफ ल' सञ्चालक समितिका अध्यक्ष **सुनिल प्रजापति**ले कानुन सबै नागरिकको लागि अपरिहार्य विषय भएको बताउनुहुँदै राज्य, समाज र कुनै पनि संस्था सञ्चालन गर्न कानुन महत्त्वपूर्ण हुने बताउनुभयो ।

आधुनिक समाजको विकास हुनु अगाडि नै नेपाली समाजमा कानुन विविध रूपमा प्रचलनमा रहेको बताउनुहुँदै उहाँले नेपालको सार्वभौमिकतामा आँच आउनेगरी बनेका देशघाती सन्धि सम्झौताको विरोध गर्न देशभक्त कानुनविद्हरूको आवश्यकता रहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूले उत्कृष्टता हासिल गर्दै आएको बताउनुहुँदै उहाँले विदेशीको हितमा काम गर्ने बुद्धिजीवीहरू विदेशी दलाल सावित हुने बताउनुभयो ।

संविधानविद् एवम् वरिष्ठ अधिवक्ता डा. **भीमार्जुन आचार्य**ले नेपालमा प्रधान न्यायालय स्थापना भएको दिनलाई प्रत्येक वर्ष कानुन दिवसको रूपमा मनाउँदै आइरहेको बताउनुहुँदै नेपालको कानुनको इतिहास गर्व गर्नलायक भएको बताउनुभयो ।

उहाँले कानुन र राजनीतिबीच धेरै ठूलो अन्तरसम्बन्ध रहेको, यी दुई विषय सँगसँगै अगाडि बढाउन आवश्यक भएको बताउनुहुँदै ख्वप कलेजले यहाँ अध्ययरत विद्यार्थीहरूलाई सिकाएको इमानदारी र अनुशासनको पाठले देश र समाज विकासको लागि फाइदा पुग्ने बताउनुभयो ।

उहाँले सबै क्षेत्रमा कानुनलाई अनुशासित बनाउन सके मात्र विकास र समृद्धि सम्भव हुने बताउनुहुँदै समाज परिवर्तन तथा राष्ट्रलाई सही दिशामा ल्याउन कानुन विषयको अझ धेरै महत्त्व भएको बताउनुभयो । शासक दलले न्यायालयलाई भ्रष्ट बनाउने काम गर्दै आएको उहाँले बताउनुभयो ।

कानुन अध्ययन समाजका अध्यक्ष **रामप्रसाद प्रजापति**ले नेपालमा अहिले स्वतन्त्र न्यायालय अप्ठ्यारो स्थितिमा रहेको औँल्याउनुहुँदै स्वतन्त्र न्यायपालिकाले सरकारको दबाब र प्रभावमा काम गर्न नहुने बताउनुभयो ।

ख्वप कलेज अफ ल का प्राचार्य **अनिता जधारी**ले कलेज स्थापनाको उद्देश्यमाथि प्रष्ट पार्नुहुँदै 'ख्वप कलेज अफ ल' बी.ए.एल.एल.बी पहिलो ब्याचमा २५ जिल्लाका ६० जना विद्यार्थीहरू अध्ययनरत रहेको बताउनुभयो ।



उहाँले सस्तोमा गुणस्तरीय कानुनी शिक्षा प्रदान गर्ने उद्देश्यले कलेज स्थापना भएको र शिक्षामा व्यापारीकरणलाई निरुत्साहित गर्ने उद्देश्यले भक्तपुर नपाले शैक्षिक संस्थाहरू स्थापना गरेको बताउनुभयो ।

कार्यक्रममा ख्वप कलेजका प्राचार्य प्रकाशकुमार श्रेष्ठ, ख्वप माविका प्राचार्य लक्ष्मीप्रसाद कर्माचार्य र शिक्षक मनज ज्याख्वले पनि बोल्नुभएको थियो ।

## सरकारले शिक्षामा निजीकरण र व्यापारीकरणको नीति लिएसँगै शिक्षा महँगो हुँदै गएको हो



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सरकारले शिक्षामा निजीकरण र व्यापारीकरणको नीति लिएसँगै शिक्षा महँगो र सर्वसाधारण जनता शिक्षाबाट वञ्चित हुने अवस्था सिर्जना भएको बताउनुभयो ।

ब्राइट स्टार इङ्गलिस स्कूलको वैशाख ३१ गते आयोजित ३० औँ वार्षिकोत्सव कार्यक्रम तथा नयाँ भर्ना भएका विद्यार्थीहरूको स्वागत कार्यक्रममा बोल्नुहुँदै उहाँले भक्तपुर नपाले विद्यालयको शैक्षिक उन्नतिको लागि भौतिक संरचनालाई भन्दा शैक्षिक गुणस्तरलाई जोड दिँदै आएको बताउनुभयो ।

विद्यालयहरूले विद्यार्थीलाई किताबी ज्ञानसँगसँगै नैतिकताको पाठ र समाजप्रति उत्तरदायी बन्न प्रेरित गर्नुपर्ने बताउनुहुँदै सामुदायिक विद्यालय, कलेज र विश्वविद्यालयमा भएको विकृतिकै कारण उच्च शिक्षा हासिल गर्न वर्सेनी हजारौँ विद्यार्थीहरू विदेशतिर आकर्षित भइरहेको बताउनुभयो ।

विश्वविद्यालयहरूलाई शासक दलहरूले योग्यताभन्दा राजनैतिक भागबन्डामा पदाधिकारीहरू नियुक्ति गर्ने थलो बनाएकै कारण ख्वप विश्वविद्यालय सम्बन्धन दिन ढिलाइगरिरहेको उहाँले बताउनुभयो ।

देशका शैक्षिक संस्थाहरूमा भक्तपुर नपाबाट सञ्चालित कलेजहरूले शैक्षिक गुणस्तरमा उचाइ प्राप्त गरिरहेको बताउनुहुँदै उहाँले नपाबाट सञ्चालित कलेजहरूको प्रभाव आज देशभरि फैलिँदै जानु गौरवको विषय भएको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ४ का वडाध्यक्ष **उपेन्द्र सुवाल**ले शिक्षा संसार बदल्ने शक्तिशाली हतियार भएको बताउनुभयो ।

कार्यक्रममा संस्थागत विद्यालय सङ्घ इसानका अध्यक्ष **प्रेमजन थापा,** विद्यालयका संस्थापक अध्यक्ष **पुष्पलाल सुजखू**, प्रअ **राजेन्द्र सुजखू**, नपा नगर शिक्षा शाखाका **कृष्णप्रसाद कर्माचार्य**, शिक्षक, विद्यार्थी र अभिभावक प्रतिनिधिहरूले पनि विद्यालयको सबल पक्षबारे आफ्नो धारणा राख्नुभएको थियो ।

# “वर्तमान चुनौतीको सम्बोधन गर्ने बहुआयामिक अवधारणा” विषयक तेस्रो राष्ट्रिय सम्मेलन




विश्वविद्यालय अनुदान आयोगको सहकार्य र ख्वप कलेजको आयोजनामा ‘वर्तमान चुनौतीको सम्बोधन गर्ने बहुआयामिक अवधारणा’ (Third National Conference, A Multidisciplinary Approach to Address Current Challaenges) विषयक दुई दिने राष्ट्रिय सम्मेलन सुरु भएको छ ।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित)ले पानसमा दीप प्रज्ज्वलन गरी जेठ १३ गते सम्मेलनको उद्घाटन गर्नुभयो ।

कार्यक्रममा प्रमुख अतिथि **बिजुक्छेँ**ले भक्तपुर नगरपालिकाबाट सञ्चालित कलेजहरूले समाजलाई बुद्धिजीवीकरण गर्न र भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र बनाउन महत्त्वपूर्ण भूमिका खेलेको बताउनुभयो ।

उहाँले भक्तपुरका जनप्रतिनिधिहरूले असल नियतले इमानदारीपूर्वक जनताको सेवा गर्नुलाई नै ख्वप मोडलको रूपमा देशव्यापी रूपमा प्रचार भइरहेको बतानुहुँदै असल राजनीति र नेतृत्वले व्यापक जनताको हित हुने हुँदा युवा विद्यार्थीहरूलाई राजनीति गर्न उत्साहित गर्नुपर्छ भन्नुभयो ।

विकेन्द्रीकरण र स्वायत्तताको सिद्धान्तका आधारमा देश अगाडि बढ्न नसकेकै कारण नेपालमा सङ्घीयता असफल हुँदै गएको बताउुहुँदै अध्यक्ष बिजुकछेँले शासकहरूमा विवेक र नैतिकताको कमी भएकै कारण देश भ्रष्टाचारको अखडा बन्दै गइरहेको उल्लेख गर्नुभयो ।

देशलाई बन्धक राख्ने विदेशी दलालहरूले देशको हितमा काम गर्न नसक्ने बताउनुहुँदै उहाँले प्रदेश सरकारले आफ्नो औचित्यता प्रष्ट गर्न नसक्नु लज्जास्पद विषय भएको बताउनुभयो ।

कार्यक्रमका सभापति भक्तपुर नगरपालिकाका प्रमुख एवं कलेज सञ्चालक समितिका अध्यक्ष **सुनिल प्रजापति**ले विश्वविद्यालयहरू अनुसन्धानको केन्द्र बन्नुपर्ने धारणा राख्नुहुँदै देश र समाजको लागि समर्पित जनशक्ति उत्पादन गर्ने उद्देश्यले भक्तपुर नपाले ८ ओटा कलेजहरू सञ्चालन गर्दै आइरहेको बताउनुभयो ।

देशमा भइरहेको बेथिति र विकृतिहरूबाट सचेत हुँदै सभ्य र सुसंस्कृत समाज निर्माण गर्ने भक्तपुर नपाको मुख्य उद्देश्य रहेको बताउनुहुँदै नाफा र फाइदाको निम्ति नेपाली नागरिकलाई विदेशी बनाउन तयार हुने शासकहरूबाट नेपाली जनता सचेत हुन जरुरी रहेको बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् बागमती प्रदेश सभाका सदस्य **सुरेन्द्रराज गोसाई**ले सम्मेलन पूर्ण सफलताको शुभकामना दिनुहुँदै आगामी वर्षहरूमा पनि बौद्धिक गतिविधि र प्राज्ञिक अभ्यासले निरन्तरता पाउने विश्वास व्यक्त गर्नुभयो ।

कोभिड १९ सङ्क्रमणका कारण विश्व पर्यटनमा नकारात्मक असर पारेको बताउनुहुँदै उहाँले शासकहरू देशको रक्षक हुनुपर्नेमा त्यसको विपरीत काम गरिरहेको बताउनुभयो ।

सांसद गोसाईले बौद्धिक वर्गको भूमिका र प्राज्ञिक क्षेत्रको अग्रसरताले देशको विकास र समृद्धि निर्धारण हुने बताउनुहुँदै बौद्धिक व्यक्तिहरूले आफ्नो ज्ञान तथा अनुसन्धानबाट प्राप्त विद्धता आफ्नै देशको हितको निम्ति उपयोग गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले प्रदेशको नीति तथा कार्यक्रममा कुनै नवीनता नरहेको उल्लेख गर्नुहुँदै शासक वर्गप्रति जनताको आक्रोश दिन प्रतिदिन बढ्दै गएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख एवम् कलेज सञ्चालक समितिका उपाध्यक्ष **रजनी जोशी**ले समाज विकासको निम्ति शिक्षा अति नै महत्त्वपूर्ण विषय भएको बताउनुहुँदै भक्तपुर नपाले ख्वप विश्वविद्यालय सञ्चालनको लागि आवश्यक पूर्वाधारहरू निर्माण गर्दै आइरहेको बताउनुभयो ।

भक्तपुर नपाबाट सञ्चालित कलेजहरूमा विद्यार्थीहरूको आवश्यकता र मागअनुरूप विभिन्न विषयहरू थप्दै गइरहेको बताउनुहुँदै २१ औं शताब्दीका चुनौती सामना गर्न सक्ने सक्षम जनशक्ति उत्पादनमा विशेष जोड दिँदै आएको बताउनुभयो ।

शिक्षाविद् प्रा.डा. **विद्यानाथ कोइराला**ले परम्परागत ज्ञान र सीपलाई बचाइराख्नुपर्ने आवश्यकता औंल्याउनुहुँदै अनुसन्धानको लागि विश्वविद्यालय अनुदान आयोगको मुख ताक्नुपर्ने आवश्यकताको अन्त्य गर्न शैक्षिक संस्थाहरूले अनुसन्धानका लागि बजेट छुट्याउनुपर्नेमा जोड दिनुभयो ।



त्रिवि मानविकी तथा सामाजिक शास्त्र सङ्कायका डीन प्रा.डा. **कुसुम शाक्य**ले सम्मेलनले नयाँ तथ्य पत्ता लगाउन सहयोग पुग्ने बताउनुहुँदै अनुसन्धान सैद्धान्तिक र व्यवहारिक दुवै ढङ्गबाट अगाडि बढाई त्यसबाट निस्केको निष्कर्षलाई व्यवहारिक रूपमा प्रयोगमा पनि ल्याउनु आवश्यक भएको बताउनुभयो ।

विश्वविद्यालय अनुदान आयोगका प्रतिनिधि डा. **प्रमोद पौडेल**ले यस आर्थिक वर्षमा विश्वविद्यालय अनुदान आयोगमा अनुसन्धानको लागि ४०० ओटा निवेदन परेकोमा २०० ओटा अनुमोदन भएको र त्यसमा ख्वप कलेज पनि पर्न सफल भएकोमा बधाई दिनुभयो ।

समाजका चुनौतीहरू सम्बोधनका लागि अध्ययन अनुसन्धानहरू सञ्चालन गरिने बताउनुहुँदै उहाँले नेपालमा वर्षेनि ४० देखि ४५ करोड रकम अनुसन्धानको लागि खर्च भइरहेको तथ्य प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा ख्वप कलेजका प्राचार्य **प्रकाश कुमार श्रेष्ठ**ले स्वागत मन्तव्य राख्नुभएको थियो भने शिक्षक **कमिनिका न्याइच्याई**ले सम्मेलनमा मानविकी, शिक्षा, विज्ञान, व्यवस्थापनलगायतका विषयमा ८० ओटा भन्दा बढी कार्यपत्रहरू प्रस्तुत गरिने जानकारी गराउनुभयो ।

कार्यक्रममा प्रमुख अतिथि तथा विशिष्ट अतिथिलाई कलेजको तर्फबाट मायाको चिनो पनि प्रदान गरिएको थियो ।

## सम्मेलन सम्पन

नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालको प्रमुख आतिथ्यमा विश्वविद्यालय अनुदान




आयोगको सहकार्य र ख्वप कलेजको आयोजनामा भएको 'वर्तमान चुनौतीको सम्बोधन गर्ने बहुआयामिक अवधारणा' विषयक दुई दिने राष्ट्रिय सम्मेलनको समापन कार्यक्रम जेठ १४ गते सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख अथिति **प्रेम सुवाल**ले नेपालको वर्तमान चुनौतीका विषयहरू पत्ता लगाउन यस किसिमको सम्मेलनले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुहुँदै सोध तथा अध्ययन अनुसन्धानको क्षेत्रबाट देशलाई योगदान पुर्‍याउन बुद्धिजीवी, शिक्षक, विद्यार्थी तथा बौद्धिक र प्राज्ञिक व्यक्तित्वहरूले क्रियाशीलता देखाउनुपर्ने बताउनुभयो ।

उहाँले ख्वप विश्वविद्यालय सञ्चालन स्वीकृतिको लागि संसद्मा आवाज उठेको १५ वर्ष बितिसक्दा पनि शासकहरूले पक्षपाती र पूर्वाग्राही सोच राखेर आजसम्म



स्वीकृति नदिएको बताउनुहुँदै देशभरिका विद्यार्थीलाई सस्तोमा गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यअनुरूप नेमकिपाले ख्वप विश्वविद्यालयको विधेयकलाई प्राथमिकतामा दिएर अगाडि सारिरहेको बताउनुभयो ।

समाजवादी देशमा श्रमको विभेद नहुने बन्दोबस्त रहने उल्लेख गर्नुहुँदै सांसद सुवालले प्रधानमन्त्रीको भारत भ्रमणमा सन् १९५० को नेपाल–भारत सन्धि खारेज गर्नुपर्ने, महाकाली सन्धि खारेज गर्नुपर्ने र गोरखा भर्ती खारेज गर्नुपर्ने विषयमा प्रमको ध्यानाकर्षण भइसकेको विचार राख्नुभयो ।

उहाँले सार्वभौम र स्वतन्त्र देश नेपालमा भारतीय विस्तारवादी नीति र एकाधिकार पुँजीले हस्तक्षेपकारी नीति अवलम्बन गरिरहेको बताउनुहुँदै नेपालको लगानीबाट जलविद्युत उत्पादन गर्नतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले सम्मेलन सफलतापूर्वक सम्पन्न भएकोमा हर्ष व्यक्त गर्नुहुँदै सम्मेलनले नयाँ सोच, चिन्तन, दृष्टिकोणको विकास हुने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले रेमिट्यान्सको भरमा देशको अर्थतन्त्र सञ्चालन गर्ने सरकारको सोच खोटपूर्ण रहेको र देशको अर्थतन्त्र क्रमशः कमजोर हुँदै जानुमा नीतिगत त्रुटी रहेको औँल्याउनुहुँदै उदारीकरण र निजीकरणले गर्दा देश झन् झन् कमजोर हुँदै गएको बताउनुभयो ।

प्रमुख प्रजापतिले कामदार वर्गलाई सहज रूपमा उच्च शिक्षा प्रदान गरी सिङ्गो समाजलाई अगाडि बढाउने लक्ष्यका साथ नपाबाट सञ्चालित कलेजहरू अगाडि बढिरहेको बताउनुहुँदै युवा विद्यार्थीहरू उच्च शिक्षा अध्ययन र रोजगारीको अवसरको खोजीमा विदेशिँदा देशलाई नोक्सान पुग्ने बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवम् बागमती प्रदेशका सदस्य **सृजना सैंजु**ले सम्मेलनबाट प्राप्त निष्कर्षले समाजका विविध क्षेत्रलाई डोऱ्याउन मद्दत पुग्ने बताउनुभयो ।

उहाँले आर्थिक रूपमा स्वतन्त्र नभएको देश राजनीतिक रूपमा पनि स्वतन्त्र नहुने बताउनुहुँदै भारतीय एकाधिकार पुँजी र साम्राज्यवादी नीति नै दक्षिण एसियाको मुख्य चुनौतीको रूपमा रहेको उल्लेख गर्नुभयो ।

चीनको समाजवादी अर्थतन्त्रलाई विश्वव्यापी आर्थिक मन्दीले खासै असर नगरेको प्रसङ्ग जोड्दै उहाँले नेपालको खाद्यान्नमा परनिर्भरताले देशको डरलाग्दो स्थितिलाई चित्रण गरिरहेको बताउनुभयो ।

कार्यक्रममा तेस्रो राष्ट्रिय सम्मेलनका संयोजक सुनिल सुवालले सम्मेलनले धेरै नयाँ तथ्य पत्ता लगाउन मद्दत पुगेको बताउनुहुँदै सम्मेलनमा सहभागी सबैमा धन्यवादज्ञापन गर्नुभयो ।

## सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूसँग राय-सुझाव सङ्कलन



भक्तपुर नपाको आ.व. २०८०।८१ को बजेट तर्जुमासम्बन्धी राय–सुझाव सङ्कलनको क्रममा जेठ १६ गते भक्तपुर नगरभित्रका सामुदायिक विद्यालयका प्रअहरूको भेला सम्पन्न भयो ।

भेलामा नगर प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नपाले सामुदायिक विद्यालयका शिक्षकहरूलाई आवश्यक तालिम, विद्यालयहरूको आवश्यकताको आधारमा भौतिक सुधारका लागि आर्थिक सहयोग उपलब्ध गराउनुका साथै विद्यालय तथा कलेजहरूमा अध्ययन अनुसन्धानलाई प्राथमिकतामा राख्दै २१ औँ शताब्दीका योग्य नागरिक तयार गर्नेतर्फ जोड दिँदै आएको बताउनुभयो ।

सरकारले सांसद विकास कोषको नाममा सांसदहरूलाई बजेट बाँड्दै विकासे कार्यकर्ता बनाउन खोजिएको बताउनुहुँदै उहाँले जनतालाई शिक्षा र स्वास्थ्य निःशुल्क गर्न सकिए जनताको आधा समस्या समाधान हुने बताउनुभयो । भक्तपुरको शिक्षा अहिले देशकै नमुना बनिरहेको सन्दर्भ जोड्नुहुँदै उहाँले भक्तपुरका शिक्षकहरूले अरूको तुलनामा राम्रोसँग काम गरि रहेको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले भक्तपुर नपाले बजेट निर्माणका क्रममा १० ओटै वडा कार्यालयहरूबाट सुझाव सङ्कलन कार्य चालु रहेको बताउनुहुँदै भक्तपुरको सामुदायिक विद्यालयको स्तरोन्नति र शैक्षिक विकासको लागि सबैतिरबाट आएको सुझाव नगरपालिकाको साझा नीतिको रूपमा अगाडि बढाइने बताउनुभयो ।

कार्यक्रममा सहभागी विभिन्न विद्यालयका प्रअ तथा प्रतिनिधिहरूले आ.व. २०८०।८१ को बजेटमा प्रधानाध्यापक भेलालाई निरन्तरता दिई क्षमता अभिवृद्धि तालिम सञ्चालन गर्नुपर्ने, स्वयम्सेवक शिक्षकको व्यवस्था गर्नुपर्ने, शिक्षक दर बन्दी सिर्जना गर्नुपर्ने, विद्यालयहरूमा आवश्यकताअनुसार भौतिक पूर्वाधारको विकास गर्नुपर्ने, विज्ञान र गणित विषयको प्रयोगशाला स्थापना, स्थानीय पाठ्यक्रमका विषयगत शिक्षकहरूलाई तालिमको व्यवस्था गर्नुपर्ने, सामुदायिक र संस्थागत विद्यालयबीचको शैक्षिक भेदको अन्त्य गरिनुपर्ने, विद्यालयको भौतिक पूर्वाधारको अनुगमन, शिक्षकहरूलाई प्रोत्साहन गर्नुपर्नेलगायतका सुझावहरू राख्नुभएको थियो ।

कार्यक्रममा नगर शिक्षा शाखा प्रमुख कृष्णप्रसाद कर्माचार्यले पनि बोल्नुभएको थियो ।

# स्वास्थ्य सेवा

## स्थानीय योजनाबाट राष्ट्रिय स्तरको सेवा हुनुपर्ने




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपाद्वारा सञ्चालित ख्वप अस्पतालको भूमिगत पानी ट्याङ्कीको वैशाख २५ गते शिलान्यास गर्नुभयो।

उक्त ट्याङ्की २ लाख ७५ हजार लिटर क्षमताको हुनेछ।

शिलान्यास कार्यक्रममा प्रमुख **प्रजापति**ले काम स्थानीय तर सेवा राष्ट्रिय तहको भन्ने नीति अन्तर्गत भक्तपुर नगरपालिकाले विभिन्न क्षेत्रमा विकास निर्माणको काम गर्दै आएको बताउनुभयो।

उहाँले ख्वप अस्पताल निरन्तर प्रगतिमा रहेको उल्लेख गर्नुहुँदै नयाँ नयाँ थप सुविधाको लागि व्यवस्थापन समिति क्रियाशील गरहेको बनाउनुभयो।

उहाँले भन्नुभयो – हामी व्यापक जनसमुदायको हितलाई केन्द्रमा राखेर काम गर्छौं। गरिब जनताको निम्ति राम्रो उपचार दिने अस्पतालको रूपमा ख्वप अस्पतालको विकास गर्ने तयारी गर्दैछौं।

उपभोक्ता समितिले काम गर्दा सस्तो र गुणस्तरीय तथा छिटोछरितो कार्य सम्पन्न हुने अनुभवले देखाएको हुँदा स्थानीय श्रोत साधनको प्रयोग गरी स्थानीय जनताबाट गठित उपभोक्ता समितिबाटै विकास निर्माणको काम भक्तपुर नपाले गरिरहेको बताउनुभयो।

उहाँले पारदर्शिता र सहयोगी भावना नै भक्तपुरको विशेषता हो भन्नुभयो।

भनपा वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले भनपाले जनताबीच छलफल गरी जनताकै सहयोगमा पारदर्शी ढङ्गले काम गरिरहेको बताउनुभयो।

उपभोक्ता समितिका अध्यक्ष ज्ञानसागर प्रजापतिको सभापतित्वमा भएको कार्यक्रममा अस्पताल निर्माण समितिका आयोजना प्रमुख विजयराम कोजूले ट्याङ्कीको ल.इ. र अस्पताल निर्माणमा भइरहेको प्रगतिबारे र अस्पतालको नि. मेडिकल डाइरेक्टर मजेश प्रताप मल्लले अस्पतालले दिइरहेको सेवा र भावी योजनाबारे प्रष्ट पार्नुभएको थियो।

## स्वास्थ्यसम्बन्धी तथ्याङ्क प्रस्तुतीकरण तथा जनचेतनामूलक नाटक प्रदर्शनी




भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप बहुप्राविधिक अध्ययन संस्थानको नर्सिङ विभागअन्तर्गत पहिलो वर्षमा अध्ययनरत विद्यार्थीहरूले सामुदायिक अध्ययनको सिलसिलामा भक्तपुर नगरपालिका वडा नं. ७ (साबिकको वडा नं. ६ र ७) का घरहरूमा गई स्वास्थ्यसम्बन्धी विभिन्न तथ्याङ्क सङ्कलन कार्य सम्पन्न गरेको छ।

उक्त एक महिने सामुदायिक अध्ययनका क्रममा सङ्कलित विभिन्न स्वास्थ्यसम्बन्धी तथ्याङ्क प्रस्तुतीकरण तथा जनचेतनामूलक नाटक प्रदर्शनी कार्यक्रम वैशाख २८ गते भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा सम्पन्न भयो।

कार्यक्रममा प्रमुख **प्रजापति**ले भक्तपुर नपाले नागरिकहरूको स्वास्थ्यसम्बन्धी जानकारी लिन घरघरमा नर्सहरू पठाउँदै नगरवासीहरूको स्वास्थ्य तथ्याङ्क सङ्कलन गर्दै आएको बताउनुहुँदै नगरवासीहरूलाई आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउन विभिन्न रोगहरूसम्बन्धी स्वास्थ्य शिविरहरू सञ्चालन गर्दै आएको बताउनुभयो।

नर्सिङ पेशा आफैमा सेवाभाव र बिरामीहरूको स्वास्थ्य रक्षासँग सम्बन्धित संवेदनशील पेशा रहेको बताउनुहुँदै यस्तो कार्यमा आबद्ध हुने नर्स तथा चिकित्सकहरूलाई सैद्धान्तिक र व्यवहारिक दुवै ज्ञान दिनु आजको आवश्यकता रहेको उहाँले बताउनुभयो।

घरदैलो नर्सिङ कार्यक्रमले नगरको सबल र

कमजोर पक्ष थाहा पाउन मद्दत पुगेको साथै नर्समा सेवामुखी भावनाको विकास गर्न सामुदायिक स्वास्थ्य शिक्षा घरदैलो कार्यक्रम सञ्चालन आवश्यकता रहेको बताउनुहुँदै उहाँले नर्सिङ पेशालाई मर्यादित र सेवामुखी बनाउनु आजको आवश्यकता हो भन्नुभयो ।

भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले वडाको तथ्याङ्क सङ्कलनले वडाको वास्तविक अवस्था, समस्या तथा चुनौती थाहा पाउन मद्दत पुगेको बताउनुहुँदै वडावासी जनतालाई सहज स्वास्थ्य सेवा उपलब्ध गराउन भक्तपुर नपा वडा नं. ७ स्थित खँचामा स्वास्थ्य केन्द्र निर्माण गर्ने तयारीमा रहेको बताउनुभयो ।

ख्वप बहुप्राविधिक अध्ययन संस्थानका प्राचार्य डा. **रत्नसुन्दर लासिवा**ले बढ्दो उमेरसँगै रोगको जोखिम बढ्दै जाने हुँदा रोगलाई हेलचक्र्याइँ गर्न नहुने बताउनुहुँदै वडामा रहेका सक्रिय जनसङ्ख्याले वडाको विकास र प्रगतिमा सकारात्मक भूमिका पुग्ने बताउनुभयो ।



कार्यक्रममा ख्वप बहुप्राविधिक अध्ययन संस्थानका विभागीय प्रमुख इश्वरी डंगोल, विद्यार्थी दिपिका माक र सहाना लागेजुलगायतले बोल्नुभएको थियो ।

उक्त कार्यक्रममा विद्यार्थीहरूले सामुदायिक स्वास्थ्यअन्तर्गत वडा नं. ७ मा सङ्कलन गरेको वडाको शैक्षिक, पारिवारिक, पेशागत, स्वास्थ्य, रोजगारीलगायतको अवस्थाबारे तथ्याङ्क प्रस्तुतीकरणका साथै विद्यार्थीहरूले जनचेतनामूलक नाटक प्रदर्शन गरेका थिए । विद्यार्थीहरूले वडाका ३९० घर परिवारको तथ्याङ्क सङ्कलन गरी त्यहाँको सामाजिक, शैक्षिक, पेशागत प्रगति र चुनौतीहरूबारे प्रस्तुतीकरण देखाएका थिए ।

### ट्याङ्कीको ढलान निरीक्षण

भक्तपुर नगरपालिका प्रमुख सुनिल प्रजापतिलगायत वैशाख २९ गते ख्वप अस्पतालको २ लाख ७५ हजार लिटर क्षमता भएको भूमिगत पानी ट्याङ्कीको ढलान कार्य निरीक्षणका क्रममा ।



## ख्वप अस्पतालमा शल्यक्रियाबाट पहिलो प्रसूति सेवा

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालको प्रसूति सेवाअन्तर्गत ३८ वर्षीय महिलाले जेठ ४ गते दिनको १२:४० मा ३.१८ केजीको स्वस्थ छोरालाई जन्म दिएको अस्पताल स्रोतले जनाएको छ । ख्वप



अस्पतालले पहिलोपटक आज शल्यक्रियाबाट प्रसूति सेवा प्रदान गरेको हो ।

भक्तपुर नपा वडा नं. ७ गोल्मढीका एक महिलालाई शल्यक्रियामार्फत प्रसूति सेवा प्रदान गरिएको ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर मजेशप्रताप मल्लले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, ख्वप अस्पतालमा प्रसूति सेवा सञ्चालन भएसँगै धेरै महिलाहरूलाई सजिलो हुने भएको छ । प्रसूतिको लागि अन्य अस्पतालमा जानुपर्ने बाध्यताको अन्त्य भएको बताउनुहुँदै उहाँले यो सेवालाई अझ सुविधायुक्त बनाउँदै लाने योजना रहेको बताउनुभयो । उहाँका अनुसार डा. युजिन श्रेष्ठ र डा. कृष्णप्यारी दुगुजुको संयुक्त स्वास्थ्यकर्मीको टीमले शल्यक्रिया गरेको थियो भने शल्यक्रियामा एनेस्थेसियोलोजिस्ट डा. सन्देश ख्वान्जु, बाल रोग विशेषज्ञ डा. विजय चिकंबन्जार, स्टाफ नर्सहरू रबिना कवां, गीता सुवाल, सोनी जोशी र रिचा कोजुलगायतका स्वास्थ्यकर्मी र चिकित्सकको टोली खटेका थिए ।



ख्वप अस्पताल सञ्चालनको २ वर्ष पुगेको अवसरमा अस्पतालले २०८० वैशाख १७ गतेबाट प्रसूति सेवा विस्तार गरेको थियो । ख्वप अस्पतालले यो अवधिमा १४ ओटा मेजर सर्जरी र ४१ ओटा माइनर सर्जरी गरेको जानकारी दिएको छ ।

## बृहत पोषण विशेष कार्यक्रम : आधारभूत क्षमता अभिवृद्धि तालिम




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नपाबाट सञ्चालित ख्वप अस्पतालको आयोजनामा भएको बृहत पोषणसम्बन्धी आधारभूत क्षमता अभिवृद्धि तालिमका सहभागी चिकित्सक, नर्स तथा स्वास्थ्यकर्मीहरूलाई जेठ ७ गते एक कार्यक्रमबीच प्रशंसापत्र वितरण गर्नुभयो ।

कार्यक्रममा प्रमुख **प्रजापति**ले बालबालिकाको स्वास्थ्य, जीवनरक्षा र विकासको लागि पोषण महत्त्वपूर्ण भूमिका हुने बताउनुहुँदै राम्रो पोषण पाएका बालबालिकाहरूले राम्ररी हुर्कन, सिक्न र समुदायको लागि योगदान दिन सक्षम हुने बताउनुभयो ।

बालबालिकालाई कुपोषणबाट बचाउन पोषणसम्बन्धी विशेष तालिमको आवश्यकता पर्ने बताउनुहुँदै चिकित्सक र स्वास्थ्यकर्मीले तालिमबाट आफूले पाएका ज्ञान समुदायका बालबालिकालाई कुपोषणबाट जोगाउन आवश्यक भूमिका खेल्नुपर्ने उहाँले बताउनुभयो ।

सन्तुलित भोजन आजको आवश्यकता रहेको बताउनुहुँदै उहाँले आफ्नो शरीरलाई हानि पुऱ्याउने वस्तुको सेवनबाट टाढा रहनुपर्ने र शरीरलाई फाइदा पुग्ने अन्नको सेवनमा जोड दिई स्वस्थ जीवन बाँच्न सबैलाई प्रेरित गर्नुभयो ।

उहाँले भक्तपुर नपाले नागरिकहरूको सहज स्वास्थ्य उपचारको लागि ख्वप अस्पताल सञ्चालन गरेको बताउनुहुँदै अस्पतालमा कार्यरत सबैले बिरामीहरूको सेवा गर्ने भावनाले काम गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा ख्वप अस्पतलका निमित्त मेडिकल डाइरेक्टर डा. **मजेशप्रताप मल्ल**ले बालबालिकाहरूको पोषणमा गरिने लगानीले उनीहरूलाई दीर्घकालीन प्रतिफल प्राप्त हुने बताउनुहुँदै पोषणको महत्त्वबारे जनचेतना जगाउनु आवश्यक भएको बताउनुभयो ।

कार्यक्रममा तालिमका प्रशिक्षक **गंगाप्रसाद पौडेल**, डा. **विजय ज्याख्व**, नर्स **रबिना कवां**ले तालिमबारे आफ्नो अनुभव सुनाउनुभयो । साथै ख्वप बहुप्राविधिक अध्ययन संस्थानका प्राचार्य डा.**रत्नसुन्दर लासिवा**ले तालिमको उद्देश्य र महत्त्वमाथि प्रकाश पार्नुभयो ।

## ख्वप अस्पतालका स्वास्थ्यकर्मीहरूलाई अभिमुखीकरण



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले जनताले अपनत्व ग्रहण गरेको भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताललाई जनताको अस्पतालको रूपमा विकास गर्न खोजिरहेको बताउनुभयो ।

जेठ १० गते अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीहरूसँग अभिमुखीकरण कार्यक्रममा उहाँले ख्वप अस्पताल सञ्चालनको उद्देश्यबारे प्रष्ट पार्नुहुँदै ख्वप अस्पतालले कोभिड महामारीको प्रतिकूल अवस्थामा पनि स्थानीय जनतासँग हातेमालो गरी निरन्तर जनताको सेवामा अगाडि बढिर हेको बताउनुभयो ।

अस्पतालमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी र कर्मचारीहरूले जनताको मन जित्ने ढंगले काम गर्न प्रेरित गर्नुहुँदै भक्तपुर नपाबाट सञ्चालित शैक्षिक संस्थाको कार्यशैलीबाट सिक्न देशका विभिन्न स्थानीय तहका जनप्रतिनिधिहरू अनुभव आदानप्रदानको क्रममा भक्तपुर आउने क्रम चालु रहेको बताउनुभयो ।

कर्मचारीहरूले समयको परिपालना, बिरामीहरूसँग गरिने व्यवहार र अनुशासनमा विशेष जोड दिन मार्गनिर्देश गर्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले नगरवासीलाई २० मिनेटभित्र स्वास्थ्य सेवा दिन सक्ने व्यवस्था गर्नुका साथै नागरिकहरूको स्वास्थ्यसम्बन्धी जानकारी लिन घरदैलो नर्सिङ कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिरहेको बताउनुभयो ।

अभिमुखीकरणमा ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर मजेशप्रताप मल्ललगायत स्वास्थ्यकर्मीहरूको उपस्थिति रहेको थियो ।

## यसकारण कम पिउने कोल्ड ड्रिंक्स




- कोक, पेप्सी, फ्यान्टा, मिरिन्डा, स्प्राइट, इनर्जी ड्रिंक्सजस्ता कोल्ड ड्रिंक्स नियमित पिएमा हाम्रो शरीरमा चाहिनेभन्दा बढी (अर्थात् सामान्यभन्दा १० चम्चा बढी) सुगर आपूर्ति हुन्छ । यसमा हुने फस्फोरिक एसिडका कारण तत्काल गुलियोपनको अनुभव हुँदैन । यद्यपि, यसले तीव्र रूपमा इन्सुलिन उत्पादन गर्छ । सुगर बोसोमा परिणत हुने भएकाले मोटोपनाको समस्या हुने गर्छ ।
- त्यस्तै, नियमित कोल्ड ड्रिंक्स सेवन गर्ने मानिसमा टाइप टु मधुमेह हुने खतरा उच्च रहन्छ ।
- कोल्ड ड्रिंक्समा चिनीको मात्रा उच्च हुने भएकाले हृदयाघातलगायत मुटुसम्बन्धी विभिन्न रोग लाग्ने सम्भावना हुन्छ ।
- यस्ता पेयपदार्थमा मेटल, सिसा, क्रोमियमजस्ता रसायन हुन सक्ने भएकाले आँखाको रेटिना बिग्रिने र पेट तथा मस्तिष्कसम्बन्धी समस्या आउने हुन सक्छ ।

BHAKTAPUR [MONTHLY] मासिक
भक्तपुर नपाको वेबसाइट
bhaktapurmun.gov.np
को 'प्रकाशनहरू' मा पढ्न सक्नुहुनेछ ।

# भक्तपुर नपाबाट रगत उपलब्ध गराएको विवरण

## वैशाख २०८०

| S.N | Supply Date | Patients Name | Muncipality | Ward no. | Hospital Name | Bill No. | Blood Group | Blood Bag No. | Totall Amount |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 2080.01.01 | Hari Govinda Suwal | Bhaktapur | 10 | Dhulikhel Hospital | 18115 | AB pos | | 810.00 |
| 2 | 2080.01.01 | Sunmaya Nyaichyai | Bhaktapur | 17 | B. & B. Hospital | 18120 | B pos | | 1520.00 |
| 3 | 2080.01.03 | Puja Thapa Magar | Bhaktapur | 7 | Siddhi Memorial Hospital | 18193 | AB pos | 7286 | 1010.00 |
| 4 | 2080.01.03 | Mangal Laxmi Twayanabasu | Bhaktapur | 8 | Siddhi Memorial Hospital | 18200 | A pos | 2907 | 1010.00 |
| 5 | 2080.01.04 | Dan Bahadur Pode | Bhaktapur | 11 | DIM-Hospital | 18254 | B pos | 87546 | 1010.00 |
| 6 | 2080.01.04 | Ramita Gosai | Bhaktapur | 7 | Dhulikhel Hospital | 18256 | A pos | | 810.00 |
| 7 | 2080.01.04 | Saji Shilpakar | Bhaktapur | 6 | Siddhi Memorial Hospital | 18266 | AB pos | 81526 | 1010.00 |
| 8 | 2080.01.05 | Rashmi Shakya | Bhaktapur | 7 | Siddhi Memorial Hospital | 18363 | O pos | 21562 | 1010.00 |
| 9 | 2080.01.06 | Ram Laxmi Awal | Bhaktapur | 5 | Siddhi Memorial Hospital | 18368 | A pos | 87509 | 1010.00 |
| 10 | 2080.01.06 | Ramesh Rajchal | Bhaktapur | 9 | Madhyapur Hospital | 18380 | B pos | 2885 / 40824 | 500.00 |
| 11 | 2080.01.06 | Sita Ram Sainju | Bhaktapur | 7 | KTM Med. College | 18384 | A pos | | 2940.00 |
| 12 | 2080.01.06 | Ram Duwal | Bhaktapur | 14 | Human Organ T. Centre | 18390 | A pos | 16514 / 31311 / 16548 | 2300.00 |
| 13 | 2080.01.06 | Rakesh Duwal | Bhaktapur | 2 | DIM-Hospital | 18399 | A pos | 87567 | 1010.00 |
| 14 | 2080.01.06 | Tulsi Kumar Baidhya | Bhaktapur | 15 | Shahid Dharma | 18429 | AB pos | 121847 | 1010.00 |
| 15 | 2080.01.07 | Ramita Chakumani | Bhaktapur | 6 | Siddhi Memorial Hospital | 18479 | A pos | 87494 | 1010.00 |
| 16 | 2080.01.09 | Archana Prajapati | Bhaktapur | 1 | Siddhi Memorial Hospital | 18562 | O pos | 87564 | 1010.00 |
| 17 | 2080.01.09 | Sarita Basukala | Bhaktapur | 4 | Siddhi Memorial Hospital | 18579 | O pos | 65112 | 1010.00 |
| 18 | 2080.01.10 | Nilu Suwal | Bhaktapur | 10 | Siddhi Memorial Hospital | 18585 | B pos | 1176 | 1010.00 |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 19 | 2080.01.10 | Siddhi Kumari Manandhar | Bhaktapur | 1 | Madhyapur Hospital | 18621 | AB pos | 1190 / 65107 | 1920.00 |
| 20 | 2080.01.10 | Kaji Lal Bayaju | Bhaktapur | 15 | Khwopa Hospital | 18622 | B pos | 26237 / 26278 | 1920.00 |
| 21 | 2080.01.10 | Rajya Laxmi Banmala | Bhaktapur | 3 | Siddhi Memorial Hospital | 18623 | B pos | 35892 | 1010.00 |
| 22 | 2080.01.10 | Siddhi Kumari Manandhar | Bhaktapur | 1 | Madhyapur Hospital | 18634 | AB pos | 87605 / 87555 | 1920.00 |
| 23 | 2080.01.11 | Dipak Mool | Bhaktapur | 7 | Shahid Dharma | 18688 | A pos | 31420 / 31430 | 1920.00 |
| 24 | 2080.01.12 | Nirmala Palikhe | Bhaktapur | 4 | Shahid Gangalal Centre | 18728 | A pos | | 1520.00 |
| 25 | 2080.01.12 | Purna Maya Jati | Bhaktapur | 8 | Madhyapur Hospital | 18741 | A pos | 40891 / 26119 | 1920.00 |
| 26 | 2080.01.12 | Asmita Suwal | Bhaktapur | 10 | Siddhi Memorial Hospital | 18759 | B pos | 35880 | 1010.00 |
| 27 | 2080.01.12 | Siddhi Kumari Manandhar | Bhaktapur | 1 | Madhyapur Hospital | 18762 | AB pos | 1203 / 1204 | 1920.00 |
| 28 | 2080.01.13 | Krishna Laxmi Shrestha | Bhaktapur | 4 | Shahid Dharma | 18790 | A pos | 50123 | 1010.00 |
| 29 | 2080.01.13 | Sarmila Suwal | Bhaktapur | 6 | Siddhi Memorial Hospital | 18825 | A pos | 7263 | 1010.00 |
| 30 | 2080.01.14 | Sunita Khwalapala | Bhaktapur | 8 | Siddhi Memorial Hospital | 18878 | A pos | 12014 | 1010.00 |
| 31 | 2080.01.14 | Babukaji Manandhar | Bhaktapur | 7 | Siddhi Memorial Hospital | 18883 | A pos | 36004 | 1010.00 |
| 32 | 2080.01.15 | Babukaji Manandhar | Bhaktapur | 7 | Siddhi Memorial Hospital | 18908 | A pos | 87517 | 1010.00 |
| 33 | 2080.01.15 | Asha Gosai | Bhaktapur | 7 | Siddhi Memorial Hospital | 18931 | B pos | 16631 | 1010.00 |
| 34 | 2080.01.15 | Sher Jyakho | Bhaktapur | 1 | BKT Cancer Hospital | 18941 | A pos | 21667 / 21681 | 1920.00 |
| 35 | 2080.01.15 | Laxmi Narayan Bhaila | Bhaktapur | 13 | Kirtipur Hospital | 18944 | B pos | 16645 | 3740.00 |
| 36 | 2080.01.16 | Bipana Duwal | Bhaktapur | 2 | Siddhi Memorial Hospital | 18983 | A pos | 16649 | 1010.00 |
| 37 | 2080.01.16 | Sunita Rajchal | Bhaktapur | 9 | Siddhi Memorial Hospital | 18993 | A pos | 87675 | 1010.00 |
| 38 | 2080.01.17 | Samita Bariya | Bhaktapur | 3 | Siddhi Memorial Hospital | 19010 | O pos | 81712 | 1010.00 |
| 39 | 2080.01.17 | Ram Duwal | Bhaktapur | 2 | Human Organ T. Centre | 19012 | AB pos | 16674 | 800.00 |
| 40 | 2080.01.18 | Tulsi Kesari Nakhand | Bhaktapur | 5 | Patan Hospital | 19057 | O pos | | 2940.00 |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 41 | 2080.01.18 | Ramesh Phaju | Bhaktapur | 3 | Shahid Dharma | 19073 | B pos | 12170 / 21696 | 1920.00 |
| 42 | 2080.01.18 | Bhusan Bati | Bhaktapur | 15 | Dhulikhel Hospital | 19077 | O pos | | 2230.00 |
| 43 | 2080.01.18 | Gita Sinkhwal | Bhaktapur | 12 | Siddhi Memorial Hospital | 19086 | B pos | 12149 | 1010.00 |
| 44 | 2080.01.18 | Sajana Shilpakar | Bhaktapur | 16 | Madhyapur Hospital | 19045 | B pos | 16603 / 81650 | 1260.00 |
| 45 | 2080.01.19 | Jagat Bahadur Darlami | Bhaktapur | 2 | Shree Birendra | 19097 | O pos | | 1000.00 |
| 46 | 2080.01.19 | Krishna Laxmi Shrestha | Bhaktapur | 3 | Patan Hospital | 19115 | O pos | | 2940.00 |
| 47 | 2080.01.20 | Samjhana Tachamo | Bhaktapur | 7 | Siddhi Memorial Hospital | 19166 | A pos | 81599 / 40860 | 1920.00 |
| 48 | 2080.01.20 | Niru Twayanabasu | Bhaktapur | 6 | Siddhi Memorial Hospital | 19169 | O pos | 16632 | 1010.00 |
| 49 | 2080.01.21 | Kanchhi Shilpakar | Bhaktapur | 15 | BKT Hospital | 19210 | O pos | 81731 | 1010.00 |
| 50 | 2080.01.21 | Punyashwori Tamakhu | Bhaktapur | 12 | Madhyapur Hospital | 19213 | A pos | 1240 | 1010.00 |
| 51 | 2080.01.21 | Punyashwori Tamakhu | Bhaktapur | 12 | Madhyapur Hospital | 19215 | A pos | 1240 / 31419 | 910.00 |
| 52 | 2080.01.22 | Krishna Laxmi Shrestha | Bhaktapur | 3 | Patan Hospital | 19243 | O pos | | 4640.00 |
| 53 | 2080.01.23 | Sita laxmi Tamakhu | Bhaktapur | 12 | Nagarik Community | 19261 | O pos | 81747 / 81746 | 1920.00 |
| 54 | 2080.01.23 | Krishna Maya Suwal | Bhaktapur | 14 | Nepal police hospital | 19271 | O pos | | 1520.00 |
| 55 | 2080.01.23 | Ganga Pati | Bhaktapur | 17 | Siddhi Memorial Hospital | 19272 | B pos | 21656 | 1010.00 |
| 56 | 2080.01.24 | Madan Ranjitkar | Bhaktapur | 5 | BKT Hospital | 19280 | AB pos | 87692 | 1010.00 |
| 57 | 2080.01.24 | Renu Bekoju | Bhaktapur | 2 | Siddhi Memorial Hospital | 19319 | AB pos | 81753 | 1010.00 |
| 58 | 2080.01.25 | Jujuman Pyatha | Bhaktapur | 3 | BKT Cancer Hospital | 19367 | A pos | 87717 | 1010.00 |
| 59 | 2080.01.26 | Jujuman Pyath | Bhaktapur | 3 | BKT Cancer Hospital | 19370 | A pos | 12243 / 87706 / 81758 / 87706 / 12243 | 4490.00 |
| 60 | 2080.01.26 | Krishna Ram Lawaju | Bhaktapur | 9 | Dhulikhel Hospital | 19374 | A pos | | 2940.00 |
| 61 | 2080.01.26 | Samita Bariya | Bhaktapur | 3 | Siddhi Memorial Hospital | 19375 | O pos | 36011 | 1010.00 |
| 62 | 2080.01.26 | Sulochana Hyogju | Bhaktapur | 1 | Khwopa Hospital | 19413 | A pos | 87702 / 21666 | 1920.00 |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 63 | 2080.01.27 | Bisu Ram Gwachha | Bhaktapur | 14 | Shahid Dharma | 19427 | B pos | 36015 / 87721 / 87711 | 2830.00 |
| 64 | 2080.01.27 | Roshani Kouda | Bhaktapur | 4 | Madhyapur Hospital | 19429 | O pos | 21724 / 12180 / 1227 / 81724 / 87677 | 4650.00 |
| 65 | 2080.01.27 | Rabina Suwal | Bhaktapur | 10 | Siddhi Memorial Hospital | 19442 | B pos | 4444 | 1010.00 |
| 66 | 2080.01.27 | Resuna Koju | Bhaktapur | 1 | Siddhi Memorial Hospital | 19443 | A pos | 87683 | 1010.00 |
| 67 | 2080.01.27 | Rashu Dhaubhadel | Bhaktapur | 11 | Siddhi Memorial Hospital | 19448 | A pos | 87684 | 1010.00 |
| 68 | 2080.01.27 | Sabina Sakhakarmi | Bhaktapur | 1 | Siddhi Memorial Hospital | 19451 | A pos | 135459 | 1010.00 |
| 69 | 2080.01.27 | Renuka Sakha | Bhaktapur | 12 | Madhyapur Hospital | 19452 | B pos | 4393 | 1010.00 |
| 70 | 2080.01.27 | Sajana Maka | Bhaktapur | 8 | Siddhi Memorial Hospital | 19455 | O pos | 4451 | 1010.00 |
| 71 | 2080.01.28 | Ram Laxmi Karmacharya | Bhaktapur | 13 | Shahid Dharma | 19472 | A pos | 87726 | 800.00 |
| 72 | 2080.01.28 | Sarmila Shrestha | Bhaktapur | 1 | Siddhi Memorial Hospital | 19510 | O pos | 4390 | 1010.00 |
| 73 | 2080.01.29 | Samita Bariya | Bhaktapur | 3 | Siddhi Memorial Hospital | 19531 | O pos | 65282 | 970.00 |
| 74 | 2080.01.30 | Krishna Laxmi Shrestha | Bhaktapur | 3 | Patan Hospital | 19568 | O pos | | 4640.00 |
| 75 | 2080.01.30 | Bijay Prakash Basukala | Bhaktapur | 9 | Khwopa Hospital | 19591 | A pos | 1259 / 81768 | 1920.00 |
| 76 | 2080.01.30 | Samita Bariya | Bhaktapur | 3 | Siddhi Memorial Hospital | 19605 | O pos | 81772 / 87750 | 1790.00 |
| 77 | 2080.01.31 | Chandra Ba Shrestha | Bhaktapur | 1 | Madhyapur Hospital | 19617 | A pos | 31439 / 21747 / 45516 / 21741 | 3740.00 |
| 78 | 2080.01.31 | Ram laxmi Prajapati | Bhaktapur | 1 | Shahid Gangalal Centre | 19622 | AB pos | | 1520.00 |
| 79 | 2080.01.31 | Krishna Laxmi Shrestha | Bhaktapur | 3 | Patan Hospital | 19650 | O pos | | 2440.00 |
| 80 | 2080.01.31 | Shri Pankha Prajapati | Bhaktapur | 2 | T.U. Teaching Hospital | 19666 | O pos | | 1520.00 |
| | | | | | | **Total** | | | **127140.00** |
| | | | | 2079 | Magh | 70 person | | | 109520 |
| | | | | | Fagun | 81 person | | | 143140 |
| | | | | | Chait | 73 person | | | 51010 |

# अनुभवको आदान-प्रदान

## भनपा प्रमुख प्रजापति र चामुन्दा बिन्द्रासैनी नपा प्रमुख शाहीबीच भेट



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग दैलेखको चामुन्दा बिन्द्रासैनी नगरपालिकाका नगर प्रमुख गणेशकुमार शाही नेतृत्वको टोलीले जेठ २ गते भनपा सभाकक्षमा भेट गऱ्यो। भेटमा उहाँहरूबीच भक्तपुर नपाले शिक्षा, स्वास्थ्य, विकास निर्माणलगायतका क्षेत्रमा भइरहेको उपलब्धि र दुई नपाबीच आवश्यक सहकार्य गर्नेबारे अनुभव आदानप्रदान भयो।

टोलीलाई भादगाउँले टोपी र खादाले स्वागत गर्नुहुँदै प्रमुख **प्रजापति**ले भक्तपुर नपाको भौगोलिक अवस्था, शैक्षिक विशेषता, स्वास्थ्य क्षेत्रको उपलब्धि र विकास निर्माणमा उपभोक्ता मोडलबारे आफ्नो धारणा राख्नुभयो।

भक्तपुर नगरपालिकाले नेमकिपाको घोषणापत्रलाई आधार बनाई संविधानले कल्पना गरेको समाजवादउन्मुख कार्य गर्दै आएको बताउनुहुँदै उहाँले भक्तपुर नपाले आत्मनिर्भरतालाई स्वाभिमानीपूर्वक अगाडि बढ्ने सूत्रको रूपमा लिई काम गर्दै आएको बताउनुभयो।

उहाँले देशका विभिन्न स्थानीय तहहरूबीच अनुभव आदानप्रदानको क्रम चालु रहेको बताउनुहुँदै स्वास्थ्यमा घरदैलो नर्सिङ, वडा-वडामा स्वास्थ्य केन्द्र, १०० शय्याको ख्वप अस्पतालको सञ्चालनका साथै निःशुल्क अक्सिजन र निःशुल्क रगत उपलब्ध गराउने व्यवस्था नपाले गर्दै आएको बताउनुभयो।

भेटमा चामुन्दा बिन्द्रासैनीका नगर प्रमुख **गणेशकुमार शाही**ले जनप्रतिनिधिहरूबीचको अनुभव आदानप्रदानले एक अर्काबाट सिक्दै अगाडि बढ्न ऊर्जा प्राप्त हुने हुँदा भक्तपुर नपाले विशेषतः शिक्षा र स्वास्थ्य क्षेत्रमा गरिरहेको उपलब्धिबाट आफूहरूले पनि सिक्न चाहेको बताउनुभयो।

उहाँले कलेज सञ्चालन गर्न र विद्यालयहरूको व्यवस्थापन गर्न भक्तपुर नपाले बनाएको शिक्षा ऐनबारे जिज्ञासा राख्नुभयो।

उहाँले चामुन्दा बिन्द्रासैनी ९ ओटा वडामा विभाजित रहेको र स्थानीय तहको पुनर्संरचना गरिँदा यो नगरपालिका साबिकका चामुन्डा, जम्बुकाँध र लयाँटीबिन्द्रासैनी गाउँ विकास समितिलाई समावेश गरी नगरपालिका बनेको बताउनुभयो।

नगपालिकाकाले एक पालिका एक प्राविधिक विद्यालयको नीतिअनुसार डिप्लोमा तहमा कृषि विषयको अध्ययन अध्यापन गराउँदै आएको र छिटै कृषिमा स्नातक कक्षा सञ्चालन गर्ने तयारीका साथ अगाडि बढिरहेको अवगत गराउनुभयो।



भेटमा चामुन्दा बिन्द्रासैनीका वडाध्यक्ष, चामुन्दा माविका प्रतिनिधिहरूको उपस्थिति थियो।

भेटपश्चात उहाँहरूलाई नगर प्रमुख सुनिल प्रजापतिले मयूरको झ्याल र नपाका प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभएको थियो भने तत्पश्चात उहाँहरूले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज र ख्वप अस्पतालको स्थलगत अवलोकन गर्नुभएको थियो।

## सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र तथा ६५ ओटा स्थानीय तहका प्रशिक्षक/प्रशिक्षार्थीहरूद्वारा भक्तपुर नपाको अवलोकन भ्रमण

सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्रका प्राचार्य विष्णु पौडेलको नेतृत्वमा आउनुभएका प्रतिष्ठानका प्रशिक्षक तथा प्रशिक्षार्थीहरू सम्मिलित टोलीले जेठ ४ गते भक्तपुर नगरपालिकाको अध्ययन भ्रमण गरेको छ। टोलीले भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग भेट गरी सहकारी क्षेत्रका सम्भावना, चुनौती र समस्याबारे अनुभव आदानप्रदान तथा छलफल गऱ्यो।



देशका विभिन्न स्थानीय तहका प्रशिक्षक/प्रशिक्षार्थीहरूलाई स्वागत गर्नुहुँदै प्रमुख **प्रजापति**ले भक्तपुर नपा क्षेत्रफलमा देशकै सानो तर जनघनत्व बढी भएको नगरपालिका भएको जानकारी दिनुभयो र भक्तपुर नपाले शिक्षा, स्वास्थ्य, सम्पदा पुन:निर्माणलगायतका क्षेत्रबाट देशको लागि महत्त्वपूर्ण योगदान पुऱ्याइरहेको बताउनुभयो ।

स्थानीय तहलाई अधिकार सम्पन्न बनाउनुपर्ने बताउनुहुँदै उहाँले सहकारीप्रति नागरिकहरूको वितृष्णा बढ्दै गएको अवस्थामा सहकारीलाई नियन्त्रण गर्न नीतिगत रूपमै लाग्नुपर्ने बताउनुभयो ।

संविधानले सङ्घ, प्रदेश र स्थानीय तह गरी ३ तहको सरकार स्वीकारेको अवस्थामा जिल्ला समन्वय समितिको आवश्यकता र औचित्यमाथि प्रश्न उठ्नु स्वाभाविक भएको बताउनुहुँदै उहाँले जिल्ला समन्वय समिति खारेज गर्नु नै देशको हितमा रहेको उल्लेख गर्नुभयो ।

भक्तपुर नगरपालिकाभित्र सञ्चालित सहकारी संस्थाहरूले यहाँको सामाजिक, स्वास्थ्य, शैक्षिक विकास, सम्पदा संरक्षण, विकास निर्माणलगायतका क्षेत्रमा विशेष योगदान गर्नुभएको स्मरण गर्नुहुँदै उहाँले आर्थिक अनुशासन र पारदर्शिताले सहकारीहरूको दिगो विकास सम्भव हुने बताउनुभयो ।

भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष **हरिप्रसाद बासुकला**ले सहकारी क्षेत्रमा भक्तपुर नपाबाट सञ्चालित विविध गतिविधिबारे प्रस्तुतीकरण दिनुहुँदै भक्तपुर नगरपालिकाको सहकारी ऐन विपरीत नगरपालिकाको स्वीकृति बिना सञ्चालित सहकारी तथा बहुउद्देश्यीय सहकारी संस्थाहरूलाई कानून विपरीत सञ्चालनमा रोक लगाउँदै आएको बताउनुभयो ।

भक्तपुर नगर भित्र सञ्चालित सहकारीहरूलाई सहकारी सिद्धान्तअनुसार सञ्चालन गर्न नगरपालिकाले समय समयमा अनुगमन गर्दै आएको बताउनुहुँदै उहाँले अनुगमनको क्रममा देखिएका कमी कमजोरी सुधारको लागि सुझावहरू दिने र त्यसको कार्यान्वयन गराउने प्रयास नगरपालिकाले गर्दै आएको बताउनुभयो ।

प्रशिक्षार्थीहरूको जिज्ञासामा उहाँले बिनाधितो ऋण प्रवाह गर्दा धेरै सहकारी संस्थाहरू समस्यामा परेको बताउनुहुँदै सहकारीसम्बन्धी लेखा तथा कोपोमिस तालिम सञ्चालनले सहकारी व्यवस्थापनमा धेरै मद्दत पुगेको बताउनुभयो ।

कार्यक्रममा सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्रका प्राचार्य **विष्णु पौडेल**ले सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र सहकारीसम्बन्धी अनुसन्धानमूलक क्रियाकलापहरूमार्फत देशमा सहकारी आन्दोलनलाई अगाडि बढाउने उद्देश्यले सञ्चालनमा रहेको नियमनकारी संस्था भएको बताउनुभयो ।

भक्तपुर नपाले सहकारीसम्बन्धी कार्ययोजना बनाई अनुगमन गर्दै आएको पक्ष प्रशंसनीय भएको बताउनुहुँदै उहाँले भक्तपुर नपाको असल अभ्यासबाट देशका अन्य स्थानीय तहले सिक्न सकिने धेरै पक्षहरू रहेको उल्लेख गर्नुभयो ।

सहभागीहरूमध्येबाट चन्द्रपुर नगरपालिका, रौतहटका शेख नसरे आलमले भक्तपुरमा सङ्घीयताको राम्रो अभ्यास भएको बताउनुहुँदै सहकारीकर्मीहरूले सहकारीमार्फत देश निर्माण गर्ने र समाज उत्थान, उन्नति र प्रगतिको लागि आ–आफ्नोतर्फबाट सक्दो योगदान गर्नुपर्ने बताउनुभयो ।



कार्यक्रममा सहभागी प्रशिक्षार्थीहरूले सहकारी शाखाको बजेट र गतिविधि, कोपोमिस तालिमको सान्दर्भिकता, सहकारी अनुगमन र नियमनमा देखिएका समस्या, सहकारी शाखाको सूचना प्रविधि प्रयोग, बिनास्वीकृति सञ्चालन भएका सहकारीहरूको अवस्था, अनुगमन समिति गठन प्रक्रिया, सङ्कटग्रस्त सहकारीको सम्पत्ति रोक्कापश्चात बचतकर्ताको रकम फिर्तामा भक्तपुर नपाको पहल आदिबारे जिज्ञासा राखेका थिए ।

उक्त कार्यक्रममा सहकारी समितिका **हरिरत्न गोर्खाली** र **नारायणप्रसाद त्वानाबासु**ले पनि बोल्नुभएको थियो ।

अध्ययन अवलोकन भ्रमणमा देशभरिका ६५ ओटा स्थानीय तहका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

प्रमुख प्रजापतिले टोलीलाई नपाका प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभएको थियो भने टोलीलाई भक्तपुर नपाका निमित्त प्रमुख प्रशासकीय अधिकृत रामगोविन्द श्रेष्ठले खादा ओढाई स्वागत गर्नुभएको थियो ।

भक्तपुर नपामा भएको अनुभव आदानप्रदान

कार्यक्रमपश्चात उक्त टोलीले भक्तपुरको दरबार क्षेत्र, टौमढी क्षेत्र, दत्तात्रय, भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज, ख्वप इन्जिनियरिङ कलेज र ख्वप अस्पतालको स्थलगत अवलोकनसमेत गरेको थिए ।

## नगर प्रमुख प्रजापतिसँग इलामको रोङ गाउँपालिकाका अध्यक्ष स्याङबोको भेट



भक्तपुर नगरपालिकाका नगर प्रमुख सुनिल प्रजापतिसँग कोशी प्रदेशअन्तर्गत इलामको रोङ गाउँपालिकाका अध्यक्ष मनिकुमार स्याङबोले जेठ ७ गते भनपा सभाकक्षमा भेट गर्नुभएको छ ।

भेटमा नगर प्रमुख प्रजापतिले सांस्कृतिक नगरीमा स्वागत गर्नुहुँदै भक्तपुर नपाबाट सञ्चालित ८ ओटा कलेजहरूको शैक्षिक विशेषताबारे अवगत गराउनुभयो । भक्तपुर नपाले कलेज सञ्चालनसँगसँगै ख्वप अस्पताल सञ्चालन गरी यहाँका नागरिकहरूलाई स्तरीय स्वास्थ्य सेवा प्रदान गर्दै आइरहेको बताउनुभयो ।

भक्तपुर नपाले नगरको मौलिक शैली जगेर्ना गर्न आवश्यक पहल गर्दै आइरहेको बताउनुहुँदै भक्तपुर नपाबाट सञ्चालित ख्वप इन्जिनियरिङ कलेजका विद्यार्थीहरूलाई यहाँको मौलिक शैली संरक्षणका विधिहरू सिकाउँदै फरक ढङ्गले इन्जिनियरिङ शिक्षा प्रदान गर्दै आइरहेको बताउनुभयो । रोङ गाउँपालिकाले आफ्ना नागरिकहरूको सुविधाको लागि कलेज सञ्चालन गर्ने उद्देश्य निकै स्वागतयोग्य भएको बताउनुहुँदै रोङ गापालाई आवश्यक सहयोग र समन्वय गर्न तत्पर रहेको उहाँले बताउनुभयो ।

त्यस्तै रोङ गा.पा. अध्यक्ष **स्याङबो**ले चारओटा गाविस मिलाएर निर्माण भएको रोङ गाउँपालिका ६ ओटा वडाहरूमा विभाजित रहेको बताउनुभयो । कृषि, धार्मिक र पर्यटकीय हिसाबले प्रसिद्ध रोङ गाउँपालिकामा रहेको पाथीभरा मन्दिर पुनःनिर्माण प्यागोडा शैलीमा बनाउने योजना रहेको र त्यसमा भक्तपुर नपाबाट प्राविधिक सहयोगको लागि समेत आग्रह गर्नुभयो ।

भक्तपुरका मन्दिरहरूकै शैलीमा पाथीभरा निर्माण गर्ने सोच रहेको बताउनुहुँदै उहाँले रोङ गाउँपालिकाको कलेज सञ्चालन गर्ने उद्देश्यसमेत रहेको र कलेज सञ्चालनमा भक्तपुर मोडलबारे अनुभव आदानप्रदानको उद्देश्यले भक्तपुर भ्रमणमा आएको बताउनुभयो । भक्तपुरबाट आफू साह्रै प्रभावित भएको बताउनुहुँदै शिक्षा, सम्पदा पुनःनिर्माण, सरसफाइलगायतका विषयमा जिज्ञासाहरू राख्नुभएको थियो ।
नगर प्रमुख प्रजापतिले गाउँपालिका अध्यक्ष स्याङबोलाई नपाका पुस्तकहरू उपहारको रूपमा प्रदान गर्नुभयो ।

## विभिन्न स्थानीय तहका उपप्रमुख तथा उपाध्यक्षहरूद्वारा भक्तपुर नपाको अवलोकन भ्रमण



विभिन्न स्थानीय तहका उपप्रमुख, वडाध्यक्ष तथा उपाध्यक्षहरूको टोलीले जेठ ८ गते भक्तपुर नगरपालिकाको स्थलगत अवलोकन गरेको छ ।

उक्त टोलीले भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग भेटी नगरपालिकाद्वारा सञ्चालित विविध गतिविधिहरूबारे अनुभव आदानप्रदान गऱ्यो ।

टोलीलाई स्वागत गर्नुहुँदै नगर प्रमुख **प्रजापति**ले भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र, पर्यटकीय गन्तव्य स्थल र सांस्कृतिक नगर घोषणा गर्ने योजनासहित भक्तपुर नगर निरन्तर अघि बढिरहेको बताउनुभयो ।

संविधान र कानुनले प्रदान गरेको अधिकार क्षेत्रभित्र रही भक्तपुर नगरपालिकाले नीति निर्माण गर्दै व्यापक जनताको हितको निम्ति शिक्षा र स्वास्थ्य जस्ता विषयहरू न्यून शुल्कमा सेवा प्रदान गर्दै समाजवादउन्मुख काम गर्दै आएको उहाँले बताउनुभयो ।

उहाँले पारदर्शिता र इमानदारी नै जनविश्वास जित्ने मुख्य आधार भएको बताउनुहुँदै उपभोक्ता समितिमार्फत काम गर्दा स्थानीय मौलिक सीप र प्रविधिको प्रयोग हुने, रोजगारी पाउने, गुणस्तरीय निर्माण हुने हुँदा भक्तपुर नपाले उपभोक्ता मोडललाई नै जोड दिइरहेको बताउनुभयो ।

त्यस्तै भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुर अहिले विभिन्न स्थानीय तहहरूको अध्ययन ➲

# संक्षेपमा

## सामुदायिक घरदैलो स्वास्थ्य कार्यक्रमको अनुगमन



नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखाद्वारा ख्वप अस्पतालबाट सञ्चालित सामुदायिक घरदैलो स्वास्थ्य कार्यक्रमको जेठ ९ अनुगमन गरियो ।

## तालिमको निरीक्षण



भक्तपुर नगरपालिकाबाट सञ्चालित ४ महिने हेयर कटिङ (शैलुन) तालिमको वैशाख २९ गते निरीक्षणका क्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति, भनपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीलगायत ।

---

➲ भ्रमण गर्ने थलोको रूपमा पनि विकास भइरहेको बताउनुहुँदै जनप्रतिनिधिहरूबीचको एकापसको अनुभव आदानप्रदानले हौसला मिल्ने बताउनुभयो ।

सोही क्रममा चौतारा साँगाचोक गढीका उपप्रमुख **सीता थापा**ले विश्वको ध्यान भक्तपुरप्रति केन्द्रित भइरहेको बताउनुहुँदै भक्तपुरको सामिप्यता र एकता नै यहाँको सफलताको सूत्र भएको बताउनुभयो ।

लिसंखु पाखर गाउँपालिकाका उपाध्यक्ष **मिठुदेवी लामा**ले भक्तपुरका जनप्रतिनिधि जनताको सेवकको रूपमा खटिनुभएको उल्लेखनीय पक्ष भएको बताउनुहुँदै भक्तपुर नपा देशकै सानो नपा भएर पनि देशकै लागि उदाहरणीय काम गरिरहेको बताउनुभयो ।

बागमती प्रदेश सुशासन केन्द्रका उपाध्यक्ष **विनोद बिडारी**ले विकास निर्माणको काममा उपभोक्ता समितिलाई पारदर्शी बनाउन सकिए विकासले छिटो गति लिने बताउनुभयो ।

टोलीमा महालक्ष्मी नपाका उपप्रमुख लक्ष्मी महर्जन, भोटेकोशी गाउँपालिका उपाध्यक्ष दिछेन शेर्पा, महांकाल गाउँपालिकाका उपाध्यक्ष डोल्मा माया गोले, हेलम्बु गाउँपालिका उपाध्यक्ष अप्सरा लम्साल लामिछाने, पाँचपोखरी थाङपाल गाउँपालिकाका उपाध्यक्ष सुनिता अधिकारी र जुगल गाउँपालिकाका वडाध्यक्ष रबिन्द्र घिमिरे र प्रशासनिक कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

नगर प्रमुख प्रजापतिले उपस्थित सबैलाई नपाका प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभयो ।

## आदर निकेतनको स्थलगत निरीक्षण



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले तुमचोस्थित भक्तपुर बचत तथा ऋण सहकारी संस्थाद्वारा सञ्चालित आदर निकेतनको जेठ १० गते स्थलगत निरीक्षण गर्नुभयो ।

## सिलाई तालिम निरीक्षण



भक्तपुर नगरपालिकाबाट सञ्चालित ६ महिने आधारभूत सिलाई तालिम निरीक्षणका क्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति ।

(जेठ १२ गते)

# विविध समाचार

## यौनजन्य हिंसामा संलग्नलाई कारबाही गर्न सरकारले कुनै कसर बाँकी नराख्ने



गृहमन्त्रालयको आयोजनामा महिला, शान्ति र सुरक्षासम्बन्धी संयुक्त राष्ट्र सङ्घ, सुरक्षा परिषद् प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयनसम्बन्धी दोस्रो कार्ययोजनाको राष्ट्रिय कार्यशाला वैशाख २४ गते सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख अतिथि नेपाल सरकारका गृह तथा उपप्रधानमन्त्री **नारायणकाजी श्रेष्ठ**ले द्वन्द्वको क्रममा महिला तथा बालबालिकामाथि भएको यौनजन्य हिंसाको अन्त्य, पीडितलाई न्याय दिन र पीडकलाई हदैसम्मको सजाय गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले द्वन्द्वको समयमा हिंसामा संलग्नलाई कारबाही गर्न सरकारले कुनै कसर बाँकी नराख्ने बताउनुहुँदै कार्ययोजनाबारे सङ्घ, प्रदेश, जिल्ला र स्थानीय तहबीच कार्यनीति बनाई कार्यान्वयन पक्षलाई बलियो बनाउने धारणा राख्नुभयो ।

कार्यक्रमका विशिष्ट अतिथि भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले द्वन्द्व पीडित महिला तथा बालबालिकाहरूलाई आर्थिक सहयोगभन्दा सीपमूलक तालिम दिई आत्मनिर्भर बनाउनुपर्नेतर्फ जोड दिनुभयो ।

सशस्त्र द्वन्द्व र शान्तिपूर्ण आन्दोलनबाट देशमा गणतन्त्रको स्थापना भएको बताउनुहुँदै उहाँले दोस्रो राष्ट्रिय कार्ययोजना निर्माण गर्दा देशको आर्थिक अवस्थालाई पनि ध्यान दिनुपर्ने बताउनुभयो ।

सरकारले योग्यताअनुसारको काम र कामअनुसारको ज्यालाको व्यवस्था गर्नु आवश्यक भएको बताउनुहुँदै द्वन्द्व पीडितलाई मात्र नभई सबै समुदायलाई योग्य बनाउनेतर्फ ध्यान दिनु आवश्यक भएको उहाँले बताउनुभयो ।

जनतालाई केन्द्रमा राखेर काम गर्न सके देशमा गरिबी निवारण सम्भव भएको कुरा छिमेकी देश चीनबाट सिक्न सकिने बताउनुहुँदै उहाँले गैरसरकारी तथा सरकारी सङ्घसंस्थाले निर्देश गरेबमोजिम काम गर्न थाले सरकार बुँख्याचाको रूपमा परिणत हुने पनि सो अवसरमा बताउनुभयो ।

कार्यक्रममा द्वन्द्व पीडित महिला राष्ट्रिय सञ्जालका संयोजक **देवी खड्का**ले द्वन्द्व पीडित महिला तथा बालबालिकाहरूको समस्या समाधानको लागि विशेष संयन्त्रको व्यवस्था गरिनु आवश्यक भएको बताउनुहुँदै सरकारले सम्भावित द्वन्द्वको अन्त्य कसरी गर्ने भन्ने विषयमा पनि छलफल गरिनु आवश्यक भएको बताउनुभयो ।

राष्ट्रिय महिला आयोगका अध्यक्ष **कमलाकुमारी अधिकारी**ले महिला हक अधिकारको लागि आयोगले सधैँ अग्रपङ्क्तिमा रही काम गर्दै आएको बताउनुहुँदै हिंसाबाट पीडितहरूलाई आर्थिक सहयोगभन्दा पनि भावनात्मक सहयोग महत्त्वपूर्ण हुने बताउनुभयो ।

गृहसचिव **विनोदप्रकाश सिंह**को सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा प्रदेशसभा सदस्य मा. **मैना कार्की**, महिला तथा सामाजिक सञ्जालका अध्यक्ष मा. **रोशनी कार्की**, काभ्रे जिल्ला समन्वय समिति प्रमुख **दीपक गौतम**, संयुक्त राष्ट्र सङ्घका प्रतिनिधि, विपद् तथा द्वन्द्व महाशाखाका **प्रदीपकुमार निरौला**, द्वन्द्व पीडित महिला राष्ट्रिय सञ्जालका महासचिव **सुशिला चौधरी** र गृह मन्त्रालय शान्ति प्रवर्द्धन शाखाका **फणिन्द्र दाहाल**ले कार्यक्रमको उद्देश्य र महत्त्वमाथि प्रष्ट पार्दै आ–आफ्नो धारणा राख्नुभएको थियो ।

## "जिउँदो शहीद" मुकेश कायस्थको निधन



दोस्रो जनआन्दोलनका घाइते 'जिउँदो शहीद' मुकेश कायस्थको उपचारको क्रममा वैशाख २७ गते साँझ ७:३० बजे निधन भएको मुकेश फाउन्डेसनका अध्यक्ष हिरा शर्मा नेपालले जानकारी दिए ।

नेपालका अनुसार मुकेश लामो समयदेखि बनेपास्थित शिर मेमोरियल अस्पतालमा उपचाररत थिए। १७ वर्षदेखि 'जिउँदो शहीद'का रूपमा रहेका मुकेशको ३२ वर्षको उमेरमा निधन भएको हो।

२०६२ चैत २७ गतेको आन्दोलनमा मुकेशको कञ्चटमा गोली लागेको थियो। गोली लाग्दा मुकेशको उमेर १४ वर्षको मात्र थियो।

सुरक्षाकर्मीले चलाएको गोली लागेर घाइते भएका मुकेश सोही दिनदेखि ओछ्यानमा परेका थिए। १७ वर्षदेखि उनी जीवन र मृत्युसँग लडिरहेका थिए।

निरन्तरको स्याहार र उपचारपछि देब्रे हात चलाउने, आमा भन्ने, हाँस्ने, गिलो खाने कुरा खाने र ह्विलचियरमा अडिन सक्नेसम्म भएका मुकेश २०७५ असारमा अचानक बिरामी परेपछि पुरानै अर्धचेत अवस्थामा फर्किएका थिए। उनको उपचारमा संलग्न स्वर्गीय डा. उपेन्द्र देवकोटा र बसन्त पन्तले पनि उनमा आएको सुधारलाई 'चमत्कार' भनेका थिए।

सरकारले मुकेशको उपचार खर्च, १५ हजार मासिक भत्ता, एक सुसारेको लागि ६ हजार २ सय भत्ता र एक नर्स नियमित उपलब्ध गराउँदै आएको थियो।

## सरकारले काठमाडौं उपत्यकाको फोहोरमैला व्यवस्थापन वैज्ञानिक ढङ्गले गर्ने प्रयास गर्दैछ

प्रधानमन्त्री **पुष्पकमल दाहाल**ले वैज्ञानिक ढङ्गले काठमाडौं उपत्यकाको फोहोर व्यवस्थापन गर्ने प्रयास भइरहेको बताउनुभयो।



प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको आयोजनामा वैशाख २९ गते उपत्यकाको फोहोरमैला व्यवस्थापनबारे बसेको बैठकलाई सम्बोधन गर्दै उहाँले फोहोरमैला व्यवस्थापनको लागि १३ सदस्यीय समिति गठन तथा ६ सदस्यीय टास्क फोर्स गठन गरी १० दिनभित्रमा कार्यान्वयन गर्ने विश्वास व्यक्त गर्नुभयो।

उहाँले उपत्यकाको मात्र नभई देशकै फोहोरमैला व्यवस्थापन चुनौतीको विषय भएको र त्यसको समाधान सबैको साझा जिम्मेवारीअन्तर्गत पर्ने बताउनुहुँदै फोहोरलाई समस्याको रूपमा नभई ऊर्जा र उत्पादनको स्रोतको रूपमा लिने गरी प्रयास भइरहेको बताउनुभयो।

विभिन्न देशले अवलम्बन गरिरहेका फोहोर व्यवस्थापनका विधिहरू नेपालमा लागू गर्ने विषयमा मन्त्रालयले आवश्यक समन्वय र सहकार्य गर्दै आइरहेको बताउनुहुँदै उहाँले फोहोर व्यवस्थापनको विषयमा एकले अर्कोलाई दोषारोपण गर्नुभन्दा सबैको सामूहिक प्रयासबाट यसको समाधानतर्फ लाग्नु आवश्यक भएको बताउनुभयो।

उपत्यकाको फोहोर व्यवस्थापनमा चुनौतीहरू थपिँदै जाँदा यसले उपत्यकावासीको स्वास्थ्यमा गम्भीर असर पारिरहेको बताउनुहुँदै प्रम दाहालले सिसडोल र बन्चरेडाँडामा फोहोर फाल्ने विषयमा जारी वारेन्ट खारेज गर्ने र गिरफ्तार भएकाहरूलाई तत्काल छाड्ने आश्वासन दिनुभयो।



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले फोहोरमैला व्यवस्थापन सबैको साझा चुनौती बनिरहेको अवस्थामा भक्तपुर नपाले फोहोरलाई स्रोतबाटै कम गर्ने उद्देश्यले कुहिने र नकुहिने फोहोर घर घरबाट अलग अलग सङ्कलन गर्दै आफ्नै क्षेत्रभित्र फोहोर व्यवस्थापन गर्दै आइरहेको बताउनुभयो।

उहाँले नगर घोषणा गर्नुअघि बसपार्क, उपचार पोखरी, फोहोरमैला व्यवस्थापनलगायत सबैको बन्दोबस्त गर्नुपर्नेमा दलहरूले जथाभावी नगर घोषणाको परिणाम अहिले देशका विभिन्न ठाउँमा फोहोर व्यवस्थापनको समस्या भइरहेको उल्लेख गर्नुभयो।

विश्वका विकसित देशहरूले फोहोरलाई आम्दानीको स्रोत बनाइरहेका उदाहरणहरू प्रस्तुत गर्नुहुँदै उहाँले सरकारले होटल, रेष्टुरेन्ट, उद्योग–कारखाना र अस्पतालहरूमा इन्सिनरेटर प्रयोग गर्न सरकारले आवश्यक आर्थिक सहयोग गनुपर्ने बताउनुभयो।

फोहोर व्यवस्थापनको जिम्मेवारी निजी क्षेत्रलाई दिन नहुने कुरा कानुनमै स्पष्ट उल्लेख हुनुपर्ने बताउनुहुँदै उहाँले फोहोर व्यवस्थापनबारे सङ्घ, प्रदेश र स्थानीय तहको

जिम्मेवारी स्पष्ट भएको कानुनको व्यवस्था गर्नुपर्ने बताउनुभयो ।

ललितपुर महानगरपालिकाका प्रमुख **चिरिबाबु महर्जन**ले फोहोर व्यवस्थापन गर्न महानगरपालिकाभित्र जग्गा अभाव रहेको बताउनुहुँदै बञ्चरेडाँडाको विकल्प सङ्घ सरकारले नै व्यवस्था गरेको खण्डमा सरकारको निर्देशनअनुसार आफूहरू क्रियाशील रहने बताउनुभयो ।

कार्यक्रममा धुनीबेसी नगरपालिकाका प्रमुख **बालकृष्ण आचार्य**ले फोहोर व्यवस्थापनको लागि पटक पटक बैठक बसी निर्णय भए पनि कार्यान्वयन भने हुन नसकेको बताउनुहुँदै सिसडोल र बन्चरेडाँडाको भौतिक विकासमा राज्य संवेदनशील भएर लाग्नुपर्ने बताउनुभयो ।

बेलकोटगढी नपाका प्रमुख **जगतबहादुर गुरुङ**ले फोहोर व्यवस्थापन वैज्ञानिक ढङ्गले गर्न सरकारको ध्यानाकर्षण गराउनुहुँदै बञ्चरेडाँडामा बसोबास गर्ने नागरिकहरूको स्वास्थ्य अवस्था निकै नाजुक रहेको र जनताको मानवअधिकार हनन् भएको बताउनुभयो ।

त्यस्तै स्वास्थ्यमन्त्री **मोहनबहादुर बस्नेत**ले उपत्यकाको फोहोर व्यवस्थापन नहुँदा रोगब्याधी व्यापक बढ्ने क्रम जारी रहेको बताउनुहुँदै फोहोर व्यवस्थापनको लागि आवश्यक तीन तहका सरकारबीच सहकार्य गर्न स्वास्थ्य मन्त्रालय प्रतिबद्ध रहेको बताउनुभयो ।

अर्थमन्त्री **प्रकाशशरण महत**ले स्थानीय तहको फोहोर व्यवस्थापन आ–आफ्नै क्षेत्रभित्र गर्नेतर्फ ध्यानाकर्षण गराउनुहुँदै पीडितको यथोचित मागलाई केन्द्र सरकारले सम्बोधन गर्नुपर्ने धाराणा राख्नुभयो ।

सङ्घीय सांसद **अर्जुननरसिंह केसी**ले फोहोर व्यवस्थापनबारे स्पष्ट कानुनको आवश्यकता औँल्याउनुहुँदै बन्चरेडाँडा र सिसडोलका जनताको समस्या समाधानमा सरकार गम्भीर रूपमा लाग्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री **शालिकराम जमकट्टेल**ले स्थानीय तहहरूले कुहिने र नकुहिने फोहोर अलग अलग सङ्कलन गरी फोहोरमैला व्यवस्थापन आ–आफ्नै क्षेत्रभित्र गर्नुपर्नेमा जोड दिनुभयो ।

उक्त कार्यक्रममा सहरी विकासमन्त्री **सीता गुरुङ**ले फोहोर व्यवस्थापनबारे जिम्मेवारी बाँडफाँटमा स्पष्टता नहुँदा काम गर्न बाधा पुगिरहेको बताउनुहुँदै अन्य देशहरूको अभ्यासलाई अवलम्बन गरी फोहोर व्यवस्थापनलाई सामान्य रूपमा लिई समस्या समाधानतर्फ सरकार अग्रसर हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा काठमाडौँ महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त अधिकारी**, सङ्घीय मामिला मन्त्री **अमनलाल मोदी**, बागमती प्रदेशसभा सदस्य **मधुकुमार श्रेष्ठ**, ककनी गाउँपालिकाका अध्यक्ष **सुमन तामाङ**, सहरी विकास मन्त्रालयका आयोजना निर्देशक **रविन्द्र बोहरा**, सहरी विकास मन्त्रालयका सचिव, प्रधानमन्त्री कार्यालयका सचिवलगायतले पनि बोल्नुभएको थियो ।

## "बाल अधिकार संरक्षण र प्रवर्द्धन सम्बन्धी पुनर्ताजगी कार्यक्रम



राष्ट्रिय बाल अधिकार परिषद्को आयोजना तथा सहजीकरण एवम् कानुन अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलड) को व्यवस्थापनमा जेठ २ गते भएको 'बाल अधिकार संरक्षण र प्रवर्द्धन सम्बन्धी पुनर्ताजगी कार्यक्रम'मा भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नपामा बालबालिकासम्बन्धी भए गरेका नीति तथा कार्यक्रम र बजेटको वर्तमान अवस्था र आगामी दिनका लागि बालबालिका क्षेत्रमा गरिने लगानी तथा रणनीतिक योजनाका विषयमा प्रस्तुतीकरण दिनुभयो ।

## विद्यालयमा पाठ्यक्रममात्र नभई संस्कारबारे पनि सिकाउनुपर्ने

रोम्बस सेकेण्डरी स्कूलको आयोजनामा नव आगन्तुक विद्यार्थीहरूलाई स्वागत र पूर्व प्रा.वि. तह उत्तीर्ण विद्यार्थीहरूलाई दीक्षान्त गर्न आयोजित समारोह भक्तपुर नगरपालिका १० नं वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौमिखाको प्रमुख आतिथ्यमा जेठ २ गते एक समारोहबीच सम्पन्न भयो ।

प्रमुख अतिथि लक्ष्मीप्रसाद ह्यौमिखाले नेपाल मजदुर किसान पार्टीका अग्रजहरूको निरन्तर सङ्घर्षले शिक्षा क्षेत्रमा ६०/६५ वर्ष काम गरेपछिको अहिलेको शिक्षा विकास भएको बताउनुभयो । उहाँले विद्यालयमा पाठ्यक्रममात्र नभई संस्कारबारे सिकाउनुपर्ने बताउनुभयो ।

उहाँले नेमकिपाको घोषणापत्र अनुसार देश र


जनताको सेवा गरिरहेको बताउनुहुँदै भयो शिक्षामा भक्तपुर नगरपालिकाले शैक्षिक ऋण, भुगोल, इतिहास, सस्कृति विषयहरूमा विद्यापारिधि गर्न निःशुल्क अध्ययन गर्न छात्रवृतिसमेत प्रदान गरिरहेको बताउनुभयो।

कार्यक्रममा विशेष अतिथि अभिभावक सङ्घ नेपाल भक्तपुर जिल्लाका अध्यक्ष **रामकृष्ण प्रजापति**ले बालबालिकाहरूमा अन्तरनिहित प्रतिभाहरू शिक्षाको माध्यमबाट प्रष्फुटन हुन्छ। विद्यार्थीहरूको प्रतिभा प्रष्फुटन गराउन अतिरिक्त क्रियाकलाप कार्यक्रमले मद्दत पुग्ने बताउनुभयो।

उहाँले बालबालिका विग्रनुमा संगत, शिक्षक र अभिभावकको हात रहन्छ भन्नुहुँदै बालवालिकाहरूको गलत संगतले समाजलाई नै विकृतितर्फ धकेलिन्छ बताउनुभयो।

विद्यालयका प्रिन्सिपल राजेन्द्र कोजूको सभापतित्वमा सम्पन्न कार्यक्रममा वडासदस्य कृष्णनारायण डुमरु, व्यवस्थापन प्रतिनिधि कृष्णगोपाल सुनार, अभिभावक प्रतिनिधि रामकृष्ण दाहाल र अभिभावक सबु खरेलले पनि बोल्नुभएको थियो।

## प्रहरीले बुझायो नक्कली भुटानी शरणार्थी काण्डको अनुसन्धान प्रतिवेदन




नक्कली भुटानी शरणार्थी प्रकरणमा जिल्ला सरकारी वकिल कार्यालय काठमाडौँले जिल्ला अदालत काठमाडौँमा जेठ १० गते मुद्दा दर्ता गरेको छ।

बुधबार अपरान्ह सरकारी वकिल कार्यालयले नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर अमेरिका लैजाने ठगी प्रकरणमा ३० जना प्रतिवादीविरुद्ध जिल्ला सरकारी वकिल कार्यालयमा अभियोग पत्र दायर गरेको हो।

उनीहरूविरुद्ध ठगी, सरकारी कागजात कीर्ते, राष्ट्रहितविरुद्धको कसूर र सङ्गठित अपराध मुद्दामा कारबाही गर्न माग गरिएको सरकारी वकिल कार्यालय स्रोतले जनाएको छ।

ठगी, लिखत कीर्ते, राज्यविरूद्ध र सङ्गठित अपराध र एकीकृत कसुरमा मुद्दा दर्ता गर्ने भएको हो।

नक्कली शरणार्थी बनाएर ठगी गरेको प्रकरणमा प्रहरीले प्रतिवेदनका साथमा पक्राउ परेका १६ जनालाई पेश गरेको थियो। यस प्रकरणमा प्रहरीले १४ जनालाई फरार प्रतिवादी बनाइएको छ।

**पक्राउ पर्नेमा** टोपबहादुर रायमाझी, बालकृष्ण खाण, आङटावा शेर्पा, टेकनारायण पाण्डे, इन्द्रजित राई, शमशेर मियाँ, टेकनाथ रिजाल, सन्दीप रायमाझी, नरेन्द्र केसी, केशव दुलाल, सानु भण्डारी, सन्देश शर्मा, सागर राई, टंक गुरुङ, रामशरण केसी र गोविन्द चौधरी।

**फरार प्रतिवादीहरूमा** प्रतीक थापा, नीरज राई, केशव तुलाधर, अशोक पोखरेल, लक्ष्मी महर्जन, धीरेन राई, मोहन राई, दीपा हुमागाईं, सुनील बुढाथोकी, विनिता लिम्बू, निरञ्जन खरेल, राजेश अर्याल, हरिभक्त महर्जन र आशिष बुढाथोकी।

**ठेगाना नखुलेका फरार** (३) : बेचन झा, गोकुल थापा र रमा थापा।

नक्कली भुटानी शरणार्थी काण्डमा प्रहरीले दुई महिना लामो अनुसन्धानपछि जिल्ला सरकारी वकिल कार्यालय काठमाडौँमा जेठ ८ गते प्रतिवेदन बुझाएको थियो। प्रहरीले चैत १२ गतेदेखि अनुसन्धान सुरु गरेको थियो।

समाचारअनुसार आरोपीहरूमाथि ठगी, सङ्गठित अपराध र राज्यविरुद्धको अपराध मुद्दाका साथै भ्रष्टाचार र सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा पनि अनुसन्धान गर्नुपर्ने प्रहरीको सिफारिस छ।

प्रहरीले यस प्रकरणमा आरोपीहरूबाट २८ करोड ८१ लाख बिगो रकम माग गर्नुपर्ने उल्लेख गरेको छ।

प्रतिवेदनमा ८७५ जना नक्कली शरणार्थीको नाम थपेको बताएको छ।

## आठजनाविरुद्ध प्रमाण जुटेन

अभियुक्तहरूले बयानमा पोलेका थप आठजनाविरुद्ध प्रमाण जुट्न नसकेको प्रहरीले जनाएको छ। जसमा पूर्वगृहमन्त्री रामबहादुर थापा बादल, उनकी पत्नी नैनकला थापा, पूर्वगृहसचिवद्वय प्रेमकुमार राई र महेश्वर न्यौपाने, पूर्वप्रधानमन्त्री केपी ओलीका स्वकीय सचिव राजेश बज्राचार्य, एमालेका पूर्वप्रदेशमन्त्री डा. अजयक्रान्ति शाक्य, टोपबहादुर रायमाझीका सहयोगी लीला जिसी र एमालेमै आबद्ध राजेश्वर स्थापित छन्। उनीहरूमध्ये लीला जिसीलाई प्रहरीले पक्राउ नै गरेको थियो। तर, उनको नाम लिएका बिचौलियाले पहिचान नै गर्न नसकेपछि छाडिएको स्रोत बताउँछ। प्रहरीले

बुझाएको प्रतिवेदनमा प्रमाण खुलेका बखत पूरक अभियोग अघि बढाउने उल्लेख छ। तथ्य र प्रमाण खुलेका वेला थप व्यक्तिविरुद्ध पूरक अभियोग अघि बढाइने बताइएको छ।

पक्राउ परेकाहरूले प्रहरीसँगको बयानमा आरजु राणा र मञ्जु खाणको नाम लिए पनि तिनीहरूबारे कुनै समाचार देखिएन।

## भक्तपुर जिल्ला बक्सिङ सङ्घको साधारणसभा तथा जिल्ला अधिवेशन




भक्तपुर जिल्ला बक्सिङ सङ्घको साधारणसभा तथा जिल्ला अधिवेशन नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा बागमती प्रदेशका सांसद सुरेन्द्रराज गोसाईको प्रमुख आतिथ्यमा वैशाख १६ गते सम्पन्न भयो।

कार्यक्रममा अतिथि **गोसाईले** खेलाडीहरूले समाज परिवर्तनको लागि पनि काम गर्नुपर्ने औँल्याउनुहुँदै 'खेलाडीले समाज कतातिर गएको छ, समस्या के हो भन्नेबारे अध्ययन गर्न सके खेलको सार्थकता रहन्छ।'

उहाँले खेलाडीहरूले राष्ट्रिय अन्तर्राष्ट्रिय घटनाक्रम नियालेर सुसूचित हुनुपर्ने आवश्यकता औँल्याउनुहुँदै भन्नुभयो, 'युवाहरू विदेसिनुको दोष सत्तामा जाने शासकहरूको हो। शासक दलहरूले नेपालका धेरै कलकारखानाहरू कौडीको मूल्यमा विदेशीलाई बेचेर खाए। खेलाडीहरू समाजसँग एकाकार भई अगाडि जान सकून्।'

नेमकिपाका केन्द्रीय सदस्य तथा भक्तपुर नपा ७ नं वडाका वडाध्यक्ष **उकेश कवांले** भन्नुभयो, 'खेलकुद विकास तथा खेल गतिविधि अगाडि बढे अस्पतालको कममात्र आवश्यकता पर्छ। प्रत्येक खेलाडी अनुशासित हुन जरूरी छ। अनुशासिन खेलाडीले मात्र देशको सेवा गर्न सक्छ।'

खेलाडीहरू हरेक मोर्चामा अग्र भागमा रहनुपर्ने आवश्यकता औँल्याउनुहुँदै उहाँले २०७२ सालको भूकम्प र कोरोना महामारीको बेला खेलाडीहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको बताउनुभयो।

नेपाल बक्सिङ सङ्घका अध्यक्ष **राम अवालले** नेपालका बक्सिङ खेलाडीहरू उज्बेकिस्तानमा आयोजना भएको अन्तर्राष्ट्रिय बक्सिङ प्रतियोगितामा खेल्न गइरहेको जानकारी गराउनुहुँदै प्रथम साफ र जापानमा सम्पन्न बक्सिङ प्रतियोगितालगायत अन्य खेल गरी १३ ओटा खेलमा प्रतिस्पर्धा गरेको चर्चा गर्नुभयो।

भक्तपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष दीपक थापाले खेलाडीहरूलाई ग्लोब्स प्रदान गर्ने जानकारी गराउनुहुँदै बक्सिङ प्रशिक्षण केन्द्रमा रिङको बन्दोबस्त गरिएकोमा भक्तपुर नगरपालिकाप्रति आभार प्रकट गर्नुभयो। कार्यक्रमको दोस्रो सत्रले रामकृष्ण प्रजापतिको नेतृत्वमा १३ सदस्यीय नयाँ कार्यसमिति चयन गऱ्यो।

## सगरमाथाको धेरै पटक सफल आरोहण

दुई नेपालीले सगरमाथाको धेरै पटक सफल आरोहण गरेर कीर्तिमान राखेका छन्।



कामी रिता शेर्पा

कीर्तिमानी आरोही कामी रिता शेर्पाले सगरमाथा आरोहणमा नयाँ कीर्तिमान कायम गरेका छन्। जेठ ९ गते बिहान ९:२३ बजे सगरमाथाको चुचुरोमा पुगेसँगै उनले २८औँ पटक सगरमाथाको सफल आरोहण गरेका हुन्।

योसँगै उनले यसअघिको सबैभन्दा बढी पटक सगरमाथा आरोहण गर्ने आफ्नै कीर्तिमान तोडेका छन्। खुम्बु पासाङ्ल्हामु गाउँपालिकाको थामेका ५३ वर्षीय कामिरिताले जेठ ३ गते बुधबार २७ औँ पटक सगरमाथाको

सफल आरोहण गरेका थिए। जनवरी २, १९७० (विसं २०२६) मा जन्मिएका उनले १९९२ देखि आरोहण सुरु गरेका थिए ।



पासाङ दावा शेर्पा

त्यस्तै वरिष्ठ माउन्टेन गाइड एवं आरोही ४६ वर्षीय पासाङ दावाले जेठ ८ गते सोमबार बिहान ८: २५ बजे २७ औँ पटक सर्वोच्च शिखर सगरमाथाको चुचुरोमा पुगेका छन्। कीर्तिमानी आरोही कामिरिता शेर्पाले बनाएको विश्व कीर्तिमानी बराबरी गरेका थिए।

खुम्बु पासाङ ल्हामु गाउँपालिका-४ का विख्यात आरोही पासाङ दावाले ३१ वैशाखमा २६ औँपटक सगरमाथाको चुचुरो चुमेका थिए। त्यसवेला पनि केही दिनअघि पासाङ दावाले कामिरिताको कीर्तिमानी बराबर गरेका थिए। पछि कामिरिताले २७ औँ पटक सगरमाथा चढेर आफ्नो कीर्तिमानी जोगाउन सफल भएका थिए।

## कोभिड-१९ को "विश्वव्यापी स्वास्थ्य सङ्कटकाल समाप्त" भएको घोषणा

विश्व स्वास्थ्य सङ्गठन (डब्लूएचओ)ले तीन वर्षअघि जनवरी ३०, २०२० मा घोषणा गरेको कोभिड-१९ 'विश्वव्यापी स्वास्थ्य सङ्कटकाल' समाप्त भएको घोषणा वैशाख २२ गते गरेको छ।

डब्लूएचओका महानिर्देशक डाक्टर टेड्रोस एड्हानोम गेहब्रेयससले 'ठूलो आशाका साथ म कोभिड-१९को विश्वव्यापी स्वास्थ्य सङ्कटकाल समाप्त भएको घोषणा गर्दछु' भनेका छन् ।



साथै उनले उच्च तहको सतर्कता हटाउनुको अर्थ जोखिम सकिएको भन्ने नभएको बताए। 'परिस्थितिमा परिवर्तन भए सङ्कटकालीन अवस्था पुनःस्थापित हुन्छ,' उनको भनाइ छ।

कोभिड-१९ बाट विश्वभर ६८ करोडभन्दा बढी सङ्क्रमित, ६८ लाखभन्दा बढीको मृत्यु भएको वर्ल्डोमिटरको तथ्याङ्कले बताउँछ। तर मृत्यु भएका व्यक्तिहरूको सङ्ख्या २ करोडहाराहारी हुनसक्ने जनस्वास्थ्यविद्हरूले जनाएका छन् ।

कोरोना महामारीले नेपालमा मात्र १२ हजार ३१ जनाको मृत्यु भएको छ। नेपालमा अहिलेसम्म पीसीआर परीक्षणबाट १० लाखभन्दा बढीमा कोरोना सङ्क्रमण पुष्टि भइसकेको छ।

## "संरा अमेरिका र दक्षिण कोरियाको शत्रुतापूर्ण नीतिविरुद्ध उठ्नु जरुरी छ"



'दक्षिण कोरियाका राष्ट्रपति यून सुक येओलको हालैको अमेरिका भ्रमण कोरियाली प्रायःद्वीप र त्यस क्षेत्रको सुरक्षा र शान्तिमा खलबल पुर्‍याउने मूल जरो भएको तथ्य थप पुष्टि भएको छ ।'

कोरियाली मजदुर पार्टीको केन्द्रीय समितिको विभागीय उपाध्यक्ष किम यो जङले वैशाख १६ गते कोरियाली केन्द्रीय समाचार संस्थासँगको भेटमा उक्त कुरा बताउनुभएको हो ।

संयुक्त राज्य अमेरिकाको राष्ट्रपति बाइडेन र दक्षिण कोरियाका अधिकारीले वैशाख १५ गते शिखर वार्ता गरी 'वासिङ्टन घोषणा' जारी गरेका थिए। सो घोषणामा

प्रजग कोरियाविरुद्ध गतिविधि बढाउने उल्लेख छ ।

'संरा अमेरिका र दक्षिण कोरियाका अधिकारीहरूले तयार गरेको 'वासिङ्टन घोषणापत्र' मा प्रजग कोरियाविरुद्धको शत्रुतापूर्ण र आक्रामक गतिविधि बढाउन 'विस्तारित प्रतिरोध' लाई सदृढ गर्ने उल्लेख थियो । यसले उत्तरपूर्वी एसिया र विश्वको सुरक्षा र शान्ति थप जोखिममा पारेको छ । संसारका न्यायप्रेमी जनताले सो घोषणालाई कहिल्यै स्वागत गर्न सक्दैन ।'

'संरा अमेरिकाको आणविक रणनीति 'आणविक परामर्श समूह' को निर्माण र बरोबर सैनिक अभ्यासले क्षेत्रीय राजनीतिक र सैनिक अवस्थालाई थप अस्थिर बनायो । यसले नयाँ सुरक्षा वातावरणको सामना गर्न हामीलाई निर्णायक कदम उठाउन बाध्य पाऱ्यो ।'

'शत्रु देशका कार्यकारी अधिकृतले विश्वको आँखाबाट औपचारिकरूपमा 'शासनको अन्त्य' शब्द प्रयोग गरेकोलाई हामीले मानिसको बुढ्यौली मात्र मान्न सक्दैनौं । यस्तो अर्थहीन तर्क राख्ने व्यक्तिले संयुक्त राज्य अमेरिकाको भविष्य सुरक्षित बनाउने जिम्मेवारी लिन सक्ने छैन । उनलाई थप दुई वर्षको कार्यकाल बिताउन सजिलो हुनेछैन ।'

संयुक्त राज्य अमेरिकाको राष्ट्रपतिको यो सामान्य अभिव्यक्ति होइन । हाम्रो सबैभन्दा ठूलो शत्रुको यो धम्की ठूलो आँधीबेहरीको लागि तयारी हुनुपर्छ । शक्तिमा उन्मत्त यो देश बलको गलत लेखाजोखा गर्दै छ । यसपटक वासिङटन र सिउलको युद्धपिपासु शासकहरूको घोषणाले हाम्रो देशप्रति उनीहरूको शत्रुतापूर्ण नीतिलाई पुनः पुष्टि गऱ्यो । यसले हामीलाई भविष्यमा के गर्नुपर्छ र केको तयारी गर्नुपर्छ, सचेत पाऱ्यो । वर्तमान अवस्थाको यो गम्भीर तस्बिर हो । योओलले यसपटक 'दक्षिण कोरियाको तीन–मण्डली (संरा अमेरिका–जापान–दक्षिण कोरिया) को संयुक्त गतिविधि' विस्तार गर्न द्वन्द्वात्मक नीति अपनाउने दोहोऱ्याए । यसको अर्थ दक्षिण कोरिया र संरा अमेरिकाको संयुक्त युद्ध अभ्यास थप तीव्र हुने स्पष्ट छ । संरा अमेरिकाबाट युद्धको निवारण गर्ने राम्रो प्रस्ताव आउने बुझाइ राख्नु मूर्खता हुनेछ । सुरक्षालाई सङ्कटमा पार्ने घोषणाको अक्षमता र उत्तेजनालाई संसारले हेर्दै छ ।

संयुक्त राज्य अमेरिका र दक्षिण कोरियाले बढी शक्तिशाली हुने सपना बुन्दै छन् । आणविक युद्ध विरोधलाई अगाडि बढाउनुपर्ने र विशेषगरी आणविक युद्ध विरोधको दोस्रो अभियानलाई कार्यान्वयन गर्नुपर्नेतर्फ दृढ हुनु जरुरी छ ।' उपाध्यक्ष जङले भन्नुभयो, 'हामीले के गर्नुपर्छ ठ्याक्कै हामीलाई थाहा छ । शत्रुहरूले आणविक युद्ध अभ्यास बढाउन र कोरियाली प्रायःदीपमा आणविक हतियार बढी तैनाथ गर्नुले हाम्रो प्रतिरक्षालाई पनि सोही अनुपातमा बढाउनु जरुरी हुनेछ ।'

## भक्तपुर अस्पताल सर्वोत्कृष्ट




भक्तपुर, जेठ ९ गते । भक्तपुर अस्पताल यस वर्ष सर्वोत्कृष्ट अस्पताल बन्न सफल भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको न्यूनतम सेवा मापदण्डमा सेवा प्रवाहको अवस्था मूल्याङ्कनमा भक्तपुर अस्पताल देशकै सर्वोत्कृष्ट अस्पताल बनेको हो । स्वास्थ्य मन्त्रालयको सरकारी मूल्याङ्कन टोलीले गरेको मूल्याङ्कनअनुसार भक्तपुर अस्पतालले सबैभन्दा धेरै ९७ अङ्क प्राप्त गरी देशभरका अस्पतालमध्ये सर्वोत्कृष्ट अस्पताल बन्न सफल भएको छ ।

भक्तपुर अस्पतालकी मेडिकल सुपरिन्टेन्डेन्ट डा. सुमित्रा गौतमले अस्पतालले ९७ अङ्क प्राप्त गरी देशकै सर्वोत्कृष्ट हुन सफल भएको जानकारी दिनुभयो । स्वास्थ्य विभागका मीरा निरौला, स्वास्थ्य मन्त्रालयका प्रतिनिधि डा. पवन साह, कान्ति बाल अस्पतालका नर्सिङ प्रमुख रोशनी तुइतुईलगायतको मूल्याङ्कन टोलीले देशभरका अस्पतालको मूल्याङ्कन गरेको थियो । (गोरखापत्र अनलाइन)

## रासायनिक मलको लागि राजधानीमा जुलुस र सभा

### रासायनिक मल कारखाना स्थापना नहुनुमा शासकहरू दोषी

नेपाल क्रान्तिकारी किसान सङ्घको आयोजनामा अनुदानको रासायनिक मलको अभाव र नक्कली भुटानी शरणार्थी बनाई देशद्रोह काम गरेका सरकारको विरोधमा राजधानी काठमाडौँमा जेठ १२ गते जुलुस र सभा सम्पन्न भयो ।

सभामा नेपाल मजदुर किसान पार्टीका सचिव एवं सांसद **प्रेम सुवाल**ले नेपाली काङ्ग्रेसको समर्थन प्राप्त पुष्पकमल दाहाल सरकारले जनताको समस्या समाधान गर्न नसकेको बताउनुभयो ।

मनसुन सुरू हुँदा पनि रासायनिक मलको अभाव भई किसानहरूले धान खेतीको लागि मल नपाएको तर प्रधानमन्त्री र मन्त्रीहरू सत्ता भागबन्डामा लागेको उल्लेख गर्नुहुँदै सांसद सुवालले यस्तो सरकारलाई सिंहदरबार कब्जा गरेर बस्ने अधिकार नभएको हुँदा राजीनामा दिएर निस्कनुपर्छ भन्नुभयो ।




प्रधानमन्त्री दाहालले भारत भ्रमणमा कोसी वा कर्णाली जलाशयसहितको जलविद्युत् परियोजना भारतीय एकाधिकार पुँजीलाई दिने तयारी गरेकोमा विरोध गर्नुहुँदै सांसद सुवालले भारत भ्रमणमा प्रम दाहालले २०५२ माघ २१ गते तत्कालीन सरकारलाई दिएको ज्ञापनपत्रअनुसारको सन् १९५० को नेपाल–भारत सन्धि, महाकाली सम्झौता, गोर्खा भर्ती खारेज गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

पशुपतिमा राखिएको जलहरी सुनको वा पित्तलको भन्ने विवादबारे प्रमुख विपक्षी एमाले र सत्तापक्ष माओवादीबीच दोहोरी चल्दा शुक्रबार ११ बजेको प्रतिनिधिसभाको बैठक चल्न नसकेको उल्लेख गर्नुहुँदै सांसद सुवालले ख्वप विश्वविद्यालयको विधेयक पारित नगरेका शासक दलहरूबाट देश र जनताको हित नहुने उल्लेख गर्नुभयो ।

नेपालीलाई नक्कली भुटानी शरणार्थी बनाउने गिरोहले पोलेअनुसारका व्यक्तिसँग प्रहरीलाई बयान लिन लगाउनुपर्नेमा उल्टो सरकारले प्रहरी प्रतिवेदन र मुद्दासमेत कमजोर बनाउन दबाब दिएको उल्लेख गर्नुहुँदै सांसद सुवालले मानव बेचबिखनमा संलग्न सबैलाई हदैसम्मको कारबाही हुनुपर्नेमा जोड दिनुभयो ।

उखुको भुक्तानी नपाएका किसानहरू बर्सेनि माइतीघर मण्डलामा बस्नुपरेको र मिटरब्याज पीडितहरू पनि रत्नपार्कमा धर्ना बसिरहे पनि सरकारले समाधान नदिएको उल्लेख गर्नुहुँदै सांसद सुवालले नेपालमा रासायनिक मल कारखाना स्थापना नगर्नुको कारण शासकहरू भारतसँग मल खरिदमा भ्रष्टाचारमा लाग्नु नै भएको उल्लेख गर्नुभयो ।

सांसद सुवालले युक्रेनको पक्षमा मत दिएर तत्कालीन देउवा र दाहालको सरकारले असंलग्नताविपरीत काम गरेको हुँदा उक्त मत तत्काल फिर्ता लिनुपर्नेमा जोड दिनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य **नन्दबहादुर शाही**ले प्रजातन्त्र स्थापना अघि र पछि पनि नेमकिपाले मल कारखाना स्थापनाको माग गरिरहेको बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य **नारायण महर्जन**ले बजारमा रासायनिक मलको अभाव भएकोले नेक्राकिसङ्घले सरकारको ध्यानाकर्षण गर्न र्‍याली र सभाको आयोजना गरेको बताउनुभयो ।

नेक्राकिसङ्घले अहिले मात्र होइन, विगतमा पनि देशमै मल कारखाना खोल्नको लागि आवाज राख्दै आएको चर्चा गर्नुहुँदै मल कारखाना खोल्नको लागि नेमकिपाले सदन र सडकमा आवाज उठाउँदै आएको बताउनुभयो ।

नेक्राकिसङ्घका केन्द्रीय उपाध्यक्ष **गोविन्द दुवाल**ले वर्तमान सरकार पुँजीवादी सरकार भएकोले जनताको पीडासँग सरोकार नराखेको बताउनुभयो ।

नेपाली जनता राजनीतिकरूपमा सचेत भएर सरकारलाई समय समयमा खबरदारी गरेको खण्डमा नक्कली भुटानी शरणार्थी बनाई देशद्रोह कार्य गर्ने उच्चपदस्थ कर्मचारी र नेताहरूलाई हदैसम्मको कारबाही हुने बताउनुभयो ।

ठूला दलका नेताहरू गोप्य वार्ता गरी दोषीहरूलाई उन्मुक्ति दिन खोजेकोले नेपाली जनता सचेत भएर सडकमा ओर्लनुपर्ने उहाँले बताउनुभयो ।

र्‍याली सुरू हुनुअघि केन्द्रीय सचिव **हरिराम सुवाल**, **राजवीर डंगोल** र **बन्दना श्रेष्ठ**ले पनि बोल्नुभएको थियो ।

## देशघाती नागरिकता विधेयक प्रमाणीकरणको नेमकिपाद्वारा भर्त्सना

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को अध्यक्षतामा बसेको पार्टी केन्द्रीय सचिवालयको जेठ १७ गतेको बैठकले देशघाती नागरिकता विधेयकको प्रमाणीकरण र नेपालको लुम्बिनी र कपिलवस्तु गाभेर तयार गरिएको भारतको नक्साको विरोध एवम् भर्त्सना गरी प्रेस वक्तव्य प्रकाशित गर्ने निर्णय गऱ्यो।

**प्रेस वक्तव्यमा भनिएको छ–**

राष्ट्रपति विद्यादेवी भण्डारीले प्रमाणीकरण गर्न अस्वीकार गरेको 'नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक' लाई संसद्को अनुमतिबिना वर्तमान राष्ट्रपति रामचन्द्र पौडेलले जेठ १७ गते प्रमाणीकरण गरेको संसद्को सर्वोच्चता र संसदीय परम्पराविपरीत हो। गत मङ्सिर ४ को संसदीय निर्वाचनपछि गठन भएको माओवादी केन्द्रका प्रधानमन्त्री पुष्पकमल दाहालको मन्त्रिपरिषद्ले २०८० जेठ १२ गते संसद् छलेर सो विधेयक प्रमाणीकरणको लागि वर्तमान राष्ट्रपतिसमक्ष अनुरोध गरेको अनाधिकार र प्रजातन्त्रविपरीत हो। अघिल्लो राष्ट्रपतिबाट अस्वीकार भएको विधेयकलाई संसद्को अनुमतिबिना पछिल्लो राष्ट्रपतिबाट प्रमाणीकरण हुँदैमा त्यसलाई वैध मान्न सकिँदैन।

२०७२ असोज ३ अघि जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेका विदेशीका सन्तानले र विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिलाबाट जन्मिएका विदेशी व्यक्तिले समेत वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने विधेयकको प्रावधान नेपालीको हितमा छैन।

राष्ट्रपति पौडेलबाट भएको नागरिकता विधेयक प्रमाणीकरण अविलम्ब खारेज हुनु जरुरी छ। नेपाल मजदुर किसान पार्टी नागरिकता विधेयकमा भएको प्रमाणीकरणको विरोध एवम् भर्त्सना गर्दछ।

भारतीय विस्तारवादले नेपालको लुम्बिनी र कपिलवस्तुसमेत गाभेर तयार गरेको र यही जेठ १४ गते भारतको संसद् भवनमा राखेको नक्सा नेपालको सार्वभौमिकता र भूअखण्डतामाथि भारतीय विस्तारवादको हस्तक्षेप हो। भारतीय विस्तारवादको यो हस्तक्षेपलाई नेपाल मजदुर किसान पार्टी विरोध एवम् भर्त्सना गर्दछ।

नेका, माओवादीसमेतको समर्थनमा बनेको पुष्पकमल दाहाल नेतृत्वको गठबन्धन सरकारले भारतको यो नयाँ नक्सा खारेज गर्न गराउन जरुरी छ। यो नक्सा खारेज नभएसम्म देशभक्त नेपाली जनताले भारतीय विस्तारवादविरुद्ध सङ्घर्ष चालू राख्नेछन्।

## "गुथि एक समाजिक संस्था" विषयमा प्रमुख प्रजापतिसाग अन्तरक्रिया



वागीश्वरी कलेजमा स्नातक तह तेस्रो वर्षमा अध्ययनरत विद्यार्थीहरूले भक्तपुर नगरपालिकाका प्रमुख एवं वागीश्वरी कलेज व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापतिसँग 'गुथि एक सामाजिक संस्था' विषयमा अन्तरक्रिया कार्यक्रम जेठ १६ गते सम्पन्न भएको छ।

कार्यक्रममा प्रमुख अतिथि **सुनिल प्रजापति**ले बेलायतको संविधानजस्तै गुथिमा पनि अलिखित नियम, कानुन रहेको र यस नियम कानुनलाई सबै गुथियारहरूको सहमतिमा मात्र सुधार तथा परिमार्जन गर्न सकिने बताउनुभयो।

सामाजिक संस्थाको रूपमा स्थापित गुथिले समाजका व्यक्तिहरूद्वारा सामाजिक उद्देश्य पूर्ति गर्ने र संस्कृति, संस्कारहरूलाई निरन्तरता  दिने उहाँले बताउनुभयो।

गुथिमा अपनाइने कार्यहरूका बारेमा विद्यार्थीहरूलाई सहज तथा सरल तरीकाले बताउनुहुँदै उहाँले गुथि समुदाय अरू संस्थाभन्दा भिन्नै तरिकाले चल्ने गर्दछ भन्नुभयो। उहाँले भन्नुभयो, 'गुथि सरकारी, निजी र राज गुथि गरी तीन प्रकारका हुन्छन्।'

समुदाय र गुथियारबीच मर्दापर्दा सहयोग गर्ने, समाजको हित र भलाइको निम्ति काम गर्ने, परम्परादेखि चल्दै आएको चलन, रहनसहन, नैतिक अनुशासन, परिवेशलाई वर्तमान समयमा पनि निरन्तता दिई आउँदो पिँढीलाई हस्तान्तरण गर्दै जानुका साथै सांस्कृतिक सम्पदाहरूको जोहो गर्ने जिम्मेवारीवोध गुथिले गर्ने बताउनुहुँदै गुथि कुनै पनि व्यक्तिगत फाइदाका निम्ति नचल्ने उहाँले बताउनुभयो।

कार्यक्रममा विद्यार्थीहरू काजल थापा, रूपा धिमाल, गौरव लामिछाने, बिना वनमाला र प्रनिता अधिकारीले आफ्नो समूहबाट अवलोकन गरिएका सामुदायिक संस्थाहरू जस्तै सामुदायिक वन, सहकारी, धार्मिक स्थल, विद्यालय, अस्पतालहरूको बारेमा छोटो प्रस्तुति दिएका थिए।

विद्यार्थी सरला लवजूको सभापतित्वमा भएको कार्यक्रममा विद्यार्थीहरू ज्योतिका शिल्पकार र मालती पराजुलीले पनि बोल्नुभएको थियो।

# हाम्रो स्वास्थ्य

## सामाजिक सञ्जालको लतले स्वास्थ्यमा पार्ने प्रभाव



– डा. बुद्धिनाथ साह 'सन्जीत'

२१ औँ शताब्दीमा प्रविधिको विकास तथा ल्यापटप/मोबाइलको प्रयोगमा जनमानसको सहज पहुँच पुगेसँगै सामाजिक सञ्जाल (फेसबुक/टिकटक / इन्स्टाग्राम/ ह्वाट्सएप) का प्रयोगकर्ता अत्यधिक बढेको यथार्थ हो। सूचना, मनोरञ्जपन, ज्ञान आर्जन र साथीहरूसँग सम्पर्क कायम राख्ने सजिलो माध्यम बनेको छ सामाजिक सञ्जाल। यस हिसाबले सामाजिक सञ्जाललाई फाइदाजनक रूपमा लिनु तर्कसङ्गत कुरा नै हो। तर, सकारात्मक पक्ष सँगसँगै यसका नकारात्मक पक्षहरू पनि प्रशस्त रहेका छन्।



सामाजिक सञ्जालका कारण हाम्रो जीवनयापन, पढाइ अनि मानसिक स्वास्थ्यमा नकारात्मक असर/ प्रभाव परेको कुरा हामीमध्ये धेरैले महसुस गरेको हुनुपर्छ। सामाजिक सञ्जालको लत र निरन्तर प्रयोगले समय बितेको थाहै हुँदैन। जसले गर्दा समयको उचित सदुपयोग नभएर बारम्बार समस्या भोग्नपरेका हुन्छौं।

सामाजिक सञ्जालको विकास मानव जाति वा साथीभाइलाई जोड्नका लागि भएकोजस्तो देखिन्छ। तर, अहिले यस्ता सञ्जाल व्यापारिक थलोको रूपमा परिणत भएका छन्। सामाजिक सञ्जालका सञ्चाकलक तथा यसका सफ्टवेयर निर्माताहरू मानिसहरूलाई कसरी बढीभन्दा बढी समय यसमा अल्झाएर राख्ने भन्नेमा केन्द्रित भएका छन्। जसले गर्दा मार्क जुकरबर्गजस्ता सामाजिक सञ्जालका मालिकहरूले आफ्नो सम्पत्ति बर्सेनि बढाइरहँदा त्यसका प्रयोगकर्ताहरूमा के-कस्ता प्रगति भए भनेर केलाउन जरुरी देखिन्छ।

सामाजिक सञ्जालका कारण 'फियर अफ मिसिङ आउट (एफओएमओ) सिन्ड्रोम'बाट लाखौँलाख मानिस ग्रसित भएको देखिन्छ। केही नयाँ 'नोटिफिकेसन' आयो कि भनेर छिनछिनमा मोबाइल चेक गर्ने, सामाजिक सञ्जाल खोल्ने जमात समाजमा व्यापक बन्दै गएको छ। पाँच मिनेटका लागि भनेर 'लगइन' गरेको सामाजिक सञ्जालमा अल्झेर दुई-चार घन्टा समय फजुलमा बितेको थाहै हुन्न। त्यसपछि बल्ल त्यो समयमा गर्नुपर्ने काम, पढ्नुपर्ने किताबका पानाहरू बाँकी नै रहेको अनि महत्त्वपूर्ण समय अनुत्पादक काममा बितेको महसुस हुन्छ। जसले गर्दा व्यक्तिमा डर, चिन्ता, निराशा तथा दुःखी भावना बढ्न पुग्दछ।

सामाजिक सञ्जालमा प्रायः सबैले आफ्नो सुखद् पल, सुन्दर तस्बिर (सम्पादन गरिएका) अनि राम्रा समाचारहरू मात्र पोस्ट/सेयर गर्ने गर्दछन्। अरूले सेयर गर्ने त्यस्ता पल, तस्बिर तथा समाचारहरूसँग आफ्नो यथार्थलाई अनावश्यक तरिकाले दाँज्दै हिन्ताबोध गर्ने र निराश बन्ने जमात पनि ठूलो सङ्ख्यामा रहेका छन्। आफ्ना सामाजिक सञ्जालको स्टाटस/पोस्ट/फोटो/भिडियोमा लाइक तथा कमेन्ट्सको तुलना अरूसँग गर्ने प्रवृत्ति बढेका छन्। जसबाट पैदा हुने असन्तुष्टि र अनावश्यक होडबाजीमा अल्झिँदै जाँदा समय, ऊर्जा, पैसा, आफ्नो व्यक्तिगत खुसी पनि गुमाउनुपर्ने विकराल अवस्था पनि हाम्रो व्यक्तिगत, पारिवारिक अनि सामाजिक यथार्थ बन्दै गएको छ। यस्तै पोस्टहरूमा लाइकको तुलनाले पार्नसक्ने नकारात्मक असर देखेर इन्स्टाग्रामले अर्काको लाइक हेर्न नमिल्ने प्रावधान राखेको कुरा सराहनीय छ।

कोरोना महामारी नियन्त्रणका लागि गरिएको लकडाउनका कारण केही महिना घरमै थन्किएर बस्नुपर्दाको अवस्थामा धेरैजसो कामकाजी व्यक्तिहरू पनि नजानिँदो तवरले सामाजिक सञ्जालको चक्रब्यूहमा फस्न् पुगे। अहिले त्यसबाट बाहिर निस्किन नसकेका व्यक्तिहरू अहिले आफ्नो कार्यक्षेत्रमा राम्ररी ध्यान दिन नसकेको दुःखद् अवस्था छ। साथै, कोरोनाकै कारण स्कूल बन्द हुँदा अनलाइन क्लासको बाध्यात्मक अवस्था आएर मोबाइल/ल्यापटप चलाउँदा बालबालिका र स्कूल/कलेजका विद्यार्थीहरूसम्म सामाजिक सञ्जालको पहुँच बढ्न पुग्यो। अहिले फेरि कक्षा कोठामै पढाइ हुन थाल्दा पनि त्यो वर्गका विद्यार्थीहरू सामाजिक सञ्जालको लतबाट बाहिर आउन नसकेका धेरै उदाहरण हामीसँग छन्।




अहिले यस्तै घटनाहरूका कारण पनि परिवारमा अन्तर्द्वन्द्व, मनमुटाव, असमझदारी बढ्नुका साथै समाजमा विकृति बढेको देखिन्छ । फेसबुकमा अकाउन्ट (खाता) खोल्न कम्तीमा १३ वर्ष उमेरको हुनुपर्ने प्रावधान छ । तर, झूटो विवरण राखेर स्कूलका बालबालिकाहरूले पनि खाता खोलेर चलाउन थालेको डरलाग्दो यथार्थ हाम्रोसामु नै छ । यस्तो अवस्थामा हामीले एकपटक गम्भीर भएर सोच्नुपर्ने आवश्यकता देखिन्छ । बालबालिकाहरूका कलिला दिमागमा कस्तो असर/प्रभाव पर्दै होलान् ? घरमा अभिभावकहरू पनि बालबालिकाको पढाइलेखाइमा सहयोग गर्नुभन्दा बढी समय आफ्नो क्षणभरको सुखको लागि सामाजिक सञ्जालमा बिताउने गरेका छन् । अभिभावकको यस्तो गतिविधि हेरिरहने बालबालिकाले के सिक्दै होलान् अथवा के गर्न प्रेरित भइरहेका होलान् भनेर सोच्न जरुरी देखिँदैन त ?

बिहान उठेपछिको महत्त्वपूर्ण र ऊर्जाशील समय हामीले पहिलो कार्य मोबाइल चलाउँदै गर्दा अनावश्यक समाचार, कुराकानी, अनि फोटाहरू हेर्नुपर्ने अवस्थामा फस्दा हाम्रो ऊर्जामा नकारात्मक असर पुगिरहेको हुन्छ । जसले हाम्रो दिनचर्यालाई नै कठिन बनाइरहेको हुन्छ । राति सुत्ने बेलामा पनि हामी सामाजिक सञ्जालको अत्यधिक प्रयोग गर्ने गरेका हुन्छौँ । जसले गर्दा ढिलो सुत्ने, निद्रा नलाग्ने, आवश्यक निद्रा राम्ररी नपुगेर भोलिपल्ट दिनभर थकित, चिन्तित, फ्रेस नभएको जस्तो महसुस गर्नुपर्ने हुनसक्छ । यसले पारिवारिक मनमुटाव, पढाइमा कमजोरी, काम गर्ने ऊर्जा र ध्यानमा कमी हुने अवस्था आउँदा आर्थिक, सामाजिक समस्या भोग्नु परिरहेको हुन्छ ।

दिनभरि पनि समय-समयमा खुद्रा समय निकाल्दै हामी त्यही सामाजिक सञ्जालकै प्रयोग जानी-नजानी गरिरहेका हुन्छौँ । यस्तो लत किन लाग्यो त ?

सामाजिक सञ्जालले रक्सी/चुरोटको प्रयोगजस्तै क्षणिक सुख दिने 'डोपामिन हार्मोन'जस्तै तत्त्व निकाल्दछ । यसले हामीलाई पलभरको लागि राम्रो महसुस गराए पनि यसको असर/प्रभाव हाम्रो मानसिक, सामाजिक र शारीरिक स्वास्थ्यमा एकदमै नकारात्मक हुन्छ । सामाजिक सञ्जालका कारण निरन्तरको मोबाइल प्रयोगले पूरै शरीर थाक्ने, हात गल्ने, टाउको/घाँटी दुख्ने, आँखा दुख्ने अनि आँखाको दृष्टिमा असर पर्ने, निद्रा नपुगेर ऊर्जा/ध्यानमा कमी आउने आदिजस्ता नकारात्मक शारीरिक असर/प्रभाव परिरहेको हुन्छ । अनावश्यक तुलना गर्दा, दुःखलाग्दो/चिन्तालाग्दो समाचार हेरिरहँदा, हिनताबोध, नैराश्यता, एक्लोपन आदिजस्ता मानसिक स्वास्थ्यमा नकारात्मक असर/प्रभाव परिरहेको हुन्छ । यसले डिप्रेसन तथा आत्महत्यासम्मको अवस्थामा पनि पुऱ्याउनसक्ने जोखिम रहेको हुन्छ । अत्यधिक समय/ऊर्जा सामाजिक सञ्जालमा प्रयोग गर्ने बानी (लत) का कारण हाम्रो पढाइ, घरायसी र अफिसको कामकाजमा, सामाजिक दायित्व निर्वाहमा अनि पारिवारिक सम्बन्धमा पनि एकदमै डरलाग्दो असर/प्रभाव परिरहेको हुन्छ । जसले घुमिफिरि फेरि हाम्रो मानसिक स्वास्थ्यमा असर पार्न थाल्छ ।

सामाजिक सञ्जालको अत्यधिक प्रयोगको लतले हाम्रो स्वास्थ्यमा पार्ने नकारात्मक असर/प्रभावको बारेमा चर्चा गर्न खोजिएता पनि त्यसको प्रयोग नै गर्नु हुँदैन भन्ने अर्थमा यो लेख तयार पारिएको पक्कै पनि होइन । तर, हामीले आफ्नो शारीरिक/सामाजिक/मानसिक स्वास्थ्यमा पनि उचित ध्यान दिँदै अनि आफ्नो पढाइ, काम, सम्बन्धमा असर नपर्नेगरी मात्र सामाजिक सञ्जालको उचित र सन्तुलित प्रयोग गर्नुपर्दछ । सामाजिक सञ्जाल प्रयोगको पहुँच बालबालिकाबाट टाढा राख्ने, त्यसका निम्ति आफू पनि सही उदाहरण बन्दै जान बालबालिकासँग हुँदा मोबाइलभन्दा बढी ध्यान उनीहरूमा दिने गर्नु पर्दछ । दिनभरि बारम्बार सामाजिक सञ्जालको प्रयोग गर्नुभन्दा त्यसका लागि केही निश्चित समय छुट्याउने अनि केही आवश्यक कामपश्चात् मोबाइललाई आफूबाट टाढा राख्ने बानी बसाल्नु पनि जरुरी छ । सामाजिक सञ्जालको लतबाट मुक्त हुन त्यसको प्रयोग गर्ने बेला अलार्म लगाएर चलाउने, दिनको कुनै खास समयमा मात्र चलाउने, अनि बाँकी खाली समय अरू सकारात्मक तथा सिर्जनात्मक काममा अनि व्यायाम र पारिवारिक काममा बिताउने गर्नु पर्दछ । यस्तो गर्न सकेमात्र पनि हामीले आफूलाई स्वस्थ, ऊर्जाशील, प्रगतिशील अनि खुसी राख्न सफल हुनेछौँ ।

स्वास्थ्यखबर



An Undertaking Of Bhaktapur Municipality

# Khwopa Hospital

## Baishak Report 2080

| Age Group | Number | In Percentage |
|---|---|---|
| 0-9 | 1807 | 10.07 |
| 10-19. | 1355 | 7.55 |
| 20-59 | 11192 | 62.35 |
| ≥60 | 3596 | 20.03 |
| Total | 17950 | 100.00 |

| Services | Number | In Percentage |
|---|---|---|
| Emergency | 582 | 3.24 |
| General | 3456 | 19.25 |
| Insurance | 13912 | 77.50 |
| Total | 17950 | 100 |

| District | Number | In Percentage |
|---|---|---|
| Kailali | 1 | 0.01 |
| Nawalparasi | 1 | 0.01 |
| Kalikot | 1 | 0.01 |
| Okhaldhunga | 1 | 0.01 |
| Khotang | 1 | 0.01 |
| Salyan | 1 | 0.01 |
| Bardiya | 2 | 0.01 |
| Bajura | 1 | 0.01 |
| Sarlahi | 2 | 0.01 |
| Saptari | 2 | 0.01 |
| Sankhuwasabha | 4 | 0.01 |
| Bhojpur | 2 | 0.01 |
| Taplejung | 2 | 0.01 |
| Gorkha | 2 | 0.01 |
| Accham | 2 | 0.01 |
| Rukum | 2 | 0.01 |
| Jajarkot | 2 | 0.01 |
| Sunsari | 3 | 0.02 |
| Nuwakot | 4 | 0.02 |
| Dhading | 4 | 0.02 |
| Dolkha | 4 | 0.02 |
| Jumla | 4 | 0.02 |
| Dailekh | 4 | 0.02 |
| Bara | 5 | 0.03 |
| Surkhet | 7 | 0.04 |
| Lalitpur | 8 | 0.04 |
| Rolpa | 10 | 0.06 |
| Ramechap | 12 | 0.07 |
| Sindhuli | 14 | 0.08 |
| Sindhupalchowk | 21 | 0.12 |
| Kathmandu | 29 | 0.16 |
| Kavrepalanchok | 32 | 0.18 |
| Bhaktapur | 17760 | 98.94 |
| Total | 17950 | 100.00 |

| | |
|---|---|
| Madhyapur Thimi | 93 |
| Suryabinayak | 746 |
| Changu | 2543 |
| Bhaktapur | 14378 |
| Total | 17760 |

| Department | Number | In Percentage |
|---|---|---|
| Dermatologyy | 533 | 2.97 |
| Psychiatric | 41 | 0.23 |
| General Ward | 69 | 0.38 |
| Cardiologist | 168 | 0.94 |
| Physiotherapy | 178 | 0.99 |
| General Surgery OPD | 182 | 1.01 |
| MDGP | 365 | 2.03 |
| Internal Medicine | 380 | 2.12 |
| Laboratory | 386 | 2.15 |
| Obs. & Gynaecology | 1088 | 6.06 |
| ENT | 1168 | 6.51 |
| Emergency Ward | 1251 | 6.97 |
| Paediatric | 1309 | 7.29 |
| Dental | 1399 | 7.79 |
| Orthopedic | 2203 | 12.27 |
| General OPD | 7230 | 40.28 |
| Total | 17950 | 100.00 |

### Inpatient Services

| | |
|---|---|
| Patient Admitted | 74 |
| Discharge | 74 |
| LAMA | 6 |
| Refer | 3 |


### Eye Program

| | |
|---|---|
| Total Checkup | 2312 |
| Total Cataract Surgery | 45 |

### Operation

| | |
|---|---|
| Major | 14 |
| Minor | 41 |

## आ.व. २०७९/८० बैशाख महिनामा पर्यटक सूचना केन्द्र तथा सेवा केन्द्रको पर्यटक आगमन तथ्याङ्क




| गते ➡ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | ८६६ | ४९८ | ३९३ | ३७७ | ४०० | ३२५ | ३९५ | ४३९ | ५४१ | ५०० | ३४९ | ३०६ | ३३४ | ३५५ | ३३० | ४१२ |
| ■ सार्क तथा चिनियाँ | ३१६ | ३३३ | २५८ | ३२५ | २८७ | २९२ | ५१० | ३५३ | ४६० | ३४६ | २७९ | ३८९ | ५५० | ४६१ | ३८१ | ४८० |

| गते ➡ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० | ३१ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | ३७१ | ३६६ | ४१५ | ३५३ | ३०० | ४२१ | ३४६ | २४१ | २०५ | २२३ | २६५ | १८३ | २७६ | २७८ | २३० |
| ■ सार्क तथा चिनियाँ | ३३५ | २६१ | ३२८ | ३३७ | ४४५ | ३६७ | ३७२ | २७५ | ३५३ | ३०५ | ३४२ | ३८४ | ३८६ | ३९६ | ३५१ |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कूल पर्यटक संख्या |
|---|---|---|---|
| २०७९ बैशाख | ६,०५९ | ६,७७८ | १२,८३७ |
| २०८० बैशाख | ११,२९३ | ११,२५७ | २२,५५० |
| प्रगति | ५,२३४ | ४,४७९ | ९,७१३ |

सम्पादकको पृष्ठ

# प्रहरी–अदालत 'तेरो कि मेरो' ?

काण्डै काण्ड हुने देशमा अर्को एउटा काण्ड थपिएको छ – नक्कली भुटानी शरणार्थी काण्ड। नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाई अमेरिकालगायत देशमा पठाउने भनी प्रतिव्यक्ति ५० लाख रुपैयाँ लिई ८७५ जनाको नाम थपिएका रहेछन्। त्यस कार्यमा उपप्रधानमन्त्री, गृहमन्त्री, गृहसचिवहरू, मन्त्रीका सल्लाहकार, तिनीहरूका परिवारको सलग्नता प्रहरी अनुसन्धानमा पत्ता लागेको छ। त्यसमध्ये केही व्यक्ति अहिले निर्वतमान भएपनि पदमा छँदा देशकै प्रतिष्ठामा आघात पुऱ्याउने र मित्रराष्ट्रसँगको सम्बन्धमा खलल पार्ने देशद्रोहीहरूमाथि अदालतमा मुद्दा चलिरहेको छ।

यस काण्डमा चर्चामा आउँदा सुरुमा झन्डै एक अर्बको ठगी गरेको समाचार प्रकाशमा आएको थियो। काण्ड सतहमा आए लगतै माओवादी, नेका र एमालेका शीर्ष नेताहरूको घनिभूत 'भेट र छलफल' भएको थियो। प्रहरीले लामो समय अनुसन्धान पछि करिब चौथाइ अर्ब बिगोमात्र दाबी गरिएको छ।

प्रहरीले सम्भवतः दबाब झेलेर अनुसन्धान गरिरहँदा प्रायःले 'निष्पक्ष छानबिन हुनुपर्ने' अभिव्यक्ति दिएका थिए। तर, प्रहरी 'सत्य, सेवा, सुरक्षणम्' को लागि कार्य गर्ने भएकोले हो–होइन सत्य पत्तालगाउन प्रमाणको खोजी गऱ्यो। यद्यपि, केही शङ्कास्पद देशद्रोही ठगहरूलाई अनुसन्धानको दायरामा किन ल्याइएन सर्वत्र चासोको विषय भएको छ। कम्तिमा बयान लिनुपर्ने धेरैको मत देखिन्छ।

ठगी, देशद्रोह, सङ्गठित अपराधका आरोपीहरूको मुद्दा अदालतमा पुग्दानपुग्दै नेका सभापति शेरबहादुरले नेकाको मान्छे अदालतबाट 'निर्दोष भएर छुट्ने' ठोकुवा गरे। कतै त्यो फैसलाको 'रिहर्सल' हो कि ?

यस अधि अनुसन्धान भइरहँदा एमाले अध्यक्ष केपी ओलीले पनि एमालेका मान्छेलाई जबरजस्ती पोल्न लगाइएको, फसाइएको जिकिर गरिरहेका थिए। तर, प्रहरीले प्रमाणको आधारमा मात्र ३३ जनालाई आरोपी बनाइएको तथ्य सार्वजनिक गरिरहेको छ।

यसरी प्रहरी, अदालतलाई सत्तामा बसेकाको निजी ठान्ने, तेरो र मेरोको बिल्ला भिराउने कार्यले ती निकाय र संस्थाको औचित्य र प्रतिष्ठा नामेट हुन्छ जुन घातक र प्रत्युत्पादक ठहरिने छ। जुनसुकै दलको सरकार भए पनि प्रहरी, अदालतलगायतका निकाय तेरो मेरो होइन सत्यको पक्षमा हुनुपर्छ। अनुसन्धान र फैसला दबाब र प्रभावमुक्त सत्य हुनुपर्छ र हुने अपेक्षा सर्वत्र गरिएको छ।

## बी.ए.एल.एल.बी.का विद्यार्थीहरुको स्वागत तथा अभिमुखीकरण



भक्तपुर नपाद्वारा सञ्चालित 'ख्वप कलेज अफ ल' मा कानुन दिवसको अवसरमा बी.ए.एल.एल.बी. पहिलो ब्याचमा भर्ना भएका विद्यार्थीहरुको स्वागत तथा अभिमुखीकरण । (वैशाख २६ गते)

## सहकारी वित्तीय व्यवस्थापन तालिम



भक्तपुर नपाको आयोजनामा दुई दिने सहकारी वित्तीय व्यवस्थापन तालिम । (वैशाख २२ गते)

# जनज्योति पुस्तकालयमा ई-लाईब्रेरी




भक्तपुर नपामा जनप्रतिनिधि बहाल भएको एक वर्ष पुगेको अवसरमा जनज्योति पुस्तकालयमा ई-लाईब्रेरीको शुभारम्भ कार्यक्रममा प्रमुख अतिथि नेमकिपा सचिव एवम् सांसद प्रेम सुवालगायत मञ्चासीन अतिथिगण (माथि) र कार्यक्रममा सहभागी अतिथिहरु । (जेठ ६ गते)

